राष्ट्को गौरव

# गोरखापत्र

वि.सं. १९५८ देखि
निरन्तर प्रकाशित, बहुभाषी राष्ट्रिय दैनिक

सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः । सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग्जनः ।    gorkhapatraonline.com








राष्ट्रिय संस्करण | अर्थबजार ठुला उद्योग छैनन् कर्णालीमा | नेदरल्याान्ड्स समूह विजेताको दाबेदार २०



वर्ष १२६ | अङ्क २१ | २०८३ साल जेठ १३ गते बुधबार | अधिक ज्येष्ठ शुक्ल एकादशी | नेपाल संवत् ११४६ अनलाथ्व ११ | 2026 May 27 Wednesday | पृष्ठ : १२+८ | मूल्य : दस रुपियाँ


राजदूतसँग प्रधानमन्त्री

# स्थिरता र नीतिगत निरन्तरतामा प्रतिबद्धता

नयाँ हुनुको अर्थ विगतबाट पूर्ण रूपमा अलग हुनु होइन । नीति निर्देशन स्पष्ट, अनुमानयोग्य र स्थिर हुने विषय सुनिश्चित गर्दै लोकतान्त्रिक मूल्यमान्यता संरक्षण र राजनीतिक स्थिरता कायम गर्न हामी पूर्ण रूपमा प्रतिबद्ध छौँ ।



तस्बिर : प्रधानमन्त्रीको सचिवालय

**प्रधानमन्त्री वालेन्द्र शाह सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा मङ्गलबार विभिन्न देशका राजदूतसँग छलफल गर्नुहुँदै ।**

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, जेठ १२ गते*

प्रधानमन्त्री वालेन्द्र शाहले नेपालको सुशासन र अर्थतन्त्रको समावेशी वृद्धिका लागि वर्तमान सरकार प्रतिबद्ध रहेको प्रस्ट पार्नुभएको छ । काठमाडौँ र दिल्लीस्थित युरोपेली सङ्घ (इयू) तथा इयू सदस्यराष्ट्र एवं काठमाडौँस्थित विभिन्न देशका राजदूतसँग प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा मङ्गलबार भएको संयुक्त भेटवार्तामा उहाँले नवप्रवर्तनलाई प्रोत्साहन र दिगो विकास हासिल गर्न सरकार प्रतिबद्ध रहेको बताउनुभएको हो ।

प्रधानमन्त्री शाहले सरकार राजनीतिक स्थिरता कायम गर्न पूर्ण रूपमा प्रतिबद्ध रहेको जानकारी दिनुभयो । उहाँले नेपालमा २०८२ फागुन २१ गते सम्पन्न प्रतिनिधि सभा सदस्य निर्वाचन परिणामले सुशासन र समावेशी आर्थिक समृद्धिका लागि स्पष्ट एवं निर्णायक जनादेश दिएको र नयाँ सरकार गठनपछि पनि नीतिगत विषयलाई निरन्तरता दिइने प्रस्ट पार्नुभएको छ । उहाँले भन्नुभयो, "नयाँ हुनुको अर्थ विगतबाट पूर्ण रूपमा अलग हुनु होइन । नीति निर्देशन स्पष्ट, स्थिर र अनुमानयोग्य हुने सुनिश्चित गर्दै हामी लोकतान्त्रिक मूल्यमान्यताको संरक्षण र राजनीतिक स्थिरता कायम गर्न पूर्ण रूपमा प्रतिबद्ध छौँ ।"

### नयाँ अवसर सिर्जना गर्ने

प्रधानमन्त्री शाहले जनताका लागि नयाँ अवसर सिर्जना गर्न सरकार विश्वबजारबाट लाभान्वित हुन चाहेकाले बृहत् लगानी आकर्षित गर्ने प्रक्रिया थप सहज बनाउने पनि बताउनुभयो । उहाँले वास्तविक र नेपाली नागरिकको दैनिक जीवनस्तर देखिने गरी उकास्न आफू नेतृत्वको सरकार प्रतिबद्ध रहेको बताउनुभयो ।

उहाँले वर्तमान क्षणको अत्यावश्यक र आफूहरूलाई सुम्पिएको गहन जिम्मेवारीको पूर्ण रूपमा बोध गरिरहेको बताउनुभयो । उहाँले नेपालले सन्तुलित एवं व्यावहारिक परराष्ट्र नीति अवलम्बन गर्ने कार्यलाई निरन्तरता दिने स्पष्ट पार्नुभयो । उहाँले भन्नुभयो, "हाम्रा छिमेकी, विकास साझेदार र मित्र राष्ट्रसँगको सम्बन्ध आपसी सम्मान, सार्वभौम समानता र साझा समृद्धिका सिद्धान्तद्वारा निर्देशित छ ।"

### मित्र राष्ट्रप्रति आभार

प्रधानमन्त्री शाहले नेपालको विकास र समृद्धिका लागि निरन्तर सद्भाव र सहयोग पुर्‍याउँदै आएको बताउँदै नेपालका सबै विकास साझेदार र मित्र राष्ट्रप्रति आभार व्यक्त गर्नुभयो । प्रधानमन्त्रीका प्रेस तथा अनुसन्धानविज्ञ दीपा दाहालका अनुसार भेटवार्तामा प्रधानमन्त्री शाहले व्यापार, लगानी, हरित ऊर्जा, जलवायु, पर्यटन तथा अन्य प्रमुख क्षेत्रमा सहकार्य गर्न र त्यसलाई अझ सुदृढ बनाउन नेपाल लागिरहेको स्पष्ट पार्नुभयो । प्रधानमन्त्रीले विश्वका विभिन्न भूभागमा द्वन्द्वले निरन्तर प्रभाव पारिरहेका बेला सर्वसाधारण नागरिकले नै सबैभन्दा बढी पीडा भोग्नु परेकाले शान्ति कायम गर्न सैन्य मुठभेडभन्दा संवाद, कूटनीति र अन्तर्राष्ट्रिय कानुनले प्राथमिकता पाउनुपर्ने बताउनुभयो ।

### राजदूतद्वारा प्रशंसा

काठमाडौँ र नयाँदिल्लीस्थित युरोपियन युनियनका राजदूत तथा काठमाडौँस्थित विभिन्न देशका राजदूतले शान्तिपूर्ण रूपमा चुनाव सम्पन्न गरेको स्मरण गर्दै नेपालको प्रशंसा गर्नुभयो । उहाँहरूले सुशासन, आर्थिक विकास र समृद्धिको 'म्यान्डेट' सहित नयाँ सरकारको नेतृत्वमा पुग्नुभएकोमा प्रधानमन्त्री शाहलाई बधाई दिनुभयो । उहाँहरूले आर्थिक वृद्धि र समृद्धिका लागि विभिन्न क्षेत्रमा नेपालसँग सहकार्य तथा लगानी गर्न आफूहरू तयार रहेको प्रस्ट पार्नुभयो । यसअघि पनि प्रधानमन्त्री शाहले काठमाडौँस्थित विभिन्न देशका राजदूतसँग संवाद गरी द्विपक्षीय हित, आपसी सहकार्यका विविध पक्षबारे छलफल गर्नुभएको थियो ।

## बक्यौता असुली र लेखा परीक्षण गराउन निर्देशन



**सूचना तथा सञ्चारमन्त्री डा. विक्रम तिमिल्सिना**

**राष्ट्रिय समाचार समिति**
*काठमाडौँ, जेठ १२ गते*

सूचना तथा सञ्चारमन्त्री डा. विक्रम तिमिल्सिनाले मन्त्रालयमातहतका सञ्चार संस्थाको वार्षिक लेखा परीक्षण चाँडो सम्पन्न गर्न तथा लामो समयदेखि उठ्न बाँकी बक्यौता रकम असुली प्रक्रियालाई तीव्रता दिन निर्देशन दिनुभएको छ ।

ती संस्थाका प्रमुखसँग मङ्गलबार मन्त्रालयमा भएको छलफलका क्रममा सञ्चारमन्त्री डा. तिमिल्सिनाले बर्सौंदेखि थाती रहेका लेखा परीक्षण तथा बक्यौता व्यवस्थापन प्राथमिकतामा राख्न निर्देशन दिनुभएको हो । बैठकमा गोरखापत्र संस्थान र सार्वजनिक सेवा प्रसारण नेपालको आर्थिक वर्ष २०७९/८० यताका लेखा परीक्षण कार्य अझै सम्पन्न


» बाँकी पृष्ठ २ मा


अग्रलेख



### सामाजिक बजार अर्थतन्त्र

नेपालको आर्थिक बहसमा पछिल्ला केही वर्षदेखि एउटा प्रश्न निरन्तर उठिरहेको छ, नेपालको आर्थिक ढाँचा के हो ? संविधानले समाजवादउन्मुख अर्थतन्त्रको परिकल्पना गरेको छ तर व्यवहारमा अर्थतन्त्र खुला बजारतर्फ उन्मुख देखिन्छ ।

● **डा. गणेशप्रसाद खनाल**


» विचार पृष्ठ ४


## राष्ट्रिय सभाले पाएन काम

**इश्वरचन्द्र झा**
*काठमाडौँ, जेठ १२ गते*

सङ्घीय संसद्को माथिल्लो सदन यतिबेला विधेयकको पर्खाइमा छ । सधैँ समयको चापमा रमाउने राष्ट्रिय सभाले पछिल्लो पटक गत जेठ ८ गतेको बैठकबाट अभौतिक सांस्कृतिक सम्पदा (संरक्षण) विधेयक, २०८१ र सरकारको वार्षिक नीति तथा कार्यक्रम पारित गर्‍यो । करिब एक वर्षअघि अभौतिक सांस्कृति सम्पदा (संरक्षण) विधेयक दर्ता भएयता राष्ट्रिय सभामा कुनै पनि विधेयक उत्पत्ति भएको छैन । विधेयक नहुँदा राष्ट्रिय सभामा विधायन व्यवस्थापनसम्बन्धी गतिविधि ठप्पै भएको छ ।

राष्ट्रिय सभाका सचिव तुलबहादुर कँडेलले जेठ १३ गते बुधबार बस्ने कार्यव्यवस्था परामर्श समिति बैठकमा राष्ट्रिय सभाको 'बिजनेस' बारे सरकारलाई आग्रह गर्ने बताउनुभयो । उहाँले भन्नुभयो, "वैकल्पिक विकास वित्त परिचालनबाहेक राष्ट्रिय सभामा तत्काल कुनै विधेयक छैन । यस अवस्थाबारे समिति बैठकमा सरकारको प्रतिनिधित्व गर्ने एवं पदेन सदस्यसमेत रहने कानुन, न्याय तथा संसदीय मामिलामन्त्रीलाई बुधबारको बैठकमा


» बाँकी पृष्ठ २ मा


अन्तर्राष्ट्रिय

## अमेरिकाद्वारा दक्षिणी इरानमा हवाई आक्रमण



**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, जेठ १२ गते*

अमेरिकी सेनाले दक्षिणी इरानमा क्षेप्यास्त्र प्रक्षेपण स्थल र खानी बिछ्याउन प्रयोग हुने डुङ्गामाथि 'आत्मरक्षात्मक' सैन्य कारबाही गरेको छ । अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पले तेहरानसँगको वार्ता 'सकारात्मक ढङ्गले अगाडि बढिरहेको' दाबी गरिरहेकै बेला अमेरिकी सेनाले सैन्य कारबाही गरेको हो । यसले युद्धविरामको


» बाँकी पृष्ठ २ मा


निजामती सेवा विधेयक मसौदा

## संसद्मा लैजाने तयारी

**नगेन्द्र सापकोटा**
*काठमाडौँ, जेठ १२ गते*

सरकारले सङ्घीय निजामती सेवा विधेयकको मसौदा चालु संसद्को अधिवेशनमै पेस गर्न सङ्घीय संसद्मा दर्ता गर्ने तयारी गरेको छ । चालु संसद्को अधिवेशनमै विधेयकको मसौदा पेस गर्ने गरी अहिले मसौदामाथि सम्बन्धित निकायबाट राय लिने काम भइरहेको छ । विभिन्न व्यक्तिबाट आएका १० हजार सुझाव समावेश गरी भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले अर्थ मन्त्रालयको राय लिइसकेको छ ।

अब कानुन न्याय तथा संसदीय मामिला मन्त्रालयको राय लिने, त्यसपछि लोक सेवा आयोगको परामर्श लिएपछि मसौदा मन्त्रीपरिषद् हुँदै संसद्मा पेस गर्ने तयारी भएको मन्त्रालयले जनाएको छ । मन्त्रालयका प्रवक्ता एकदेव अधिकारीले संसद्को चालु अधिवेशनमै विधेयकको मसौदा दर्ता गर्ने गरी तयारी भइरहेको बताउनुभयो ।

सरकारले यसअगाडि सार्वजनिक गरेको शासकीय सुधार अन्तर्गत एक सय दिनमा गरिने एक सय कार्यसूचीमा सङ्घीय निजामती सेवा विधेयकको मसौदा सरकार गठन भएको ४५ दिनभित्र तर्जुमा गर्ने उल्लेख गरिएको छ । उक्त कार्यसूची अनुसार केही ढिलो भए पनि सरकारले चालु संसद्को अधिवेशनमै विधेयकको मसौदा पेस गर्ने तयारी गरेको हो । लोक सेवा आयोगका पूर्वअध्यक्ष उमेश मैनालीले सरकारले विधेयकको मसौदा चालु अधिवेशनमै दर्ता गर्ने हो भने कानुन मन्त्रालय र लोक सेवा आयोगबाट फ्रास्ट ट्र्याकबाट छलफल गरेर परामर्श लिनुपर्ने बताउनुभयो । उहाँका अनुसार त्यसका लागि सरकारले सम्बन्धित निकायलाई छिटो परामर्श दिन आग्रह गर्नु पर्छ ।

संविधानले कर्मचारीको सेवा सर्तसँग जोडिएको कानुन निर्माण गर्ने क्रममा विधेयकको मसौदामाथि लोक सेवा आयोगको परामर्श लिनुपर्ने उल्लेख गरेको छ । विगतमा आफूले दुई पटक फास्ट ट्र्याकबाट विधेयकको मसौदामा परामर्श दिइएको स्मरण गर्दै मैनालीले आयोगले चाहेमा छोटो समयमै पनि राय दिन सक्ने बताउनुभयो । कानुन मन्त्रालयले विधेयकको कानुनी प्रक्रिया र विधिलाई हेर्छ भने लोक सेवा आयोगले निजामती सेवा सर्तसम्बन्धी कानुनको समग्र पक्षलाई नै हेर्ने त्यसका आधारमा आफ्नो राय दिने गर्छ । आयोगले पदपूर्ति, बढुवाको विधि प्रक्रिया, प्रतिशत निर्धारण, सेवा समूह सञ्चालन, सरुवाको विधि प्रक्रिया, कार्यसम्पादन मूल्याङ्कनलगायतका विषय हेर्ने गर्छ । मैनालीले थप्नुभयो, "कर्मचारीको सेवा सर्त अनुसार मसौदा तयार भएको छ कि छैन भन्ने विषय अध्ययन गरी आयोगले सरकारलाई परामर्श दिने हो । उक्त काम थोरै समयभित्रै पनि सम्पन्न गर्न सकिन्छ ।" गत वैशाख ११ गते सुझावका लागि सार्वजनिक गरिएको विधेयकको मसौदामा कर्मचारीको हालको अवकाश उमेर ५८ वर्षलाई संशोधन गरी ६० वर्ष बनाउने, सचिवको कार्यकाल दुई वर्ष मात्र हुने, कर्मचारीको दुई वर्षको 'कुलिङ पिरियड' राख्नेलगायतका प्रावधानका लागि प्रस्ताव गरिएको छ । यसअघि पनि विधेयकको मसौदा प्रतिनिधि सभामा दुई पटक पेस भई व्यापक छलफल भए पनि विभिन्न कारणले विधेयक ऐन बन्ने चरणमा पुग्न सकेको थिएन ।




सरकारले यसअधि सार्वजनिक गरेको शासकीय सुधार अन्तर्गत एक सय दिनमा गरिने एक सय कार्यसूचीमा सङ्घीय निजामती सेवा विधेयकको मसौदा सरकार गठन भएको ४५ दिनभित्र तर्जुमा गर्ने उल्लेख गरिएको छ ।

पाण्डुसैनमा रोपाइँ पर्व

# गाउँभरिका हलगोरु हेलिँदै हिलोमा

पाण्डुसैनमा रोपाइँ रमिता पुस्तौँदेखि जेठ १२ गते हुँदै आएको छ । रोपाइँलाई विगतमा झैँ यस पटक पनि चाडपर्व मनाएजस्तै गरेर निरन्तरता दिइयो ।



तस्बिर सौजन्य : नारायणदत्त पाध्या

**पाण्डुसैनको सेरामा रोपाइँका लागि जुटेका स्थानीय ।**

**प्रकाशविक्रम शाह/शेरबहादुर सार्की**
*बाजुरा, जेठ १२ गते*

दुर्गम बाजुरा जिल्लाको पूर्वी–उत्तर क्षेत्रमा रहेको बुढीनन्दा नगरपालिका–१०, पाण्डुसैनमा मङ्गलबार बिहानैदेखि ठुलो चाडपर्व जस्तो माहोल बन्यो । एकाबिहानै कोही टीकाटालो लगाउँदै थिए, कोही दमाहा बजाउँदै थिए, त्यही बाजाको तालमा कोही हलगोरु जोत्दै, गरो सम्याउँदै थिए, महिला असारे रोपाइँका गीत गाउँदै थिए त कोही बिउ ओसार्ने, रोप्ने गर्दै थिए । बाटुल्सेराको एउटै गरोमा एक दर्जन जति हलगोरुको फेरो ! त्यो रमिता हेर्ने पनि उत्तिकै थिए ।

यसरी रमाउँदै, खेल्दै दिउँसो ११ बजे सुरु भएको रोपाइँ साँझ ७ बजेतिर सकिएको थियो । रोपाइँ सकिँदा पनि दमाहा बजाएर नाच्दै, गाउँदै रोपाहार घर फर्किए । पाण्डसैनको यो रोपाइँ रमिता पुस्तौँदेखि जेठ १२ गते हुँदै आएको छ । रोपाइँलाई विगतमा झैँ यस पटक पनि चाडपर्व मनाए जस्तै गरेर निरन्तरता दिइएको हो । रोपाइँसँगै रोपाहार र दमाहा बजाउनेलाई मासुसहितका विभिन्न पकवान खुवाइएको थियो ।

"जेठ १२ गते जो जहाँ भए पनि एक परिवारको एक जना रोपाइँ गर्न आउनैपर्ने चलन छ, त्यही मान्यता अनुसार आफू पनि सदरमुकाम मार्तडीबाट गाउँ आएकी हुँ," पाण्डुसैन गाउँकी अगुवा महिला राधिका बोहराले बताउनुभयो । जुम्ला राज्यका बेला तत्कालीन राजाले बाटुसेरा कैलाश देवतालाई खुसी बनाउनका लागि पाण्डुसैनको सेरामा रोपाइँ गर्नू भन्ने आदेश अनुसार यहाँ सालिन्दा जेठ १२ गते रोपाइँ हुने गरेको छ ।

स्थानीयको भनाइ अनुसार यो रोपाइँकै दिन गाउँमा रहेको बाटुल्सेरा कैलाश भगवान्को थानमा रहेका सुनको थाल, चाँदीको हलो, जुवामा समेत रोपाइँको हिलो लगाइने गरिन्थ्यो भने थालमा साङ्केतिक रूपमा धान रोप्ने गरिन्छ । तर करिब एक सय वर्षपहिले ती वस्तु आगलागीबाट नष्ट भए । अहिले पनि कैलाशथानमा रोपाइँको हिलो राख्ने र धान उमार्ने गरिएको बाटुसेरा कैलाशका धामी मदन बोहराले बताउनुभयो ।

जुम्ली राजाले पाण्डुसैनका बोहरा मुखियालाई उत्सवका रूपमा रोपाइँ गर्न दिएको आदेश आजसम्म पनि उचित मानेर कार्यान्वयन भइरहेको बोहरा परिवारकै सदस्य तथा बुढीनन्दा नगरपालिकाका प्रमुख जनक बोहराले बताउनुभयो । उहाँले भन्नुभयो, "हाम्रो कुलका मुखियाका जेठा छोरा कुम्भ बोहराको खेतबाट सुरु भएर आजको रोपाइँ सकिएको छ । मङ्गलबार पाण्डुसैनमा रहेका १२ वटै बोहरा परिवारका खेतमा रोपाइँ भएको हो । सबै परिवारको ६० पाथीका दरले बिउ लाग्ने खेत रहेका छन् ।"

प्रचलन अनुसार वरपरका छरछिमेकसहित सयौँ महिला तथा पुरुष आजको रोपाइँमा सहभागी भए । पूर्ववडासदस्य मनसुर लुहारले भन्नुभयो, "रोपाइँका बेला दमाहा (बाजागाजा) बजाएर विगतमा झैँ खुसियाली मनाइयो । पाण्डुसैन सेरामा रोपाइँ गर्नेका लागि परम्परा अनुसारै जेठ ११ गते धानको बिउ निकाल्ने गरिन्छ ।

"तत्कालीन नेकपा माओवादीले द्वन्द्वकालमा कतिपय परम्परा अन्त्य गरेको थियो तर यो परम्परा तोड्न उनीहरूले पनि चासो राखेनन्, यो परम्परा राम्रो भएकाले नै निरन्तरता दिइएको होला," नगरप्रमुख बोहराले बताउनुभयो । "पराम्परादेखि पाण्डुसैन सेरानजिकै डामरखोला भएकाले सिँचाइ अभाव छैन," नगरप्रमुख बोहराले भन्नुभयो, "यहाँ पहिले कालो मार्सी धान लगाउने चलन थियो, अहिले भने जुम्ली हाइब्रिड धान रोप्ने गरिएको छ ।"

हिउँदमा हिउँ पर्ने पाण्डुसैन लेकको सो जिउलोमा असोजको अन्तिममा धान पाक्ने गर्छ भने उत्पादन पनि राम्रै हुने गरेको छ । कृषि ज्ञान केन्द्र बाजुराका प्रमुख जसीराम सहनीले पाण्डुसैनको करिब ७२० रोपनी खेतमा हुने गरेको रोपाइँ बाजुराको पहिलो रोपाइँ भएको बताउनुभयो । उहाँले सो क्षेत्र बाजुरामै राम्रो धान उत्पादन हुने क्षेत्र भएको बताउँदै प्रतिरोपनी एक क्विन्टलसम्म धान फल्ने बताउनुभयो । बाजुरामा सात हजार पाँच सय हेक्टरमा रोपाइँ हुने गरेको छ ।

# कक्षा १२ को नतिजा ४५ दिनभित्रै सार्वजनिक हुने

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, जेठ १२ गते*

राष्ट्रिय परीक्षा बोर्डले कक्षा १२ को नतिजा परीक्षा सकिएको ४५ दिनभित्र सार्वजनिक गर्ने भएको छ। बोर्डले नतिजा प्रकाशनसम्बन्धी कामलाई तीव्रता दिएको छ। परीक्षा सकिएको दुई साता मात्रै भएको छ। यसबिचमा बोर्डले नतिजा प्रकाशनसँग सम्बन्धित ५० प्रतिशतभन्दा धेरै काम सकिसकेको छ। बोर्डका परीक्षा नियन्त्रक कृष्ण शर्माका अनुसार अहिले उत्तरपुस्तिका परीक्षणको काम आधाभन्दा बढी सकिइसकेको छ।

परीक्षण भइसकेको उत्तरपुस्तिकाको प्राप्ताङ्क सम्परीक्षणसमेत भएर कम्प्युटरमा प्रविष्ट गर्ने कामसमेत सकिएको छ। जुन जुन विषयको उत्तरपुस्तिका परीक्षण सकिन्छ, त्यसको सम्परीक्षण पनि तत्कालै सुरु गर्ने र सम्परीक्षण सकिनेबित्तिकै प्राप्ताङ्कलाई कम्प्युटरमा प्रविष्टको काम पनि भइरहेको शर्माले जानकारी दिनुभयो।

नतिजा प्रकाशनलाई छरितो बनाउन बोर्डले परीक्षा सकिएको दिनदेखि नै उत्तरपुस्तिका परीक्षण सुरु गरेको थियो। मुलुकभरका विभिन्न ४२ केन्द्रबाट उत्तरपुस्तिका परीक्षण भइरहेको छ। नियन्त्रक शर्माले भन्नुभयो, "नतिजा प्रकाशनको काम परीक्षा सकिएको ४५ दिनभन्दा पर पुग्दैन। सकेसम्म त्योभन्दा पनि छिटो प्रकाशन गर्ने गरी काम गरिरहेका छौँ।"

परीक्षामा मुलुकभरबाट चार लाख १८ हजार परीक्षार्थी सहभागी भएका थिए। बोर्डले यस पटक माध्यमिक शिक्षा परीक्षा (एसइइ) को नतिजा पनि परीक्षा सकिएको २९ दिनमै प्रकाशन गरेको थियो। जुन एसइईको इतिहासमै सबैभन्दा छोटो समयमा नतिजा प्रकाशन भएको हो। यसअघि एसइई र कक्षा १२ को परीक्षाको नतिजा प्रकाशन हुन सामान्यतया परीक्षा सकिएपछि तीन महिना लाग्ने गरेको थियो।

# काठमाडौँमा बर्डफ्लु

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, जेठ १२ गते*

काठमाडौँ उपत्यकामा बर्डफ्लुको सङ्क्रमण देखिएको छ। गोकर्णेश्वर नगरपालिकाका तीन वडामा बर्डफ्लु सङ्क्रमण पुष्टि भएपछि उच्च सतर्कता अपनाउन सर्वसाधारण तथा सम्बन्धित निकायलाई नगरपालिकाले सूचना जारी गर्दै आग्रह गरेको छ।

गोकर्णेश्वर नगरपालिकाको वडा नं. २, ३ र ४ मा हाइली प्याथोजेनिक एभियन इन्फ्लुएन्जा (एचपिएआई) अर्थात् 'बर्डफ्लु' रोग पुष्टि भएको हो। सङ्क्रमण फैलिन नदिन प्रभावित क्षेत्रमा रहेका हाँस, कुखुरा, बट्टाई, लौकाट, अन्डा तथा दानालगायत रोग सार्न सक्ने सामग्री नष्ट गरी सुरक्षित रूपमा डिस्पोज तथा निःसङ्क्रमण (डिसइन्फेक्सन) गर्ने काम भइरहेको नगरपालिकाले जनाएको छ। बर्डफ्लु पशुपन्छीबाट मानिसमा समेत सर्न सक्ने उच्च जोखिमयुक्त 'जुनोटिक' रोग भएकाले यसको नियन्त्रणका लागि विशेष सावधानी अपनाउन आवश्यक रहेको नगरपालिकाले जारी गरेको सूचनामा भनिएको छ।

नगरपालिकाले पन्छीपालन फार्ममा अनावश्यक व्यक्ति तथा सवारीसाधन प्रवेशमा रोक लगाउन, प्रवेश गराउनै परे अनिवार्य रूपमा निःसङ्क्रमण गर्न तथा एक फार्ममा काम गर्ने व्यक्ति अर्को फार्ममा जान नहुने व्यवस्था गर्न अनुरोध गरेको छ। प्रयोग भइसकेका अन्डा राख्ने कागजी क्रेट पुनः प्रयोग नगर्न, फार्म प्रवेशद्वारमा चुना वा निःसङ्क्रामक औषधीसहितको 'फुटबाथ' राख्न तथा फार्मभित्र छुट्टै बुट र एप्रोन प्रयोग गर्न पनि आग्रह गरिएको छ।

# आवासीय चिकित्सकलाई अत्यधिक कार्यबोझ

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, जेठ १२ गते*

नेपाल मेडिकल काउन्सिलले विभिन्न विश्वविद्यालय तथा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा आवासीय चिकित्सकलाई निरन्तर ३६ घण्टासम्म काममा लगाएकोप्रति ध्यानाकर्षण भएको जनाएको छ।

विभिन्न प्रतिष्ठान तथा शिक्षण अस्पतालमा स्नातकोत्तर तहमा अध्ययनरत आवासीय चिकित्सकलाई अत्यधिक कार्यबोझ दिइएको आयोगको भनाइ छ। काउन्सिलका निमित्त रजिस्ट्रार डा. दीपेन्द्र पाण्डेले एमडी, एमएस तथा एमडिएस तहमा अध्ययनरत आवासीय चिकित्सकलाई निरन्तर २४ घण्टादेखि ३६ घण्टाभन्दा बढी समयसम्म ड्युटीमा खटाउने गरिएको गुनासो प्राप्त भएको जानकारी दिनुभयो।

**चिकित्सा आयोगमा पुनः गिरी**

चिकित्सा शिक्षा आयोगको उपाध्यक्षको जिम्मेवारी पुनः प्राडा श्रीकृष्ण गिरीलाई दिइएको छ। आयोगका अध्यक्षसमेत रहनुभएका प्रधानमन्त्री वालेन्द्र शाहले अर्को व्यवस्था नभएसम्मका लागि प्राडा गिरीलाई आयोगको उपाध्यक्षको जिम्मेवारी प्रदान गर्नुभएको हो।

आयोगको उपाध्यक्षको जिम्मेवारीपछि डा. गिरीले मङ्गलबारदेखि आयोगमा औपचारिक रूपमा कार्यभार समाल्नुभएको छ। उहाँले आफूले पाएको जिम्मेवारीलाई इमानदारीपूर्वक निर्वाह गर्ने बताउनुभयो।



तस्बिर : रासस

**गुल्मीको रेसुङ्गा नगरपालिका र इस्मा गाउँपालिकाको सङ्गमस्थल छल्दीखोलामा मङ्गलबार जिल्ला विपत् व्यवस्थापन समिति गुल्मीको आयोजनामा मनसुन पूर्वतयारीका लागि संयुक्त रूपमा विपत् व्यवस्थापनसम्बन्धी नमुना अभ्यास गर्दै नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल।**

# शिष्टाचार भेटवार्ता

**राष्ट्रिय समाचार समिति**
*काठमाडौँ, जेठ १२ गते*

राष्ट्रिय सभा उपाध्यक्ष लीलाकुमारी भण्डारी र चीनको सिजाङ स्वायत्त क्षेत्रको जनसरकारका उपाध्यक्ष झाओ पेङबिच मङ्गलबार सिंहदरबारमा शिष्टाचार भेटवार्ता भएको छ।

भेटवार्ताका क्रममा दुई पक्षबिच नेपाल–चीन सम्बन्ध, व्यापार, पर्यटन, कृषि, ऊर्जा तथा अन्तरसंसदीय सहकार्यलगायत विषयमा छलफल भएको उपाध्यक्ष भण्डारीको सचिवालयले जनाएको छ। उपाध्यक्ष भण्डारीले नेपाल र चीनबिच शान्तिपूर्ण सहअस्तित्वका पाँच सिद्धान्त, पुरानो मित्रता तथा पारस्परिक संवेदनशीलताको सम्मानमा आधारित उत्कृष्ट सम्बन्ध रहेको उल्लेख गर्दै 'एक चीन सिद्धान्त' प्रति दृढ प्रतिबद्धता जनाउनुभयो। साथै नेपालको भूमिबाट चीनको हितविपरीत कुनै गतिविधि हुन नदिने उहाँले प्रतिबद्धता पनि दोहोऱ्याउनुभयो।

सिजाङसँगको सहकार्यबारे चर्चा गर्दै उपाध्यक्ष भण्डारीले व्यापार, पर्यटन, कृषि र ऊर्जा क्षेत्रमा भएको प्रगतिप्रति खुसी व्यक्त गर्नुभयो। हाल सिजाङ र नेपालबिचको व्यापारले नेपाल–चीन कुल व्यापारको करिब एक तिहाइ हिस्सा ओगटेको जानकारी दिँदै उहाँले सन् २०२५ को पहिलो छ महिनामा २.१९ अर्ब युआन बराबरको व्यापार भएको र यो अघिल्लो वर्षको तुलनामा २२.१ प्रतिशतले वृद्धि भएको बताउनुभयो।

उपाध्यक्ष भण्डारीले नेपाल–सिजाङ आर्थिक तथा व्यापार सहजीकरण समितिको १३ औँ बैठक गत जुन २०२५ मा ल्हासामा सफलतापूर्वक सम्पन्न भएको तथा १४ औँ बैठक यसै वर्ष काठमाडौँमा आयोजना गर्ने तयारी रहेको जानकारीसमेत दिनुभयो। धुलिखेल नगरपालिका र अली प्रिफेक्चरबिच भगिनी सम्बन्ध स्थापना भएकोप्रति उहाँले खुसी व्यक्त गर्नुभयो।

अन्तरसंसदीय सहकार्यका विषयमा उपाध्यक्ष भण्डारीले प्रतिनिधि सभा र चिनियाँ राष्ट्रिय जनकङ्ग्रेसबिच सन् २०२२ मा भएको समझदारीपत्रलाई महत्त्वपूर्ण कोसेढुङ्गा भएको बताउँदै आगामी दिनमा सङ्घीय संसद्मा नेपाल–चीन संसदीय मैत्री समूह गठन गर्ने योजना रहेको बताउनुभयो। उहाँले सिजाङले पूर्वाधार विकास, आर्थिक समृद्धि तथा जनजीविकामा हासिल गरेको उपलब्धिले नेपालका लागि थप आर्थिक अवसर सिर्जना गर्ने विश्वास व्यक्त गर्नुभयो।

## अमेरिकाद्वारा दक्षिणी...

नाजुक अवस्थाबिच सैन्य तनाव र कूटनीतिक प्रयास एकैसाथ अगाडि बढिरहेको अमेरिकी समाचार संस्था एपीले जनाएको छ। अमेरिकी सेनाको सेन्ट्रल कमान्डका प्रवक्ता क्याप्टेन टिम हकिन्सका अनुसार उक्त आक्रमण 'इरानी सेनाबाट उत्पन्न जोखिमविरुद्ध अमेरिकी सैनिकको सुरक्षा सुनिश्चित गर्न' गरिएको हो।

उहाँले अमेरिकी पक्षले जारी युद्धविराम अवधिमा संयम अपनाइरहेको दाबी पनि गर्नुभयो। यद्यपि इरानबाट उत्पन्न भनिएको खतरा वास्तवमा के थियो, त्यसले जारी वार्तालाई कसरी असर गर्न सक्छ भन्ने विषयमा तत्काल विस्तृत जानकारी सार्वजनिक गरिएको छैन।

पूर्वरिभोलुसनरी गार्ड प्रमुख मोहसेन रेजाईसँग निकट मानिने समाचार वेबसाइट तबनाकले अमेरिकी कारबाहीमा चार जना गार्ड सैनिक मारिएको जनाएको छ। उता इरानी सरकारी टेलिभिजनले हर्मुज जलमार्ग क्षेत्र अन्तर्गत पर्ने बन्दर अब्बासआसपासको सैन्य बन्दरगाह र दोहोरो प्रयोजनका विमानस्थलवरपर विस्फोट भएको खबर दिएको छ।

यी घटनाले जारी युद्धविरामलाई पुनः अस्थिर बनाउने खतरा बढाएको छ। विश्व ऊर्जा आपूर्तिको दृष्टिले संवेदनशील मानिने हर्मुज जलमार्ग अझै पनि इरानको प्रभाव क्षेत्रमा रहेको छ। विश्वभर कारोबार हुने कच्चा तेल र प्राकृतिक ग्यासको ठुलो हिस्सा यही मार्गबाट ओहोरदोहोर हुने भएकाले त्यहाँको अस्थिरताले अन्तर्राष्ट्रिय ऊर्जा बजारमा प्रत्यक्ष असर पार्ने चिन्ता कायम छ।

## राष्ट्रिय सभाले...

जानकारी गराइने छ।"

विधायन व्यवस्थापन समितिका सचिव झलक शर्मा सापकोटाले समितिमा विचाराधीन अवस्थामा कुनै पनि विधेयक नरहेको जानकारी गराउनुभयो। आगामी आर्थिक वर्षको कार्ययोजना बनाउन तथा ऐन कार्यान्वयन मापनसम्बन्धी कार्य अगाडि बढाउने गरी समितिको अबको बैठक केन्द्रित हुने उहाँले उल्लेख गर्नुभयो।

राष्ट्रिय सभाबाट सन्देशसहित पठाइएकोबाहेक प्रतिनिधि सभामा हाल प्रतिनिधि सभा सदस्य निर्वाचन (पहिलो संशोधन) विधेयक, २०८३ र मतदाता नामावली (पहिलो संशोधन) विधेयक, २०८३ हाल छलफल क्रममा छ। नेपाल राष्ट्र बैङ्क (तेस्रो संशोधन) विधेयक, २०८३ सोमबार मात्रै दर्ता भयो। वैकल्पिक विकास वित्त परिचालन विधेयक, २०८२ प्रतिनिधि सभाको गत जेठ ७ गतेको बैठकबाट पारित गऱ्यो। अब सो विधेयक सन्देशसहित राष्ट्रिय सभामा पठाइने छ।

सङ्घीय संसद् सचिवालयका सहायक प्रवक्ता अनन्तप्रसाद कोइरालाले राष्ट्रिय सभाको जेठ १३ गते बुधबारको बैठकमा सो विधेयक प्रस्तुत हुने उल्लेख गर्नुभयो। अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले राष्ट्रिय सभाको जेठ १३ गते वैकल्पिक विकास वित्त परिचालन विधेयक, २०८२ प्रस्तुत गर्नुहुने कार्यसूची तय भएको छ। राष्ट्रिय सभाले वैकल्पिक विकास वित्त परिचालन विधेयक १५ दिनभित्र पारित गरेर प्रतिनिधि सभामा फिर्ता पठाउनुपर्ने छ।

# 'मोफा मित्र' मोबाइल एपमार्फत कन्सुलर सेवा लिन आग्रह

**राष्ट्रिय समाचार समिति**
*काठमाडौँ, जेठ १२ गते*



परराष्ट्रमन्त्री शिशिर खनालले विदेशमा रहेका नेपालीलाई 'मोफा मित्र' मोबाइल एपमार्फत कन्सुलर सेवा लिन आग्रह गर्नुभएको छ। कन्सुलर सेवा विभागले मङ्गलबार आयोजना गरेको 'मोफा मित्र' मोबाइल एप शुभारम्भ कार्यक्रममा उहाँले सार्वजनिक सेवालाई थप सहज र नागरिकमैत्री बनाउन उक्त एप प्रभावकारी हुने विश्वास व्यक्त गर्नुभयो।

"विदेशमा काम गर्न जानेहरू गएको देशका नियम, कानुनका विषयमा जानकारी नहुने भएकाले कन्सुलर सेवाको काम बढेको छ," उहाँले भन्नुभयो, "विदेशमा रहेकाका आफन्तलाई कुनै जानकारी दिन पनि यो सेवा सहयोगी हुने छ।"

यो सेवा ७७ वटै जिल्ला प्रशासन कार्यालय, विदेशस्थित सबै कूटनीतिक नियोगमा पनि पुगिसकेको छ। कानुनी सेवा अहिले पाँच सय स्थानीय तहमा पुगिसकेको जानकारी पनि कार्यक्रममा गराइएको थियो। आगामी आर्थिक वर्षमा यो सेवा सबै स्थानीय तहमा लैजाने कार्यक्रम रहेको मन्त्री खनालले बताउनुभयो।

'मोफा मित्र' मोबाइल एपबाट सहज रूपमा अनलाइन निवेदन दिन सकिने व्यवस्था गरिएको छ। यसबाट सम्बन्धित नियोगबाट थप सहयोग लिन सकिने व्यवस्था एपमा गरिएको छ। प्रविधिमार्फत सेवाको पहुँच बढाउने लक्ष्य अनुसार सुरु गरिएको सेवामा प्रविधिमा विकास आएसँगै विस्तार गर्दै जाने पनि उहाँको प्रतिबद्धता छ।

अनौपचारिक रूपमा भारतमा रहेका नेपालीबाहेक विधिवत् रूपमै ५० लाख नेपाली विभिन्न सेवामा बिदेसिएका छन्। अप्ठ्यारो परेका विषयमा मोबाइल एप डाउनलोड गरेर गुनासो पनि राख्न सकिने छ। विभागका महानिर्देशक द्रुपदा सापकोटाले विदेशमा रहेका नेपालीको हकहितको संरक्षण र अप्ठ्यारो परेका बेला सहयोग लिन एप प्रयोग हुने बताउनुभयो।

### संविधान संशोधन बहस

# निजी क्षेत्रसँग छलफल

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, जेठ १२ गते*

प्रधानमन्त्री वालेन्द्र शाहका राजनीतिक सल्लाहकार एवं संविधान संशोधन बहसपत्र तयार गर्न गठित कार्यदलका संयोजक असीम शाहले निजी क्षेत्रका उद्योगी व्यवसायीसँग छलफल गर्नुभएको छ। प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा मङ्गलबार संयोजक शाहले निजी क्षेत्रका व्यक्तिसँग भेटेर सुझाव लिनुभएको हो। उद्योग, वाणिज्य एवं निजी क्षेत्रसँग सम्बन्धित व्यक्तिसँग संविधान संशोधनका विषयमा सुझाव लिनेक्रममा संयोजक शाहले निजी क्षेत्रसँग सहकार्य नगरी देशको आर्थिक विकास सम्भव नभएको प्रस्ट पार्नुभएको छ।

संयोजक शाहले सरकार निजीमैत्री नीति लिई अघि बढिरहेको स्पष्ट पार्दै व्यवसायीलाई निर्धक्क भएर व्यवसाय सञ्चालन गर्न आग्रह गर्नुभयो। सरकारले कुनै पनि व्यवसायीलाई लक्षित गरेर धरपकड नगरेको दाबी गर्दै उहाँले गम्भीर आपराधिक गतिविधि र राज्यलाई क्षति पुऱ्याउने कार्यमा संलग्नमाथि मात्रै कानुनी कारबाही भइरहेको उल्लेख गर्नुभयो।

"प्रधानमन्त्रीको कार्यालय, गृह मन्त्रालय वा अन्य कुनै निकायबाट कसैलाई समात्ने वा नसमात्ने भन्ने जस्ता निर्देशन दिइएको छैन। सिस्टमले निष्पक्ष रूपमा आफ्नो काम गरिरहेको छ," उहाँले भन्नुभयो, "उद्यमी व्यवसायीले आफ्नो व्यवसाय सञ्चालन गर्न कोही कसैलाई चन्दा दिन पर्दैन। पार्टी वा सरकारका कुनै पदाधिकारीबाट यस्तो दबाब आए हामीलाई जानकारी दिनुहोस्। इमानदारीसाथ ढुक्क भएर काम गर्नुहोस्।" उहाँले वर्तमान सरकार सुशासन र भ्रष्टाचार अन्त्यको एजेन्डाबाट बनेको सरकार भएकाले 'जिरो टोलरेन्स' नीति अपनाएको बताउनुभयो।

संयोजक शाहले सरकारले निजी क्षेत्रमैत्री बजेट ल्याउने तयारी गरेकाले आगामी आर्थिक वर्षको बजेटले व्यवसाय गर्ने वातावरण सहज बनाउने दाबी गर्नुभयो।

छलफलमा सहभागी उद्योगी तथा व्यवसायीबाट प्राप्त सुझावलाई बहसपत्र तयारीका क्रममा प्राथमिकतासाथ समेटिने भएको छ। नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष अञ्जन श्रेष्ठ, पूर्वअध्यक्ष भवानी राणालगायतका उद्योगी व्यवसायीको सहभागिता रहेको थियो। त्यस्तै अरू उद्योगीमा दिव्यमणि भण्डारी, अरुण चौधरी, डा. उपेन्द्र महतो, रवि केसी, शिवरतन शारदा, दीपक मल्होत्रा, राजेशकाजी श्रेष्ठ, राजुबाबु श्रेष्ठ, सुरेशलाल श्रेष्ठ, विजय राजभण्डारी, आनन्द बगरिया, प्रदीप श्रेष्ठ, कुशकुमार जोशी, भवानीलगायतको उपस्थिति रहेको थियो।

## बक्यौता असुली...

हुन नसकेको जानकारी गराइएको थियो। यसप्रति असन्तुष्टि जनाउनुहुँदै सञ्चारमन्त्री तिमिल्सिनाले रोकिएको लेखा परीक्षण तत्काल अगाडि बढाएर निर्धारित समयभित्र टुङ्ग्याउन सम्बन्धित निकायका प्रमुखलाई निर्देशन दिनुभयो।

उहाँले लेखा परीक्षण ढिला हुँदा संस्थागत पारदर्शिता कमजोर हुने, आर्थिक गतिविधिमाथि प्रश्न उठ्ने तथा सार्वजनिक संस्थामाथिको विश्वासमा असर पर्ने बताउनुभयो।

सञ्चारमन्त्री तिमिल्सिनाले ती संस्थाको उठ्न बाँकी रकम असुलीका लागि स्पष्ट कार्ययोजना बनाउन, आवश्यक परे कानुनी प्रक्रिया अगाडि बढाउन र नियमित अनुगमन गर्न पनि निर्देशन दिनुभयो। "राज्यको स्रोत उपयोग गरेर सञ्चालन भएका संस्थाले आफ्नो वित्तीय व्यवस्थापन व्यवस्थित बनाउनु अनिवार्य छ। यसका लागि हरेक कर्मचारीले जिम्मेवार भएर काम गर्नुहोला," उहाँले भन्नुभयो।

छलफलका क्रममा सार्वजनिक सेवा प्रसारण संस्थाको करिब ३५ करोड, गोरखापत्र संस्थानको करिब ४१ करोड तथा राष्ट्रिय समाचार समिति (रासस) को करिब एक करोड बक्यौता रकम उठ्न बाँकी रहेको छ। ती रकम विभिन्न सरकारी निकाय, विज्ञापन एजेन्सी, विज्ञापनदाता संस्था तथा सेवा उपयोगकर्ताबाट असुल हुन बाँकी रहेको जनाइएको छ।

सञ्चारमन्त्री डा. तिमिल्सिनाले आगामी दिनमा बक्यौतै नरहने गरी कारोबार प्रणाली विकास गर्नुपर्नेमा पनि जोड दिनुभयो। सेवाग्राहीसँगको सम्झौता, विज्ञापन प्रकाशन तथा प्रसारण प्रक्रियालाई डिजिटल र पारदर्शी बनाउँदै समयमै भुक्तानी सुनिश्चित गर्ने प्रणाली विकास गर्नुपर्ने उहाँले बताउनुभयो।

त्यसै गरी सञ्चारमन्त्री डा. तिमिल्सिनाले सरकारी सञ्चार संस्थालाई केवल राज्यको अनुदानमा निर्भर रहने संरचनाबाट बाहिर निकालेर व्यावसायिक रूपमा सक्षम बनाउनु आवश्यक रहेको बताउनुभयो। उहाँले बजार प्रतिस्पर्धा, डिजिटल सञ्चार विस्तार र निजी सञ्चार माध्यमको प्रभावबिच सरकारी सञ्चार संस्थाले आफ्नो विश्वसनीयता र आर्थिक आधार दुवै बलियो बनाउनुपर्ने आवश्यकता औँल्याउनुभयो।

विशेष गरी गोरखापत्र संस्थान, सार्वजनिक सेवा प्रसारण संस्था र रासस जस्ता पुराना सरकारी सञ्चार संस्था लामो समयदेखि आर्थिक सङ्कट, संरचनागत जटिलता, जनशक्ति व्यवस्थापन तथा डिजिटल रूपान्तरणको चुनौतीसँग जुधिरहेका छन्। विज्ञापन बजार सङ्कुचन, सरकारी निकायबाट हुने भुक्तानीमा ढिलाइ तथा परम्परागत सञ्चालन प्रणालीका कारण ती संस्थाको आम्दानीमा दबाब बढ्दै गएको छ।

**मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान**
जनकपुरधाम, धनुषा, नेपाल
**बोलपत्रको आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना**
सूचना प्रकाशन मिति : २०८३/०२/१३

यस प्रतिष्ठानबाट मिति २०८२।१२।१६ गते जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित ठेक्का नं. : MIHS/NCB/GOODS/2082-083/07 को 1S2E विधि बमोजिमको बोलपत्र सम्बन्धी सूचना अनुसार PPMO को e-GP System मार्फत रीतपूर्वक दाखिला हुन आएका तपसिल बमोजिमको बोलपत्र दाताले पेश गरेको प्राविधिक प्रस्ताव सारभूत रूपमा प्रभावग्राही देखिई छनोट भएकोले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७८ प्रयोजनार्थ उक्त बोलपत्रको आर्थिक प्रस्ताव खुल्ने भएकोले सम्बन्धित बोलपत्र दाताको उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

| क्र.सं. | ठेक्का नं. | बोलपत्र दाताको नाम तथा ठेगाना | प्राविधिक प्रस्ताव सारभूत रूपमा प्रभावग्राही देखिएका आइटम नं.हरू | आर्थिक प्रस्ताव खोल्ने स्थान, मिति र समय |
|---|---|---|---|---|
| 1. | MIHS/NCB/GOODS/2082-083/07 | Google sugical & supplier, Janakpurdham-10 | 6,7,8 | मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान, जनकपुरधाम मितिः २०८३/०२/१९ गते समयः दिउँसो २:०० बजे |
| | | Biomed Link Pvt. Ltd., Janakpur-8 | 2,5,8 | |
| | | Mediequips Nepal Pvt. Ltd. | 1,7,8,9 | |
| | | Nikki Distributors, Dharan | 5,6,7,8,9 | |
| | | Boots Merchant Pvt. Ltd., | 3,4,6,7,8 | |

रजिस्ट्रार

प्रदेश सरकार
पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश वन निर्देशनालय
**डिभिजन वन कार्यालय, इलाम**
कोशी प्रदेश, इलाम
**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**
प्रकाशित मितिः २०८३/०२/१३

यस डिभिजनबाट मिति २०८३/०१/१२ मा PPMO को web portal www.bolpatra.gov.np/egp तथा गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशित सूचना नं. ०१-०८२-८३ बमोजिम रीतपूर्वक प्राप्त भएका बोलपत्रहरूमध्ये न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही ठहरिएको तपसिल बमोजिमको बोलपत्र स्वीकृतिका लागि छनोट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) एवं दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

| सि.नं. | ठेक्का नं. | निर्माण कार्यको विवरण | निर्माण व्यवसायीको नाम | कबोल अङ्क (मू.अ. कर र पी.एस. सहित) |
|---|---|---|---|---|
| 1. | DFOILAM/32991121/082/83-01 | Park Construction at Gogane Simsar area, Suryodaya Na. Pa.-07, Ilam | M/s K.K. Construction, Suryodaya-10, Ilam | NRs. 22,62,593.49 |

डिभिजनल वन अधिकृत

**बोलपत्रद्वारा काठ लिलाम बिक्री सम्बन्धी सूचना**
दोस्रो पटक सूचना प्रकाशन मिति : २०८३/०२/१३

रंगपुर साझेदारी वन उपभोक्ता समूह, चन्द्रपुर-६, डाबरी, रौतहटको वन क्षेत्रबाट उत्पादन भई चन्द्रपुर-६, डाबरी तथा चन्द्रपुर-७, वन बहुअरी, रौतहटमा रहेको घाटगद्दीमा विभिन्न ४ वटा लट बनाई राखिएको विभिन्न जातको ३३१ थान गोलियाको २४३२.३८ क्यू.फि. काठ जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना दोस्रो पटक प्रकाशित गरिएको छ। इच्छुक सङ्घ, संस्था, फर्म वा कम्पनीले यो सूचना दोस्रो पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र प्रत्येक लटको छुट्टाछुट्टै सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीका लागि यस साझेदारी वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ। पूर्ण व्यहोराको सूचना यस साझेदारी वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ।

**श्री रंगपुर साझेदारी वन उपभोक्ता समूह**
चन्द्रपुर-६, डाबरी, रौतहट
९८५५०४२९९०, ९७४६४२१७८८

**भूमि प्रशासन कार्यालय डिल्लीबजार, काठमाडौँबाट प्रकाशित भएको का. ई साविक खडकागाउ हाल का.जि. बुढानिलकण्ठ न.पा. वडा नं. ६ बस्ने मृतक मोही सुर्य बहादुर पण्डित क्षेत्रीको कानूनी हकदारहरु कोही भए हकदावी गर्न आउने बारेको विशेष अदालत ऐन २०५९ को दफा १० (९) बमोजिम म्याद सरहको ३० (तीस) दिने सार्वजनिक सूचना**

यसमा तोरण बहादुर पंडित क्षेत्री र पुर्ण कुमारी पंडित क्षेत्रीको तर्फबाट जायजन्म एकमा सूर्य बहादुर पंडित क्षेत्रीको मिति २०३५ साल अगावै अविवाहित अवस्थामा परलोक भएको र निज पूर्ण कुमारी पंडित क्षेत्रीले स्याहार सुसार हेरचाह र पालन पोषण गरे वापत चल अचल श्रीसम्पती खानु भनि निज पुर्ण कुमारी पंडित क्षेत्रीले भदाहा तथा मेरा पति गुप्त बहादुर खडकालाई मा. पो. का. डिल्लीबजारबाट र. नं. ४२६४ मिति २०४०।०९।१० मा शेषपछिको बकसपत्र गरी दिनु भएकोमा निज पुर्ण कुमारी पंडित क्षेत्रीको मिति २०४२३८ मा पति गुप्त बहादुर खडका समेतको मिति २०७८।५।१७ मा परलोक हुनु भएकोले निज शे.व दिनेको छोरा सुर्य बहादुर पंडित क्षेत्रीको नाममा मोही कायम रहेको का.जि. खडका भद्रकाली गा.वि.स.वडा नं. ३(क) कि.नं. २२, २३ र २९ को क्षे.फ. क्रमश : ०- १५-०-०१-३-०-० र १-८-०-० समेतको जग्गा मैले नै हालसम्म जोत कमोद गरी आएको हुँदा उक्त जग्गा निज मोहीको शेषपछि मोही हक नामसारी गरी पाउ भनि स्थानीय निकायको सिफारिस लगायतका कागजातहरू राखी श्रीमती लिला खडकाले निवेदन माग गरेको हुँदा निज निवेदक श्रीमती लिला खडकाको नाममा भूमि सम्बन्धी ऐन २०२१ को आठौं संशोधन सहितको दफा २६ (१) बमोजिम मोही हक नामसारी हुनु नपर्ने कुनै कारण भए यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिनभित्र मृतक मोही सुर्य बहादुर पंडित क्षेत्रीको कानूनी हकदारहरू कोही भए सबूद प्रमाण सहित हकदाबी गर्न आउनुहोला। अन्यथा म्यादभित्र उजुरबाजुर नगरे कानून बमोजिम भई जाने व्यहोरा सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**MADAN BHANDARI UNIVERSITY OF SCIENCE AND TECHNOLOGY**
Trustee Recommendation Committee
Madan Bhandari University of Science and Technology
**Call for Applications and Nominations for Trustees**
*Date of Notice Publication: May 27, 2026 (Jestha 13, 2083)*

Pursuant to Clause 7 Sub-Clause (3) of the Act and Trustee Recommendation Committee Rules, 2081 (2024 AD) the Trustee Recommendation Committee invites applications from individuals interested to serve as trustees for the vacant positions of the trustees. Individuals wishing to nominate trustees are also requested to submit nomination papers. Applications and nominations should be sent to email info.sc@mbust.edu.np not later than 4:00pm on Friday, June 26, 2026. The detailed notice on this Call is available at www.mbust.edu.np.

**Dr. Kamal Krishna Joshi**
**Chair, Trustee Recommendation Committee**

## प्रतिनिधि सभा बैठक

# विकासनिर्माणका लागि समानुपातिक बजेटको माग

**राष्ट्रिय समाचार समिति**
*काठमाडौँ, जेठ १२ गते*

प्रतिनिधि सभाको सोमबारको बैठकको विशेष समयमा भाग लिने विभिन्न दलका सांसदले विकासनिर्माणका लागि समानुपातिक बजेट विनियोजन हुनुपर्नेमा जोड दिनुभएको छ।

राष्ट्रिय स्वतन्त्र पार्टीका स्मृति सेन्चुरीले दोलखामा पर्यटकीय गतिविधि कम भएको, ऐतिहासिक जिरी पदमार्ग इतिहासमा सीमित भएको र अत्यावश्यक सेवा लिन दुर्गम क्षेत्रका बासिन्दालाई कठिनाइ भएको बताउनुभयो। सोही पार्टीका प्रकाश पाठकले सन्तान प्राप्त हुन नसकेका दम्पतीका लागि सहज उपचार पद्धति विकास गरिनुपर्ने बताउनुभयो।

रास्वपाकै मधुकुमार चौलागाईंले काभ्रे क्षेत्र नं. १ का सडक बाटो कालोपत्रे हुन नसकेको विषयमा ध्यानाकर्षण गराउनुभयो। रास्वपाका बुद्धिप्रसाद पन्तले वीरगन्ज सहर राज्यलाई कर दिनअगाडि रहे पनि विकास निर्माणमा पछि परेकाले त्यहाँको रङ्गशाला र नारायणी प्रादेशिक अस्पतालको पूर्वाधार विकासमा ध्यान दिन माग गर्नुभयो।

सोही पार्टीका नरेन्द्र साह कलवारले भूमिहीन सुकुमवासीले अझैसम्म लालपुर्जा पाउन नसकेको गुनासो गर्नुभयो। सोही पार्टीका प्रमोदकुमार महतोले आधिकारिक निर्णयबिना वन कार्यालयका प्रतिनिधि बस्तीमा पुगेर घर भत्काउने चेतावनी दिइएकोमा चिन्ता व्यक्त गर्नुभयो। सोही पार्टीका सुजाता तामाङले तापक्रम बढेर हिमाल निरन्तर पग्लँदा विपत्को जोखिम बढेकोतर्फ ध्यानाकर्षण गराउनुभयो।

रास्वपाका बोधनारायण श्रेष्ठले धादिङ निर्वाचन क्षेत्र १ र २ का केही पालिकालाई समावेश गरेर बृहत् पर्यटकीय क्षेत्र बनाउन खोजेकाले बजेट विनियोजन गर्न माग गर्नुभयो। रास्वपाकै प्रशान्त उप्रेतीले मकवानपुरको मध्यवर्ती क्षेत्रका किसानको मानवीय र बाली संरक्षण चुनौतीपूर्ण भएको बताउनुभयो।

रास्वपाका बदनकुमार भण्डारीले संविधानमा माध्यमिक तहसम्म निःशुल्क शिक्षा भनिए पनि निजी क्षेत्रमा जथाभाबी शुल्क लिएकामा राज्यले टुलुटुलु हेरेर बस्न नमिल्ने टिप्पणी गर्नुभयो। सोही पार्टीकी विदुषी राणाले मुलुकमा आत्मनिर्भर अर्थतन्त्र बनाउन माग गर्नुभयो। रास्वपाका विश्वराज पोखरेलले 'भिजिट नेपाल–२०८५' लाई सफल बनाउन ओखलढुङ्गाको पोकली झरनालगायत महत्त्वपूर्ण क्षेत्रमा पर्यटकीय विकास गर्न आग्रह गर्नुभयो।

नेपाली कांग्रेसका सीता थपलियाले निर्माण सामग्रीको मूल्य निरन्तर वृद्धि हुँदा आयोजना प्रभावित हुनुका साथै निर्माण उद्योग प्रभावित भएकामा ध्यानाकर्षण गराउनुभयो। सोही पार्टीका गीताकुमारी सेन्दाङले अहिले पनि महिलाहरू दाइजो र हिंसाको सिकार भइरहेको बताउनुभयो। नेकपा (एमाले) का मोहम्मद इस्तियाक राईले भारतीय सीमापारिबाट सर्वसाधारणले दैनिक जीवनका लागि ल्याउने सामान र कोसेलीसमेत भन्सार नाकामा सुरक्षाकर्मीले रोक्ने कार्य मानवीय हुन नसक्ने टिप्पणी गर्नुभयो।

नेपाल कम्युनिस्ट पार्टी (नेकपा) का युवराज दुलालले स्थानीय तहमा हस्तान्तरण गरिएको वित्तीय समानीकरणको रकम कटौती नगर्न सङ्घीय सरकारसँग आग्रह गर्नुभयो।

श्रम संस्कृति पार्टीका आरेन राईले प्रतिनिधि सभा नियमावलीको मर्मबमोजिम प्रधानमन्त्रीले सदनमा आएर जवाफ दिनुपर्ने माग गर्नुभयो। सोही पार्टीका ध्रुवराज राईले बाँदर आतङ्कका कारण किसान समस्यामा परेकाले बाँदरलाई के गर्ने भनेर छलफल हुनुपर्ने बताउनुभयो। राष्ट्रिय प्रजातन्त्र पार्टीका खुश्बु ओलीले सरकारले बनाएको संविधान संशोधन कार्यदलले आफ्नो पार्टीले उठाउँदै आएको सनातन हिन्दु राष्ट्रलगायतका मुद्दाबारे ध्यान दिइयोस् भन्नुभयो। स्वतन्त्र सांसद महावीर पुनले दूरदराजमा सूचना प्रविधिको पहुँच विस्तारका लागि सरकारले ध्यान दिनुपर्नेमा जोड दिनुभयो।

## प्रधानमन्त्री छिट्टै सदनमा आएर जवाफ दिनुहुन्छ : सभामुख अर्याल



**राष्ट्रिय समाचार समिति**
*काठमाडौँ, जेठ १२ गते*

प्रतिनिधि सभाका सभामुख डोलप्रसाद अर्यालले प्रधानमन्त्री वालेन्द्र शाह छिट्टै सदनमा आउने तयारीमा रहनुभएको जानकारी गराउनुभएको छ।

सभाको बैठकमा विपक्षी दलले प्रधानमन्त्री शाहको उपस्थिति र जवाफको लगातार माग गरेपछि सभामुख अर्यालले आफूले गरेको अनौपचारिक संवादका क्रममा प्रधानमन्त्री शाह सदनमा आउने तयारीमा रहनुभएकाले अवरोध नगर्न आग्रह गर्नुभयो। उहाँले सरकारका तर्फबाट औपचारिक पत्र प्राप्त भएपछि प्रधानमन्त्री शाह आउने मिति तय गरिने जानकारी दिनुभयो।

सभामुख अर्यालले कानुन निर्माणका प्रक्रियामा धेरै काम बाँकी रहेकाले सदनमा अवरोध नगर्न विपक्षी दलका सांसदलाई आग्रह गर्नुभयो। यसअघि बैठकमा सत्तारूढ राष्ट्रिय स्वतन्त्र पार्टीका मुख्य सचेतक कवीन्द्र बुर्लाकोटीले एक साताभित्र प्रधानमन्त्री शाह सदनमा आउने अवगत गराउनुभएको थियो।

# 'गरिबले गरिखाने प्रदेश : बागमती प्रदेश' को अवधारणा लागु गरिने

**राममणि दाहाल**
*मकवानपुर, जेठ १२ गते*

बागमती प्रदेश सरकारले 'गरिबले गरिखाने प्रदेश : बागमती प्रदेश' निर्माण गर्ने अवधारणा लागु गर्ने लक्ष्यसहित आगामी आर्थिक वर्षको बजेट निर्माण गर्ने भएको छ। प्रदेश सरकारले आगामी आव २०८३/८४ मा प्रदेशभित्र बसोबास गर्ने दलित, अति गरिब, विपन्न, एकल महिला, लोपोन्मुख तथा सीमान्तकृत समुदायको परम्परागत सिपको संरक्षण एवं आधुनिकीकरण गर्दै जीविकोपार्जनका लागि सिप विकास, प्रविधिसहितको सुरुवाती पुँजी, स्वरोजगार र उत्पादनको बजारीकरणको प्रबन्ध मिलाई 'गरिबले गरिखाने प्रदेश : बागमती प्रदेश' को अवधारणा लागु गर्ने भएको हो।

नीति तथा कार्यक्रम

बागमती प्रदेश सरकारको आव २०८३/८४ को नीति तथा कार्यक्रम मङ्गलबार प्रदेश सभाको बैठकमा प्रस्तुत गर्दै बागमती प्रदेश प्रमुख दीपकप्रसाद देवकोटाले गरिबी निवारणलाई सामाजिक न्याय र समृद्धिको आधारका रूपमा अघि बढाइने बताउनुभयो।

प्रदेश सरकारले आगामी आवमा सुशासन, सेवा प्रवाहमा सुधार, उत्पादन र उत्पादकत्व अभिवृद्धि, नवप्रवर्तन, रोजगारी सिर्जना, सामाजिक न्याय, दिगो पूर्वाधार निर्माण, मानव विकास र वातावरण संरक्षणलाई प्राथमिकतामा राखी कार्यक्रम सञ्चालन गर्ने प्रतिबद्धता जनाएको छ। उहाँले भन्नुभयो, "प्रदेशवासी नागरिक खान नपाएर भोकै बस्न नपरोस्, उपचारको अभावमा दुःखी हुन नपरोस् र शिक्षाको उज्यालोबाट वञ्चित हुन नपरोस् भन्ने भावनाका साथ प्रदेशको विकासलाई समावेशी, सन्तुलित र दिगो बनाउँदै 'सुखी नागरिक, समृद्ध बागमती' को लक्ष्य हासिल गर्न प्रदेश सरकार दृढतापूर्वक अघि बढिरहेको छ।

### हेलो सिएम डेस्क स्थापना

सार्वजनिक सेवा प्रवाहलाई छरितो, सरल, डिजिटल र नागरिकमैत्री बनाइने भएको छ। सरकारी सेवा गुणस्तरीय बनाई नागरिकको सहज पहुँच सुनिश्चित गर्न प्रविधिमा आधारित एकीकृत सेवा प्रणाली विस्तार गर्न बागमती प्रदेश मुख्यमन्त्री नवप्रवर्तन कार्यक्रम सञ्चालन गरिने भएको छ। यस्तै बागमती प्रदेशका नागरिकको उजुरी र गुनासो सुनुवाइ गरी तत्काल सम्बोधन गर्न मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा 'हेलो सिएम डेस्क' को स्थापना गरी प्रभावकारी रूपमा गुनासोको सम्बोधन गर्ने व्यवस्था मिलाइने नीति तथा कार्यक्रममा उल्लेख छ।



**बागमती प्रदेश सभाको बैठकमा नीति तथा कार्यक्रम प्रस्तुत गर्नुहुँदै बागमती प्रदेशका प्रदेश प्रमुख दीपकप्रसाद देवकोटा।**

### एक हजार सुरक्षित आवास निर्माण

प्रदेश सरकारले पुनर्निर्माणलाई प्राथमिकता र भौतिक निर्माणमा एकद्वार प्रणाली अपनाउने नीति लिएको छ। भूमिको वैज्ञानिक, योजनाबद्ध र दिगो उपयोग सुनिश्चित गर्न प्रादेशिक भूउपयोग योजना कार्यान्वयन गर्दै भूअभिलेख तथा भूमि प्रशासनलाई प्रविधिमैत्री र पारदर्शी बनाइने छ। प्रदेश जनता आवास कार्यक्रम तथा चेपाङ, बोटे, माझी, थामी, जिरेल, सुरेल, पहरी, वनकरियालगायत सीमान्तकृत समुदायको एकीकृत आवास कार्यक्रमलाई निरन्तरता दिइने भएको छ। अति गरिब, दलित, सीमान्तकृत, भूमिहीन, असहाय, सुकुमवासी तथा अव्यवस्थित बसोबासीको समस्या समाधानका लागि स्थानीय तहसँगको सहकार्यमा कम्तीमा एक हजार सुरक्षित आवास आगामी आवमा निर्माण गर्ने योजना सरकारले बनाएको छ।

### डिजिटल प्रणाली कार्यान्वयन गरिने

बजेट निर्माण र कार्यान्वयलाई सुशासन र पारदर्शी बनाउनु योजना बैङ्कलाई पूर्ण रूपमा कार्यान्वयन गरिने गरिने भएको छ।

प्रदेश सरकारले आव २०८३/८४ मा सुशासनमैत्री र समृद्ध प्रदेश निर्माणको सङ्कल्प पूरा गर्न डिजिटल प्रणालीलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने भएको छ।

युवालाई नवप्रवर्तन र स्वरोजगार कार्यक्रममा समावेश गरिने, खेलकुद पूर्वाधार निर्माणाधीन पूर्वाधार निर्माणलाई प्राथमिकता दिइने भएको छ। वित्तीय अनुशासन अभिवृद्धि गर्न अनलाइन प्रोजेक्ट मोनिटरिङ सिस्टम र प्रदेशको विद्युतीय रूपान्तरण कार्ययोजना बनाएर कार्यान्वयन गरिने प्रदेश प्रमुख देवकोटाले बताउनुभयो। 'प्रदेशको सान, परिश्रमी किसान' अभियान सञ्चालन गरिने भएको छ। यस्तै 'एक वडा एक कृषि उत्पादन' कार्यक्रमलाई थप प्रभावकारी बनाइने नीति कार्यक्रममा उल्लेख छ। हेटौँडामा रहेको प्रदेश कृषि थोक बजार तत्काल सञ्चालनमा ल्याइने र मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरण कार्यक्रम सञ्चालन गरिने भएको छ।

### 'घुमौँ बागमती, बुझौँ संस्कृति' अभियान

सडक पूर्वाधारको विकाससँगै स्थानीय उत्पादन प्रवर्धन गरी नागरिकको जीविकोपार्जनमा सुधार गर्न प्रदेशका मन्त्रालयबिच समन्वय र सहकार्यको प्रणाली विकास गरिने भएको छ। यस्तै अमूर्त सम्पदाको डिजिटल अभिलेख राखिने, 'घुमौँ बागमती, बुझौँ संस्कृति' अभियान सञ्चालन गर्ने र एक निर्वाचन क्षेत्र : एक प्रमुख पर्यटकीय गन्तव्य अवधारणालाई कार्यान्वयन गर्ने नीति प्रदेश सरकारले लिएको छ। बागमती प्रदेश पर्यटकीय सर्किट परियोजनालाई कार्यान्वयन गरिने भएको छ। यसै गरी हेटौँडामा प्रादेशिक आरोग्य केन्द्र स्थापना गरिने नीति तथा कार्यक्रममा उल्लेख छ।

### गुणस्तरीय शिक्षा प्राथमिकतामा

प्राविधिक र व्यावसायिक शिक्षालाई प्राथमिकता दिने नीति तथा कार्यक्रममा उल्लेख छ। आधारभूत तहमा स्वास्थ्य सेवा स्थानीय तहमा सुनिश्चित गर्न स्थानीय तहसँग सहकार्य गर्ने, प्रदेशका सम्पूर्ण अस्पताललाई प्रविधिमैत्री बनाउँदै स्वास्थ्य सेवालाई प्रभावकारी बनाइने, मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई सुदृढीकरण, बागमती विश्वविद्यालयलाई विशिष्टीकरण गर्ने गरी नीति तथा कार्यक्रम ल्याइएको छ।

# एचआइभीप्रति सचेतना बढ्दै

**मकवानपुरगढी समाचारदाता**
*मकवानपुरगढी, जेठ १२ गते*

कुनै समय समाजमा अत्यधिक डर, भ्रम र सामाजिक बहिष्कारसँग जोडिने एचआइभी सङ्क्रमण अहिले विस्तारै सामान्य स्वास्थ्य अवस्थाका रूपमा स्विकारिन थालिएको छ। आधुनिक उपचार पद्धति, जनचेतनाको वृद्धि र नियमित औषधी सेवनका कारण एचआइभी सङ्क्रमित व्यक्ति अहिले सामान्य जीवन बिताउन सक्षम बन्दै गएको स्वास्थ्यकर्मीले बताएका छन्।

स्वास्थ्यकर्मीका अनुसार अहिले धेरै सङ्क्रमित व्यक्ति रोजगारी, पारिवारिक जिम्मेवारी र सामाजिक गतिविधिमा संलग्न छन्। बागमती प्रदेशमा एचआइभी सङ्क्रमण दर अघिल्ला वर्षको तुलनामा घट्दो देखिएको छ तर सङ्क्रमण नियन्त्रण, परीक्षणको पहुँच विस्तार र सङ्क्रमितलाई निरन्तर उपचारमा राख्ने चुनौती अझै कायम रहेको सरोकारवालाले बताएका छन्।

स्वास्थ्य निर्देशनालय, हेटौँडाले सार्वजनिक गरेको तथ्याङ्क अनुसार नेपालमा हाल अनुमानित ३४ हजार ३३७ जना एचआइभी सङ्क्रमित छन्।

बागमती प्रदेशमा आर्थिक वर्ष २०७९/८० मा ८८३ जनामा सङ्क्रमण पुष्टि भएको थियो। आव २०८०/८१ मा घटेर २०८ पुगेको थियो। एचआइभी परीक्षण तथा परामर्श सेवा अन्तर्गत चालु आवमा बागमती प्रदेशभर २१ हजार २२९ जनामा परीक्षण गर्दा ७२७ जनामा सङ्क्रमण पुष्टि भएको स्वास्थ्य निर्देशनालयले जनाएको छ। प्रदेशभर हाल १८ वटा (एआरटी) सेवा केन्द्र, छ वटा (ओएसटी) सेवा केन्द्र तथा काठमाडौँ र चितवनमा दुई वटा भाइरल लोड परीक्षण केन्द्र सञ्चालनमा छन्। मकवानपुरमा पनि एक एआरटी केन्द्र र एक इआइडी सङ्कलन केन्द्र सञ्चालनमा रहेका छन्। स्वास्थ्य निर्देशनालयका अनुसार प्रदेशमा स्वास्थ्य नीति '९५–९५–९५' लक्ष्य हासिल गर्ने अभियान जारी छ। यो लक्ष्य अनुसार सङ्क्रमितमध्ये ९५ प्रतिशतले आफ्नो स्वास्थ्य अवस्था थाहा पाउनुपर्ने, थाहा पाएका ९५ प्रतिशत उपचारमा आबद्ध हुनुपर्ने र उपचारमा रहेका ९५ प्रतिशतको भाइरल लोड नियन्त्रणमा आउनुपर्ने व्यवस्था छ।

बागमती प्रदेशमा अनुमानित आठ हजार ३२८ सङ्क्रमितमध्ये सात हजार १७४ जनाले मात्रै आफ्नो अवस्था थाहा पाएका छन्। सङ्क्रमितमध्ये सात हजार १०४ जना उपचार सेवामा आबद्ध छन् भने छ हजार ७० जनामा भाइरल लोड दबिएको अवस्था रहेको तथ्याङ्कले देखाएको छ।

यसैबिच स्वास्थ्य निर्देशनालय बागमती प्रदेशको आयोजना तथा एएचएफको सहयोगमा सोमबार हेटौँडामा सञ्चारकर्मीका लागि एचआइभीसम्बन्धी अभिमुखीकरण कार्यक्रम आयोजना गरिएको छ।

# उपकरण खसेर मृत्यु

**मकवानपुर समाचारदाता**
*मकवानपुर, जेठ १२ गते*

तराई मधेश द्रुतमार्गको सुरुङमा कार्यरत एक कामदारको काम गर्ने क्रममा उपकरण खसेर लाग्दा मृत्यु र अर्का एक जना घाइते भएका छन्। मकवानपुरको भीमफेदी गाउँपालिका–८, महादेवटारस्थित सुरुङमा काम गर्ने क्रममा सुरुङमा प्रयोग हुने रिपिट (फलामबाट बनेको उपकरण) खस्दा बर्दिया जिल्लाका रामगोपाल चौधरीको मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय, हेटौँडाले जानकारी दिएको छ।

# होचापुड्काको गुनासो

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, जेठ १२ गते*

होचापुड्का समुदायका व्यक्तिले अपाङ्गतामैत्री भौतिक संरचनाको अभावमा सबै सार्वजनिक सेवा प्रवाह गर्ने स्थानमा विभेद भोग्नु परेको बताएका छन्। होचापुड्का सङ्घद्वारा मङ्गलबार राजधानीमा आयोजित 'उचाइ सम्बन्धी अपाङ्गता (होचा कद) भएका व्यक्तिको शिक्षा स्वास्थ्य, रोजगारी र सार्वजनिक स्थलमा पहुँच अभिवृद्धि कार्यक्रम' मा सहभागी सो समुदायका व्यक्तित्वले सार्वजनिक सेवा प्रवाह हुने स्थान, स्कुल, कलेज, बस सेवा, अस्पताललगायतका सबै स्थान अग्लो हुँदा सेवाबाटै वञ्चित हुनु परेको बताएका हुन्।

काठमाडौँ महानगरपालिकाका सामाजिक विकास विभागमा कार्यरत अधिकृत भवानी कपालीले होचापुड्का व्यक्तिले चिकित्सकको सिफारिसपत्र बनाउँदा सम्बन्धित व्यक्तिको शारीरिक उचाइ मात्र नहेरी उनीहरूको अन्य स्वास्थ्य समस्यालाई पनि राम्रोसँग परीक्षण गरी अपाङ्गता कार्ड बनाउनुपर्नेमा जोड दिनुभयो।

काठमाडौँ महानगरका–२८ का वडाध्यक्ष भाइराम खड्गीले उद्घाटन गर्नुभएको कार्यक्रममा स्वास्थ्य सेवा विभागका जनस्वास्थ्य अधिकृत महेन्द्र गिरीले होचो कद हुने कारण विभिन्न रोग, कुपोषणको कारणले पनि हुन सक्ने तर वंशाणुगत कारण बढी हुने देखिएको बताउनुभयो। होचापुड्का सङ्घका अध्यक्ष समिताकुमारी दुलालले होचापुड्का व्यक्ति सङ्गठित भएर आफ्नो अधिकारका लागि एकताबद्ध भएर विभिन्न स्थानीय सङ्घ संस्थासँग मिलेर काम गरिरहेको बताउनुभयो। सङ्घमा हाल चार हजार जना होचापुड्का व्यक्तिको आबद्धता रहेको छ।


**नेपाल सरकार**
**अर्थ मन्त्रालय**

**नेपाल बीमा प्राधिकरणको अध्यक्ष पदमा नियुक्तिको लागि नाम सिफारिस गर्न गठित सिफारिस समितिको सूचना**

(प्रकाशित मितिः- २०८३/२/१३)

नेपाल बीमा प्राधिकरणको रिक्त अध्यक्ष पदमा नियुक्तिको लागि नाम सिफारिस गर्नुपर्ने भएकोले प्रचलित कानून बमोजिम योग्यता पुगेका नेपाली नागरिकबाट यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन (मिति २०८३/२/१९) भित्र कार्यालय समय भित्र अर्थ मन्त्रालयको वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा, सिंहदरवार, काठमाडौंमा अवस्थित समितिको सचिवालयमा व्यक्तिगत विवरण पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ। यस सम्बन्धी विस्तृत विवरण अर्थ मन्त्रालयको वेबसाइट www.mof.gov.np मा हेर्न सकिने व्यहोरा समेत अनुरोध छ।
(थप जानकारीको लागि टेलिफोन नम्बरः- ०१-४२११३८०)

**मधेश प्रदेश सरकार**
**भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय**
**कृषि विकास निर्देशनालय**
**कृषि ज्ञान केन्द्र**
**सिरहा**

**कृषि यन्त्र उपकरण तथा मेशिनरी औजारहरूको आपूर्तिकर्ता सूचिकृत हुने सम्बन्धी प्रति इकाई दरभाउ सहितको शिलबन्दी आवेदन (प्रस्ताव) आह्वानको सूचना**

**प्रकाशित मितिः २०८३/०२/१३**

यस कार्यालयको आ.व. २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार विभिन्न कार्यक्रमहरूका लागि कृषि कार्यमा प्रयोग हुने कृषि यन्त्र उपकरण तथा मेशिनरी औजारहरूको आपूर्ति कार्य यस कार्यालयको अनुदान सहयोग तथा अनुदानग्राही (कृषक/कृषक समूह/कृषि सहकारी/फर्म/कम्पनी) को साझेदारीमा आपूर्ति गर्नु पर्ने भएकोले यस जिल्लामा कृषि यन्त्र उपकरण तथा मेशिनरी औजारहरूको आपूर्ति गर्न तथा बिक्री पश्चातका सेवा उपलब्ध गर्न सक्ने वर्कशप तथा जनशक्ति भएको र आपूर्ति आदेश भएको बेलामा तुरुन्त कृषकलाई उपलब्ध गराउने कृषि कार्य उपयोगी मेशिनरीहरू आफुसँग मौज्दात भएको ईच्छुक आपूर्तिकर्ताबाट यो सूचना प्रकाशन भएको मितिले ७ औं दिन (मिति २०८३/०२/१९ गते) भित्र निर्धारित ढाँचामा कानून वमोजिम फर्म दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्वर, कर चुक्ता लगायत अन्य आवश्यक कागजातहरू सहित विस्तृत विवरण उल्लेखगरी प्रति इकाई दरभाउ/मूल्य सहित हरेक पानामा आवेदकले प्रमाणित गरेको सही छाप गरी शिलबन्दी आवेदन (प्रस्ताव) फारम यस कार्यालयमा पेश गर्न यो सूचना प्रकाशित गरिएको छ।

**त्रिभुवन विश्वविद्यालय**
**विश्वविद्यालय क्याम्पस, प्रिन्सिपलको कार्यालय**
**त्रि.वि., कीर्तिपुर।**

**दरभाउपत्र (कोटेशन) आह्वान सम्बन्धी सूचना !**

**मितिः** २०८३/०२/१३

यस विश्वविद्यालय क्याम्पस, प्रिन्सिपलको कार्यालय मातहत रहेको कन्या छात्रावासहरूको भान्छा घरमा क्यान्टीन सञ्चालन गर्नुपर्ने भएकोले कम्तिमा एक वर्षको अनुभव भएको नेपाल सरकारबाट सम्बन्धित कार्यको इजाजत प्राप्त VAT/PAN मा दर्ता भएको फर्महरूले के कति दररेटमा क्यान्टीन सञ्चालन गर्न सक्ने हो? इच्छुक फर्महरूले मिति २०८३ साल जेठ १३ गतेदेखि यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्रमा विश्वविद्यालय क्याम्पसको नाममा नेपाल बैंक लिमिटेड, कीर्तिपुर स्थित खाता च.हि. नं. ०४५००१०००९९०३१००००१ मा दरभाउपत्र वापत रु. १०००।- (फिर्ता नहुने गरी) बुझाएको बैंक भौचर तथा सम्बन्धित फर्मको पत्र सहित यस कार्यालयबाट दरभाउपत्र प्राप्त गरी तोकिएको मितिभित्र पेश गर्नुहुन यो दरभाउपत्र (कोटेशन) आह्वान सम्बन्धि सूचना प्रकाशित गरिएको छ। साथै, विस्तृत जानकारीको लागि यस विश्वविद्यालय क्याम्पस, प्रिन्सिपलको कार्यालय, त्रि.वि., कीर्तिपुरमा सम्पर्क राख्न सकिने छ।

**Nepal Electricity Authority**
**Kaligandaki A Hydropower Station**
**Notice of Price Bid Openings**
**Notice Publication Date : 27th May 2026**

| Sealed Tender No./ Type of Bidding | Substantially Responsive Bidders | Price Bid Opening Schedule |
|---|---|---|
| KGA-2082/ 83-ET-02 | 1 M/s Riya International Pvt. Ltd., Nagarjun-02, Kathmandu, Nepal | Date: 2083/02/20 Time: 14:00 Hours at Kaligandaki A Hydropower Station, Beltari, Syangja |
| KGA-2082/ 83-ET-03 | 1. M/s Trishala International Pvt. Ltd., New Baneshwor 10 Kathmandu, Nepal | Date: 2083/02/20 Time: 14:00 Hours at Kaligandaki A Hydropower Station, Beltari, Syangja |

**भीमदत्त नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**कञ्चनपुर, सुदूरपश्चिम प्रदेश, नेपाल**

**प्राविधिक प्रस्ताव स्विकृत तथा आर्थिक प्रस्ताव खोल्ने सम्बन्धि सूचना**

(प्रकाशित मिति –२०८३।०२।१३)

यस कार्यालयको मिति२०८२।१२।२४ गते प्रकासित सूचना वमोजिम देहाय वमोजिमका कार्यका लागी रितपुर्वक E-Bid मार्फत दर्ता भएका ३ वटा बोलपत्रहरुको यस भीमदत्त नगरपालिकाको बोलपत्र मूल्याङ्कन समितिको निर्णयानुसार देहाय वमोजिमको बोलपत्रदाताहरुको प्राविधिक प्रस्ताव मूल्यांकनमा सफल भई स्विकृतिका लागि छनौट भई सिफारिस भएकोले निज बोलपत्रहरुको प्राविधिक प्रस्ताव स्विकृत भएकोले आर्थिक प्रस्तावका लागि सार्वजनिक खरिद नियमावली २०६४ (संसोधन समेत) को नियम ३१ (ज) को उपनियम (५) को प्रयोजनार्थ मिति २०८३।०२।२० गते दिउँसो १:०० बजे यस कार्यालयमा खोलिने निर्णय भएको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**तपसिल:**

| ठेक्का नं. | ठेक्का विवरण | प्राविधिक प्रस्तावमा सफल बोलपत्रदाताको नाम र ठेगाना | कैफियत |
|---|---|---|---|
| 64/NCB/RTWL/ 2082/083 | River Training Work and Protection Work, Various Places of Ward no. 1, 2, 3, 4, 5, 6, 7, 8, 9, 10, 11, 13, 14, 16 and 18 | १- MD Group, mahendranagar, Kanchanpur | Passed |
| | | २- Rakhi-Jay Durge J.V., Bheemdatt-4, Kanchanpur | Passed |
| | | ३- Bhauneli/RC JV, Bedkot unicipality ward no. 8, Amthala, Kanchanpur | Passed |

**परोपकार प्रसूति तथा स्त्रीरोग अस्पताल**
**थापाथली, काठमाडौं (फोन नं.०१–५३६०२३१)**

**सिलबन्दी दरभाउपत्र आह्वानको सूचना**

**(प्रथम पटक प्रकाशित मिति २०८३।०२।१३)**

यस अस्पतालमा निम्न शीर्षकको मालसामान/सेवा खरिद कार्य शिलबन्दी दरभाउपत्र आह्वान गरी गर्नुपर्ने भएकोले सोसम्बन्धी सप्लाई गर्न इच्छुक कम्पनी/फर्म/सप्लायर्सबाट कम्पनी वा फर्म दर्ता प्रमाण पत्र, नबीकरण, कर चुक्ता प्रमाणपत्रका प्रमाणित प्रतिलिपि र कम्पनीको हकमा सञ्चालक समितिको अख्तियारी निर्णय तथा दरभाउपत्र फाराम खरिदको लागि फाराम शुल्क रकमको भौचर संलग्न राखी यो सूचना प्रथम पटक प्रकाशित मितिले ७ (सात) दिनको कार्यालय समय भित्र अस्पतालको प्रशासन शाखाबाट दरभाउपत्र फाराम खरिद/दर्ता गर्न सकिनेछ र ८औं दिनको १२:०० बजे भित्र दरभाउपत्र दर्ता गर्नुपर्नेछ। दरभाउपत्रको दस्तुर तपसिलको विवरण अनुसार अस्पतालको नगद काउन्टरमा गर्नुपर्नेछ। धरौटीबापतको रकम नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. पुल्चोक, ललितपुर, अस्पतालको खाताको नाम–परोपकार प्रसूति तथा स्त्रीरोग अस्पताल, खाता नं. च. हि. नं. ००४०१०१०००६१४५ (मा जम्मा गर्नुपर्नेछ, वा स्वीकृती प्राप्त बाणिज्य बैंकको दरभाउपत्रको हकमा ७५ दिन मान्य अवधी भएको बैंक जमानत राख्नु पर्नेछ। रीतपूर्वक दर्ता भएका सिलबन्दी दरभाउपत्रहरू दरभाउपत्रदाता वा प्रतिनिधीको रोहबरमा खोलिनेछ। निजहरूको अनुपस्थित भएमा दरभाउपत्र खोल्न बाधा पर्नेछैन। खोल्ने दिन बिदा परेमा सोको भोलिपल्ट दरभाउपत्र खोलिनेछ। यस सम्बन्धी थप जानकारीको लागि अस्पतालको प्रशासन शाखामा सम्पर्क राख्न सकिनेछ।

**तपसिल**

| सि. नं. | IFB No. | दरभाउपत्रको नाम | प्रकार | दरभाउपत्र फाराम शुल्क | धरौटी रकम रु. | दरभाउपत्र दर्ता गर्ने अन्तिम मिति | खोल्ने मिति |
|---|---|---|---|---|---|---|---|
| १ | PMWH/NCB/ 47/2082/083 | कम्प्युटर, प्रिन्टर मर्मत तथा टोनर रिफिल सम्बन्धी वार्षिक AMC | सिलबन्दी दरभाउपत्र | १०००।– | २०,१५५।– | २०८३।०२।२० गते १२ :०० बजे भित्र | २०८३।०२।२० गते २:०० बजे |
| २ | PMWH/NCB/ 48/2082/083 | अस्पतालका कर्मचारीहरूको लागि खाने पानी सप्लाई सम्बन्धी | सिलबन्दी दरभाउपत्र | १०००।– | २३,२९४।– | २०८३।०२।२० गते १२ :०० बजे भित्र | २०८३।०२।२० गते २:०० बजे |

"तपाईंको कामले नै तपाईंको पहिचान बनाउँछ, बोलीले त केवल भ्रम मात्र उत्पन्न गर्छ ।"
– ज्याक मा



## सम्पादकीय

# कालीमार्सी धानको महिमा


विश्वको अग्लो ठाउँ जुम्ला जिल्लाको पातारासी गाउँपालिका–३, छुमजिउलोमा कालीमार्सी धान रोपिएको छ । समुद्र सतहदेखि दुई हजार ८५० मिटर अग्लो स्थानमा रहेको सो स्थानमा पातारासी गाउँपालिका कृषि विकास शाखाको आयोजनामा आइतबार धान रोपाइँ गरियो । विश्वको अग्लो स्थानमा धान फल्ने क्षेत्रका रूपमा परिचित छुमजिउलोमा स्थानीय सरकारको अगुवाइमा धान रोपाइँ गरिएसँगै किसान खुसी भएका छन् । यसै गरी जुम्लामा कालीमार्सीसँगै मार्सी धानको रोपाइँ पनि सुरु भएको छ । किसान रोपाइँमा व्यस्त छन् । यतिबेला जिल्लाका सात गाउँपालिका र एक नगरपालिकाको चन्दननाथ, तातोपानी, देपालगाउँ, सिँजा, गर्ज्याङकोट र विश्वकै उच्च स्थानमा धान फल्ने पातारासी गाउँपालिकाको छुमचौरमा पनि रैथाने कालीमार्सी र रातीमार्सीको रोपाइँ भइरहेको छ । यस जिल्लामा करिब दुई हजार आठ सय हेक्टरमा धान खेती गरिन्छ । चिसो हावापानीमा उत्पादन हुने कालीमार्सी धानको भात बढी स्वादिलो, अडिलो र स्वस्थकर हुन्छ । कालीमार्सी धानको चामल खैरो रङको हुन्छ । खैरो देखिने भएकाले कसै कसैले यसलाई रातो चामल पनि भन्छन् । राणाकालमा हरेक दिन एक माना मार्सी धानको चामल जुम्लाबाट काठमाडौँ मगाउने गरिन्थ्यो । हुलाकीले जुम्लादेखि मार्सी धान बोकेर काठमाडौँको दरबारसम्म पुऱ्याउने गर्थे ।

धानबालीमा परिश्रम धेरै पर्छ । घेराबार र सिँचाइका लागि खटिनु पर्छ । धान रोपाइँ हुने मौसम र पाटनमा यार्चा सङ्कलनको मौसम एउटै पर्छ । रोपाइँ गर्ने कि यार्चा टिप्न जाने भनी किसान दुबिधामा पर्छन् । त्यही भएर विगतमा मार्सी धान रोपाइँमा कमी आएको थियो । अहिले भने कालीमार्सी धानको महत्त्व बढेको छ । यो सिँजा सभ्यताको इतिहाससँग पनि जोडिएको छ । कालीमार्सी धान लोप हुन नदिन कृषकदेखि स्थानीय सरकार, सरोकारवाला निकायलगायत यसको संरक्षणमा लागेका छन् तर जलवायु परिवर्तनको प्रत्यक्ष असर हिमाली क्षेत्रको कृषिमा पर्न थालेको छ । अनपेक्षित खडेरी, असन्तुलित वर्षा र तापमानमा आएको उतारचढावले कालीमार्सी धानमा विभिन्न रोग र किराको प्रकोप बढेको छ । यस समस्यालाई दृष्टिगत गरी त्यहाँको परम्परागत धान खेतीलाई आधुनिक र वैज्ञानिक प्रविधिसँग जोड्दै किसानलाई सहुलियत, सिँचाइको उचित व्यवस्था र रोग प्रतिरोधात्मक प्राङ्गारिक उपचार उपलब्ध गराउनुपर्ने भएको छ । रैथाने कालीमार्सी धानलाई अब एउटा खाद्यान्नका रूपमा मात्र होइन, नेपालको कृषि पर्यटनको आधारका रूपमा विकास गर्न सकिने भएको छ ।

जुम्लामा कालीमार्सी धानको कुल वार्षिक उत्पादन करिब तीन हजार मेट्रिक टनसम्म हुने गरेको छ । त्यहाँ दुई हजार आठ सय हेक्टर क्षेत्रफलमा धान खेती गरिन्छ । त्यसमध्ये कालीमार्सी धानको खेती भने करिब एक हजार दुई सय हेक्टर क्षेत्रमा गरिन्छ । अत्यधिक चिसो हावापानीका कारण कालीमार्सी धानको उत्पादकत्व अन्य सुगम क्षेत्रको तुलनामा कम छ । यो प्रतिहेक्टर करिब १.८ मेट्रिक टन मात्र उत्पादन हुने गर्दछ । नेपाल कृषि अनुसन्धान परिषद्ले स्थानीय सरकारको सहयोगमा यसको बिउ शुद्धीकरण र संरक्षणका लागि निरन्तर अनुसन्धान गरिरहेको छ । वार्षिक करिब दुई सय मेट्रिक टन कालीमार्सीको चामल काठमाडौँलगायत देशका ठुला सहर र जापान तथा क्यानडा जस्ता अन्तर्राष्ट्रिय बजारमासमेत निर्यात हुने गरेको छ । अचेल कालीमार्सीको चामलले बजार पाएपछि किसानमा जागरण आएको छ । चिसो हावापानीका कारण त्यहाँ चैतदेखि कात्तिकसम्म (करिब आठ महिना) धान खेतमै रहन्छ । किसानले हरेक वर्ष चैत १२ गते कालीमार्सी धानको बिउलाई घरभित्रै कपडामा बाँधेर वा तातो ठाउँमा पानीमा भिजाएर राख्छन् । टुसाएको बिउलाई चैत २० गते 'जाँती' (चिसोबाट जोगाउन खर वा परालले छोपिएको ब्याड) मा छरिन्छ । ब्याडमा बेर्ना तयार भएपछि जेठको सुरुदेखि अन्त्यसम्म रोपाइँ गरिन्छ । हिमाली क्षेत्रको हिउँ पग्लिएको चिसो पानीले नै यसको सिँचाइ गरिन्छ । धान पाक्न लामो समय लाग्ने हुनाले असोजको अन्त्य वा कात्तिकको सुरुतिर मात्र धान काटिन्छ । कालीमार्सी धान अर्गानिक हुने र यसको माग उच्च रहेकाले बजारमा यो अन्य सामान्य चामलको तुलनामा महँगो पनि छ । काठमाडौँ, पोखरा जस्ता ठुला सहरमा कालीमार्सी चामल प्रतिकेजी रु. २२० देखि तीन सयसम्ममा बिक्री हुने गरेको छ । क्यानडा, जापान र अस्ट्रेलियालगायतका देशमा यो चामल निर्यात हुन थालेकाले यसको उत्पादन बढाउन जरुरी छ । यो मौलिक उत्पादनलाई व्यवस्थित गरी धेरै उत्पादन गर्ने र बजारीकरण गर्न सके त्यहाँका धेरै किसानको जीवनस्तरमा सुधार ल्याउन सकिन्छ । नेपालकै सान र पहिचान जोडिएको कालीमार्सी धानको संरक्षण र प्रवर्धनमा सरोकारवाला सबै लाग्नु पर्छ ।

## १०० वर्षअघिको गोरखापत्र

१९८० साल आषाढ १८ गते सोमबार



### पेरिस १५ मई

अमरता पेरिसको तारछकि जर्मनका प्रस्तावका उत्तरमा जापानले आफ्नु स्वस्वीकृति दिये कारण योहोकि क्षति पूर्तिको जर्मनी बडो छोटो रकम दिन चाइना गर्दैछ, जर्मनका क्षतिपूर्तिका नियम जमानत पनि असन्तोष जनाउछ । उत्तरमा यो पनि भनेको छ कि जर्मनीलाई कोशिश गरेर क्षति पूर्तिको प्रवन्ध गर्नु पर्दछ ।

## चिन्तन

न चोरहार्यं न च राजहार्यं
न भ्रातृभाज्यं न च भारकारी ।
व्यये कृते वर्धत एव नित्यं
विद्याधनं सर्वधनप्रधानम् ॥

विद्याधन न चोरले चोर्न सक्छ, नत राजाले खोस्न सक्छ । न दाजुभाइबिच बाँड्नु पर्छ, न, बोझ बन्छ । खर्च गर्दा झन् बढ्छ । त्यसैले विद्या सबै धनभन्दा श्रेष्ठ हो ।
– **हितोपदेश**

**लेख प्रतिक्रियाका लागि**
gopafeature@gmail.com
gopashanibar@gmail.com (शनिबारका लागि)

# सामाजिक बजार अर्थतन्त्र



डा. गणेशप्रसाद खनाल



चित्र : एआई

नेपालको आर्थिक बहसमा पछिल्ला केही वर्षदेखि एउटा प्रश्न निरन्तर उठिरहेको छ, नेपालको आर्थिक ढाँचा के हो ? संविधानले समाजवादउन्मुख अर्थतन्त्रको परिकल्पना गरेको छ तर व्यवहारमा अर्थतन्त्र खुला बजारतर्फ उन्मुख देखिन्छ । सरकारले निजी क्षेत्रलाई लगानीका लागि आह्वान गरिरहेका छन् । विदेशी लगानी भित्र्याउन नीति बनाइरहेका छन् तर सँगै सामाजिक सुरक्षा, लोककल्याणकारी राज्य, समावेशी विकास र सामाजिक न्यायको प्रतिबद्धता पनि दोहोऱ्याइरहेका छन् । यही वैचारिक र नीतिगत अन्योलबिच अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले संसद्मा सरकारको नीति तथा कार्यक्रममाथिको छलफलमा जवाफ दिँदै गर्नुभएको अभिव्यक्ति अहिले विशेष अर्थपूर्ण बनेको छ । उहाँले भन्नुभयो, "हामी न त बजारलाई मात्र सर्वोपरि ठान्ने नवउदारवादी हौँ, न त राज्यले सबै कुरा नियन्त्रण गर्ने शास्त्रीय कम्युनिस्ट नै हौँ । हामी कम्युनिस्टको आवरणमा फस्टाउने 'क्रोनी क्यापिटलिज्म' को पनि विरोधी हौँ । हाम्रो बाटो लोककल्याणकारी राज्यको जगमा उभिएको उद्यममैत्री, लगानी अनुकूल र प्रतिस्पर्धी 'सामाजिक बजार अर्थतन्त्र हो ।"

यो अभिव्यक्ति केवल तत्कालीन राजनीतिक टिप्पणीमा सीमित छैन; यसले नेपालको आर्थिक नीतिमा सम्भावित नयाँ दिशा, वैचारिक पुनर्संरचना र विकासको नयाँ बहसको सङ्केत गर्छ । सरकारको वाचापत्रको बुँदा नम्बर २२ मा 'सामाजिक न्यायसहितको उदार अर्थतन्त्र' को अवधारणा समेटिनु तथा अर्थमन्त्रीद्वारा 'सामाजिक बजार अर्थतन्त्र' लाई सरकारको आर्थिक ढाँचाका रूपमा प्रस्तुत गरिनुले नेपालको आर्थिक विमर्श अब नयाँ चरणमा प्रवेश गरेको छ । अब बहसको केन्द्र केवल 'राज्य कि बजार' भन्ने परम्परागत द्वन्द्वमा सीमित छैन; बरु 'राज्य र बजारबीच सन्तुलित, उत्तरदायी र न्यायपूर्ण सम्बन्ध कसरी निर्माण गर्ने' भन्ने मूल प्रश्नतर्फ उन्मुख भएको छ ।

### सामाजिक बजार अर्थतन्त्रको अवधारणा

सामाजिक बजार अर्थतन्त्र मूलतः यस्तो आर्थिक अवधारणा हो, जसले बजार अर्थतन्त्रको दक्षता र सामाजिक न्यायको मूल्यलाई एकसाथ जोड्ने प्रयास गर्छ । बजार स्रोतसाधन वितरणको सबैभन्दा प्रभावकारी माध्यम हो तर बजार आफैँले सामाजिक न्याय, अवसरको समानता र मानवीय कल्याण सुनिश्चित गर्न सक्दैन । राज्यले बजारलाई नष्ट गर्ने होइन, बजारलाई व्यवस्थित, नियमन र सामाजिक उत्तरदायित्वयुक्त बनाउने भूमिका खेल्नु पर्छ ।

यस अवधारणाको ऐतिहासिक विकास हेर्दा दोस्रो विश्वयुद्धपछि पश्चिम जर्मनीले 'सामाजिक बजार अर्थतन्त्र' को मोडेललाई संस्थागत रूप दिएको पाइन्छ । त्यहाँ निजी उद्यम, खुला प्रतिस्पर्धा र बजार स्वतन्त्रतालाई स्वीकार गरियो तर सँगै श्रमिक अधिकार, सामाजिक सुरक्षा, सार्वजनिक स्वास्थ्य, पेन्सन र कल्याणकारी राज्यलाई पनि मजबुत बनाइयो । परिणामस्वरूप जर्मनीले तीव्र औद्योगिक विकाससँगै सामाजिक स्थायित्व पनि हासिल गर्न सफल भयो । अस्ट्रिया, नेदरल्यान्ड्स र स्विट्जरल्यान्डले पनि केही हदसम्म यस्तै आर्थिक व्यवस्था अपनाएका छन् । स्क्यान्डिनेभियन मुलुक स्विडेन, नर्वे, डेनमार्क र फिनल्यान्डले खुला बजारसँगै उच्च सामाजिक सुरक्षा, निःशुल्क शिक्षा, स्वास्थ्य तथा कल्याणकारी राज्यको अभ्यास गरेका छन्, जसलाई 'नर्डिक मोडेल' भनिन्छ ।

चीनले यस अवधारणालाई अर्को रूपले विकास गऱ्यो । चीनको 'समाजवादी बजार अर्थतन्त्र' ले समाजवाद र बजार अर्थतन्त्रलाई परस्परविरोधी नभई पूरक तत्त्वका रूपमा व्याख्या गऱ्यो । चिनियाँ राजनीतिक अर्थशास्त्री हु जेका अनुसार समाजवादी बजार अर्थतन्त्रको सार भनेको बजारको दक्षतालाई साझा समृद्धि र सामाजिक विकासको सेवामा प्रयोग गर्नु हो । चीनले बजार संयन्त्रलाई स्वीकार गर्दै निजी क्षेत्रलाई विस्तार गऱ्यो, विदेशी लगानी भित्र्यायो । राज्यको रणनीतिक भूमिका, सार्वजनिक स्वामित्व र दीर्घकालीन विकास योजनालाई कायम राख्यो । यही मोडेलले चीनलाई विश्वकै तीव्र आर्थिक रूपान्तरणतर्फ अघि बढायो ।

### नेपाल किन नयाँ आर्थिक मोडेल खोज्दै छ ?

नेपालको आर्थिक इतिहास हेर्दा देश लामो समयदेखि दुई चरम आर्थिक सोचबिच अलमलिएको छ । एकातिर राज्य नियन्त्रणमुखी सोचले निजी क्षेत्रलाई सन्देहका दृष्टिले हेऱ्यो, अर्कातिर १९९० पछिको उदारीकरणले बजारलाई अत्यधिक प्राथमिकता दियो । यी दुवै मोडेलले दिगो आर्थिक समाधान दिन सकेनन् । उदारीकरणपछि सेवा र व्यापार क्षेत्र विस्तार भए पनि उत्पादनमूलक उद्योग, कृषि र निर्यात कमजोर रहे । परिणामतः अर्थतन्त्र आयात, उपभोग र रेमिट्यान्समा निर्भर बन्दै गयो भने उत्पादन र उद्यमशीलताभन्दा दलाली र आयात व्यापार बढी लाभदायक बन्न पुग्यो ।

नेपालमा खुला बजार आयो तर प्रतिस्पर्धी बजार आएन । बजार सीमित समूहको नियन्त्रणमा गयो । दलाल पुँजीपति वर्गको राम्रै विकास भयो तर राष्ट्रिय पुँजीपतिको विकास राज्यले गर्न सकेन ।

> सामाजिक बजार अर्थतन्त्रले 'बजार सबै समस्या समाधान गर्छ' भन्ने नवउदारवादी मान्यतालाई स्वीकार गर्दैन । बजारले दक्षता दिन सक्छ तर न्याय दिन सक्दैन । बजारले सम्पत्ति सिर्जना गर्न सक्छ तर त्यसको न्यायपूर्ण वितरण सुनिश्चित गर्न सक्दैन । राज्यको सक्रिय भूमिका अपरिहार्य हुन्छ ।

यही कारण अहिले 'क्रोनी क्यापिटलिज्म' अर्थात् पहुँच र राजनीतिक संरक्षणमा आधारित पुँजीवादको आलोचना बढिरहेको छ । केही व्यापारिक समूहले राज्य नीति, बैङ्किङ पहुँच, ठेक्का प्रणाली र आयात बजारमाथि असामान्य प्रभाव जमाएको आरोप व्यापक छ । यस्तो अवस्थामा अर्थमन्त्रीले हामी 'क्रोनी क्यापिटलिस्ट' होइनौँ भन्नु केवल भाषण होइन, अहिलेको आर्थिक संरचनाप्रतिको आलोचना पनि हो । अर्कातर्फ, राज्य पनि प्रभावकारी बन्न सकेन । शिक्षा, स्वास्थ्य, सार्वजनिक यातायात, कृषि पूर्वाधार, औद्योगिक क्षेत्र, अनुसन्धान र सामाजिक सुरक्षामा राज्यको लगानी कमजोर रह्यो । फलतः नागरिकले बजारबाट महँगो सेवा किन्ने र राज्यबाट कमजोर सेवा पाउने दोहोरो समस्या भोग्नु पऱ्यो । यही पृष्ठभूमिमा 'सामाजिक बजार अर्थतन्त्र' को बहस सान्दर्भिक बनेको हो ।

### सामाजिक बजार अर्थतन्त्र

नेपालमा सामाजिक बजार अर्थतन्त्रको अर्थ राज्यले सबै उद्योग चलाउने वा निजी क्षेत्रलाई विस्थापित गर्ने होइन । यसको अर्थ यस्तो आर्थिक संरचना निर्माण गर्नु हो, जहाँ निजी क्षेत्र उत्पादन, नवप्रवर्तन, रोजगारी र लगानीको प्रमुख चालक बनोस् । राज्यले सामाजिक न्याय, अवसरको समानता र सार्वजनिक हित सुनिश्चित गरोस् । सायद अर्थमन्त्रीको सार पनि त्यही होला । सन् १९९० पछि उदारवाद र निजीकरणका नाममा नेपालका उद्योगहरू निजीकरण वा बन्द गरियो । अहिले केही संस्थानलाई तुलनात्मक लाभलाई तथ्यगत मूल्याङ्कन गरी पुनः ब्युँताउने गरी सरकार अगाडि बढेको देख्न सकिन्छ । यस मोडेलमा बजारलाई प्रोत्साहन दिइन्छ तर बजार नियन्त्रणविहीन छाडिँदैन । निजी क्षेत्रलाई सम्मान गरिन्छ तर राज्य नीतिको कब्जा गर्न दिइँदैन । विदेशी लगानी भित्र्याइन्छ तर राष्ट्रिय उत्पादन क्षमता र श्रम बजारलाई कमजोर बनाइँदैन । नेपालमा जलविद्युत्, पर्यटन, कृषि प्रशोधन, सूचना प्रविधि, हरित ऊर्जा र साना तथा मझौला उद्योगमा निजी क्षेत्रको ठुलो भूमिका हुन सक्छ । राज्यले पूर्वाधार, ऊर्जा पहुँच, शिक्षा, सिप विकास, अनुसन्धान, कानुनी स्थिरता र सामाजिक सुरक्षाको जिम्मेवारी लिनु पर्छ । सामाजिक बजार अर्थतन्त्रले 'बजार सबै समस्या समाधान गर्छ' भन्ने नवउदारवादी मान्यतालाई स्वीकार गर्दैन । बजारले दक्षता दिन सक्छ तर न्याय दिन सक्दैन । बजारले सम्पत्ति सिर्जना गर्न सक्छ तर त्यसको न्यायपूर्ण वितरण सुनिश्चित गर्न सक्दैन । राज्यको सक्रिय भूमिका अपरिहार्य हुन्छ ।

### सरकार र बजारबिचको नयाँ सम्बन्ध

नेपालमा लामो समयदेखि राज्य र निजी क्षेत्रबिच अविश्वासको सम्बन्ध रहँदै आएको छ । निजी क्षेत्रले राज्यलाई झन्झटिलो, करमुखी र अनिश्चित मान्छ; राज्यले निजी क्षेत्रलाई कर छल्ने, नाफामुखी र सामाजिक उत्तरदायित्वविहीन देख्छ । सामाजिक बजार अर्थतन्त्रले यही सम्बन्धलाई नयाँ आधारमा पुनर्संरचना गर्न खोज्छ । यस मोडेलमा सरकारको भूमिका व्यवसाय चलाउने होइन, व्यवसाय गर्न सक्ने वातावरण बनाउने हो । सरकारको जिम्मेवारी कानुनी शासन, निष्पक्ष प्रतिस्पर्धा, पूर्वाधार निर्माण, शिक्षा तथा स्वास्थ्यमा लगानी, श्रमिक अधिकारको संरक्षण र सामाजिक सुरक्षा सुनिश्चित गर्नु हो । बजारको भूमिका उत्पादन, नवप्रवर्तन, लगानी र रोजगारी सिर्जना गर्नु हो । सरकार र निजी क्षेत्रबिच स्वस्थ साझेदारी बन्न सकेन भने न बजार प्रभावकारी हुन्छ न त राज्य । नेपालमा अहिले सबैभन्दा ठुलो समस्या नीतिगत अस्थिरता हो । उद्योगी व्यवसायीलाई दीर्घकालीन नीति भरोसा छैन । सरकार फेरिँदा नीति फेरिन्छ । कर प्रणाली अनिश्चित छ । प्रशासनिक प्रक्रियामा भ्रष्टाचार छ । सामाजिक बजार अर्थतन्त्र सफल हुन सबैभन्दा पहिले यही संरचनागत समस्याको समाधान आवश्यक हुन्छ ।

### लोककल्याणकारी राज्य

अर्थमन्त्रीले 'लोककल्याणकारी राज्य' को कुरा गर्नुभएको सन्दर्भ महत्त्वपूर्ण छ । सामाजिक बजार अर्थतन्त्रको केन्द्रमा नै सामाजिक न्याय हुन्छ । यसको उद्देश्य केवल कुल गार्हस्थ उत्पादन वृद्धि होइन; नागरिकको जीवनस्तर सुधार, अवसरको समानता र गरिमामय जीवन सुनिश्चित गर्नु हो । नेपालमा शिक्षा र स्वास्थ्य अझै सर्वसाधारण वर्गका लागि महँगो र पहुँचबाहिर छ । ग्रामीण क्षेत्र र सहरबिच अवसरको ठुलो खाडल छ । युवामा बेरोजगारी उच्च छ । महिला, दलित, जनजाति र दुर्गम क्षेत्रका समुदाय अझै आर्थिक रूपमा पछाडि छन् । आर्थिक वृद्धिको लाभ सीमित वर्गमा मात्र केन्द्रित भयो भने त्यो विकास दिगो हुन सक्दैन । सामाजिक बजार अर्थतन्त्रले राज्यलाई कर प्रणाली, सामाजिक सुरक्षा, सार्वजनिक सेवा र समावेशी नीतिमार्फत असमानता घटाउने भूमिका दिन्छ ।

यसको अर्थ सबैलाई समान बनाउने होइन; अवसरमा समानता सुनिश्चित गर्ने हो । राज्यले गुणस्तरीय सार्वजनिक शिक्षा, स्वास्थ्य सेवा, वृद्ध भत्ता, सामाजिक सुरक्षा, बेरोजगारी सहायता र न्यूनतम जीवनस्तर सुनिश्चित गर्नु पर्छ । नेपालमा अहिले सामाजिक सुरक्षाको दायरा बढेको छ तर यसको वित्तीय स्थायित्व र प्रभावकारिता अझै चुनौतीपूर्ण छ । सामाजिक बजार अर्थतन्त्रले सामाजिक सुरक्षालाई दान होइन, नागरिक अधिकारका रूपमा हेर्छ ।

### उत्पादनमुखी अर्थतन्त्रको आवश्यकता


नेपालको सबैभन्दा ठुलो चुनौती उत्पादन सङ्कट हो । देशको अर्थतन्त्र आयातमा आधारित छ । हामी खानेतेलदेखि कपडासम्म, औषधीदेखि मोबाइलसम्म बाहिरबाट ल्याउँछौँ । निर्यात कमजोर छ । व्यापार घाटा अत्यधिक छ । सामाजिक बजार अर्थतन्त्रले यस्तो संरचनालाई परिवर्तन गर्न उत्पादन, उद्योग र राष्ट्रिय आत्मनिर्भरतामा जोड दिन्छ । यसको अर्थ आत्मनिर्भरता भन्ने नाममा बन्द अर्थतन्त्र बनाउने होइन; प्रतिस्पर्धी राष्ट्रिय उत्पादन क्षमता निर्माण गर्ने हो । नेपालसँग जलविद्युत्, कृषि, पर्यटन, जडीबुटी, सूचना प्रविधि र हरित अर्थतन्त्रमा ठुलो सम्भावना छ । यी सम्भावनालाई नीतिगत स्थिरता, पूर्वाधार, लगानी र सिप विकासमार्फत उत्पादनमा रूपान्तरण गर्नु पर्छ । सामाजिक बजार अर्थतन्त्र केवल भाषणमा सीमित भयो भने यसको अर्थ हुँदैन । यसको सफलता उत्पादन वृद्धि, रोजगारी सिर्जना, औद्योगिकीकरण र सामाजिक न्यायमा देखिनु पर्छ ।

### चुनौती र सम्भावना

सामाजिक बजार अर्थतन्त्र आकर्षक अवधारणा भए पनि यसको सफल कार्यान्वयनका लागि सक्षम राज्य, पारदर्शी प्रशासन, बलियो कानुनी शासन र जवाफदेही राजनीति आवश्यक हुन्छ । नेपालमा भ्रष्टाचार, राजनीतिक संरक्षणवाद, कमजोर संस्थागत क्षमता र नीतिगत अस्थिरता अझै चुनौतीका रूपमा रहेका छन् । अर्कातर्फ, बलियो सरकार, नयाँ पुस्ताको नेतृत्व, डिजिटल अर्थतन्त्र, हरित ऊर्जा र उत्पादनमुखी विकासको सम्भावनाले नेपाललाई नयाँ आर्थिक रूपान्तरणतर्फ अघि बढाउने आधार पनि प्रदान गरेको छ । अब आवश्यकता यस्तो आर्थिक मोडेलको छ, जहाँ बजारको ऊर्जा, निजी क्षेत्रको नवप्रवर्तन र राज्यको सामाजिक उत्तरदायित्वबिच सन्तुलन कायम गर्न सकियोस् । अन्ततः प्रश्न बजार स्वीकार गर्ने कि नगर्ने भन्ने होइन, विकास र समृद्धि कसका हितमा केन्द्रित हुने भन्ने हो । अर्थतन्त्रको केन्द्रमा नागरिकको जीवनस्तर, सामाजिक न्याय र समावेशी समृद्धि रहने हो भने सामाजिक बजार अर्थतन्त्र नेपालको भावी आर्थिक बहसको महत्त्वपूर्ण आधार बन्न सक्छ ।

*खनाल चीनको पेकिङ विश्वविद्यालयमा आबद्ध हुनुहुन्छ ।*

# गरिबमैत्री आवासको खोजी



दिव्येश्वरप्रसाद श्रेष्ठ

नेपाल जीवनस्तर सर्वेक्षण २०७९/८० अनुसार नेपालमा गरिबीको रेखामुनि रहेको जनसङ्ख्या २०.२७ प्रतिशत अर्थात् ६० लाख छ । उक्त सर्वेक्षणले घरको स्वामित्वका आधारमा वर्गीकरण गरे अनुसार सुकुमवासी भनी वर्गीकृतको सङ्ख्या १.६ प्रतिशत देखिन्छ । राष्ट्रिय जनगणना २०७८ अनुसार सुकुमवासीको सङ्ख्या एक लाख ७४ हजार ९८७.५ रहेको देखिन्छ । नेपालमा गरिबी घट्दै गएको भए पनि ग्रामीण र सहरी क्षेत्रबिचको आर्थिक खाडल कायमै छ । उदाहरणका लागि नेपालको गिनी सूचक ०.३०० रहेको छ भने सहरी क्षेत्रको गिनी सूचक ०.३०३ र ग्रामीण क्षेत्रको ०.२८७ रहेको छ । गरिबीको रेखामुनि रहेको ६० लाख जनसङ्ख्यामध्ये अत्यधिक जनसङ्ख्याको प्रमुख समस्यामध्ये आवास पनि एक महत्त्वपूर्ण समस्याका रूपमा रहँदै आएको छ । नेपालको संविधानले आवासलाई पनि जनताको मौलिक अधिकारका रूपमा व्याख्या गरेको हुनाले सुरक्षित र व्यवस्थित आवास पाउनु सबै नागरिकको अधिकार हो ।

सुकुमवासी परिवारका लागि आवासको सुविधा प्रदान गर्न वा त्यसमा पहुँच पुऱ्याउन विभिन्न उपाय अवलम्बन गर्न सकिन्छ । यसमा विचार गर्नुपर्ने सबैभन्दा महत्त्वपूर्ण पक्ष भनेको काम गर्ने थलो र बस्ने थलोबिचको दुरी सकेसम्म कम गर्नु हो ।

काठमाडौँ उपत्यकालगायत नेपालका ठुला सहरी क्षेत्रमा उपलब्ध भाडाका घर प्रायः सिङ्गो एक तला वा फ्ल्याटका रूपमा हुने गरेको र त्यसको भाडा महँगो हुने गर्छ । साथै त्यस्ता फ्ल्याटमा एक वा दुई कोठा मात्र भाडामा दिन घरधनी प्रायः मान्दैनन् तर सुकुमवासीलगायत अन्य गरिब परिवारलाई एक वा दुई कोठा मात्र भए पुग्ने कारणले गर्दा ठुलो समस्या खडा भइरहेको छ । प्रायः सहरी क्षेत्रका पुराना घरमा भाडा तुलनात्मक हिसाबले सस्तो हुने, सुकुमवासी तथा गरिब परिवारको क्षमताभित्र पनि पर्ने र काम गर्ने ठाउँको नजिक पनि हुने गर्छ । यस्ता घरको पुनर्निर्माण गर्नुले हाल सङ्ख्या दिनानुदिन घट्दै गएको छ । यस कारणले गर्दा पनि जोखिमयुक्त नदीकिनार वा सार्वजनिक, पर्ती आदि स्थानमा सुकुमवासी बस्ती बढ्दै गएको देखिन्छ ।

तसर्थ सरकारले पहिलो ढाँचा वा विकल्पका रूपमा सहरी क्षेत्रका विभिन्न स्थानमा सकेसम्म चाँडो सस्तो भाडामा दिने हिसाबले आधारभूत सेवा सुविधासहितका एककोठे, दुईकोठे र बढीमा तीनकोठेसम्मका घर निर्माण गरी उपलब्ध गराउन सके ठुलो राहत मिल्ने देखिन्छ । यस ढाँचाबाट सुकुमवासीका साथै अन्य सहरी गरिब, जो हाल अव्यवस्थित र अस्वस्थकर भाडाका घरमा बसोबास गरिरहेका छन् ।

दोस्रो मोडेल भनेको घरको स्वामित्व नै हस्तान्तरण गर्ने हिसाबले सकेसम्म किफायती ढङ्गले प्रभावकारी आवासगृह निर्माण गरी विभिन्न मोडालिटीमा किस्ताबन्दीमा भुक्तानी तिर्ने गरी दिने हो । यसमा पनि सुकुमवासीका साथै अन्य गरिब परिवारले आफ्नो क्षमता अनुसार तिर्न सकिने गरी तीन थरीको आवासको विकल्प प्रदान गर्न सकिन्छ । पहिलो, आधारभूत संरचना मात्र दिने लागत मूल्य निकै सस्तो होस्; दोस्रो, अर्धसम्पन्न आवास जसमा झ्याल, ढोका, शौचालय, बत्ती भएको र तेस्रो, पूर्ण सम्पन्न आवास जसमा प्लास्टर, झ्यालको ऐना, रङरोगनसमेत गरिएको गरी तीन थरीका प्रदान गर्न सकिन्छ । आवास निर्माणमा सबैभन्दा खर्चिलो पक्ष जग्गाको मूल्य नै हुने र सहरको सकेसम्म नजिक पनि चाहिने हुनाले बहुतले अपार्टमेन्ट भवन बनाउनु उपयुक्त विकल्प हुन सक्छ । अलि टाढा सस्तो मूल्यमा जग्गा पाइएमा वा सरकारबाट जग्गाका लागि अनुदान वा आर्थिक सहयोग भएमा छुट्टाछुट्टै घर पनि बनाउन सकिन्छ ।

तेस्रो, आफ्नो परिवारका नाममा सानै भए पनि घर र जग्गाको स्वामित्व भएको तर आधारभूत सेवा सुविधाको कमी वा अभावमा अव्यवस्थित, अस्वस्थकर वातावरणमा रहेका बस्तीको क्रमिक रूपले सुधार एवं स्तरोन्नति गर्दै जानु हो । गरिबीको प्रमुख कारणले गर्दा यस्ता परिवारले आफ्नो घर सुधार गर्न नसकेको हुनाले सरकारका तर्फबाट राहतस्वरूप केही रकम अनुदान वा आर्थिक सहयोगका रूपमा प्रदान गर्न सकिएमा वातावरणमा उल्लेख्य सुधार आउने अपेक्षा गर्न सकिन्छ । आवासतर्फ अर्को ध्यान दिनुपर्ने विषय भनेको आवासको विद्यमान भौतिक अवस्था पनि हो । हाल झन्डै ४० (३७.८) प्रतिशत घरको भित्तामा प्रयोग गरिएको मुख्य निर्माण सामग्री ढुङ्गा, माटो, इँटाको जोडाइ, बाँस, रुखको पात रहेको छ । यी घरको स्तरोन्नति गरी भौतिक अवस्था सुधार गर्नु सुरक्षाका हिसाबले आवश्यक देखिन्छ । साथै बैङ्क तथा वित्तीय संस्थाबाट न्यूनतम ब्याजदरमा लामो समयका लागि यस्ता वर्गलाई सुलभ ऋणको व्यवस्था पनि गर्न सकिन्छ ।

उपत्यकालगायत ठुला सहरमा जग्गाको मूल्य, निर्माण सामग्री र ज्याला पनि यसरी नै बढ्दै जाने हो भने र सरकारका तर्फबाट पनि आवासको सुविधा प्रदान गर्न कुनै पहल वा हस्तक्षेप नगर्ने हो भने यस्ता गरिब परिवार नदी किनार वा पर्ती जमिनमा अतिक्रमण गरी छाप्रो बनाएर पुनः बस्ने सम्भावना रहन्छ । सरकार र निजी क्षेत्रबाट यस्ता प्रयास नगरिएका पनि होइनन् तर आवास परियोजना गरिबको क्षमता र पहुँचसम्म पुग्न सकेनन् ।

नदी र खोला किनार जस्ता संवेदनशील क्षेत्रमा रहेका सुकुमवासी परिवारलाई अपार्टमेन्ट बनाएर अन्यत्र सारिएको छ । यस्तै निम्न आय र गरिब परिवारलाई सस्तो भाडामा घर उपलब्ध गराइएको छ । विद्यमान अव्यवस्थित बस्तीमा पूर्वाधार निर्माण गरेर व्यवस्थित गर्ने तथा लामो अवधिमा भुक्तानी गर्ने गरी घरको स्वामित्व प्रदान गर्ने गरिएका उदाहरण पनि छन् । यस्तै सहकारी आवास, सामाजिक आवास, सार्वजनिक–निजी साझेदारी र सामूहिक स्वामित्वको आवास आदि ढाँचा पनि अभ्यासमा ल्याइएका छन् ।

## वस्तुगत प्रश्नोत्तर

**१. ७९ औँ कान्स फिल्म फेस्टिभल (२०२६) मा 'अन सर्टेन रिगार्ड' तर्फ जुरी प्राइज जितेर ऐतिहासिक रेकर्ड कायम गर्ने पहिलो नेपाली चलचित्र कुन हो ?**
✍ एलिफेन्ट्स इन दी फग (अविनाशविक्रम शाह निर्देशित)
- आयोजना मिति र स्थान : सन् २०२६ मे १२–२३, फ्रान्सको कान्स सहर

**मुख्य विधाका विजेताहरू**

| विधा | विजेता/प्राप्त गर्ने |
|---|---|
| सर्वोत्कृष्ट चलचित्र (पाम डी'ओर) | फियोर्ड |
| ग्रान्ड प्रिक्स | मिनोटाउर |
| सर्वोत्कृष्ट निर्देशक | हाभियर काल्भो, हाभियर अमब्रोसी र पावेल पाब्लिक्रोभ्स्की |
| सर्वोत्कृष्ट अभिनेता | इम्यानुएल माचिया र भ्यालेन्टिन क्याम्पेन |
| सर्वोत्कृष्ट अभिनेत्री | भर्जिनिया एफिरा र ताओ ओकामोतो |
| उत्कृष्ट पटकथा | इम्यानुएल मार्रे (अ म्यान अफ हिज टाइम) |
| **अन सर्टेन रिगार्ड र सर्ट फिल्म** | |
| विधा | विजेता |
| अन सर्टेन रिगार्ड जुरी प्राइज | एलिफेन्ट्स इन दी फग |
| अन सर्टेन रिगार्ड प्राइज | एभ्रिटाइम |
| स्पेसल जुरी प्राइज | आइरन ब्वाय |
| उत्कृष्ट अभिनेता | ब्राड्ली फिओमोना डेम्बेसेट |
| उत्कृष्ट अभिनेत्रीहरू | मारिना डे टाभिरा, ड्यानिएला मारिन नाभारो, मारियान्जेल भिलेजस |
| सर्ट फिल्म (पाम डी'ओर) | पारा लोस कन्ट्रिन्कान्टेस |

**२. रुसी राष्ट्रपति भ्लादिमिर पुटिनद्वारा चीनको औपचारिक राजकीय भ्रमण कहिले भएको हो ?**
✍ सन् २०२६ मे १९–२०
- रुसी राष्ट्रपति पुटिनले चिनियाँ राष्ट्रपति सी चिनफिङको निमन्त्रणामा चीनको दुईदिने राजकीय भ्रमण गर्नुभएको हो।
- यो भ्रमणले चीन–रुस रणनीतिक साझेदारीको ३० औँ वर्षगाँठ र सन् २००१ को 'मैत्री तथा असल छिमेकी सहयोग सन्धि' को २५ औँ वर्षगाँठसँग संयोग जुराएको हो।
- मुख्य उपलब्धि : भ्रमणका क्रममा दुवै राष्ट्रप्रमुखद्वारा 'बहुध्रुवीय विश्व र अन्तर्राष्ट्रिय सम्बन्धको नयाँ प्रकार' निर्माण गर्ने विषयमा संयुक्त घोषणापत्रमा हस्ताक्षर गरिएको साथै आर्थिक, व्यापारिक र शैक्षिक क्षेत्रमा दुई दर्जनभन्दा बढी द्विपक्षीय सम्झौता भएका छन्।
- अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको चीन भ्रमणलगत्तै भएको यस भ्रमणलाई विश्वशक्ति सन्तुलन र भूराजनीतिक समीकरणको दृष्टिकोणले विशेष महत्त्वपूर्ण मानिएको छ।

**३. राष्ट्रिय तथ्याङ्क कार्यालयद्वारा विसं २०८३ जेठ ६ गते सार्वजनिक प्रतिवेदन अनुसार आर्थिक वर्ष २०८२/८३ मा नेपालको राष्ट्रिय कुल गार्हस्थ उत्पादन (उपभोक्ताको मूल्यमा) कति हुने अनुमान गरिएको छ ?**
✍ ६६ खर्ब रुपियाँ

| प्रदेश | कुल गार्हस्थ उत्पादन (अर्ब रु.) | आर्थिक वृद्धिदर (%) | प्रतिव्यक्ति आय (अमेरिकी डलर) |
|---|---|---|---|
| बागमती | २४२३ (३६.७ %) | ५.४० | २६४४ |
| कोशी | १०४३ (१५.८ %) | ३.१३ | १४१० |
| लुम्बिनी | ९३७ (१४.२ %) | २.८७ | १२०८ |
| मधेश | ८६३ (१३.१ %) | १.३१ | ९३४ |
| गण्डकी | ५९३ (९.० %) | ५.०१ | १६५१ |
| सुदूरपश्चिम | ४६४ (७.० %) | ३.२८ | ११७० |
| कर्णाली | २७७ (४.२ %) | २.९४ | ११०८ |

- राष्ट्रिय अर्थतन्त्रमा बागमती प्रदेशको हिस्सा सबैभन्दा धेरै (३६.७ प्रतिशत) र कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम (४.२ प्रतिशत) रहेको छ।
- बागमती र गण्डकी प्रदेशको आर्थिक वृद्धिदर राष्ट्रिय औसतभन्दा माथि रहेको छ। मधेश प्रदेशको आर्थिक वृद्धिदर सबैभन्दा कम रहने प्रारम्भिक अनुमान छ।
- राष्ट्रिय औसत प्रतिव्यक्ति आय १५१३ अमेरिकी डलर रहेको छ। बागमती प्रदेशको प्रतिव्यक्ति आय सबैभन्दा उच्च तथा मधेश प्रदेशको सबैभन्दा न्यून रहेको छ।

**४. महालेखा परीक्षकको ६३ औँ वार्षिक प्रतिवेदन अनुसार प्रदेशगत रूपमा सबैभन्दा बढी बेरुजु कुन प्रदेशको रहेको छ ?**
✍ मधेश प्रदेश (३.७७ प्रतिशत), सबैभन्दा कम : बागमती प्रदेश (०.८३ प्रतिशत)

| प्रदेश | बेरुजु रकम (रु.) | बेरुजु प्रतिशत (%) |
|---|---|---|
| मधेस | १ अर्ब ८७ करोड ३३ लाख | ३.७७% |
| कर्णाली | ७७ करोड ३५ लाख | २.०८% |
| लुम्बिनी | ७२ करोड ६९ लाख | १.२७% |
| बागमती | ६९ करोड ३७ लाख | ०.८३% |
| सुदूरपश्चिम | ६० करोड ४८ लाख | १.५३% |
| गण्डकी | ५९ करोड ५० लाख | १.४४% |
| कोशी | ५८ करोड ६६ लाख | १.१२% |

**५. कोशी प्रदेश सरकारले कुन अवधिलाई 'कोशी प्रदेश भ्रमण वर्ष' का रूपमा मनाउने घोषणा गरेको छ ?**
✍ विसं २०८३ साउन–२०८५ असार
- अघिल्लो 'पर्यटन वर्ष २०८२' अपेक्षित रूपमा सफल नभएपछि सरकारले 'कोशी प्रदेश एकीकृत पर्यटन विकास गुरुयोजना' निर्माण गरी दुईबर्से भ्रमण वर्ष मनाउने भएको छ।
- सरकारले हिल स्टेसन, ध्यान केन्द्र र धार्मिक सर्किटको विकास गर्ने; साहसिक पर्यटनलाई व्यवस्थित बनाउने र विराटनगर विमानस्थललाई क्षेत्रीय अन्तर्राष्ट्रियस्तरमा स्तरोन्नति गर्न पहल गर्ने नीति अघि सारेको छ।

**६. नेपालको ३३ औँ प्रधान न्यायाधीशमा को नियुक्त (विसं २०८३) हुनुभएको छ ?**
✍ डा. मनोजकुमार शर्मा
- संवैधानिक परिषद्को सिफारिसमा संसदीय सुनुवाइ समितिबाट प्रधान न्यायाधीशमा अनुमोदित भएसँगै डा. शर्माले विसं २०८३ जेठ ५ गते राष्ट्रपतिबाट पद तथा गोपनीयताको शपथ लिनुभएको छ।
- प्रधान न्यायाधीशका रूपमा डा. शर्माले छ वर्ष काम गर्नुहुने।
- न्याय परिषद्ले भावी प्रधान न्यायाधीशका लागि छ जना न्यायाधीशको नाम संवैधानिक परिषद्मा सिफारिस गरेको थियो।

**७. नेपाली पर्वतीय पर्यटनको इतिहासमा एकैदिन सबैभन्दा बढी आरोहीद्वारा सगरमाथा आरोहण कहिले गरियो ?**
- विसं २०८३ जेठ ६
- जेठ ६ गते एकैदिन २७४ जना पवतारोही सगरमाथाको शिखरमा पुग्न सफल भएका छन्।
- यसअघि सन् २०१९ मा एकै दिन २२३ आरोही सगरमाथाको चुचुरोमा पुग्न सफल भएका थिए।

**८. पाँच दिनमा सगरमाथा, ल्होत्से र नुप्त्से हिमालको सफल आरोहण गरी कीर्तिमान कायम गर्ने पर्वतारोही को हुन् ?**
✍ तेन्जिङ डेभिड शेर्पा



- उहाँले विसं २०८३ जेठ ३ मा नुप्त्से, जेठ ६ मा सगरमाथा र जेठ ७ मा ल्होत्से हिमालको आरोहण पूरा गरी सो कीर्तिमान कायम गर्नुभएको हो।

**९. २०८२ सालको 'गोकुल वाङ्मय पुरस्कार' कसलाई प्रदान गर्ने निर्णय गरियो ?**
✍ साहित्यकार एवं राजनीतिज्ञ मोहनविक्रम सिंह
- गण्डकी साहित्य सङ्गमद्वारा स्थापित यो पुरस्कारको राशि ४० हजार रुपियाँ रहेको छ। समाजवादी यथार्थवाद धारामा साधना गर्ने स्रष्टालाई प्रोत्साहन गर्ने उद्देश्यले विसं २०५२ देखि यो पुरस्कार प्रदान गर्न थालिएको हो।

**१०. सरकारले नागरिक उड्डयन प्राधिकरणको महानिर्देशकमा कसलाई नियुक्त गर्ने निर्णय गऱ्यो ?**
✍ मुकेश डङ्गोल (विसं २०८३ जेठ ११)

**११. अन्तर्राष्ट्रिय जैविक विविधता दिवस कहिले मनाइने गरिन्छ ?**
✍ मे २२
- **सन् २०२६ को नारा** : विश्वव्यापी प्रभावका लागि स्थानीय पहल (एक्टिङ लोकल्ली फर ग्लोबल इम्प्याक्ट)।

**१२. विश्वको सर्वोच्च शिखर सगरमाथाको सबैभन्दा बढी आरोहण गर्ने दोस्रो कीर्तिमानी आरोही को हुन् ?**
✍ पासाङ दावा शेर्पा
- **३१ औँ आरोहण** : विसं २०८३ जेठ ८ (सन् २०२६ मे २२), **३० औँ आरोहण** : विसं २०८३ वैशाख ३१ (सन् २०२६ मे १४)

**१३. प्रतिष्ठित 'अन्तर्राष्ट्रिय बुकर पुरस्कार–२०२६' प्राप्त गर्न सफल कृति कुन हो ?**
✍ ताइवान ट्राभलग
- **लेखक** : याङ सुआङ जी (ताइवान)
- **अनुवादक** : लिन क्विङ (ताइवानी–अमेरिकी)
- **पुरस्कार राशि** : ५० हजार पाउन्ड स्टर्लिङ (लेखक र अनुवादक दुवैलाई समान रूपमा (आधा आधा) बाँडिने।)
- बुकर पुरस्कार जित्ने मन्डारिन चिनियाँ भाषाबाट अनुवादित यो पहिलो कृति हो।
- **सन् २०२५ को विजेता** : भारतीय लेखिका बानु मुस्ताकद्वारा लिखित र दीपा भास्तीद्वारा कन्नड भाषाबाट अङ्ग्रेजीमा अनुवादित कथासङ्ग्रह 'हार्ट ल्याम्प'।

**१४. 'उत्तरगङ्गा जलाशययुक्त जलविद्युत् आयोजना' को विद्युत् उत्पादन क्षमता कति रहेको छ ?**
✍ ८२८ मेगावाट
- स्थान : बागलुङको ढोरपाटन क्षेत्र
- नेपाल विद्युत् प्राधिकरणको सहायक कम्पनी 'उत्तरगङ्गा पावर कम्पनी लिमिटेड' ले अघि बढाएको यो आयोजना नेपालको ऊर्जा सुरक्षाका लागि 'गेम चेन्जर' परियोजनाका रूपमा हेरिएको छ।
- कुल अनुमानित लागत : १.०८ बिलियन अमेरिकी डलर अर्थात् करिब एक खर्ब ६४ अर्ब रुपियाँ।

**१५. सन् २०२६ मेमा चीनको ग्वाङ्झाउमा आयोजित अन्तर्राष्ट्रिय पर्यटन मेलामा नेपाल कुन उपाधिबाट सम्मानित भएको हो ?**
✍ मोस्ट चार्मिङ टुरिजम डेस्टिनेसन (सर्वाधिक आकर्षक पर्यटकीय गन्तव्य)।
- चीनको ग्वाङ्झाउमा मे २१ देखि २३ सम्म आयोजित अन्तर्राष्ट्रिय पर्यटन मेलामा प्राकृतिक सौन्दर्य, आध्यात्मिकता, सांस्कृतिक विविधता र साहसिक पर्यटनका आधारमा नेपाललाई 'सबैभन्दा आकर्षक पर्यटकीय गन्तव्य' को सम्मान प्रदान गरिएको छ।
- नेपाल पर्यटन बोर्डको समन्वयमा 'नेपाल : जीवनभरको अनुभव' नारासहित नेपालका आठ पर्यटन कम्पनीले सो मेलामा सहभागिता जनाउँदै सांस्कृतिक, धार्मिक र साहसिक पर्यटनबारे जानकारी गराएका थिए।

**१६. चलचित्र पत्रकार सङ्घ नेपालको २७ औँ वार्षिकोत्सव (२०८३) मा 'राष्ट्रिय चलचित्र पत्रकारिता रजत सम्मान' बाट कसलाई सम्मान गरियो ?**
✍ अनन्त वाग्ले (पुरस्कार राशि : रु. ५५,५५५)

**१७. 'सफलता संयोग होइन, यो त कडा मेहनत, दृढता, सिकाइ र त्यागको परिणाम हो' भन्ने व्यक्तित्व को हुन् ?**
✍ पेले (फुटबलका सम्राट्)

**१८. नेपाल सरकारले हाल निर्धारित अति कम विकसित मुलुकबाट विकासोन्मुख राष्ट्रमा हुने स्तरोन्नतिको समयसीमालाई लम्ब्याएर कहिलेसम्म पुऱ्याउन संयुक्त राष्ट्रसङ्घसमक्ष अनुरोध गरेको छ ?**
✍ सन् २०३० नोभेम्बर

**१९. उपन्यास पुस्तकालयको स्थापना कहाँ गरिएको छ ?**
✍ काठमाडौँ (विसं २०८३ जेठ ६)
- उपन्यास समाज नेपालद्वारा स्थापना गरिएको उक्त पुस्तकालय चर्चित स्रष्टा रुद्रराज पाण्डेद्वारा लिखित उपन्यास 'रूपमती' प्रदर्शन गर्दै उद्घाटन गरिएको हो।

**२०. एसियाली विकास बैङ्क (एडिबी) ले नेपालका लागि अघि सारेको नयाँ कन्ट्री पार्टनरसिप स्ट्राटेजीको अवधि कुन हो ?**
✍ सन् २०२५–२०२९
- सन् २०२५ देखि २०२९ सम्मका लागि लागु हुने रणनीतिले नेपालको आर्थिक रूपान्तरणका लागि हरित, निजी क्षेत्रलक्षित र जलवायु रेजिलियन्ट विकास मोडेललाई अघि सारेको छ।

**प्रस्तुतकर्ता : टङ्क केसी**

## विषयगत प्रश्नोत्तर

# साझा राष्ट्रिय बजारको अवधारणा




**१. सङ्घीय शासनव्यवस्थाको सन्दर्भमा चर्चा हुने साझा राष्ट्रिय बजारको अवधारणामाथि प्रकाश पार्नुहोस्। नेपालको सङ्घीय शासनव्यवस्थामा साझा राष्ट्रिय बजारको सुनिश्चितताका लागि के कस्ता संवैधानिक तथा कानुनी व्यवस्था गरिएको छ ? चर्चा गर्नुहोस्।**

✍ सङ्घीय शासनव्यवस्थामा राज्यशक्तिलाई विभिन्न सङ्घीय एकाइमा विभाजन गरी अभ्यास गरिन्छ। यस व्यवस्थामा संवैधानिक रूपमा नै राज्यशक्तिको बाँडफाँट गरी सङ्घीय एकाइलाई कार्यगत स्वायत्तता प्रदान गरिएको हुन्छ। सङ्घीय एकाइबिच राजनीतिक, प्रशासनिक तथा वित्तीय अधिकारको बाँडफाँट गरिए तापनि अर्थतन्त्रलाई एकीकृत राष्ट्रिय पद्धति अन्तर्गत सञ्चालन गर्न विभिन्न प्रबन्ध गरिएको हुन्छ। यसरी सङ्घीय व्यवस्थामा राष्ट्रिय अर्थतन्त्रले प्रतिस्पर्धा, दक्षता, पारदर्शिता, खुलापन जस्ता मूल्यको जगेर्ना गर्नुका साथै आर्थिक स्थायित्व, वस्तु तथा सेवाको सहज आपूर्ति, लगानी तथा श्रमको स्वतन्त्र प्रसार, प्रतिस्पर्धी मूल्यमा वस्तु तथा सेवाको प्राप्तिलगायतका विषय सुनिश्चित गर्नका लागि गरिएको नीतिगत, कानुनी तथा व्यवस्थापकीय प्रबन्धलाई साझा राष्ट्रिय बजार भनिन्छ। यस्तो प्रबन्धमा विभिन्न प्रदेश तथा स्थानीय तहका आफ्ना कानुनी तथा प्रशासनिक पद्धति अस्तित्व रहन सक्छन् तर कर प्रणाली, नियमन, प्रशासनिक प्रबन्धबिच समन्वय स्थापित गरी एकीकृत आर्थिक पद्धति स्थापित गरिएको हुन्छ। राष्ट्रिय साझा बजारको अवधारणाले मुलुकभित्र फरक फरक सरकारका राजनीतिक, प्रशासनिक, कानुनी तथा वित्तीय प्रणालीको अभ्यास भए तापनि एकीकृत अर्थपद्धति निर्माण गरी आर्थिक स्थायित्व र आर्थिक क्रियाकलापमा बढोत्तरी गर्नुपर्ने कुरामा जोड दिन्छ।

साझा राष्ट्रिय बजारको अवधारणा कार्यान्वयन गर्न नेपालको संविधान र कानुनमार्फत गरिएको व्यवस्था :

**क) संवैधानिक व्यवस्था**
- नेपालको संविधानमा केन्द्रीय योजना, केन्द्रीय बैङ्क, मौद्रिक नीति, वित्तीय नीति, मुद्रा र बैङ्किङसम्बन्धी विषय नेपाल सरकारको अधिकार क्षेत्रमा राखिएको,
- भन्सार महसुल, मूल्य अभिवृद्धि कर, आय कर जस्ता अर्थतन्त्रमा बृहत् प्रभाव पार्ने कर सङ्घबाट प्रशासन हुने प्रबन्ध गरिएको,
- स्वतन्त्रताको हक अन्तर्गत नेपाली नागरिकले नेपालको कुनै पनि भागमा पेसा, रोजगार गर्ने र उद्योग, व्यापार तथा व्यवसाय स्थापना तथा सञ्चालन गर्ने स्वतन्त्रता रहेको,
- धारा २३६ मा अन्तरप्रदेश व्यापारसम्बन्धी व्यवस्था अन्तर्गत कुनै एक प्रदेश वा स्थानीय तहबाट अर्को प्रदेश वा स्थानीय तहमा हुने वस्तुको ढुवानी वा सेवाको विस्तारमा कुनै अवरोध, कर, शुल्क, दस्तुर वा महसुल लगाउन वा कुनै प्रकारको भेदभाव गर्न नपाउने व्यवस्था गरिएको,
- धारा २२८ मा स्थानीय तहले कर लगाउँदा राष्ट्रिय आर्थिक नीति, वस्तु तथा सेवाको ओसारपसार, पुँजी तथा श्रम बजार र छिमेकी प्रदेश तथा स्थानीय तहलाई प्रतिकूल नहुने गरी कानुन बनाई लगाउनुपर्ने व्यवस्था गरिएको,
- एक प्रदेशले अर्को प्रदेशको बासिन्दालाई समान सुरक्षा, व्यवहार र सुविधा उपलब्ध गराउनुपर्ने व्यवस्था रहेको,
- एक प्रदेशले अर्को प्रदेशको कानुनी व्यवस्था वा न्यायिक एवं प्रशासनिक निर्णय वा आदेशको कार्यान्वयनमा सहयोग गर्ने व्यवस्था रहेको,
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले सङ्घ, प्रदेश तथा स्थानीय तहले लिन सक्ने आन्तरिक ऋणको सीमा निर्धारण गर्दा समष्टिगत आर्थिक परिसूचकको विश्लेषण गर्नुपर्ने व्यवस्था रहेको।

**ख) कानुनी व्यवस्था**
- अन्तरसरकारी वित्त व्यवस्थापनसम्बन्धी व्यवस्था,
- तीन तहका सरकारको योजना तथा बजेट प्रणालीबिच अन्तरसम्बन्ध कायम गर्न जोड,
- राष्ट्रिय स्रोत अनुमान गर्दा तीन तहका सरकारको एकीकृत रूपमा स्रोत अनुमान हुने व्यवस्था,
- मौलिक हक, राज्यका नीति तथा निर्देशक सिद्धान्त र दायित्व कार्यान्वयनमा सङ्घ, प्रदेश तथा स्थानीय तहबिच समन्वय गर्नपर्ने कानुनी व्यवस्था,
- प्रदेश तथा स्थानीय तहले नीति तथा कानुन बनाउँदा राष्ट्रिय नीति र कानुनको कार्यान्वयनमा सहयोग पुग्ने गरी बनाउनुपर्ने व्यवस्था।

अन्त्यमा, साझा राष्ट्रिय बजार सुदृढ सङ्घीय शासनप्रणालीको एक महत्त्वपूर्ण आधार हो। यसले वस्तु, सेवा, श्रम र पुँजीको स्वतन्त्र प्रवाहमार्फत राष्ट्रिय आर्थिक एकत्व, लगानी, दक्षता तथा सन्तुलित विकासलाई प्रवर्धन गर्दछ। नेपालमा संविधान तथा सङ्घीय कानुनमार्फत राष्ट्रिय साझा बजार सुनिश्चित गर्न गरिएका प्रबन्धको प्रभावकारी कार्यान्वयन गरी एकीकृत अर्थपद्धतिलाई सुदृढ बनाउनु आवश्यक देखिन्छ।

**२. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा नियमावलीबमोजिम वित्तीय उत्तरदायित्वका क्षेत्र उल्लेख गर्दै वित्तीय उत्तरदायित्व निर्वाह गर्ने सन्दर्भमा सङ्घीय अर्थमन्त्रीको जिम्मेवारी प्रस्ट पार्नुहोस्।**

✍ सरकारी वित्त प्रणालीलाई जिम्मेवार, जवाफदेही, पारदर्शी, अनुशासित र प्रतिफलयुक्त बनाई करदाताप्रतिको उत्तरदायित्व वहन गर्नुलाई वित्तीय उत्तरदायित्वका रूपमा बुझ्न सकिन्छ। यो विषय सरकारी वित्तीय स्रोत परिचालनको प्रक्रिया र नतिजा दुवैसँग सम्बन्धित रहन्छ। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा नियमावलीमा समावेश भएका वित्तीय उत्तरदायित्वका क्षेत्र यसप्रकार छन् :
- नीतिमा आधारित भई प्रतिफलयुक्त आयोजना तथा कार्यक्रम छनोट,
- मध्यमकालीन खर्च संरचना तर्जुमा,
- बजेट प्रस्ताव तयार,
- सरकारी कोषको सञ्चालन,
- बजेट खर्च, रोक्का र समर्पण,
- आर्थिक कारोबारको लेखाङ्कन र प्रतिवेदन,
- बजेट रकमान्तर र स्रोतान्तर,
- आन्तरिक नियन्त्रण र परीक्षण,
- सरकारी सम्पत्तिको संरक्षण र व्यवस्थापन,
- बेरुजु न्यूनीकरण र आर्थिक अनुशासन कायम,
- आयोजना तथा कार्यक्रमको अनुगमन र मूल्याङ्कन।

**वित्तीय उत्तरदायित्व निर्वाह गर्ने सन्दर्भमा अर्थमन्त्रीको जिम्मेवारी :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन र नियमावलीमा वित्तीय उत्तरदायित्व निर्वाह गर्ने सन्दर्भमा सङ्घीय अर्थमन्त्रीको जिम्मेवारी देहायबमोजिम हुने भनी उल्लेख गरिएको छ :
- नेपाल सरकारको आर्थिक तथा वित्तीय नीतिका आधारमा आर्थिक वृद्धि, मुद्रास्फीति, उत्पादन, रोजगारी, लगानीको स्थिति विश्लेषण गरी मुलुकमा वित्तीय स्थायित्व कायम गर्ने/गराउने,
- वित्त नीति तय गर्नुका साथै समष्टिगत आर्थिक परिलक्ष्यको प्रक्षेपण गर्ने,
- आवधिक योजनाको कार्यान्वयन गर्ने/गराउने,
- बजेट तर्जुमा गर्ने/गराउने,
- बजेटको राष्ट्रिय लक्ष्य तथा स्रोतगत लक्ष्य पूरा गर्ने/गराउने,
- स्वीकृत बजेट, नीति तथा कार्यक्रमको कार्यान्वयनका लागि नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबिच समन्वय गर्ने, अनुगमन तथा आवधिक समीक्षा गर्ने/गराउने,
- बजेट तथा कार्यक्रमले लिएको लक्ष्य र प्रतिफल प्राप्तिका लागि रणनीतिक कार्ययोजना बनाई कार्यान्वयन गर्ने/गराउने,
- वैदेशिक सहायता परिचालन सम्बन्धमा विकास साझेदार र अन्तर्राष्ट्रिय वित्तीय सङ्घ संस्थासँग समन्वय, सहकार्य र साझेदारीको सम्बन्ध विकास गर्ने,
- अन्तरसरकारी वित्तीय व्यवस्थापन सम्बन्धमा आवश्यक समन्वय गर्ने/गराउने,
- वित्तीय अनुशासन कायम गर्ने/गराउने।
- अन्त्यमा, सरकारी स्रोत परिचालन गर्ने जिम्मेवारीमा रहेका सबै निकाय र पदाधिकारीले वित्तीय उत्तरदायित्व वहन गर्नु पर्छ। करदाताबाट सङ्कलित स्रोत करदाताको हित र कल्याणमा उपयोग भएको सुनिश्चितता दिलाउन कानुनद्वारा निर्धारित जिम्मेवारी निर्वाह गर्नु जरुरी छ।

**३. सङ्घीय सञ्चित कोषमाथि व्ययभार भन्नाले के बुझ्नुहुन्छ ? सङ्घीय सञ्चित कोषमाथि व्ययभार हुने खर्च उल्लेख गर्नुहोस्।**

✍ सङ्घीय सञ्चित कोषको परिचालन गर्दा सङ्घीय संसद्को स्वीकृतिबेगर पनि खर्च गर्न सकिने विषयसँग सम्बन्धित व्ययलाई सङ्घीय सञ्चित कोषमाथि व्ययभार भनेर बुझिन्छ। नेपालको संविधानको धारा ११८ ले सङ्घीय सञ्चित कोषमाथि व्ययभार हुने भनी देहायका विषयसँग सम्बन्धित खर्च उल्लेख गरेको छ :

**क) विभिन्न व्यक्तिको पारिश्रमिक तथा सुविधाको रकम**
- राष्ट्रपति र उपराष्ट्रपति,
- प्रधान न्यायाधीश र सर्वोच्च अदालतका न्यायाधीश,
- न्यायपरिषद्का सदस्य,
- प्रतिनिधि सभाका सभामुख र उपसभामुख,
- राष्ट्रिय सभाका अध्यक्ष र उपाध्यक्ष,
- संवैधानिक निकायका प्रमुख र पदाधिकारी,
- प्रदेश प्रमुख।

**ख) देहायका कार्यालयको प्रशासनिक व्यय**
- राष्ट्रपति वा उपराष्ट्रपतिको कार्यालय,
- सर्वोच्च अदालत,
- न्यायपरिषद्,
- संवैधानिक निकाय र
- प्रदेश प्रमुखको कार्यालय

ग) नेपाल सरकारको दायित्वको ऋणसम्बन्धी व्ययभार,
घ) नेपाल सरकारविरुद्ध अदालतबाट भएको फैसला वा आदेश अनुसार तिर्नुपर्ने रकम,
ङ) सङ्घीय कानुनबमोजिम सङ्घीय सञ्चित कोषमाथि व्ययभार हुने रकम।

**४. निजामती कर्मचारीको तलब भत्ता पुनरवलोकन सम्बन्धमा के कस्तो कानुनी व्यवस्था रहेको छ ? उल्लेख गर्नुहोस्।**

✍ निजामती सेवा ऐन र नियमावलीले तोकेका सेवा, सर्त तथा सुविधामा मञ्जुरी जनाई राष्ट्रसेवाप्रति आकर्षित भई प्रतिस्पर्धा र क्षमताका आधारमा सरकारको प्रशासनिक संयन्त्रमा आबद्ध हुने नेपाली नागरिकलाई निजामती कर्मचारी भनिन्छ। तोकिएको कार्य गरेबापत प्रचलित कानुन अनुसार कर्मचारीले प्राप्त गर्ने पारिश्रमिकलाई तलब भनिन्छ। कर्मचारीको तलब निर्धारणका विभिन्न सिद्धान्त विकास भएका छन्। सामान्यतया निजामती कर्मचारी र निजको आश्रित परिवारको जीवन निर्वाह गर्न पुग्ने गरी तलबमान निर्धारण गर्नुपर्ने मान्यता प्रबल रूपमा स्थापित भएको छ। नेपालमा निजामती कर्मचारीको तलब, भत्ता र तथा अन्य सुविधा पुनरवलोकन सम्बन्धमा देहायबमोजिमको कानुनी व्यवस्था रहेको छ :

क) नेपाल सरकारको मुख्य सचिवको अध्यक्षतामा अर्थ सचिव र सामान्य प्रशासन मन्त्रालय हेर्ने सचिव सदस्य रहने गरी एक तलब भत्ता पुनरवलोकन समितिको व्यवस्था रहेको,
ख) समितिले प्रत्येक वर्ष उपभोक्ता मूल्यसूचीका आधारमा महँगी भत्ता निर्धारण गरी नेपाल सरकारलाई सिफारिस गर्ने जिम्मेवारी प्राप्त गरेको,
ग) समितिले प्रत्येक तीन वर्षमा तलब, भत्ता र अन्य सुविधा पुनरवलोकन गर्ने व्यवस्था रहेको,
घ) समितिको सिफारिसका आधारमा नेपाल सरकारले प्रत्येक वर्ष वृद्धि हुने उपभोक्ता मूल्यसूचीको ७५ प्रतिशतसम्म रकम प्रत्येक वर्ष भत्ताका रूपमा कर्मचारीलाई प्रदान गर्ने व्यवस्था रहेको,
ङ) कुनै वर्ष महँगी असाध्यै बढी भई त्यस्तो भत्ता रकम सुरु तलबको २५ प्रतिशत वा सोभन्दा बढी हुन गएमा २५ प्रतिशत रकमलाई तलबमा समायोजन गरी बाँकी रहेको रकमलाई भत्ताका रूपमा प्रदान गर्ने व्यवस्था निजामती सेवा ऐनमा रहेको छ।

**५. दिगो विकास लक्ष्यको स्थानीयकरण भन्नाले के बुझिन्छ ? नेपालमा दिगो विकासका लक्ष्यको कार्यान्वयनमा प्रदेश तथा स्थानीय तहको भूमिका खोजी गर्नुपर्नाका आधार र कारणबारे चर्चा गर्नुहोस्।**

✍ दिगो विकास लक्ष्यको स्थानीयकरणले स्थानीय विकासको सन्दर्भमा दिगो विकास लक्ष्यका सिद्धान्त र सारलाई स्थानीय विकास प्रक्रियामा आन्तरिकीकरण गर्ने विषयलाई जनाउँदछ। विश्वव्यापी एवं राष्ट्रिय रूपमा निर्धारित दिगो विकासका लक्ष्य तथा तिनका परिमाणात्मक लक्ष्यलाई स्थानीय वस्तुस्थिति, आवश्यकता र सामर्थ्य अनुसार स्थानीय तहका नीति, योजना, बजेट तथा कार्यक्रममा समावेश गरी कार्यान्वयन गर्ने प्रक्रियालाई दिगो विकास लक्ष्यको स्थानीयकरण भनी बुझ्न सकिन्छ। नेपालको संविधान, प्रचलित सङ्घीय कानुन, नेपाल सरकारका आवधिक योजना, रणनीतिक योजनालगायतका दस्तावेजले दिगो विकासका लक्ष्य कार्यान्वयन गर्न नेपाल सरकारका अलावा प्रदेश तथा स्थानीय तहको भूमिका खोजी गर्नुपर्ने नीतिगत एवं कानुनी आधार प्रदान गरेका छन्।

**दिगो विकास लक्ष्य कार्यान्वयनमा प्रदेश तथा स्थानीय तहको भूमिका खोजी गर्नुपर्नाका आधार र कारण :**

**क) सेवा प्रवाहको जिम्मेवारी हस्तान्तरण** : शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाइ, यातायात, विद्युत् जस्ता आधारभूत सेवा प्रवाह गर्ने जिम्मेवारी संविधानले प्रदेश तथा स्थानीय तहमा हस्तान्तरण गरेको छ। नागरिकले प्राप्त गर्ने यी सेवा दिगो विकासका सूचकसँग सम्बन्धित छन्।

**ख) स्रोतसाधनको विकेन्द्रीकरण** : आफ्नो आर्थिक अधिकारक्षेत्रका विषयमा कानुन बनाई कर लगाउने र उठाउने अधिकार प्रदेश तथा स्थानीय तहमा निहित छ। त्यस्तै प्रदेश र स्थानीय तहलाई सङ्घबाट राजस्व बाँडफाँट र अनुदान प्राप्त गर्ने अधिकार छ। यसरी उपलब्ध वित्तीय स्रोत दिगो विकास लक्ष्य हासिल गर्न परिचालन गर्न सकिन्छ।

**ग) दिगो विकास लक्ष्यलाई स्थानीय विकासमा आन्तरिकीकरण** : प्रदेश तथा स्थानीय तह स्थानीय विकासका एकाइ पनि हुन्। प्रदेशभित्रको आवश्यकता र प्राथमिकता अनुरूप दिगो विकास लक्ष्यलाई आवधिक योजनामा समावेश गरी कार्यान्वयन गर्न सक्ने अवस्था रहेको छ।

**घ) प्रदेश तथा स्थानीय तहको खर्चको गुणस्तर र उत्पादकत्व वृद्धि** : उपलब्ध स्रोतसाधनलाई योजनाबद्ध रूपमा प्रतिफल दिने गरी प्राथमिकताका क्षेत्रमा खर्च गरी सार्वजनिक स्रोतको सदुपयोग गर्न सकिन्छ। दिगो विकास लक्ष्यको स्थानीयकरणले यस कार्यलाई अभिप्रेरित गर्दछ।

**ङ) जनसहभागिता प्रवर्धन** : दिगो विकास लक्ष्यको कार्यान्वयन गर्न निजी क्षेत्र, गैसस, सहकारी, घरपरिवार तथा नागरिकस्तरबाट सहकार्य आवश्यक हुन्छ। प्रदेश तथा स्थानीय तह जनताको नजिकको संरचना भएकाले यी लक्ष्य हासिल गर्न जनसहभागिता जुटाउन सहज हुन्छ।

**च) समावेशिताको सुनिश्चितता** : दिगो विकास लक्ष्यले सबैलाई समेटेर सबैको साथ सबैको विकास गर्ने मान्यतालाई आत्मसात् गरेको छ। स्थानीय तहबाट गरिब, बेरोजगार, अशक्त एवं सीमान्तकृत समुदायका मानिसको पहिचान र तथ्याङ्क सङ्कलन गर्न सहज हुन्छ। लक्षित वर्गकेन्द्रित कार्यत्रक्रम तर्जुमा गरी कार्यान्वयन र अनुगमन गर्न प्रदेश तथा स्थानीय तहको भूमिका प्रभावकारी रहन सक्छ।

**छ) तहगत सरकारका योजनाबिच समन्वय** : नेपालले अभ्यास गरेको सहकारितामूलक सङ्घीयतामा राष्ट्रिय र प्रादेशिक नीति, कानुन, योजना र मादण्ड एवं स्थानीय विशिष्टता अनुरूपका नीति, कानुन, योजना र मापदण्डबिच सामञ्जस्यता कायम गरी समन्वयात्मक ढङ्गले कार्यान्वयन गर्नुपर्ने हुन्छ। सङ्घीय तहमा दिगो विकासका लक्ष्यलाई आन्तरिकीकरण गरी तर्जुमा गरेका योजनाबिच अन्तरसम्बन्ध कायम गरेर मात्र साझा गन्तव्यमा पुग्न सकिन्छ।

**ज) स्रोतको दोहोरोपन न्यूनीकरण** : दिगो विकास लक्ष्य हासिल गर्न स्रोतको न्यूनता महसुस गरिएको छ। स्रोतसाधनको न्यूनताबिच उच्चस्तरको कार्यसम्पादन नतिजा निकाल्न स्रोतको दोहोरोपन हटाउनु पर्छ। तहगत सरकारबिच हुन सक्ने स्रोत विनियोजनको दोहोरोपन हटाई स्थानीय स्रोत विनियोजनमा कुशलता हासिल गर्न दिगो विकास लक्ष्यको आन्तरिकीकरण अपरिहार्य छ।

अन्त्यमा, नेपालको संविधानले तिनै तहका सरकारको कार्यजिम्मेवारी निर्धारण गरेको छ। स्थानीय पूर्वाधार विकास, सेवा प्रवाह, सुशासन तथा तहगत समन्वय र अन्तरसम्बन्ध प्रवर्धन गर्ने जिम्मेवारी प्रदेश र स्थानीय तहमा निहित रहेको छ। तहगत सरकारबिचको सहकार्य र समन्वयबाट मात्र दिगो विकासका लक्ष्यको अपेक्षाकृत प्रगति हासिल गर्न सकिन्छ।

**प्रस्तुतकर्ता : अर्जुन शर्मा**

# नयाँ नेपाल

गोरखापत्र
gorkhapatraonline.com

समावेशीकरणको दिशामा एउटा फड्को :
गोरखापत्रद्वारा प्रकाशित

**गुरुङ भाषा पृष्ठ**

# म्हिजी ल्हुँताँ बनेमो, ल्हुँताँई म्हिलई



**तमूमय खेगीभ्रूगो पच्यू, क्ह्याबृ नी लम धै म्ह्ग्रे चोगी**

> प्रसिद्ध मानवशास्त्री क्लिफर्ड गर्जई अनुसार, ल्हुँ भिव अर्थभलगोल जटिल सञ्जाल गो, चरी मानव जाति म्यारव तमो । तमूमेई पय (अर्घुम/मृत्यु संस्कार) लमा चर पच्यू, क्ल्हेब्री, बोन्पो लमभ्रूगो ह्रोसै पेलई लयात्मक तरिकाले खेव लव्दै ङ्ह, त्हदु (ढ्याङ्ग्रो) भ्रूगोलई ताल म्हिलेर ह्राव्दै सिम्ह वरिपरि म्यारमो ।

■ रबिन तमू

म्हिजी ल्हुँताँ बनेमो, ल्हुँताँई म्हिलई। छतसी चु ङिह्म्हाजोई सम्बन्ध पारस्परिक तमो। जनावर नी म्हिलई छुटिदिव मुख्य तत्व भिव ल्हुँ गो। म्हिनीबाले ल्हुँ तमो, जनावरनीबालो आता। ल्हुँताँ म्हिलवे ल्हागि त्हान ताँ गो, जीवन सोव तरिका हो। च्हथेव महत्वपूर्ण मुलेसुदे ङ्योजी ल्हुँताँलई छेनाले क्होल आँखैमो, चइलमा समाजरी द्वन्द्व तदिमो।

ल्हुँताँलई छेनाले ग्रहण लमामत्रन ङ्यो हित तव गो। न्होल्ले ताँ क्होमई घ्रितवभन्दा सुदे विभाजन पमो। ङ चुरी चुन ताँलई रुठेले व्याख्या लैमो।

**लोबर धिः**

ल्हुताल सोभ्रो आत। छतसी ल्हुँतालई सतही तरिकाल मत्रन क्होल आत। भ्रट्ट ङ्होमा, तो म्रोमु, च ल्हुँता आङी। म्रोवभन्दा आम्रोव पक्षले सैजी ल्हुँताँ तदिव तमो। गहिरो अर्थ लोम तमो। म्हादीले, ल्हुँताँरी खाबै ङ्युमाल प्रयोग लैमो भिस्या च ङ्युमा आत, भगवान तमो। चलई तो क्होमु भिस्या सीधारुपरी ङ्युमा म्रोले सुदे च ङ्युमा आत। ङ्युमालई ङ्युमा न म्रोमु भिस्या प्ह्रीर ङ्होव गो। खुम म्रोमु छावन ङ्होई। ङ्युमालई भगवान म्रोव भिव प्रतिकात्मक ङ्होव गो।

ल्हुँताँ सीधारूपई आङी, प्रतिकात्मकरूपरी क्होलपरिव ताँ गा। ल्हुँ अभ्यास, अनुष्ठान नी परम्परारी गहिरो अर्थ लोव तमु, चलई क्होव ङ्योजी चल्वे प्रतिकात्मक पक्षलई म्हैलपरिम। प्रसिद्ध मानवशास्त्री क्लिफर्ड गर्जई अनुसार, ल्हुँ भिव अर्थभलगोल जटिल सञ्जाल गो, चरी मानव जाति म्यारव तमो।

तमूमेई पय (अर्घुम/मृत्यु संस्कार) लमा चर पच्यू, क्ल्हेब्री, बोन्पो लमभ्रूगो ह्रोसै पेलई लयात्मक तरिकाले खेव लव्दै ङ्ह, त्हदु (ढ्याङ्ग्रो) भ्रूगोलई ताल म्हिलेर ह्राव्दै सिम्ह वरिपरि म्यारमो। चु दृश्यलई सीधा अथवा सतही तरिकाले ङ्होमा, क्वोई प्रिइर रमाइलो लव धुमा म्रोमो। खुमा अवस्थारी म्हि सिइमो, दुःखरी परिइमु, क्वोई प्रव्दै मनोरञ्जनरी लव भिव आभास तल खामु। धवै, चु बाहिरी क्होव ताँ मत्रन गो, सत्य आङी। छतसी तमूभलगोल दृष्टिकोणरी चु मनोरञ्जन आङी।

म्हि सिवलिस्यो ज्युजी सिमो। धवै, आत्मा आसी। आत्मलई सिमिनाँसा (पितृलोक) सल परिमु। धवै, खेमाभ्रूगो सजिलै ह्याल आमाम्हादी। ह्रोसै धिं, परिवार, थुमेलै, क्ल्हो आदिलई सैल्ले पिवर ल्हेयाँ गाह्रो तमो। छतसी एलपरिल तोमु। आलेसुदे सजिलोन ह्याल आम्हादी।

कति सुदे आमेव दृश्यभ्रूगो त्हान सिम्हीलई वाव, सिमिनाँसा भोव सुरक्षित यात्राई ल्हागि लव घ्रि ल्हुँताँई प्रकृया गो। मनोरञ्चन लवधुव म्रोले सुदे चु क्रोसेल मनोरञ्जन आतैर आत्मालई पितृलोकरी भोव आवश्यक विधि लव गो। छले क्होवई भिस्या चन दृश्य स्वाभाविक, अर्थपूर्ण नी आवश्यक म्हादिल खामो।

पच्यू पैंडी चिवा यारजङ्ग क्रोम्छैं तमूई अनुसार सिमीलई सिमीनासरी घ्रि ह्याल आम्हदी। ङ्यो सोव सम्म तोइन तोइ बालोन तमो। योमै सुदे साल नालबालो योमु। छतसी साल ङ्यो थुँ गो। लिस्यो फ्रेव गो। विवाहआृसोसम्म ङ्यो थुँ आमा गो। लिस्यो फनी म्रि बालो थुँ तमो। धवै, सिमा घ्रिन सिल परिमु। छतसी सिमील च त्हि सुदे थुँ म्हैमो। छतसी तमु जातिल सिव संस्काररी सिमीलई थुँई ल्हागि र थोव गो। सिमीनाँसा ह्याव क्या छाव सहज सुदे आत।

सिमीलई स्यो स्यो मों (भूतप्रेत)इले छुटकारा विव्दै सुरक्षित यात्रा ललतोमु। चई ल्हागि मासु फुलमो। विश्वर्वे आदिवासी संस्काररी बलि विव ताँ सामान्य गो। जङ्गली युगरी शिकार क्ल्होसी जीवीकोपार्जन ललतोमुलो। आदिम युगइले विकसित तव्दै खाव आदिवासी संस्कारलई बाहिरी मिजी ङ्होमा म्हि सिव त्हेरी जनवारफिर हिंसा लव म्रोमु। धवै, न्होर्वे मिई ङ्होमई चुल्वे अर्थ ठीक उल्टो मो। रलवे हंसलई थुँई रूपरी कुलव तमो। बाहिरी मिई ङ्होमा दुःख परिमई से चव म्रोले सुदे न्होर्वे मिई ङ्हेमा भूतप्रेतलई सन्तुलनरी भोवर से चमिव गो। भ्रम आतदिगे, चु से सिमी दिरवे परिवारई आच।

ल्हुँलई बाहिरी अथवा सतहीरूपरी मत्र विश्लेषण लमा चुलवे वास्तविक अर्थ नी महत्वलई म्हलवर फेनीमो। ल्हुँ घ्रि जटिल संरचना गो, चजी समाजर्वे सदस्यभ्रूगोल सोच, मान्यता नी विश्वासलई अभिव्यक्त लमो।

**ल्हुँताँई द्वन्द्वः**

ल्हुँ प्रतिकात्मक तमो भिइर आक्होवसम्म जुनसुकन त्हेरी सुदे समाज द्वन्द्वरी फस्दिल खाँव खतरा तमो। थरीघ्रि म्हिभ्रूगो ल्हुँलई सीधा तरिकाइले ङ्होसी क्होल म्हेलमो। धवै ल्हुँ खयो छाव आता। ल्हुँलई न्होरवे अर्थइले क्होल तोमु। छनतसी फिरवे उदाहरणरी सुदे सोभ्रन क्होलखाँब र थोव दृश्यलई हिंसा म्रोइ, सिमीलई एव दृश्यलई दुःख परिमासुदे सेव प्रिव म्रोव तई।

छाव खालर्वे सतही दृष्टिकोण नी प्रतिकात्मक दृष्टिकोणल ठीक उल्टो मो। छतसी ल्हुँताँलई सही तरिकाई क्होल खाइ भिस्या चजी समाजरी द्वन्द्व भोल खाँमो। ल्हुँताँल द्वन्द्व निर्मूल लव ल्हुँतात्लई सतहीले आङी, प्रतिकात्मकरूपरी क्होलतोव जरूरी मो। बाहिरी मिजी आङी, न्होर्वे मिजी ङ्होल तोव जरूरी मो। स्पष्ट तव जरुरी मो। च्हकमत्रन मत्रन क्होल खास्या सुदे ल्हुँल न्यायोचित विश्लेषण लल खाँमो। सम्भावित द्वन्द्वइले समाजलई साललल खाँमो।

त्होवरः

**७ नं. वडा कार्यालय, चाङ्थली, ललितपुर।**

---

**फाँट : १ विशेष/४३४, मुद्दा नं.: ०८१-CP-२३८७**

### श्री झापा जिल्ला अदालतबाट जारी भएको
**तपसिलमा उल्लिखित प्रतिवादीहरूको नाउँको २१ दिने म्याद/इतलायनामा।**

उप्रान्त वादी सौर्य दमक हस्पिटल प्रा.लि. र प्रतिवादी तपाईं समेत भएको लेनदेन/अनुचित सम्वृद्धि मुद्दामा तपाईं उपर फिराद पत्र दायर भई तपाईंका नाउँमा यस अदालतबाट जारी भएको समाह्वान म्याद बेपत्ते व्यहोराले तामेल भएको हुँदा उक्त म्याद बदर भई यस अदालतबाट मिति २०८३।०१।२३ मा भएको आदेश बमोजिम तपाईंका नामको म्याद गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएको छ। तपाईंका नाउँमा म्याद पत्रिकामा प्रकाशित भएका मितिले बाटोको म्याद बाहेक २१ (एक्काइस) दिनभित्र प्रतिउत्तर पत्र तथा प्रमाण भए सो समेत लिई आफैँ वा कानून बमोजिमको प्रतिनिधि मार्फत उपस्थित हुन आउनुहोला। उल्लिखित म्यादभित्र उपस्थित हुन नआएमा कानून बमोजिम हुनेछ। **इति संवत् २०८३ साल जेठ १३ गते रोज ४ शुभम्। तपसिलः**
जिल्ला मोरङ, विराटनगर महानगरपालिका वडा नं. १०, स्थित ययस्वी मार्ग Vbang एशोसियटको भवनसँगै (F73M+HC8, ययस्वी मार्ग- विराटनगर ५६६१३) रहेको एस.के. सर्जिकल प्रा.लि.
ऐ.ऐ. मा कार्यरत सो प्रा.लि.का प्रोप्राइटर अ. वर्ष ३३ को भोलाप्रसाद मण्डल ... १
ऐ.ऐ. प्रा.लि.मा कार्यरत आधिकारिक व्यक्ति सन्तोषकुमार मण्डल ... १

---

**मधेश प्रदेश सरकार**
## गृह, सञ्चार तथा कानून मन्त्रालय
**जनकपुरधाम, धनुषा, नेपाल**

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मिति : २०८३।०२।१३ गते**

यस मन्त्रालयबाट मिति २०८२।११।०५ गतेको गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशित सूचना अनुसार निम्न बमोजिमको खरिद कार्यको सम्बन्धमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (१) बमोजिम छनोट भएकोले ऐ. ऐनको दफा २७ (२) को प्रयोजनार्थ यो आशयको सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| क्र.सं. | ठेक्का नं. | ठेक्काको कार्य विवरण | छनोट भएको बोलपत्र दाताको नाम/ठेगाना | कबोल रकम रु. (मू.अ.क. बाहेक) |
|---|---|---|---|---|
| १ | MoHCL/NCB/Breathalyzer/2082-083/13 | मधेश प्रदेश प्रहरी कार्यालयका लागि Digital Breathalyzer with printer खरिद | M/S Synergy I.T Solutions Pvt. Ltd., New Baneshwor-10, Kathmandu | २१,७६,९३५।- |

---

**बागमती प्रदेश सरकार**
**वन तथा वातावरण मन्त्रालय**
**वन निर्देशनालय**
## भू तथा जलाधार व्यवस्थापन कार्यालय
**रामेछाप बजार, रामेछाप**

### बीउबिजन तथा कृषि सामग्री आपूर्तिका लागि सिलबन्दी प्रस्ताव आह्वान सम्बन्धी सूचना।

**प्रथम पटक प्रकाशित मिति : २०८३।०२।१३**

यस कार्यालय मार्फत सञ्चालित नेपालमा जलवायु परिवर्तनसँग समुदायको उत्थानशीलता वृद्धिका लागि जलाधार व्यवस्थापन परियोजना (Managing Watersheds for Enhanced Resilience of Communities to Climate Change in Nepal Project) अन्तर्गत आ.व. २०८२/०८३ को स्वीकृत कार्यक्रम अनुसार उच्च मूल्य भएका, जलवायु-अनुकूलित बीउ तथा बेर्नाहरूको विस्तार सहयोगका लागि बीउबिजन तथा कृषि सामग्रीहरू न्यूनतम दरभाउमा आपूर्ति गर्न इच्छुक न्यूनतम योग्यता पुगेका आधिकारिक विक्रेता फर्म/संस्था/कम्पनीहरूले यो सूचना प्रकाशित भएको मितिले ८औँ दिन (मिति २०८३/०२/२० अपराह्न १२:०० बजेसम्म) कार्यालयभित्र सिलबन्दी दरभाउ प्रस्तावहरू पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ, तथा पेश हुन आएका दरभाउपत्रहरू सोही दिनको १:०० बजे दरभाउपत्र दाता वा निजहरूको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिनेछ। सिलबन्दी दरभाउपत्र दार्ता वा प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्नेछैन। साथै रीत नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरू उपर कुनै कारबाही हुनेछैन। बीउबिजन तथा कृषि सामग्रीको स्पेसिफिकेसन, आवश्यक कागजात तथा शर्तहरू र सिलबन्दी दरभाउ प्रस्ताव फाराम यस कार्यालय तथा कार्यालय/परियोजनाको वेबसाइट (swco.ramechhap@bagamati.gov.np) मार्फत उपलब्ध हुने व्यहोरा अनुरोध गरिन्छ।

**पेश गर्ने निकायः**
- भू तथा जलाधार व्यवस्थापन कार्यालय, रामेछाप बजार, रामेछाप, फोन नं. ०४८-४०००५८

---

### भूमिसुधार तथा मालपोत कार्यालय भक्तपुरको हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना।

काठमाडौँ जिल्ला, काठमाडौँ महानगरपालिका वडा नं. २६ बस्ने स्व. जीवन केशरी वैद्यका (श्रीमती ज्वालादेवी, सूर्यमाया र चिनिया देवी) नाति, राजेन्द्र केशरी वैद्यका छोरा राकेश वैद्य (ना.प्र.नं. ११४११) ले तपसिलका तीन कित्ताको जम्मा क्षे.फ. ०-१४-२-० जग्गाको नापीनक्सा हुँदा तयार भएको फिल्डबुक र अप्रमाणित दर्ता स्रेस्तामा माइला वैद्य, काठमाडौँ इलाका ठहिटी उल्लेख भएको र बाजे माइला बैद्य जगतमान बैद्यका माइला छोरा, जीवन केशरी वैद्य रहेकाले बाजे माइला वैद्य भन्ने जीवन केशरी वैद्यको मिति २०४६।०८।२० मा, निजकी श्रीमती चिनिया देवी बैद्यको मिति २०३३ सालमा, निजको जेठा छोरा विज्ञान केशरी वैद्यको मिति २०६४।०९।०४ मा, निजकी श्रीमती गिता देवी वैद्यको २०८१।०८।०६ मा, माइला छोरा राजेन्द्र केशरी वैद्यको मिति २०८१।११।०७ मा परलोक भएकाले बाँकी हकदार निज माइला वैद्य भन्ने जीवन केशरी वैद्यका जेठा छोराका छोरा रमेश केशरी वैद्य-१ र राजेश केशरी वैद्य-१ समेत जना २, माइला छोरा राजेन्द्र केशरी वैद्यका छोरा राजु वैद्य-१, राकेश वैद्य-१ समेत जना २, साइला छोरा दिक्पाल केशरी वैद्य, काइला छोरा विपिन केशरी वैद्य, अन्तरे छोरा शैलेन्द्र केशरी वैद्य र कान्छा छोरा विरेन्द्र केशरी वैद्यको मिति २०७३।११।३० मा मृत्यु भएको र निजका छोरा तेजश केसरी वैद्यका नाममा उल्लिखित जग्गा मालपोत कार्यालय भक्तपुरका नाउँमा वडा कार्यालयबाट सिफारिस भई आएको देखिँदा जीवन केशरी बैद्यको नाउँमा कायम भएको कित्ता जग्गाहरू हाल मोहीः तुल्सी बहादुर सुलु, मोतीलाल प्यासी र काशी बहादुर सुलुले नै जोतभोग गर्दै आएको र सो जग्गाको जग्गाधनी दर्ता बाँकी रहेकोले उक्त कित्ता जग्गाहरूको छुट जग्गा दर्ता तथा नामसारी गर्नुपर्ने भएकोले यसमा निवेदक बाहेक अन्य कसैको हक लाग्ने भए वा माग बमोजिम हुनुनपर्ने कुनै मनासिव कारण भए वा अन्यत्र कसैले कुनै कारबाही चलाएको भए वा सरकारी, सार्वजनिक, सामुदायिक, गुठी, व्यक्तिगत लगायत अन्य जग्गा तथा संरचनालाई प्रतिकूल असर पर्ने भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र स-प्रमाण हकदाबी गर्न आउनुहोला। अन्यथा कानून बमोजिम भइजाने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ। साथै साविक मौजा ७ नं. दुवाकोट असुलीतर्फ सि.नं. ४५५।१ न.नं. १४६५ माइला वैद्यको नामबाट भिडी दर्ता हुने। **तपसिल**

| जिल्ला | गा.वि.स./न.पा. | वडा नं. | कित्ता नं. | क्षेत्रफल | मोही | ज.ध. | किसानको व्यहोरा |
|---|---|---|---|---|---|---|---|
| भक्तपुर | साविक झौखेल | ९ख | ३५६ | ०-५-३-० | तुल्सी बहादुर सुलु | खाली | यो जग्गा का.ई. ठहिटी बस्ने माइला बैद्यको हो मैले कुतमा जोती आएको छु। |
| भक्तपुर | साविक झौखेल | ९ख | ३५७ | ०-६-३-० | मोतीलाल प्यासी | खाली | यो जग्गा का.ई. ठहिटी बस्ने माइला बैद्यको हो मैले कुतमा जोती आएको छु। |
| भक्तपुर | साविक झौखेल | ९ख | ५३४ | ०-२-०-० | काशी बहादुर सुलु | खाली | यो जग्गा का.ई. ठहिटी बस्ने माइला बैद्यको हो मैले कुतमा जोती आएको छु। |

**पुनश्च** : मोठ भिडाउँदा मि.नं. २५०।०६६/६७ मा तुल्सी बहादुर सुलु श्रेष्ठ भिडेको। ०६६/६७ मा तुल्सी बहादुर सुलु श्रेष्ठ भिडेको। का.म.न.पा. वडा नं. २६ को च.नं. २९२३ मिति २०८२।२।२० को सिफारिसबाट माइला वैद्य र जीवन केशरी वैद्य एकै व्यक्ति भनी लेखी आएको।

---

### गुठी तैनाथी जग्गा उपयोग गर्ने सम्बन्धमा लिज प्रस्ताव आह्वान

**(दोस्रो पटक प्रकाशित मिति : २०८३।०२।१३)**

देहायको गुठी तैनाथी जग्गा देहाय अनुरूप लिजमा व्यवस्थापन गर्नुपर्ने भएकोले मिति २०८२/११/१५ मा प्रकाशित सूचना बमोजिम प्राप्त प्रस्तावहरूमध्ये कुनै पनि प्रस्ताव मूल्याङ्कन प्रक्रियामा समावेश हुन नसकेको हुँदा मिति २०८२/११/१५ मा प्रकाशित सूचनामा उल्लेख भएका शर्तहरू बमोजिम नै यो सूचना प्रकाशित मितिले पुनः १५ (पन्ध्र) दिनसम्म **Lease Proposal Document (LPD)** खरिद गर्ने र २१ (एक्काइस) औँ दिन दिनको १२:०० बजेभित्र प्रस्ताव दाखिला गर्ने गरी यो बोलपत्र आह्वान गरिएको छ। निर्णय बमोजिम नै इच्छुक सङ्घ, संस्थाहरूबाट यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र कार्यालय समयमा देहायको स्थानबाट खरिद गरी देहायको स्थान र समयमा अनिवार्य रूपमा **छुट्टाछुट्टै आर्थिक र प्राविधिक प्रस्ताव तयार** गरी सिलबन्दी **गरी पुनः दुवै प्रस्ताव एउटै खाममा राखी** प्रत्येक प्रस्तावको **खामको बाहिर आफ्नो फर्म वा संस्थाको नाम, ठेगाना, सर्म्पक नम्बर, जग्गाको सिट नं., कित्ता नं, जग्गाको क्षेत्रफल अनिवार्य रूपमा** उल्लेख गरी दाखिला गर्नहुन जानकारी गराइन्छ। साथै यो र पूर्व प्रकाशित सूचना संस्थानको Website: guthisansthan.org.np मा हेर्न सकिनेछ।

**देहाय**

| क्र.सं. | वडा नं. | कित्ता नं. | गुठीको नाम र सिट नम्बर | क्षेत्रफल (बिगाहा) | बोलपत्र दस्तुर (फिर्ता नहुने) | न्यूनतम वार्षिक लिज रकम रु. | लिज प्रस्ताब खरिद हुने र दाखिला हुने स्थान | लिजमा उपयोग गर्ने क्षेत्र र लिज अवधि | कार्य अनुभव, प्रतिबद्वता र विश्वसनीयता |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | जनकपुर उपमहानगर-पालिका वडा नं १९ | ४५६ | श्री जानकी जिरायत र ६क | ०-८-२-० | रु. ३,००० (तीन हजार)। | रु. ३,५०,०००।- (अक्षरुपी तीन लाख पचास हजार मात्र) | गुठी संस्थान प्रधान कार्यालय, त्रिपुरेश्वर र गुठी संस्थान शाखा कार्यालय जनकपुर दुवै स्थानबाट खरिद गर्न सकिनेछ भने गुठी संस्थान प्रधान कार्यालय, त्रिपुरेश्वरको खरिद एकाइमा २१औँ दिनको १२:०० बजेभित्र दाखिला गर्नुपर्नेछ। | व्यावसायिक कार्य र बीस वर्ष। | व्यावसायिक कार्य सञ्चालन गरी आएको र आगामी दिनमा समेत सोही अनुरूपका कार्यक्रम सञ्चालन गर्ने विश्वसनीय आधार खुल्ने कागजातको साथमा लिखित प्रतिबद्वता पेश गर्नुपर्ने। |

**खरिद एकाइ [गुठी संस्थान, प्रधान कार्यालय, त्रिपुरेश्वर ०१-५९२०४३६, ९८४४२२३६२७, ९८५१०३४२८४ तथा गुठी संस्थान, शाखा कार्यालय जनकपुर ९८४१५८०३२०]**

---

### गुठी तैनाथी जग्गा उपयोग गर्ने सम्बन्धमा प्रस्ताव आह्वान

**(प्रथम पटक प्रकाशित मिति : २०८३।०२।१३)**

**गुठी संस्थान सञ्चालक समिति**को निर्णयानुसार देहायको गुठी तैनाथी जग्गामा व्यावसायिक प्रयोजनका लागि निर्माण अवधि सहित २७ (सत्ताइस) वर्षसम्म **Build Own Operate and Transfer (BOOT)** को माध्यमबाट लिजमा व्यवस्थापन गर्ने उद्देश्यले इच्छुक फर्म/कम्पनी/संस्थाबाट **Expression of Interest (EOI)** पेश गर्न यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र कार्यालयबाट निःशुल्क सूचना खरिद गर्नहुन यो सूचना प्रकाशित गरिएको छ।

**देहाय**

१. स्थायी लेखा नम्बर, फर्म वा कम्पनी वा संस्थाको कम्पनी दर्ता, मूल्य अभिवृद्धि कर दर्ता र पछिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्रहरू सलंग्न गरी प्रमाणित प्रतिलिपिहरू सहित **EOI** प्रस्ताव पेश गर्नुपर्नेछ।
२. व्यावसायिक कार्यमा व्यवस्थापन गर्न खोजिएको जग्गा (यसअघि नक्साल तरकारी तथा फलफूल व्यवस्थापन समितिले उपयोग गरिएको जग्गा हाल जे-जस्तो अवस्थामा छ) सम्बन्धी आवश्यक पर्ने विवरण गुठी संस्थान शाखा कार्यालय काठमाडौँबाट प्राप्त गर्न सकिनेछ।
३. प्रस्ताव दाताले पेश गर्ने प्रस्तावको प्रत्येक पानामा सहीछाप र सिलबन्दी गरी **खामको बाहिर आफ्नो फर्म वा संस्थाको नाम, ठेगाना, सम्पर्क नम्बर अनिवार्य रूपमा** उल्लेख गरी तालिकामा उल्लेख भएको स्थान, मिति र समयभित्र **EOI** प्रस्ताव दाखिला गराउनुपर्नेछ। तोकिएको मिति तथा समयभन्दा पछि बुझाएको प्रस्ताव स्वीकार गरिनेछैन।
४. प्रस्ताव पेश गर्ने अन्तिम दिन (२१औँ दिन) दिनको अपराह्न १२:०० बजेसम्म प्राप्त हुन आएका प्रस्तावहरू सोही दिनको २:०० बजे उपस्थित प्रस्ताव दाता वा निजका प्रतिनिधिहरूको रोहबरमा संस्थानको प्रधान कार्यालय त्रिपुरेश्वरमा खोलिनेछ। प्रस्तावदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि प्रस्तावहरू खोल्न बाधा पुग्नेछैन।
५. म्याद नाघी आएका वा शर्त राखी आएका वा रीतपूर्वक नभएको प्रस्तावलाई मान्यता दिइनेछैन। यो सूचनामा उल्लेख नभएका विषयहरू प्रचलित कानून बमोजिम हुनेछ।
६. प्राप्त **EOI** हरूको प्राविधिक योग्यता, क्षमता, कार्यअनुभव, कार्ययोजना समेतका आधारमा मूल्याङ्कन गरी छनोट भएका प्रस्तावहरू Shortlist गरी सोही आधारमा विस्तृत प्रस्ताव आह्वान गरिनेछ।
७. प्राप्त प्रस्तावहरू छनोट गर्ने, नगर्ने वा आँशिक छनौट गर्ने सर्वाधिकार गुठी संस्थानमा निहित रहनेछ।
८. यो सूचना गुठी संस्थानको *Website: www.guthisansthan.org.np.* बाट पनि हेर्न सकिनेछ।

| क्र.सं. | वडा नं. | गुठीको नाम | सिट नं | कित्ता नं. | लिजमा व्यवस्थापन गर्न खोजिएको क्षेत्रफल (रोपनी) | प्रस्ताब खरिद र दाखिला हुने स्थान | प्रस्तावमा समावेश गर्नुपर्ने विवरण |
|---|---|---|---|---|---|---|---|
| १ | काठमाडौँ महानगरपालिका वडा नं. १, नक्साल | नन्दीकेशर महादेव मन्दिर | १०२-१०६५-१४ | ४७६ | ७-१४-१-१ मध्ये **६६९५ वर्गफिट मात्र।** | गुठी संस्थान प्रधान कार्यालय, त्रिपुरेश्वर र गुठी संस्थान शाखा कार्यालय काठमाडौँ दुवै स्थानबाट खरिद गर्न सकिनेछ भने गुठी संस्थान प्रधान कार्यालय, त्रिपुरेश्वरको खरिद एकाइमा २१औँ दिनको १२:०० बजेभित्र दाखिला गर्नुपर्नेछ। | प्रस्तावित कार्यको उद्देश्य, कार्य सम्पन्न गर्नसक्ने प्राविधिक अनुभव, Audit Report, लगानी जुटाउने योजना सहितको विश्वसनीयता, Line of Credit, प्रस्तावित कार्यका लागि चाहिने जनशक्ति विवरण। |

**खरिद एकाइ [गुठी संस्थान, प्रधान कार्यालय, त्रिपुरेश्वर ०१-५९२०४३६,९८४४२२३६२७,९८५१०३४२८४ तथा गुठी संस्थान, शाखा कार्यालय काठमाडौँ ९८५१०८२०५७]**

---

**मधेश प्रदेश सरकार**
**स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय**
**स्वास्थ्य निर्देशनालय**
## प्रादेशिक आयुर्वेद तथा वैकल्पिक चिकित्सालय
**जलेश्वर, महोत्तरी**

### क्याटलग/ब्रोसर सपिङ विधिबाट सवारीसाधन खरिद सम्बन्धी सिलबन्दी प्रस्ताव आह्वाानको सूचना।

**प्रथम पटक प्रकाशित मिति : २०८३।०२।१३**

यस चिकित्सालयको आ.व. २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको सवारीसाधन सार्वजनिक खरिद ऐन, २०६३, को दफा ८ तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ (ख) बमोजिम सवारीसाधन उत्पादक कम्पनी वा सोको अधिकारिक बिक्रेताहरूबाट मात्र प्रतिस्पर्धा गराराउने (क्याटलग सपिङ) विधिबाट खरिद गर्नुपर्ने भएकोले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ (ख) को उपनियम २ अनुसार तपसिल बमोजिम सवारीसाधनको उत्पादनको आधिकारिक स्पेसिफिकेसन, मूल्य र सुविधा सहितको गुणस्तर विवरण (क्याटलग/ब्रोसर) संलगन राखी तपसिलमा उल्लेख बमोजिमको प्रस्ताव दर्ता गराउनुहुन उत्पादक वा आधिकारिक विक्रेताहरूलाई जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

१. सवारीसाधनको विस्तृत प्राविधिक स्पेसिफिकेसन यस कार्यालयबाट निःशुल्क प्राप्त गर्न सकिनेछ साथै कार्यालयको सूचना पाटीबाट लिन सकिनेछ।
२. उक्त कागजात लिनका लागि इच्छुक सवारीसाधन उत्पादक कम्पनी वा सोको आधिकारिक बिक्रेताले उक्त सवारीसाधन बिक्री वितरण गर्न नेपाल सरकारको सम्बन्धित निकायबाट प्राप्त भएको अनुमति पत्र, सो को अद्यावधिक नवीकरण भएको पत्र, स्थायी लेखा नम्बर तथा मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र, आधिकारिक बिक्रेताको प्रमाणपत्रको प्रतिलिपि, आ.व. २०८१/८२ सम्मको कर चुक्ता गरेको प्रमाणित कागजात, उक्त सवारीसाधन सप्लाई गरेको हालसम्मको विस्तृत विवरण, सम्बन्धित कार्य अनुभवको प्रमाणपत्र सहितका कागजात यो सूचना प्रकाशित भएको मितिले ७ (सात) औँ दिन १२:०० बजेसम्म यस चिकित्सालयमा प्रस्ताव दर्ता गराउनुहुन तथा दर्ता गरिएका सिलबन्दी प्रस्तावहरू सोही दिन १४:०० बजे खोलिनेछन्।
३. साथै, सूचीकृत नभएका उत्पादक कम्पनी वा आधिकारिक बिक्रेताले सूचीकृत गराई उक्त सिलबन्दी प्रस्ताव पेश गर्न सकिने व्यहोरा समेत जानकारी गराइन्छ।
४. पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा सोपछि कार्यालय खुलेको दिन पेश गर्न सकिनेछ।
५. सिलबन्दी प्रस्ताव स्वीकृत/अस्वीकृत वा स्थगित गर्ने लगायत अन्य सबै कुराको अधिकार कार्यालयमा निहित रहनेछ।

**तपसिल**

| ठेक्का नं. | सवारी साधनको नाम | सङ्क्षिप्त विवरण | सङ्ख्या | कैफियत |
|---|---|---|---|---|
| 01/VEH/2082-83 | 4WD Double Cab Pickup | 4WD Double Cab pickUp. Right Hand drive. Suitable of ON Road and OFF Road both condition. At least 5 person seating capacity including driver. Bettere economic performance. Fitted with all necessary guages and indicators.GUV more than 2700kgs. Four stroke water cooled, Diesel Engine, 4 Cylinder, Engine displacement not less than 2100CC, Rated power Output not less than 90KW & Torque not less than 300 NM. | 1 (one) | सङ्क्षिप्त विवरणमा उल्लेख नभएका कुराहरू स्वीकृत Technical specification बमोजिम हुनेछ। |

---

## Nepal Rastra Bank
### Statement of Financial Position (Monthly-Provisional)
### As at 31st Baisakh 2083

| LIABILITIES & EQUITY | 31 Baisakh 2083 | *32 Ashadh 2082 | ASSETS | 31 Baisakh 2083 | *32 Ashadh 2082 |
|---|---|---|---|---|---|
| **Foreign currency liabilities** | | | **Foreign currency assets** | | |
| Derivative liabilities | - | - | Cash and balances with banks | 237,533,667,829 | 195,522,615,444 |
| Deposit of bank and financial institutions | 8,486,449,385 | 10,493,587,420 | Derivative assets | - | - |
| IMF related liabilities | 45,870,126,260 | 41,237,741,376 | IMF related assets | 21,756,953,269 | 23,552,113,844 |
| | | | Term deposit with foreign banks | 596,059,467,938 | 561,777,218,459 |
| | | | Investments in foreign securities | 2,479,519,047,697 | 1,668,276,021,551 |
| | | | Investment in Gold Certificates | 255,426,766,952 | 118,193,529,311 |
| | | | Other receivables | 611,360 | - |
| **Total foreign currency liabilities** | **54,356,575,645** | **51,731,328,796** | **Total foreign currency assets** | **3,590,296,515,045** | **2,567,321,498,609** |
| **Local currency liabilities** | | | **Local currency assets** | | |
| Bills Payable | 35,349,282 | 54,245,636 | Balances with banks | 105,316,230 | 8,394,919 |
| Deposit of bank and financial institutions | 330,943,225,816 | 388,635,552,440 | Investment in Government securities | 11,865,101,243 | 15,185,270,309 |
| Deposit of Government | 378,814,476,710 | 70,837,099,174 | Investment in bonds & term deposit | 1,633,506,790 | 6,822,515,860 |
| Deposit of other institutions | 13,330,213,728 | 12,502,055,256 | Advances and receivable from Government | 260,548,220 | 260,548,220 |
| Currency in circulation | 791,221,673,448 | 750,112,422,154 | Loan and advances to bank and financial institutions | 118,231,578 | 118,231,579 |
| Due to bank and financial institutions | 1,028,600,000,000 | 654,050,000,000 | Other loan and advances | 12,496,528,419 | 9,144,728,192 |
| IMF related liabilities | 12,464,816,036 | 12,464,816,036 | Equity investment | 5,005,736,072 | 5,005,736,072 |
| Surplus payable to Government | 7,000,000,000 | 42,000,000,000 | Other receivables | 8,391,705 | 2,063,528 |
| Other liabilities | 3,437,526,155 | 2,027,025,539 | Gold and silver assets | 55,416,297,271 | 55,416,574,175 |
| Pension and other employment benefits payable | 9,758,838,740 | 10,798,671,487 | Inventories | 1,992,274,400 | 1,922,307,587 |
| | | | Property, plant and equipment | 6,286,411,529 | 6,309,276,910 |
| | | | Intangible assets | 31,589,325 | 35,291,595 |
| | | | Other assets | 3,685,423,233 | 3,687,102,248 |
| **Total local currency liabilities** | **2,575,606,119,915** | **1,943,481,887,722** | **Total local currency Assets** | **98,905,356,015** | **103,918,041,194** |
| **EQUITY** | | | | | |
| Capital | 5,000,000,000 | 5,000,000,000 | | | |
| Reserves | 1,054,239,175,500 | 671,026,323,285 | | | |
| **Total liabilities and equity** | **3,689,201,871,060** | **2,671,239,539,803** | **Total assets** | **3,689,201,871,060** | **2,671,239,539,803** |

***Audited Figures.**

Suraksha Subedi, Assistant Director
Rakesh Prajapati, Deputy Director
Priyanka Basnyat, Acting Director
Rajan Dev Bhattarai, Acting Executive Director

# पालिकास्तरमा नेतृत्व चयन

**बुटवल समाचारदाता**
*बुटवल, जेठ १२ गते*

आगामी राष्ट्रिय महाधिवेशनलाई लक्ष्य गरी राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले रुपन्देहीमा सङ्गठन विस्तार तथा स्थानीय तह अधिवेशनलाई तीव्रता दिएको छ। जिल्लाका १६ स्थानीय तहमध्ये हालसम्म आठ पालिकामा अधिवेशन सम्पन्न गर्दै नयाँ नेतृत्व चयन गरिएको सो पार्टीले जनाएको छ।

रास्वपाले केही पालिकामा सर्वसम्मत नेतृत्व चयन गरेको छ भने केही स्थानमा निर्वाचनमार्फत नेतृत्व टुङ्ग्याएको छ । पार्टीका नेताहरूले अधिवेशनमार्फत सङ्गठनलाई तल्लो तहसम्म सुदृढ बनाउने, सदस्यता विस्तार गर्ने तथा आगामी राजनीतिक कार्यक्रमलाई प्रभावकारी बनाउने उद्देश्य रहेको बताएका छन्।

पार्टीको जिल्ला निर्वाचन समितिका अनुसार कञ्चन गाउँपालिकाको सभापतिमा प्रेमचन्द्र पोखरेल, शुद्धोधन गाउँपालिकामा बैदलाल शर्मा, सियारी गाउँपालिकामा रुद्रलाल शर्मा चयन हुनुभएको छ । त्यसै गरी बुटवल उपमहानगरपालिकाको अधिवेशनबाट राजेश्वर (राजन) पाण्डे पुनः सभापतिमा निर्वाचित हुनुभएको छ भने तिलोत्तमा नगरपालिकामा रुस्तम कँडेलले दोस्रो कार्यकालका लागि नेतृत्व दोहोऱ्याउनुभएको छ । त्यसै गरी सैनामैना नगरपालिकामा लक्ष्मण पौडेल, मायादेवी गाउँपालिकामा हरि कुँवर, गैडहवा गाउँपालिकामा ओमप्रकाश भट्टराई सभापतिमा चयन हुनुभएको छ।

रास्वपा रुपन्देहीका सभापति बुद्धि शर्माले अधिवेशनलाई सङ्गठन सुदृढीकरण अभियानका रूपमा अघि बढाइएको बताउनुभयो। उहाँका अनुसार बुटवल, गैडहवा र तिलोत्तमा नगरपालिकामा नेतृत्व चयनका लागि निर्वाचन भएको थियो भने अन्य पालिकामा सहमतिमै नेतृत्व चयन गरिएको हो।

सभापति शर्माले बाँकी पालिकामा पनि अधिवेशनको तयारी तीव्र रूपमा भइरहेको जानकारी दिनुभयो। उहाँका अनुसार जेठ १४ गते देवदह नगरपालिकाको अधिवेशन तथा जेठ १६ गते सिद्धार्थनगर नगरपालिकाको अधिवेशन गर्ने तयारी गरिएको छ। त्यसै गरी लुम्बिनी सांस्कृतिक नगरपालिकासहित अन्य पालिकामा पनि छिट्टै अधिवेशन सम्पन्न गरिने उहाँले बताउनुभयो।

## बालभेलाद्वारा घोषणापत्र जारी

**नेपालगन्ज समाचारदाता**
*नेपालगन्ज, जेठ १२ गते*

लुम्बिनी प्रदेशलाई बालमैत्री प्रदेश घोषणा गर्ने निर्णयसहित १५ बुँदे नेपालगन्ज घोषणापत्र जारी गर्दै प्रदेशस्तरीय बालभेला सम्पन्न भएको छ।

प्रदेशका १२ जिल्लाका ७० भन्दा बढी बालबालिकाको सहभागिता रहेको सो भेलाले सर्वसम्मत रूपमा १३ सदस्यीय प्रदेश बालक्लब सञ्जालसमेत गठन गरेको छ।

प्रदेश बाल अधिकार समितिका सदस्यसचिव सम्झना सुवेदीका अनुसार भेलाले रुपन्देहीका महिमा खनालको अध्यक्षतामा सर्वसम्मत रूपमा बालक्लब सञ्जाल चयन गरेको हो। सञ्जालको उपाध्यक्षमा शक्ति विक, रुकुमपूर्व; सचिवमा दिपेस न्यौपाने, नवलपरासी र कोषाध्यक्षमा आशिष घिमिरे, अर्घाखाँची रहनुभएको छ।

त्यसै गरी समितिको सदस्यमा परिसा आचार्य, रोल्पा; नाइसा अधिकारी, कपिलवस्तु; आयुषा चौधरी, दाङ; अरमान शेष, बाँके; लिजन थारू, बर्दिया; रिन्क नटुवा, कपिलवस्तु; प्रयास पाण्डे, गुल्मी र अञ्जु वयम्बू, पाल्पा रहनुभएको छ।

क्लबका नवनिर्वाचित पदाधिकारीलाई प्रदेश बाल अधिकार समितिका सदस्यसचिव सम्झना सुवेदी, योजना आयोगका सदस्य शान्ता भण्डारी, सामाजिक विकास डिभिजन कार्यालय नेपालगन्जका प्रमुख ऋषिराज शर्मा, सामाजिक विकास मन्त्रालयका महिला विकास निरीक्षक कमला ज्ञवाली, पिस नेपालका अध्यक्ष मणिप्रसाद गैरेलगायतले अबिर, खादा र विजयी प्रमाणपत्र प्रदान गर्नुभयो।

भेलाले जारी गरेको १५ बुँदे नेपालगन्ज घोषणापत्रमा लुम्बिनी प्रदेशलाई बालमैत्री प्रदेश घोषणा गर्ने, बालबालिकाका क्षेत्रमा योजना तथा कार्यक्रम सुनिश्चित गर्ने, प्रदेशका सबै जिल्ला र पालिका तहमा बालक्लब सञ्जाल गठन तथा पुनर्गठन गर्ने, बालबालिकामाथि हुने सबै प्रकारका विभेद अन्त्य गर्नेलगायत बालबालिकाको शिक्षा, स्वास्थ्य, सहभागिता र संरक्षण गर्ने साझा प्रतिबद्धता समावेश गरिएको छ।

भेला समापन कार्यक्रममा बोल्दै प्रदेश बाल अधिकार समितिका सदस्यसचिव सुवेदीले बालबालिकाको सर्वाङ्गीण विकासमा सञ्जालले उत्कृष्ट कार्य गर्ने विश्वास व्यक्त गर्नुभयो। बास नेपालका निर्देशक हेमराज भट्टले नेपालगन्ज घोषणापत्र कार्यान्वयनमा सबैको साझा प्रतिबद्धता रहने विश्वास व्यक्त गर्नुभयो।

बालक्लब सञ्जालका नवनिर्वाचित अध्यक्ष महिमा खनालले सरोकारवाला र बालबालिकाको अपेक्षा पूरा गर्न प्रतिबद्ध भएर काम बताउनुभयो। उहाँले सबैसँग मिलेर बालमैत्री प्रदेश घोषणा अभियानमा लाग्ने प्रतिबद्धता जनाउनुभयो।

## च्याउले लियो ज्यान

**अर्घाखाँची समाचारदाता**
*अर्घाखाँची, जेठ १२ गते*

जङ्गली च्याउ खाँदा अर्घाखाँचीको शीतगङ्गा नगरपालिका जौबारी निवासी मनकला भुसालको मृत्यु भएको छ।

जङ्गली च्याउ खाएपछि निरन्तर बान्ता भएका कारण उहाँको मृत्यु भएको हो। जङ्गली च्याउ खाएलगत्तै बान्ता भएपछि उपचारका लागि अस्पताल लगिएको र उपचारकै क्रममा ज्यान गएको जिल्ला प्रहरी कार्यालय अर्घाखाँचीका सूचना अधिकृत झलक शर्माले जानकारी दिनुभयो।


नेपाल सरकार
**संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय**
**नेपाल पर्यटन, होटल तथा पर्वतीय प्रतिष्ठान**
**रविभवन, कालिमाटी, काठमाडौं**
**फोन नं. ०१-५९७०६०५**

**मितिः २०८३/०२/१३**

**ई- बोलपत्र स्वीकृत गर्ने सम्बन्धी आशयको सूचना !**

यस प्रतिष्ठानबाट प्रकाशित ई-बोलपत्र आह्वानसम्बन्धी सूचनाबमोजिम निम्न कार्यका लागि देहायबमोजिमको बोलपत्रदाताको न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही बोलपत्र स्वीकृत गर्नेसम्बन्धी आशयको सूचना सम्बन्धित बोलपत्रदाताहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

| सुचना नं. | खरिद कार्य | दरभाउपत्रदाताको नाम | न्यूनतम मुल्याङ्कित दरभाउपत्र रकम |
|---|---|---|---|
| NATHM/WORKS/ NCB/01/2082/083 | Floor extension of Training Building **निर्माण कार्य** | Mastra Malika Nirman Company Pvt. Ltd. | Rs. 70,83,337.61 |

Manakamana Daraundi Hydropower Company Ltd.
Date of Publication: - 2083-02-13

**Invitation for Bids (IFB)**

**Name of Project:** Daraundi Nadi Hydropower Project 9.84 MW (PRoR–6 Hours)
**Name of Contract:** Lot 1 – Main Civil Works (Surface and Underground)
**Contract Identification No.:** DNHPP-082/83-LOT-1

1. Manakamana Daraundi Hydropower Company Ltd. has collected equity investment from promoter shareholders and is in the process of securing project financing from the lead bank, M/s Himalayan Bank Ltd., towards the development cost of the Daraundi Nadi Hydropower Project (9.84 MW, PRoR–6 Hours). The Company intends to apply a portion of the funds to eligible payments under the Contract for Lot 1 – Main Civil Works (Surface and Underground). Bidding is open to all eligible Nepalese Bidders.
2. Manakamana Daraundi Hydropower Company Ltd. hereby invites sealed bids (Technical and Financial Proposals in one single large envelope) from eligible and registered Nepalese Contractors for the execution of the following works:
   a) Surface works associated with Intake, Head works (Barrage), Box Culvert, De-sanding Basin, Head-pond, Steel Conveyance Pipe Support Structures, Powerhouse, Tailrace, and all other associated civil works.
   b) Underground works associated with Headrace Tunnel, Rock Trap, Surge Tank, Surge Shaft/Chamber, Adits, and other related underground civil structures.
3. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of:
   **Manakamana Daraundi Hydropower Company Ltd.**
   Kathmandu Metropolitan City–28, Bagbazar, Kathmandu, Bagmati Province, Nepal
   Phone No.: 01-5914655 Email: mdhydro75@gmail.com
4. Bidding documents may be purchased by eligible Bidders upon submission of a written application along with a bank voucher of NPR 5,000/- (In words: Nepalese Rupees Five Thousand Only), non-refundable, deposited in any of the following bank accounts:
   **Bank Name:** Everest Bank Ltd.
   **Account Number:** 04400105200714
5. Sealed bids must be submitted to the above office on or before 12:00 Noon on [2083/03/ 16]. Documents received after the deadline shall not be accepted.
6. Bids shall be opened in the presence of Bidders' representatives who choose to attend at 14:00 Hours on [2083/03/ 16] at the office of the Company stated in Clause 3 above.
7. Bids shall remain valid for a period of One hundred twenty (120) days from the date of bid opening and must be accompanied by a Bid Security in the amount of not less than NPR 15,000,000/- (Nepalese Rupees Fifteen Million Only).Bid bond shall be Unconditional bank guarantee issued by class "A" commercial bank of Nepal. In the event that the last date for purchasing, submission, or opening of bids falls on a Government holiday, the next working day shall automatically be deemed the valid date for the respective activity.
8. Bidders are required to visit the Project Site and assess the actual site conditions before submitting their bids.

**नेपाल सरकार**
**पूर्वाधार विकास मन्त्रालय**
**स्थानीय पूर्वाधार विकास विभाग**
**सस्पेन्सन बृज डिभिजन, पुल्चोक, ललितपुर**
**फरफारक सम्बन्धी सूचना**
प्रकाशित मिति : २०८३/०२/१३

यस डिभिजन अन्तर्गत संचालित तपसिल बमोजिमका ठेक्का सम्झौताहरुको निर्धारित अवधि भित्र सम्पन्न गर्न नसकेको तथा निर्माण व्यवसायीहरुलाई लिखित तथा मौखिक रुपमा कार्यसम्पन्न गर्न पटक पटक अनुरोध गर्दा पनि निजहरुले ठेक्का सम्झौता बमोजिम आफ्नो कार्य दायित्व पूरा नगरेकोले सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन समेत) को दफा ५९(७) र खरिद सम्झौताको शर्त General Conditions of Contract को Clause ७२.१, ७२.२ र ७२.३(b) समेतको आधारमा खरिद सम्झौता अन्त्य गरिएको र सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार Post Termination Evaluation गर्नु पर्ने कानुनी व्यवस्था भएकोले निर्माण व्यावसायीहरुलाई यस डिभिजनमा सम्पर्क राखी फरफारक गर्न पटकपटक पत्राचार साथै सूचना समेत प्रकाशन गरिएकोमा हालसम्म पनि सम्बन्धित निर्माण व्यवसायी उपस्थित नभएको हुँदा पुनः यो सूचना प्रकाशित गरिएको मितिले ७ दिन भित्र निर्माण व्यावसायीहरुलाई यस डिभिजनमा सम्पर्क राखी फरफारक गर्नुहुन अनुरोध छ। निर्माण व्यवसायी वा निजको प्रतिनिधि उपस्थित नभएमा डिभिजनबाटै उक्त कार्य गरिने व्यहोरा समेत जानकारी गराइन्छ।

**तपसिलः**

| क्र.सं | ठेक्का नं | आयोजनाको नाम | निर्माण व्यवसायीको नाम, ठेगाना |
|---|---|---|---|
| १ | CTP-02/074/75 | Construction of Pilampa Suspended Trail Bridge, Khotang | श्री निलगिरी निर्माण सेवा प्रा.लि, का.म.न.पा ३४, भीमसेनगोला, काठमाण्डौं |
| २ | CTP-26/075/76 | Construction of Kyogma Trail Bridge, Gorkha | श्री हरिहरी/शर्मिला जे.भी, रोल्पा |
| ३ | CTP-23/076/77 | Construction of Kumaltar Bahuban Trail Bridge, Ilam; Fulmayadaha Trail Bridge, Ilam; Siddhi Khola Trail Bridge, Ilam; Bimire Narkarte Trail Bridge, Morang; and Lahanitar Trail Bridge, Dhankuta | श्री अधिकारी/बिराट जे.भी, पुरानो बानेश्वर, काठमाडौँ |
| ४ | CTP-38/077/78 | Construction of Thumi Budhegara Trail Bridge, Gorkha and Likhu Khola Trail Bridge, Dhading | श्री निलगिरी निर्माण सेवा प्रा.लि, का.म.न.पा ३४, भीमसेनगोला, काठमाडौँ |

**योजना प्रमुख**

नेपाल सरकार
शहरी विकास मन्त्रालय
**कोहलपुर नगर विकास समिति**
**योजना कार्यालय कोहलपुर, बाँके**
**घडेरी स्वीकृतिको सूचना**
**प्रकाशित मिति २०८३/०२/१३**

कोहलपुर नगर विकास समितिको मिति २०८२/०२/१० गते गोरखापत्रमा प्रकाशित घडेरी बिक्री सम्बन्धी बोलपत्र आह्वानको सूचना अनुसार तोकिएको समय भित्र कार्यालयमा दर्ता हुन आएका सिलबन्दी बोलपत्रहरू मध्ये तपसिलका बोलपत्रहरू मिति २०८३/०२/१२ मा स्वीकृत भएको हुँदा यो सूचना प्रकाशित भएको मितिले ३ (तीन) महिना (२०८३ साल भाद्र महिना १३ गते) भित्र स्वीकृत कबोल रकमको बाँकी रकम यस समितिको नाममा रहेको कृषि विकास बैङ्क लि.शाखा कार्यालय कोहलपुरको खाता नं.०७२०५००३६४००३०३१ मा जम्मा गरी सक्कलै भौचर पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| सि.नं. | दर्ता नं. | प्लट नं. | क्षेत्रफल | बोलपत्रदाताहरुको नाम र ठेगाना | कार्यालयको न्यूनतम रकम | कबोल रकम रु. | न्युनतम मूल्य भन्दा बढी कबोल गरेको रकम रु. | श्रेणी |
|---|---|---|---|---|---|---|---|---|
| १ | १२ | ४४१ | १६२ | सृजना के.सी., बासगढी-३, बर्दिया। | ५६,००,००/- | ६१,६१,१६१/- | ५,६१,१६१/- | सबैभन्दा बढी |
| २ | ४ | २ | १२८ | तिलक वली, तोला राम बस्नेत, वनगाड कुपिण्डे-७, ढोरपीपल सल्यान, घा पिपल गा.वि.स.-१, पाखापानी सल्यान | १,३५,००,०००/- | १,६६,६६,६६६/- | ३१,६६,६६६/- | सबैभन्दा बढी |
| ३ | ३ | ४१७ | १६२ | मनोज रिजाल, तुलसीपुर-७, दाङ। | ५३,००,०००/- | ५४,००,०००/- | १,००,०००/- | एक मात्र बोलपत्र दर्ता |
| ४ | ७ | ४३३ | १६२ | धनरानी थारु, ठाकुरवावा-५, बर्दिया। | ५५,००,०००/- | ५५,५०,०००/- | ५०,०००/- | एक मात्र बोलपत्र दर्ता |
| ५ | ८ | ४४० | १६२ | पविता कुमारी पौडेल, धधवार-७, बर्दिया। | ५५,५०,०००/- | ५६,७७,९९९/- | १,२७,९९९/- | सबैभन्दा बढी |
| ६ | ९ | ४२९ | १६२ | शारदा के.सी.(वली), राप्तिसोनारी-२, बाँके। | ५५,००,०००/- | ५५,४४,४४४/- | ४४,४४४/- | एक मात्र बोलपत्र दर्ता |
| ७ | १० | १७७ | १६२ | गुरीतेक सिंह सोडी, डुडुवा-६, बाँके। | ५०,००,०००/- | ५१,००,०००/- | १,००,०००/- | एक मात्र बोलपत्र दर्ता |
| ८ | ११ | ४२८ | १६२ | प्रियङ्का चौधरी, जानकी-७, बाँके। | ५५,००,०००/- | ५८,१०,०००/- | ३,१०,०००/- | एक मात्र बोलपत्र दर्ता |
| ९ | १४ | ४३६ | १६२ | रतन बहादुर बि.क., गोला-४, बर्दिया। | ५५,००,०००/- | ५९,५१,०००/- | ४,५१,०००/- | एक मात्र बोलपत्र दर्ता |
| १० | १५ | ४३२ | १६२ | ललिता शर्मा, कपिलवस्तु-२, कपिलवस्तु। | ५५,००,०००/- | ५८,१०,०००/- | ३,१०,०००/- | एक मात्र बोलपत्र दर्ता |
| ११ | १६ | ४३७ | १६२ | निर्मला गिरी, घुमखहरे-९, सुर्खेत। | ५५,००,०००/- | ५६,२०,०००/- | १,२०,०००/- | एक मात्र बोलपत्र दर्ता |
| १२ | १७ | १०३ | १६२ | दिर्घ बहादुर बुढा क्षेत्री, वैजनाथ-८, बाँके। | ५१,००,०००/- | ५१,०१,१५९/- | १,१५९/- | एक मात्र बोलपत्र दर्ता |
| १३ | १८ | ४३५ | १६२ | ओम कुमारी खत्री, कोहलपुर-५, बाँके। | ५३,००,०००/- | ५४,२५,०००/- | १,२५,०००/- | एक मात्र बोलपत्र दर्ता |
| १४ | १९ | १ | १२८ | राधिका चन्द, खानी खोला-१,सुर्खेत। | १,६०,००,०००/- | १,६०,११,१११/- | ११,१११/- | एक मात्र बोलपत्र दर्ता |
| १५ | २० | ४२५ | १६२ | कल्पना गाहा, लेकबेसी-९, सुर्खेत। | ५५,००,०००/- | ५५,५१,१००/- | ५१,१००/- | एक मात्र बोलपत्र दर्ता |

पुनश्चः तोकिएको मिति भित्र बाँकी रकम नबुझाएमा बोलपत्र साथ पेश गरेको धरौटी रकम जफत गरिनेछ।

**सदस्य सचिव**

Nepal Electricity Authority
**Notice Regarding Intent to Award the Contract**
Notice Publication Date : 2083/02/13

| Name & Address of Office | IFB and Type of Bidding | Name & Address of Lowest Evaluated Substantially Responsive Bidder | Total Accepted Bid Price (With VAT) |
|---|---|---|---|
| Koshi Provincial Office, Biratnagar (Tel No. : 021-437150) | NEA-KPO-CW-2082/083-12 SQ | M/s Sunsari Gadi Construction & Company, Gadhi-6, Sunsari | NRs 8,73,768.55 |
| Computerized Billing & Network Division. Tel No. 01- 4153146) | NEA/DCSD/SMAD/ CBND-082/83-01 | M/s Electrobyte Technology Pvt. Ltd., Narayanchaur, Naxal, Kathmandu | NRs. 73,506,500.00 |
| Butwal Grid Division, Butwal (Tel No : 071-437302/437003) | BGD/2082/083-03 | M/s Swargadwari Nirman Sewa, Deukhuri-6, Dang | NRs. 21,92,465.55 |
| Upper Trishuli 3A Hydropower Station(Contact No : 9851115178) | UT3AHPS-2082/083-ET-03 | M/s Inter Trade Nepal, Biratnagar 7, Nepal | NRs. 53,90,100.00 |
| Sundarijal Hydropower Station (Tel No : 01-4153172) | NEA-SJHPS-2082/83-MST-01 | M/s Ramila Trading & Concern, Hetauda-10, Makwanpur | NRs. 23,55,822.64 |
| Kaligandaki 'A' Hydropower Station, Beltari, Syangja (Contact No. 9856003147) | KGA-2082/83-CT-04 | M/s Satya Nirman Sewa, Pokhara-17, Kaski | NRs. 24,23,894.85 |
| | KGA-2082/83-CT-05 | M/s Redesign Consultant and Construction, Changunarayan-2, Kathmandu | NRs. 39,99,920.03 |
| | KGA-2082/83-CT-06 | कुनै पनि बोलपत्रदाता सारभूत रूपमा प्रभावग्राही नभएको | |
| Biratnagar Distribution Centre, (Tel.No: 021-515255) | NEA-Biratnagar-2082/083-04SQ(RE) | M/s Nandan Nirman Tatha Suppliers Pvt. Ltd. Biratnagar-3 | NRs. 8,71,170.39 |
| | NEA-Biratnagar-2082/083-05SQ(RE) | M/s Nandan Nirman Tatha Suppliers Pvt. Ltd. Biratnagar-3 | NRs. 4,24,499.42 |

**मधेश प्रदेश सरकार**
**भौतिक पूर्वाधार विकास मन्त्रालय**
**पूर्वाधार विकास निर्देशनालय**
**पूर्वाधार विकास कार्यालय**
**मलंगवा, सर्लाही**
**आशयपत्र सम्बन्धि सूचना**
प्रकाशित मिति २०८३/०२/१३

यस कार्यालयद्वारा तपशिलको निर्माण कार्यहरुका लागि मिति २०८३/०१/०७ गतेको बोलपत्र सूचना बमोजिम रितपूर्वक E–Bid मार्फत प्राप्त भएका सम्पूर्ण बोलापत्रहरू मध्ये न्युनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही भएको तपसिल निर्माण कार्यहरूको बोलपत्र स्वीकृत आशय प्रयोजनको लागि छनोट भएको हुँदा सार्बजनिक खरिद ऐन २०६३को दफा २७को उपदफा (२) र (३) बमोजिम तथा सोहि ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| | ठेक्का नं. | योजनाको नाम | न्यूनतम मूल्यांकित सारभूत बोलपत्र दाताको नाम | कबोल रकम रु.(मु.अ. कर र P.S. समेत) | कैफियत |
|---|---|---|---|---|---|
| १ | IDOSARLAHI/NCB/ Works/2082/083-30 | Sarlahi Kabilasi NaPa 9 Ram dular rayako pokhari najikko adhuro dharmashala starunnati | M/S Bani nirman sewa,Janakpur-7, Dhanusa | 2861918.01 | |
| २ | IDOSARLAHI/NCB/ Works/2082/083-31 | Sarlahi Kabilasi NaPa 9 Bhaluwaha tolko bibhinna sadak starunnati | M/S Bani nirman sewa,Janakpur-7, Dhanusa | 2846364.14 | |
| ३ | IDOSARLAHI/NCB/ Works/2082/083-32 | Kabilasi NaPa 8 Sadak dhalan karya | M/S Infravolt engineering construction pvt.ltd, Kabilasi-05, Sarlahi | 2642381.31 | |
| ४ | IDOSARLAHI/NCB/ Works/2082/083-33 | Kabilasi NaPa ward no. 9 Jhim nadiko tatbandhama ramgir mahatoko ghar dekhi dharmashala sadak | M/S Bani nirman sewa,Janakpur-7, Dhanusa | 2983972.13 | |
| ५ | IDOSARLAHI/NCB/ Works/2082/083-34 | Dhankaul Gapa 1 Raikal dekhi wada karyalaya samma sadak starunnati | M/S Rajan Construction, Malangwa-2, Sarlahi | 3274885.44 | |
| ६ | IDOSARLAHI/NCB/ Works/2082/083-35 | Dhankaul Gapa 2 dekhi sukamariya sthan samma sadak starunnati | M/S Rajan Construction, Malangwa-2, Sarlahi | 2951264.47 | |
| ७ | IDOSARLAHI/NCB/ Works/2082/083-36 | Dhankaul Gapa 5 Harkathawa Bindeshwor singhko pokhari dekhi sisautiya rajdevi sthan sammako mul sadak starunnati | M/S Rajan Construction, Malangwa-2, Sarlahi | 3616472.98 | |
| ८ | IDOSARLAHI/NCB/ Works/2082/083-37 | Dhankaul Gapa 5 Harkathawako Chhathi ghat nahar dekhi fulmatmai mandirko purwa hudai sisautiya jane kalopatre sadak sammako sadaklai naya nirman gari mato tatha gravel karya | M/S Rajan Construction, Malangwa-2, Sarlahi | 2694450.0 | |
| ९ | IDOSARLAHI/NCB/ Works/2082/083-38 | Dhankaul Sadak starunnati karya ( Package 1) | M/S Rabi Construction company Pvt. Ltd.,Dhankaul-2, Sarlahi | 5835600.40 | |
| १० | IDOSARLAHI/NCB/ Works/2082/083-39 | Dhankaul sadak starunnati karya ( Package 2) | M/S Rabi Construction company Pvt. Ltd.,Dhankaul-2, Sarlahi | 6162435.38 | |
| ११ | IDOSARLAHI/NCB/ Works/2082/083-40 | Basbariya Gapa 3 kalopatre dekhi barrage hudai mandirwa samma sadak staruunati karya | M/S Rabi Construction company Pvt. Ltd.,Dhankaul-2, Sarlahi | 3054315.90 | |
| १२ | IDOSARLAHI/NCB/ Works/2082/083-41 | Haripurwa1 naya bazar dekhi hardinadiko jholungepul jane bast samma sadak | M/S cloud construction pvt. ltd., Haripurwa-06, Sarlahi | 3370089.66 | |
| १३ | IDOSARLAHI/NCB/ Works/2082/083-42 | Sarlahi jilla haripurwa na pa ward no 7 ma raheko basantpur bazarko uttarpatti culvert nirman | M/S cloud construction pvt. ltd., Haripurwa-06, Sarlahi | 2139301.07 | |

**कार्यालय प्रमुख**

# अदानचुलीमा हेलिप्याड निर्माण

**हुम्ला समाचारदाता**
*हुम्ला, जेठ १२ गते*

शत्रुभञ्जन गुल्म रानीवनले अदानचुली गाउँपालिकाका तीन वटा वडाका स्थानीयलाई पायक पर्ने गरी हेलिप्याड निर्माण गरेको छ। बिरामी पर्दा र विपत्का समयमा राहत सामग्री ढुवानी गर्न सहजताका लागि सेनाले सो हेलिप्याड निर्माण गरेको हो।

आव २०८२/८३ मा अदानचुली गाउँपालिका–५ को बारीगाउँमा वडा नं. ४, ५ र ६ का स्थानीयलाई ध्यानमा राखी सम्भावित विपत् प्रतिकार्य कारबाही, सुत्केरी र अन्य जटिल प्रकारका बिरामीको उद्धार कार्य जस्ता भैपरी आउने कार्यका लागि छिटो पहुँच बनाउन हेलिप्याड निर्माण गरिएको शत्रुभञ्जन गुल्म रानीवनका गुल्मपति हरिबाबु श्रेष्ठले बताउनुभयो।

उहाँका अनुसार स्थानीयको माग अनुसार नै नेपाली सेनाको नागरिक सैनिक सम्बन्ध कायम गर्न हेलिप्याड निर्माण सम्पन्न भई हस्तानान्तरणका क्रममा रहेको छ। करिब १० लाख लागतमा बनेको सो हेलिप्याडमा साना तथा ठुला हेलिकोप्टरले उडान गर्न सक्ने छन्।

डेढ महिना लगाएर नेपाली सेनाले हेलिप्याड निर्माण गरेका हुन्। हेलिप्याडबाट तीन वटै वडाका नागरिक लाभान्वित हुने विश्वास गरिएको पनि उहाँले बताउनुभयो। यसअघि पनि सेनाले हुम्ला जिल्लाको नाम्खा गाउँपालिकामा हेलिप्याड र खार्पुनाथ गाउँपालिकाको खार्पुको शिवमन्दिर क्षेत्रमा शौचालय निर्माण गरेको थियो।



तस्बिर : राजन रावत

**अदानचुली गाउँपालिकाको वारिगाउँमा नेपाली सेनाले निर्माण गरेको हेलिप्याड ।**

# सुरु भयो सामूहिक प्याज खेती

**नवलपरासी समाचारदाता**
*कावासोती, जेठ १२ गते*

कृषिमा आत्मनिर्भर बन्न र आत्मनिर्भरता बढाउन पूर्वी नवलपरासीका किसानले सामूहिक प्याज खेती गर्न थालेका छन् । जिल्लाको कावासोती, मध्यविन्दु नगरपालिका, विनयीत्रिवेणी, हुप्सेकोट र बुलिङटार गाउँपालिकामा २१ वटा किसान समूहले सामूहिक प्याज खेती सुरु गरेका छन् ।

५४ हेक्टरमा लगाइएको प्याज खेतीमा ४५२ किसान आबद्ध छन् । किसानले आफैँ नर्सरी बनाउने र बिरुवा उत्पादन गरेर अन्य किसानलाई बिक्री गर्ने र खेती पनि गर्ने गरेका जिल्ला कृषि विकास कार्यालयका कृषि अधिकृत सञ्जय ढकालले बताउनुभयो । हिजोका दिनमा आफूलाई खानलाई मात्र पुग्ने गरी थोरै मात्रामा लगाउने गरेका किसानले अहिले व्यावसायिक रूपमा खेती गर्न थालेका छन् । किसानले आफूलाई वर्षभरि खान पुग्ने र बाँकी रहेको बिक्री गरेर आम्दानी गर्ने उद्देश्यले यसतर्फ आकर्षित भएको मध्यविन्दु नगरपालिका–२ का कृषक लक्ष्मण थारूले बताउनुभयो ।

# नाग्म–गमगढी सडक अझै भएन कालोपत्रे

**मुगु समाचारदाता**
*मुगु, जेठ १२ गते*

नाग्मदेखि गमगढीसम्मको सडक कालोपत्रे तथा स्तरोन्नति समयमै नहुँदा रारा घुम्न आउने हजारौँ सर्वसाधारणदेखि पर्यटकले सास्ती खेप्नु परेको भन्दै स्थानीय तथा सम्बन्धित सरोकारवालाले चिन्ता व्यक्त गरेका छन्।

मुगुका सङ्घीय संसद् प्रतिनिधि खड्कबहादुर शाहीले नाग्मदेखि गमगढी लोकमार्गलाई स्तरोन्नति गर्न पटक पटक माग गर्दै आएको र सम्बन्धित मन्त्रालयसँग समन्वय गरिरहेको भए पनि काम नभएको बताउनुभयो। सडक स्तरोन्नति तथा कालोपत्रे भए बाह्रै महिना रारा घुम्न आउने पर्यटकले यात्रामा कठिनाइ खेप्नु पर्दैनथ्यो। उहाँले भन्नुभयो, “साँघुरो सडक र खाल्टाखुल्टीका कारण यात्रा गर्ने यात्रुले बर्सेनि हिँउदको समयमा धुलाम्मे र बर्सातको समयमा हिलाम्मे अवस्थाको सास्ती खेप्दै आएका छन्।” पर्यटकीय महत्त्व झल्कने यस सडकलाई स्तरोन्नति र कालोपत्रेका लागि सम्बन्धित निकायले ध्यान नदिएको उहाँले बताउनुभयो।

जिल्ला नागरिक समाजका संयोजक रूपबहादुर मल्लले नाग्म–गमगढी सडक इन्जिनियरिङ मापदण्ड अनुसार नै काम नभएको दाबी गर्नुहुन्छ। उहाँका अनुसार सो सडक एक लेनको मात्र भएको र जसमा यात्रा गर्दा जोखिमपूर्ण रहेको छ। उहाँले सडक फराकिलो बनाउन सकिने ठाउँ भए पनि त्यसतर्फ सरकारको ध्यान जान नसकेको बताउनुभयो।

सडकमा पक्की पुल पनि छैन। पुल निर्माण नहुँदा खाल्टाखुल्टी र साँघुरो मोडले दुर्घटनाको जोखिम उच्च रहेको सवारीचालक हेमराज हमालले बताउनुभयो। उहाँले साँघुरो सडकका कारण गाडी क्रस गर्न पनि ब्याक गरेर साइड दिनुपर्ने बाध्यता रहेको हुँदा छिटो स्तरोन्नति गर्न चालकका तर्फबाट ध्यानाकर्षण गराउनुभयो। सडक डिभिजन कार्यालय जुम्लाका सूचना अधिकारी प्रदीपनारायण चौधरीका अनुसार नाग्म–गमगढीलाई छिटो स्तरोन्नति गर्नलाई यो आर्थिक वर्षमा पनि सम्बन्धित मन्त्रालयले बजेट छुट्याएको छैन।


**पोखरा महानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**न्युरोड, कास्की**

**लिलाम बढाबढ (बोलकबोल/डाँक विधि) सम्बन्धी सूचना ।**

**सूचना नं.: ०८२-८३- Auc-०२ । प्रथम पटक प्रकाशित मितिः २०८३/०२/१३**

प्रस्तुत विषयका सम्बन्धमा पोखरा महानगरपालिका वडा नं. १५ स्थित राती खहरे खेल मैदानमा सञ्चित रहेको निर्माण सामाग्री (ग्राभेल) पोखरा महानगरपालिकाको आय ठेक्का बन्दोबस्त नियमावली, २०७७ को नियम १० (६) बमोजिम लिलाम बढाबढ बोलकबोल (डाँक) विधिबाट बिक्री गर्नुपर्ने भएकोले इजाजतपत्र प्राप्त इच्छुक व्यक्ति/संघ संस्थाहरूबाट लिलाम बढाबढको लागि निम्नानुसारको मिति, समय र स्थानमा सहभागिताको लागि अनुरोध गरिन्छ।

**तपसिलः**

**१. स्थानको विवरणः**

| क्र. सं. | पोखरा महानगरपालिका वडा नं. १५ स्थित राती खहरे खेल मैदान नदिजन्य निर्माण सामाग्री (ग्राभेल) | स्थान/वडा नं. | अनु. परिमाण (घ.मि.) | दररेट | न्यूनतम डाँक रकम (रु.) भ्याट बाहेक | धरौटी रकम (रु.) |
|---|---|---|---|---|---|---|
| १ | पोखरा महानगरपालिका वडा नं. १५ स्थित राती खहरे खेल मैदान नदिजन्य निर्माण सामाग्री (ग्राभेल) | वडा नं. १५ | १००९.२० | ३६०।०० | ३,६३,३१२।०० | न्युनतम् डाँक रकमको ५% |

**डाँक बढाबढ हुने मिति, समय र स्थान**
- मितिः २०८३/०२/२०
- समयः २:०० बजे
- स्थानः पोखरा महानगरपालिकाको सभा हल नयाँबजार।

**२. बोलकबोल (डाँक) विधिको प्रक्रियाः**
(क) बोलकबोल (डाँक) विधिमा इच्छुक प्रस्तावकर्ता फर्म वा व्यक्ति आवश्यक कागजातसहित डाँक गरिने स्थानमा उपस्थित हुनु पर्नेछ। डाँकमा सहभागी हुन रु १०००।०० को निवेदन दस्तुर लाग्ने छ।
(ख) बोलकबोलमा बढिबढाउ गर्दा न्युनतम् रु १०००।०० को अन्तर हुनुपर्नेछ। कबोलमा सबभन्दा बढी डाँक बोल्नेलाई अनुमति प्रदान गरिनेछ। बोलकबोलको समयमा बोलकबोलदाताले न्युनतम् रकमको ५% नगद धरौटी पेश गर्नुपर्नेछ।
(ग) नियम १०(६) बमोजिम न्यूनतम डाँक रकम भन्दा कम डाँक बोलेको बोलकबोल स्वतः अस्वीकृत हुनेछ। बोलकबोल स्वीकृत भए पश्चात तोकिएको धरौटी रकम नगद वा नेपाल सरकारद्वारा मान्यता प्राप्त ‘क’ वर्गको वाणिज्य बैंकको बैंक जमानत पत्र (Bank Guarantee) को रूपमा संलग्न गर्नुपर्नेछ।
(घ) सम्झौता नगरेमा वा समयमा कबोल गरेको रकम नबुझाएमा धरौटी रकम जफत हुनेछ र कालो सूचीमा राखिनेछ। सम्झौताको क्रममा डाँक रकम र सो बापतको मु.अ.कर तथा अग्रिम आय कर अनिवार्य दाखिला गर्नुपर्नेछ।

**३. योग्यता र पेश गर्नु पर्ने कागजातहरूः**
(क) सम्बन्धित निकायबाट इजाजत प्राप्त कम्पनि/फर्म दर्ता प्रमाण पत्र।
(ख) फर्म/कम्पनी दर्ता प्रमाणपत्र र वार्षिक नवीकरण प्रमाणपत्रको प्रमाणित प्रतिलिपि।
(ग) आ.व. २०८१/०८२ को कर चुक्ता प्रमाणपत्र तथा स्थायी लेखा नम्बर (PAN/VAT) प्रमाणपत्र।
(घ) बोल कबोल गर्ने व्यक्तिको हकमा नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि।
(ङ) बोल कबोलको लागि आवश्यक धरौटी रकम सोही समयमा नै दाखिला गर्नु पर्ने छ सो हुन नसकेको अवस्थामा दोस्रो बढी कबोल गर्ने फर्म वा व्यक्तिसँग प्रक्रिया अगाडि बढाइनेछ।

**४. अन्य महत्त्वपूर्ण शर्त तथा व्यवस्थाः**
(क) कबोलको निवेदन दस्तुर मूल्य रु. १,०००/- (एक हजार) मात्र तोकिएको छ, जुन फिर्ता हुने छैन।
(ख) प्रस्तावकर्ताले नदिजन्य सामग्री उत्खनन संकलन तथा निकासी गर्दा प्रचलित कानुन, निर्देशिका र मापदण्डको पूर्ण पालना गर्नु पर्नेछ।
(ग) प्रस्तावकर्ताले उत्खनन स्थलमा कुनै किसिमको वातावरणीय क्षति पुर्याउन क्षतिपूर्ति प्रस्तावकर्ताले आफैंले व्यहोर्नु पर्नेछ।
(घ) प्रस्तावकर्ताले सर्त उल्लंघन गरेमा सम्झौता रद्द गरी धरौटी र जमानत जफत गरी कालो सूचीमा राखिनेछ।
(ङ) सूचनामा उल्लेख नभएका विषयमा पोखरा महानगरपालिकाको आय ठेक्का बन्दोबस्त नियमावली, २०७७ तथा खरिद ऐन, २०६३ र नियमावली, २०६४ को व्यवस्था बमोजिम हुनेछ।

**प्रमुख प्रशासकिय अधिकृत**



**पूर्वाञ्चल विश्वविद्यालय**
**परीक्षा व्यवस्थापन कार्यालय**
**विराटनगर, मोरङ**

**सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना**

(**प्रकाशित मितिः** २०८३।०२।१३ गते)

यस कार्यालयद्वारा मिति २०८३।०१।२२ गतेको गोरखापत्र दैनिकमा प्रकाशित सिलबन्दी दरभाउपत्र आह्वानको सूचना बमोजिम PPMO को वेब पोर्टल www.bolpatra.gov.np/egp मार्फत् प्राप्त भएको सिलबन्दी दरभाउपत्रको मूल्याङ्कनको आधारमा तपसिल बमोजिमको दरभाउपत्रदाताको दरभाउपत्र न्यूनतम् मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही भई स्वीकृतिका लागि छनौट गर्ने निर्णय भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ बमोजिम सम्बन्धित सबैको जानकारीको लागि यो आशयको सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| सि. नं. | सिलबन्दी दरभाउपत्र नं. | विवरण | न्यून मूल्याङ्कित सिलबन्दी दरभाउपत्रदाताको नाम र ठेगाना | कबोल रकम रू. (मु.अ. कर बाहेक) |
|---|---|---|---|---|
| १. | PUEXAM/ Morang/ Works/ SQ/01-2082-083 | Construction of Truss Shed Hall and Office Room in Office of Examination Management, Biratnagar, Morang | Sawana Nirman Sewa, Duhabi-5, Sunsari | 13,01,962.60 |



**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

(**सूचना प्रकाशन मिति** : २०८३/०२/१३)

यस बैंकमा कार्यरत कर्मचारीहरूको सामुहिक दुर्घटना बीमा खरिदका लागि मिति २०८२।१२।२७ गतेको गोरखापत्र दैनिकमा बोलपत्र आह्वान सम्वन्धि प्रकाशित सूचना अनुसार पेश हुन आएका बोलपत्रहरूमध्ये न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही देहाय अनुसारको बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ तथा दफा ४७ को प्रयोजनार्थ प्रकाशित गरिएको छ।

| सि. नं. | बोलपत्रको विवरण | स्वीकृत प्रस्तावदाताको नाम र ठेगाना | स्वीकृत बोलपत्र रकम |
|---|---|---|---|
| १ | 1. The Procurement of Group Personal Accidental Insurance for ADBL Employees IFB No: ADBL/G7/2082/83 | Prabhu Insurance Limited, Tinkune, Kathmandu, Nepal | रु. २६,७६,३२९।६० (अक्षरुपी छब्बीस लाख छयहत्तर हजार तीन सय उन्नान्तीस रुपैँया र पैसा साठी) मात्र |

**कृषि विकास बैंक लि.**
**सामान्य सेवा विभाग**
**मुख्य कार्यालय, काठमाडौँ**
**फोन नं.०१५७२१११५**



**नेपाल वायुसेवा निगम**
**पश्चिमाञ्चल क्षेत्रीय केन्द्र, नेपालगञ्ज**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

(**प्रथम पटक सूचना प्रकाशित मिति** २०८३।०२।१३)

यस निगमद्वारा मिति २०८२।११।१४ गतेको गोरखापत्रमा प्रकाशित ‘सटर पसल कवल भाडामा लिने/दिन सिलबन्दी बोलपत्र आह्वान’ सम्बन्धी सूचनाअनुसार यस पश्चिमाञ्चल, क्षेत्रीय केन्द्र, सुर्खेतरोड, धम्बोजी नेपालगञ्जमा अवस्थित कम्प्लेक्स भवन अगाडितर्फ निर्माण गरिएका २० वटा सटर पसल कवलमध्ये १८ वटा सटर पसल कवलहरूलाई भाडामा दिनका लागि प्राप्त भएका बोलपत्रमध्ये अधिकतम् मूल्याङ्कित सारभूतरूपमा प्रभावग्राही तपसिलमा उल्लेखित बोलपत्रदाताको बोलपत्र छनौट गर्ने निर्णय भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) र (३) को प्रयोजनार्थ उक्त बोलपत्रसँग सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| क्र. सं. | बोलपत्रदाता | सटर पसल कवलहरूको विवरण | कुल कबोल रकम (घर बहाल करसहित) |
|---|---|---|---|
| १. | श्री गणेश फर्निसिङ्ग हाउस नेपालगञ्ज– २, बाँके। | एकमुष्ठ सबै १८ वटा सटर पसल कवलहरू | प्रति महिना प्रति सटर पसल कवल रु.१७,९००/– मात्र। |



**गण्डकी प्रदेश सरकार**
**भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय**
**पूर्वाधार विकास कार्यालय**
**गोरखा**

**प्राविधिक प्रस्ताव स्वीकृत गरी आर्थिक प्रस्ताव खोल्ने सबन्धी सूचना**

(प्रकाशित मितिः२०८३/०२/१३)

यस कार्यालयबाट तपशिल बमोजिमका कार्यको लागि मिति २०८२/१२/२४ गतेको गोरखापत्र राष्टीय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आह्वान सम्बन्धी सूचना बमोजिम मिति २०८३/०१/२८ सम्ममा E-bidding मार्फत रीतपूर्वक दर्ता हुनआएका तपसिलको तालिकामा उल्लेख भएका बोलपत्रदाताहरूको प्राविधिक प्रस्ताव मूल्याङ्कन गर्दा योग्य रहेको देखिएकाले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१(ज) को उपनियम ५ बमोजिम तपसिलमा उल्लेख भएको मिति, स्थान र समयमा आर्थिक प्रस्ताव खोलिने व्यहोरा जानकारी गराइन्छ।

**तपशिल**

| सि.नं. | योजनाको नाम | ठेक्का न. | प्राविधिक मूल्यांकनमा छनोट भएका बोल्पत्रदताहरु |
|---|---|---|---|
| १. | Upgrading of Satdobato Deurali Annapurna Motorbato Palungtar-01 ward Karyalaya Jane, Gorkha | IDO/GORKHA /NCB/ W/R/101/082/083 | M/S SURKE - TINBHAI JV, New Baneshwor, Kathmandu<br>M/S Siddhartha-Sunir JV, Tokha, Kathmandu<br>M/S O.S. ENGINEERING - NIRDOSH - MAHADEV J.V<br>M/S Sachet Construction Pvt Ltd, Gorkha Municipality, Gorkha<br>M/S Hansakriti-ABC JV, Manahari-05, Makawanpur |
| २. | Upgrading of Muchoktar Jhyala Bhume Mandir to Kusunde (Second Package) | IDO/GORKHA /NCB/ W/ R/102/082/083 | M/S Golden Nirman & Suppliers Pvt. Ltd., Kathmandu-14<br>M/S Aman International Trade Link Pvt. Ltd., Lalitpur<br>M/S Nation-Nirdosh-P.S. and Sons JV<br>M/S S.K. Dhawalagiri Nirman Sewa Pvt. Ltd., Gangabu Kathmandu<br>M/S Saraswati-BRT JV<br>M/S Kantipur Supplier, Lalitpur<br>M/S New Shiva Shakti-Rochan-Moonlight JV<br>M/S Purnabinayak-Mahavir JV, Kathmandu |
| ३. | Upgrading of Gairichhap Baluwa Satdobato Arupokhari Road, Arughat RM-7 and Barpak Sulikot RM- 7,8, Gorkha | IDO/GORKHA/ NCB/ W/ R/103/082/083 | M/S Ratna Shrestha Nirman Sewa, Bidur, Nuwakot<br>M/S Yug Builders and Suppliers Pvt. Ltd, Pokhara Nayagaun Kaski.<br>M/S Pragati-Advance JV,Gorkha Municipality-6, Gorkha<br>M/S RDR-Lungta JV, Tarkeshwor 21 Kathmandu.<br>M/S A ONE- BD Brothers JV, Bhimsenthapa-04, Gorkha<br>M/S Ruru Construction, Pvt. Ltd.,Kathmandu.<br>M/S P.K.-BANIYA, Gorkha Municipality Ward No. 6,Gorkha.<br>M/S Aman International Trade Link Pvt. Ltd., Talchikhel, Lalitpur.<br>M/S Rauchuli-HB Saipal-Manjushree JV,Gongabu-9, Kathmandu |
| ४. | Upgrading of Aarchale Saurpani Hundiphat Road,Barpak Sulikot RM-04, Gorkha | IDO/GORKHA/ NCB/ W/R/104/082/083 | M/S Purna Binayak Construction Pvt.Ltd, Gothatar, Kathmandu<br>M/S SBNS-BNS JV<br>M/S SNS-AARIZ M.H JV<br>M/S Aman International Trade Link Pvt. Ltd., Lalitpur<br>M/S BRT-JRS-SHIVA SHAKTI JV |
| ५. | Upgrading of Savachautara Rautepani Aappipal Hospital-Aappipal Road 2nd Part, Palungtar Municipality, Gorkha | IDO/GORKHA/ NCB/W/ R/105/082/083 | M/S Riddhima-Jalpadevi J.V, Kathmandu<br>M/S Bhadrakali Nirman Sewa, Bharatpur, Chitwan<br>M/S Omlaxmi-Gurung-VCE JV<br>M/S BRT-JRS-SHIVA SHAKTI JV<br>M/S Aama Engineering and Construction Pvt.Ltd,Tarkeshwor-7 Kathmandu, Nepal |
| ६. | Upgrading of Muse Khola Danigaun Thulogakhu Namruk Road, Siranchowk-06, Gorkha | IDO/GORKHA/ NCB/W/ R/106/082/083 | M/S Golden Nirman & Suppliers Pvt. Ltd., Kathmandu-14<br>M/S Purna Binayak Construction Pvt.Ltd, Gothatar, Kathmandu<br>M/S Rauchuli-Sunir-Manjushree JV, Tokha, Kathmandu<br>M/S P.K.-AARIZ-BANIYA JV<br>M/S Aman International Trade Link Pvt. Ltd., Talchikhel, Lalitpur<br>M/S BRT-SOFIYA-SHIVA SHAKTI JV<br>M/S Ligligkot-Mahadev-ThuteBazzar JV<br>M/S HANSAKRITI-SHRAYASH JV |
| ७. | Construction of Parapet at Chepetar Playground, Gorkha Municipality-10, Gorkha | IDO/GORKHA/ NCB/W/ P/107/082/083 | M/S Rishishakti Builders & Engineers Pvt ltd, Balkhu, Kathmandu<br>M/S Sachet Construction Pvt Ltd, Gorkha Municipality-7, Gorkha<br>M/S Crescent-Star-Samriddhi JV<br>M/S AARIZ M.H.-SNS JV |

आर्थिक प्रस्ताव खोल्ने मितिः २०८३/०२/२० (२०२६/०६/०३) , समयः १०:०० बजे, स्थानः पूर्वाधार विकास कार्यालय, गोरखा

**पूर्वाधार विकास कार्यालय, गोरखा**



**मधेश प्रदेश सरकार**
**भौतिक पूर्वाधार विकास मन्त्रालय**
**पूर्वाधार विकास निर्देशनालय**
**प्रादेशिक तथा स्थानीय सडक सुधार आयोजना**
**प्रादेशिक आयोजना व्यवस्थापन इकाई**
**जनकपुरधाम, धनुषा**

**आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना**

यसइकाईबाटगोरखापत्रराष्ट्रियदैनिकपत्रिकामा२०८२/१२/०३गतेकोप्रकाशितबोलपत्रहरुContractIdentificationNo:PLRIP/M/SIRAHA/NCB/W/PM/07/082-083, Contract Identification No: PLRIP/M/RAU/NCB/W/PM/12/082/83, र मिति २०८२/१२/०४ गतेको प्रकाशित बोलपत्र Contract Identification No: PLRIP/M/SAR/NCB/W/PM/11/082-83 कार्य गर्नको लागि निर्धारित समय भित्र रितपूर्वक दर्ता हुन आएका बोलपत्रहरुको प्राविधिक प्रस्तावको मूल्यांकन गर्दा सारभूत रुपमा प्रभावग्राही भई योग्यताको आधारमा सफल भएका बोलपत्रहरुको सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ “ज” को उपनियम ४ र ५ अनुसार यस इकाईमा आर्थिक प्रस्ताब खोलिने भएकोले सम्बन्धित सबैको जानकारी एवं उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ।

| ठेक्का नम्बर | कार्य विवरण | प्राविधिक मूल्याङ्कनमा छनौट भएका बोलपत्रदाताको नाम | आर्थिक प्रस्ताव खोल्ने मिति, र समय |
|---|---|---|---|
| PLRIP/M/SIRAHA/ NCB/W/PM/07/082-83 | Periodic Maintenance of Siraha-sukhipur Sadak (19.230 KM) of Siraha District | M/S RAUTAHA-PRITHIVI-BHAGAT JV | मिति २०८३/०२/२० गते दिनको २:०० बजे |
| PLRIP/M/RAU/ NCB/W/PM/12/082/83 | Periodic Maintenance of Banjaraha - Auraiya - Rajpur - Paroha - Baudhaimai Sadak ( 26.74 Km) of Rautahat District | M/S KANKAI-KIB-RAJDEVI BHAKTA J/V<br>M/S Shah-Shree Kamlesh J/V<br>M/S Shama - Binod Sah J/V | |
| PLRIP/M/SAR/NCB/ W/PM/11/082-83 | Periodic Maintenance of Kaudena – Janaki Nager – Hariwan Road (26.965km) of Sarlahi District | M/S KANKAI - KIB - RAJDEVI BHAKTA J/V<br>M/S Shama-Binod Sah J/V<br>M/S RAUTAHA-PRITHIVI-BHAGAT JV<br>M/S Gauri Parvati-Green Nepal JV | |

**आयोजना संयोजक**

# भलमनसा ऐन ल्याउने तयारी



तस्बिर : अविनाश चौधरी

**प्रदेश सभामा विधेयक टेबुल गर्नुहुँदै सामाजिक विकासमन्त्री मेघराज खड्का ।**

**धनगढी समाचारदाता**
*धनगढी, जेठ १२ गते*

थारू समुदायमा प्रचलित भलमनसा प्रथासम्बन्धी कानुनी व्यवस्थाका लागि सुदूरपश्चिम प्रदेश सरकारले बडघर/भलमनसा ऐन निर्माण गर्न थालेको छ। सरकारले बडघर र भलमनसा प्रथाको संरक्षण, प्रवर्धन एवं विकास गर्ने उद्देश्यले यो ऐन बनाउन लागेको हो। ऐन निर्माणका लागि प्रदेश सरकारले सुदूरपश्चिम प्रदेश बडघर र भलमनसा प्रथा संरक्षण तथा विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रदेश सभामा टेबुल गरिसकेको छ।

सुदूरपश्चिम प्रदेशमा बसोबास गर्ने आदिवासी थारू जातिभित्र परम्परादेखि प्रचलनमा रहेको बडघर र भलमनसा प्रथाको संरक्षण, प्रवर्धन र विकास गर्न प्रथाजनित साङ्गठनिक प्रणालीको क्षेत्राधिकार र कार्यप्रक्रिया व्यवस्थित गर्न ऐन बनाउन लागेको हो। यसले प्रथासँग सम्बन्धित विभिन्न खेल, परम्परा र सांस्कृतिक प्रचलनको नियमनका लागि कानुनी व्यवस्था गर्ने छ। कला, संस्कृति, संस्कार जोगाउने जिम्मा प्रदेश सरकारको रहेको सामाजिक विकासमन्त्री मेघराज खड्काले बताउनुभयो।

बडघर र भलमनसा प्रथा संरक्षण तथा विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक निर्माण गर्दा सरकारले सम्बन्धित समुदायका अगुवा, अध्येतालगायत धेरैसँग छलफल गरेको उहाँको भनाइ छ। बडघर र भलमनसा प्रथाले सामाजिक कार्यमा लगनशीलता, एकता, सबैको सहभागिता र लोकतान्त्रिक पद्धति अँगालेको मन्त्रीले उल्लेख गर्नुभयो। यो प्रथाले प्रदेशको विकासमा टेवा पुर्‍याउने भएकाले विधेयकलाई अगाडि बढाएको उहाँको भनाइ छ।

ऐनले बडघर र भलमनसा प्रणाली तथा भुरा खेलसम्बन्धी व्यवस्था गर्दै छ। आदिवासी थारू जातिको बसोबास रहेको प्रत्येक गाउँमा एउटा बडघर भलमनसा प्रणाली रहने विधेयकमा उल्लेख छ। बडघर र भलमनसा प्रणालीभित्र बडघर वा भलमनसा, चिरक्या, अगरिया/अघरिया, चौकीदार, गुरुवा र केसौका पद रहने जनाइएको छ।

भुरा खेलबाट सर्वसहमतिका आधारमा पदाधिकारी चयन हुने छ। सहमति हुन नसके मतदान प्रक्रियाद्वारा सबैभन्दा बढी मत ल्याउनेलाई पदाधिकारी चयन गरिने विधेयकमा उल्लेख छ। भुरा खेलमा राजनीतिक दलको प्यानल बनाई उम्मेदवारी दर्ता गर्न र उम्मेदवार छनोट गर्न नपाइने विधेयकमा उल्लेख छ। पदाधिकारी चयन गर्दा उपलब्ध भएसम्म कम्तीमा ३३ प्रतिशत र सो सङ्ख्या उपलब्ध हुन नसकेमा कम्तीमा एक जना महिलाको प्रतिनिधित्व गराउनुपर्ने जनाइएको छ।

भुरा खेलबाट चयन हुने पदाधिकारीको अवधि एक वर्ष रहने र पदावधि पूरा भएपछि सहमति अनुसार पुनः चयन गर्न सकिने विधेयकमा उल्लेख छ। भुरा खेलको बैठक प्रत्येक वर्ष माघमा हुने जनाइएको छ तर कुनै कारणवश पदाधिकारीको पद रिक्त भएमा पदाधिकारी चयन गर्ने प्रयोजनका लागि भुरा खेलको बैठक जुनसुकै समयमा बस्न बाधा नहुने उल्लेख छ। भुरा खेल बडघर भलमनसा प्रणालीको सर्वोच्च अङ्ग हुने विधेयकमा उल्लेख गरिएको छ।

# विद्युत् विस्तारको काम अलपत्र

**अमरगढी समाचारदाता**
*डडेलधुरा, जेठ १२ गते*

जिल्लाको पश्चिमी क्षेत्रस्थित भागेश्वर गाउँपालिकाका दुर्गम बस्तीमा विद्युतीकरणको काम अलपत्र अवस्थामा रहेको छ। वडा नम्बर १ अन्तर्गत पर्ने चुडी, बल्कान्डे, पत्रमा, काँडेलगायतका बस्तीमा विद्युत् विस्तारको काम विगत तीन वर्षदेखि अलपत्र अवस्थामा रहँदा स्थानीय अन्धकारमै बस्न बाध्य छन्।

विद्युत् लाइन विस्तार गर्ने जिम्मा पाएको निर्माण कम्पनीले केही पोल गाड्ने, तार तान्नेलगायत आवश्यक विभिन्न विद्युत् सामग्री गाउँमा पुर्‍याएर अलपत्र अवस्थामा छोडेको छ। सामग्री पुगे पनि हालसम्म लाइन विस्तार हुन नसक्दा स्थानीय अन्धकारमै बस्न बाध्य भएका छन्। यी गाउँका विभिन्न स्थानमा तारका गुजुल्टा र विद्युत् सामग्री खुला रूपमा छोडिएकाले दुर्घटनाको जोखिम बढेको स्थानीय लोकेन्द्र ठकुराठीले बताउनुभयो।

उहाँका अनुसार पोल गाड्ने, तार तान्नेलगायका काममा खटिएका स्थनीय मजदुरले लामो समयदेखि पारिश्रमिक पाएका छैनन्। पोल गाडिएर तार राखिए पनि हालसम्म गाउँमा बिजुली बल्न नसक्दा विद्युत् सुविधा विस्तार हुने आशामा रहेका स्थानीय निराश बनेका उहाँले बताउनुभयो। स्थानीयले सम्बन्धित निकाय, ठेकेदार कम्पनी र पालिकालाई तत्काल काम सम्पन्न गर्न र अलपत्र छोडिएका सामग्रीको उचित व्यवस्थापन गर्न माग गर्दै आएका छन्।

गाउँपालिकाका अध्यक्ष हेमराज चटौतका अनुसार आर्थिक वर्ष २०६६/७७ मै उज्यालो भागेश्वर अभियान अन्तर्गत करिब ९० लाख रुपियाँमा ठेक्का सम्झौता भएर काम सुरु गरिएको थियो। निर्माण कम्पनीले उपलब्ध रकम बराबर काम गरिसकेको जनाउँदै आए पनि गाउँबस्तीमा बिजुली बल्न सकेको छैन। त्यो समयमा गरिएको काम गुणस्तरहीन भएको भन्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा मुद्दा परे पनि हालसम्म किनारा लाग्न नसकेको उहाँले बताउनुभयो।

नेपाल विद्युत् प्राधिकरण सुदूरपश्चिम प्रदेश कार्यालयका इन्जिनियर उज्ज्वल खनालका अनुसार डडेलधुरा जिल्लाभरि विद्युतीकरणका लागि छ करोड रुपियाँ रकम बराबरको ठेक्का भएको थियो।

# नाका खुल्ने प्रतीक्षामा स्थानीय



तस्बिर : कृष्णबहादुर धामी

**तिङ्करस्थित नेपाल–चीन एक नम्बर सीमास्तम्भ ।**

**खलङ्गा समाचारदाता**
*खलङ्गा (दार्चुला), जेठ १२ गते*

भारत र चीनसँग सीमा जोडिएको दार्चुलाको व्यास गाउँपालिका–१, छाङरु र तिङ्करका स्थानीय चीनको ताक्लाकोट जान तिङ्कर नाका खुल्ने प्रतीक्षामा छन्। सदियौँदेखि यहाँको छाङरु र तिङ्कर गाउँमा बसोबास गर्ने सौका समुदाय चीनस्थित ताक्लाकोट बजारमा व्यापारका लागि जाने गर्छन् । तिङ्कर नाका आधिकारिक नाकाका रूपमा नभए पनि लामो समयदेखि यहाँका स्थानीय (सौका समुदाय) ले ताक्लाकोटको स्थानीय सरकारसँगको समन्वयमा यो नाकामार्फत आवतजावत गर्दै आएका छन्।

विगतका वर्षमा जस्तै यस वर्ष पनि ताक्लाकोटस्थित स्थानीय सरकार, परराष्ट्र मन्त्रालयका प्रतिनिधिसँग व्यापारीहरूका लागि नाका सञ्चालनका विषयमा आग्रह गरिएको व्यास गाउँपालिका–१, छाङरुका स्थानीय व्यापारी एवं नेपाल–चीन हिमालय मैत्री सङ्घका केन्द्रीय सदस्य योगेश बोहोराले जानकारी दिनुभयो।

तिङ्कर नाका चाँडै खोल्ने आश्वासन पाएको उहाँले बताउनुभयो। नाका खुलेपछि स्थानीय व्यापारी व्यवसायका लागि चीनको ताक्लाकोट जाने तयारीमा छन्। उहाँले भन्नुभयो, “ताक्लाकोटमा केहए महिना खाद्य सामग्री र लुगाकपडाको व्यापार गर्छौं, सोही व्यापारबाट आम्दानी भएको पैसाले जीविका चलाउँछौं।” ताक्लाकोटमा दार्चुलाका स्थानीयले ३२ वटा पसल र चार वटा होटेल सञ्चालन गरेको उहाँले बताउनुभयो। गत वर्ष साउन ७ देखि ९ सम्म दुई दिनका लागि तिङ्कर नाका खुलेको थियो।

नेपाल–चीन तिङ्कर नाका खुल्नेबारे स्थानीय प्रशासनलाई कुनै जानकारी नआएको दार्चुलाका सहायक प्रमुख जिल्ला अधिकारी मोहनसिंह धामीले जानकारी दिनुभयो। “उहाँले भन्नुभयो, “नाका खुल्नेबारे स्थानीय प्रशासनलाई आधिकारिक जानकारी प्राप्त भएको छैन।”

विगतदेखि नै छाङरु र तिङ्करका ७० देखि ८० जना नेपाली व्यापारीले ताक्लाकोटमा नेपाली र भारतीय सामानको व्यापार गर्ने व्यापारी बोहोराले बताउनुभयो। जिल्ला प्रशासन कार्यालयको तथ्याङ्क अनुसार चीनको ताक्लाकोट जानका लागि यस वर्ष व्यास गाउँपालिकाका २१२ जनाले प्रवेश अनुमतिपत्र लिएका छन्। तीमध्ये १५२ जनाले अनुमतिपत्र नवीकरण गराएका छन् भने ६० जनाले नयाँ अनुमतिपत्र लिएको सहायक प्रमुख जिल्ला अधिकारी धामीले बताउनुभयो।

चीनले सापु भन्ने ठाउँमा सुरक्षाकर्मी बस्ने संरचना निर्माण गरेर कच्ची सडक पुर्‍याएको छ। चीनतर्फ सापुमा सुरक्षाकर्मीको चेकपोस्ट छ भने नेपालतर्फ व्यास गाउँपालिका–१, तिङ्करगाउँको छियालेकमा सशस्त्र प्रहरीको बिओपी र नेपाल प्रहरीको प्रहरी चौकी सञ्चालनमा छ। कोभिड–१९ महामारीका कारण लामो समय बन्द रहेको ताक्लाकोट नाका आब २०८०/८१ देखि व्यापारीको आवतजावतका लागि मात्रै खुल्दै आएको छ।

# प्रेस स्वतन्त्रताको रक्षामा एकजुट हुनुपर्ने

**अमरगढी समाचारदाता**
*डडेलधुरा, जेठ १२ गते*

नेपाल पत्रकार महासङ्घ डडेलधुरा शाखाको १६ औँ साधारण सभामा प्रेस स्वतन्त्रताको रक्षा गर्न सबै पक्ष एकजुट हुनुपर्नेमा जोड दिइएको छ। अमरगढी नगरपालिकाको सभाहलमा सोमबार आयोजित कार्यक्रमका वक्ताले स्वतन्त्र पत्रकारिताको संरक्षण लोकतन्त्रका लागि अनिवार्य भएको धारणा राखे।

जिल्ला समन्वय समिति डडेलधुराका प्रमुख गगनसिंह भण्डारीले सुशासन, विकास र लोकतन्त्र मजबुत बनाउन पत्रकारिताको भूमिका महत्त्वपूर्ण रहेको बताउनुभयो। उहाँले पत्रकारलाई खोज पत्रकारितामा केन्द्रित हुन आग्रह गर्नुभयो। महासङ्घका केन्द्रीय सदस्य मुकुन्दप्रसाद भण्डारीले परिवर्तनका आन्दोलनमा पत्रकारको योगदान राज्यले बिर्सन नहुने बताउनुभयो।

महासङ्घ सुदूरपश्चिम प्रदेश समितिका अध्यक्ष भरत शाहले पत्रकार अनुशासित र जिम्मेवार बन्नुपर्नेमा जोड दिनुभयो। सो अवसरमा खोज पत्रकारिता पुरस्कार गोरखापत्र डडेलधुराका समाचारदाता पुष्कर भण्डारीलाई प्रदान गरिएको छ।

# नक्टाबाबा मन्दिरमा मेला

**राष्ट्रिय समाचार समिति**
*कञ्चनपुर, जेठ १२ गते*

बेलौरी नगरपालिका–५, भकुन्डास्थित ऐतिहासिक तथा धार्मिक आस्थाको केन्द्र नक्टाबाबा (कालेश्वर) मन्दिर क्षेत्रमा गङ्गादशहरा पर्वका मेला लागेको छ। सोमबार रातिदेखि मन्दिर क्षेत्रमा सुरु भएको मेला मङ्गलबार साँझसम्म चलेको थियो।

मेलामा सहभागी हुन नेपाल तथा भारतका विभिन्न स्थानबाट उल्लेख्य सङ्ख्यामा श्रद्धालु भक्तजन धार्मिक क्षेत्रमा पुगेका छन्। हरेक वर्ष जेठ शुक्लपक्षको गङ्गादशहरा पर्वका अवसरमा यहाँ भव्य मेला लाग्ने परम्परा छ। नक्टाबाबा (कालेश्वर) मन्दिरमा सच्चा मनले पूजा गरे मनोकाङ्क्षा पूरा हुने जनविश्वास छ। धार्मिक सहिष्णुता र सामाजिक सद्भावको प्रतीकका रूपमा परिचित यस क्षेत्रलाई हिन्दु धर्मावलम्बीले विशेष आस्थाका साथ हेर्ने गरेका छन्।

स्थानीय बिन्तीराम चौधरीका अनुसार नक्टाबाबा क्षेत्र प्राचीनकालदेखि तपस्या तथा साधनास्थलका रूपमा परिचित रहँदै आएको छ। दोदा नदीको तटीय क्षेत्रमा रहेको कालेश्वर महादेवको पूजाआराधना गरे रोगव्याधि हट्ने, परिवारमा सुखशान्ति कायम हुने तथा सकारात्मक ऊर्जा प्राप्त हुने धार्मिक विश्वास रहेको उहाँ बताउनुहुन्छ।

**राष्ट्रिय वाणिज्य बैंक लि.**
**शाखा कार्यालय, भैरहवा**

**निक्षेप हकदाबी सम्बन्धी ३५ दिने सूचना**

**(प्रथम पटक प्रकाशित मिति : २०८३।०२।१३)**

रुपन्देही जिल्ला, तिलोत्तमा न.पा. वडा नं. ०६ स्थायी घर भई हाल ऐ.ऐ. बस्ने श्री गणेश प्रसाद भट्टराईको मिति २०८२।०६।२४ मा मृत्यु भएकोले यस बैंकमा रहेको ब.हि.नं. ३०८०१०००००४९८००७ खाताको रकम भुक्तानी पाऊँ भनी निज खातावालाकी श्रीमती नाता पर्ने ऐ.ऐ. बस्ने संगिता भट्टराईले यस बैंकमा मिति २०८३।०२।१२ मा निवेदन दिएको हुँदा निज खातावालाको नाममा यस बैंकमा रहेको रकममा कसैको हकदाबी लाग्ने भए बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिमको अग्राधिकारवाला हकदारहरूले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ दिनभित्र आ–आफ्नो सबुद प्रमाण सहित यस बैंकको शाखा कार्यालय भैरहवामा हकदाबी गर्न आउनुहोला । सो म्यादभित्र हकदाबी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम भइजाने हुँदा यो सूचना प्रकाशित गरिएको छ । उल्लिखित म्यादभित्र दाबी पर्न नआएमा पछि कुनै उजुर नलाग्ने समेत यसै सूचनाबाट सम्बन्धित सबैको जानकारीका लागि सूचित गरिएको छ ।

नेपाल सरकार
**युवा, श्रम तथा रोजगार मन्त्रालय,**
**वैदेशिक रोजगार विभाग**

**इजरायलका दीर्घकालिन स्याहार केन्द्रमा पठाइने नेपाली सहायक कामदार छनोटका लागि आवेदन आह्वान गरिएको सूचना**

**(नेपाल सरकार र इजरायल सरकारबिच भएको श्रम सम्झौता अनुसार)**
**विज्ञापन नं. ०१/८२/८३**
**मितिः २०८३/०२/१३, नेपाल संवत् ११४६ अनालाथ्व एकादशी**

नेपाल सरकार र इजरायल सरकारबिच भएको श्रम सम्झौता बमोजिम इजरायलका दीर्घकालिन स्याहार केन्द्रमा रहेका सबै उमेरका गम्भीर शारीरिक तथा मानसिक अपाङ्गता भएका व्यक्तिहरूको स्याहारका लागि सहायक कामदारको रुपमा कार्य गर्न इच्छुक नेपाली नागरिकहरुका लागि आवेदन पेश गर्ने विषयको २१ दिने अवधिको सूचना वैदेशिक रोजगार विभागको वेबसाइटः http://dofe.gov.np मा उपलब्ध छ। विस्तृत विवरण सोही सूचनाबाट अवगत गरी इच्छुक उम्मेदवारहरूले आवेदन गर्नहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**वैदेशिक रोजगार विभाग, ताहाचल, काठमाडौं, नेपाल**

**मोरङ्ग सुगर मिल्स लिमिटेडको**
**५७ औं वार्षिक साधारण सभाको सूचना**

**शेयरधनी महानुभावहरू,**
मोरङ्ग सुगर मिल्स लिमिटेड, विराटनगरको सञ्चालक समितिको मिति २०८३ साल जेठ ७ गते बिहीबार बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार मिल्सको ५७औं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा निम्न विषय उपर छलफल गर्न बस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारी तथा उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभाको स्थान, मिति र समयः**
मिति : २०८३ साल असार ५ गते बिहीबार
समय : दिनको ११:०० बजे ।
स्थान : बिग होटल, विराटनगर ।

**छलफलको विषय सूचीः**
१. सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गर्ने र पारित गर्ने ।
२. आर्थिक वर्ष २०८१।०८२ को लेखा परीक्षकको प्रतिवेदन सहित सो आ.व.को वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण उपर छलफल गरी पारित गर्ने ।
३. आर्थिक वर्ष २०८२।०८३ को हिसाब लेखा परीक्षण गर्न लेखा परीक्षकको नियुक्ति र निजको पारिश्रमिक तोक्ने। (हालको लेखा परीक्षक श्री कुवेर एन भट्टराई एण्ड कम्पनी, चार्टर्ड एकाउन्टेन्ट पुनः नियुक्तिका लागि योग्य हुनुहुन्छ)
४. विविध ।

**पुनश्चः**
१. प्रोक्सीद्वारा प्रतिनिधित्व गर्न सभा हुने समयले ४८ घन्टा अगाडि रीतपूर्वकको प्रोक्सी मिल्सको केन्द्रीय कार्यालय, रानी विराटनगरमा दर्ता गराउनुपर्दछ ।
२ शेयरधनी महानुभावहरूको सुविधाका लागि हाजिरी पुस्तिका सभा स्थलमा सभा हुने दिन दिनको १०:०० बजेदेखि खुला रहनेछ ।
३ साधारण सभामा भाग लिन आउनुहुने शेयरधनी महानुभावहरूले प्रवेश पत्र वा शेयर प्रमाणपत्र अथवा नागरिताको प्रमाणपत्र वा परिचय पत्र अनिवार्य रूपले ल्याउनुपर्नेछ ।
४ सभा सम्बन्धी अन्य जानकारी लिनुपरेमा मिल्सको काठमाडौंस्थित कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राख्न अनुरोध गरिन्छ ।
५. मिल्सको शेयर दाखिला खारेज गर्ने काम मिति २०८३ जेठ २२ गतेदेखि २०८३ आषाढ ५ गते सम्मका लागि बन्द हुनेछ ।

**द्रष्टव्य :**
सभा बस्ने जानकारी सम्बन्धित शेयरधनी महानुभावहरूलाई छुट्टै हुलाकबाट पनि वार्षिक प्रतिवेदन वासलात सहित पठाइने हुँदा कथंकदाचित उक्त सूचना नपुगेको भए यसैलाई सूचना मानी साधारण सभामा उपस्थित हुन सबै शेयरधनी महानुभावहरूलाई अनुरोध गर्दछौं ।

**आज्ञाले**
**कम्पनी सचिव**

**अनुसूची–१५**
**(दफा ३३ को उप–दफा (३) सँग सम्बन्धित)**

**गोलिया काठको सिलवन्दी बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना**

**प्रथम पटक सूचना प्रकाशित मितिः २०८३।०२।१३**

यस कार्यालयको कम्पाउण्ड भित्र रहेका विभिन्न जातका जोखिमयुक्त रुखहरू आ. व. २०८२/८३ मा कटानमुछान गरी उत्पादन भएको काठ दाउरा पाटन न.पा. वडा नं. ६ स्थित कार्यालय कम्पाउण्डमा घाटगद्धि गरी राखेको खोटे सल्ला जातको A ग्रेडको ६५.५७ घ.मि. र B ग्रेडको ४६९.८० घ.मी., मसला जातको १४०.८० घ.मी., अन्य जात (काईयो) १९६.९० घ.मी. गोलिया काठ र अन्य जातको दाउरा (खोटे सल्ला, मसला, काईयो र कल्की फुल) १.५ चट्टा जे जस्तो अवस्थामा छ, सोहि अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी लिलाम बिक्रि गर्नुपर्ने भएकोले यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ। वन पैदावारको कारोबार गर्ने उद्देश्यले दर्ता भएका इच्छुक काष्ठ व्यवसायी, फर्म, उद्योग वा कम्पनीले यो सूचना गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रथमपटक प्रकाशित भएको मितिले २१ औं दिन कार्यालय समय भित्र (सो दिन सार्वजनिक विदा परे सोको भोलि पल्ट) यस कार्यालयबाट बोलपत्र खरिद गरी सूचनामा तोकिएको मिति स्थान र समयमा आवश्यक कागजात संलग्न राखि सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ। यो सम्बन्धको विस्तृत सूचना यस कार्यालयलगायतका सरकारी कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**बृहत् जलाधार व्यवस्थापन केन्द्र महाकाली, पाटन, बैतडी**

**बागमती प्रदेश सरकार**
**मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय**
**हेटौंडा, नेपाल**

**बढुवा समितिको सचिवालयको सूचना**

**सूचना प्रकाशित मितिः २०८३/०२/१३**

प्रदेश लोक सेवा आयोग, बागमती प्रदेशको मिति २०८२/०६/३० गते प्रकाशित देहायको बढुवा सूचना नं., सेवा, समूह, उपसमूह, नवौं तह, सि.डि.ई. वा सो सरह पदको रिक्त पदमा बढुवा गर्ने सम्बन्धमा बढुवा समितिबाट देहाय बमोजिम निर्णय भएकोले स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ३५ को प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा**

१. **बढुवा सूचना नं. ०१/८२–८३** **सेवा/समूह/उपसमूहः इन्जिनियरिङ/सिभिल/जनरल**
**पद/तह– सि.डि.ई.वा सो सरह/नवौं** **माग पद सङ्ख्याः १** **निर्णय मितिः २०८३/०२/११**

सम्भाव्य उम्मेदवार कायम नभएको

**कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवा**

२. बढुवा सूचना नं. ०३/८२–८३ सेवा/समूह/उपसमूहः इन्जिनियरिङ/सिभिल/जनरल
पद/तह– सि.डि.ई.वा सो सरह/नवौं माग पद सङ्ख्याः २ निर्णय मितिः २०८३/०२/१२

**सम्भाव्य उम्मेदवार कायम नभएको**

**Narayan Gopal Sangeet Kosh**
Maharajgunj, Kathmandu

**Invitation for Electronic Bids**

**Notice No. 01-082-83**
Date of Publication: 2083-02-13 (2026-05-27)

1. Narayan Gopal Sangeet Kosh has allocated funds from grant towards the cost of following works and intends to apply the funds to cover eligible payments under the contract and is open to all eligible Nepalese Bidders.
2. Narayan Gopal Sangeet Kosh invites electronic bids from eligible bidders for the following works.

| IFB No. | Description of Work | Cost of Bidding Document (NRs.) | Bid Bond Amount (NRs.) | Bid Validity (days) | Last Date and Time of Bid Submission | Bid Opening Date and Time | Date and Time of Pre-Bid Meeting |
|---|---|---|---|---|---|---|---|
| 01—01-082-83-NCBG-NGK | *SSupply , Delivery and Installation of different Equipments and Goods for Multipurpose Hall and Recording Studio at Narayan Gopal Sangeet Kosh* | NRs. 3000.00 (NRs. Three Thousand Only) | *NRs.4,40,000.00 (Four Lakh Forty Thousands only )* | 90 | 2083-03-05 12:00 hour 2026-06-19 | 2083-03-05 14:00 hour 2026-06-19 | 2083-02-27 14:00 hour 2026-06-10 |

3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at Narayan Gopal Sangeet Kosh Kathmandu, Bagmati Province, Nepal during office hours or may visit PPMO website www.bolpatra.gov.np/egp.
4. A complete set of Bidding Documents is available online and can be downloaded from e-GP system: www.bolpatra.gov.np/egp. Interested bidders shall register in the e-GP system and deposit the above mentioned cost of bidding document in the **Evrest bank., Narayan Gopal Sangeet Kosh, Account No. 10400105200077.**
5. Pre-bid meeting shall be held at Narayan Gopal Sangeet Kosh, Kathmandu, Nepal **on above mentioned date and time**.
6. Electronic bids must be submitted to the Narayan Gopal Sangeet Kosh ,Maharajgunj, Kathmandu, Nepal through PPMO website www.bolpatra.gov.np/egp on or before above-mentioned date and time. Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend on above mentioned date and time at the office Narayan Gopal Sangeet Kosh,Maharajgunj, Kathmandu, Nepal. Bids must be valid for a period **on above mentioned days** after bid opening and must be accompanied by a scanned copy of the bid security in pdf format in case of e-bid, amounting to as mentioned above, which shall be valid for 30 days beyond the validity period of the bid.
8. The bid security may either be in the form of a bid security issued by authorized Financial Institution according to format provided in Bid Document or cash deposited in **Narayan Gopal Sangeet Kosh, Deposit account, Evrest Bank., Account No. 10400105200077.**
9. The Employer reserves the right to accept or reject any bid, and to annul the bidding process and reject all bids at any time prior to contract award, without thereby incurring any liability to Bidders.

**Procurement Unit, KMC.**

**Remit Hydro Limited**
New Baneshwor, Kathmandu-31, Nepal

**NOTICE FOR PRICE BID OPENING**

**Date of Publication: 27 May 2026**

Pursuant to ITB 25.6 of the Bidding Document for Construction of Lot 1 Civil and Hydro Mechanical Works of Ghunsa Khola Hydroelectric Project under Engineering, Procurement and Construction (EPC) Contract (Contract Identification No. GKHEP/ICB 082/83/EPC-1) and Rule 31 Ja (5) of the Public Procurement Regulation 2064, Remit Hydro Limited hereby notifies the following Substantially Responsive bidders to attend the opening of the Price Bids on the date, time and location specified below:

| S. N. | Substantially Responsive Bidders | Price Bid Opening Details |
|---|---|---|
| 1 | Sinohydro Corporation Limited-China and Kumar Shrestha Nirman Sewa Pvt. Ltd-Nepal (Sinohydro-KSNS JV Ghunsa Khola Hydroelectric Project) | Date: 10 June 2026 Time: 14:00 hours Venue: Citizen Investment Trust Building, Fourth Floor, New Baneshwor, Kathmandu, Nepal |
| 2 | China International Water and Electric Corporation-China and High Himalaya Hydro Construction Pvt. Ltd.-Nepal (CWE-3HC JV) | |
| 3 | Sharma and Company Pvt. Ltd. Nepal, Nirmanvridhi Constructions India LLP-India and Prathima Infrastructure Limited-India (Sharma-NVCILLP-Prathima JV) | |

**Substantially Responsive Bidders are requested to send their Authorized Representative to attend the Price Bid Opening.**

# मापदण्डविपरीत क्रसर उद्योग सञ्चालन

**सिँजा समाचारदाता**
*सिँजा (जुम्ला), जेठ १२ गते*

सरकारी मापदण्डलाई अटेर गर्दै सञ्चालनमा रहेका क्रसर उद्योगमाथि जुम्ला प्रशासनले अनुगमन गर्दै मापदण्डविपरीत सञ्चालनमा रहेकालाई कारबाही प्रक्रिया सुरु गरेको छ।

जिल्लाभर अवैध रूपमा सञ्चालन भइरहेका क्रसर उद्योगले नदी दोहन, वातावरणीय क्षति र बस्तीमा जोखिम बढाएको गुनासो बढ्दै गएपछि जिल्ला विपत् व्यवस्थापन समितिको टोलीले आइतबार स्थलगत अनुगमन सुरु गरेको हो।

अनुगमनका क्रममा जिल्लामा सञ्चालनमा रहेका चार वटा क्रसर उद्योगबाहेक अधिकांश उद्योग नेपाल सरकारले तोकेको कानुनी मापदण्डविपरीत सञ्चालन भइरहेको पाइएको छ।

सरकारी नियम अनुसार नदी, खोला, बस्ती, विद्यालय तथा राजमार्गबाट कम्तीमा दुई सय मिटर टाढा मात्रै क्रसर उद्योग सञ्चालन गर्न पाइन्छ तर जुम्लामा भने ती नीतिगत कुरा कागजमै सीमित देखिएको छ। जिल्ला प्रशासन कार्यालयका अनुसार केही उद्योग राजमार्गछेउमै सञ्चालन गरिएका छन् भने केही उद्योगले नदीको प्राकृतिक धार नै परिवर्तन हुने गरी गिट्टी, बालुवा र ढुङ्गा उत्खनन गरिरहेका छन्। यसले नदी कटान, पहिरो तथा बाढीको जोखिम झनै बढाएको प्रशासनको निष्कर्ष छ।

प्रमुख जिल्ला अधिकारी दीपक पौडेलले अनुगमनका क्रममा तिला गाउँपालिकाको त्रिवेणी क्षेत्रमा सञ्चालनमा रहेको एक क्रसर उद्योग जोखिमपूर्ण अवस्थामा सञ्चालन भइरहेको जानकारी दिनुभयो। उहाँका अनुसार उक्त उद्योग राजमार्गनजिकै सञ्चालन गरिएकाले तत्काल स्थानान्तरणका लागि असार १० गतेसम्मको समय दिइएको छ।



तस्बिर : नौरते नेपाली

**जुम्लामा सञ्चालित क्रसर उद्योग अनुगमन गरिँदै।**

अनुगमन टोलीले केही उद्योगले वातावरणीय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षणसमेत पूरा नगरेको जनाएको छ। कतिपय उद्योगले स्थानीय तहको अनुमति देखाएर जथाभाबी उत्खनन गरिरहेका छन् भने कतिपय उद्योगको नवीकरण प्रक्रियासमेत शङ्कास्पद देखिएको प्रशासन स्रोतको भनाइ छ। कानुन मिच्ने उद्योगमाथि प्रशासन कडा रूपमा प्रस्तुत हुने प्रमुख जिल्ला अधिकारी पौडेलको भनाइ छ।

स्थानीयले लामो समयदेखि क्रसर उद्योगका कारण धुलो, ध्वनि प्रदूषण र नदी दोहन बढेको गुनासो गर्दै आएका छन्। विशेष गरी खेतीयोग्य जमिन कटानमा परेको, खोलाको धार परिवर्तन भएको तथा वर्षायाममा बाढीको जोखिम बढेको भन्दै स्थानीयले प्रशासनसँग पटक पटक गुनासो गर्दै आएका थिए।

अनुगमन टोलीमा जिल्ला प्रशासन कार्यालय, जिल्ला समन्वय समिति, सुरक्षा निकाय तथा सम्बन्धित प्राविधिक निकायका प्रतिनिधिको सहभागिता रहेको थियो।

## 'गाउँ प्रहरी' भर्ना गर्ने पहिलो गाउँपालिका जुनीचाँदे

**शिवालय समाचारदाता**
*शिवालय (जाजरकोट), जेठ १२ गते*

जाजरकोटको जुनीचाँदे गाउँपालिका आफ्नै गाउँमा 'गाउँ प्रहरी' भर्ना गर्नेमा जिल्लामै पहिलो बनेको छ। गाउँपालिकाको सम्पत्तिको सुरक्षा र संरक्षण, स्थानीयस्तरमा हुने सभा समारोह, परम्परा, जात्रा, चाडपर्वको सुरक्षा व्यवस्थापन, गाउँ सरसफाइ, स्थानीय बजार तथा पार्किङस्थलको रेखदेख व्यवस्थापनलगायतका कार्यका लागि संविधानले स्थानीय सरकारलाई आवश्यकता अनुसार प्रहरी भर्ना गर्ने अधिकार दिएको छ। स्थानीय सरकार सञ्चालन ऐनमा दिइएको अधिकार प्रयोग गरी जुनीचाँदे गाउँपालिकाले 'गाउँ प्रहरी' भर्ना गर्न गत वैशाख २९ गते विज्ञापन गरेर छनोट भएका प्रहरीलाई खटाउने अन्तिम तयारी सुरु गरेको छ।

'गाउँ प्रहरी' सञ्चालनसम्बन्धी व्यवस्था अनुसार 'गाउँ प्रहरी' भर्ना प्रक्रिया अघि बढाइएको गाउँपालिका उपाध्यक्ष वीरेन्द्रबहादुर शाहीले बताउनुभयो। नियुक्त भएका जनशक्तिमा एक जना वरिष्ठ हवलदार र छ जना प्रहरी जवान रहेका छन्। गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत रेसम महताराका अनुसार स्थानीय सरकार सञ्चालन ऐन अनुसार 'गाउँ प्रहरी' व्यवस्था लागु गरिएको हो। उहाँले स्थानीय तहमा शान्ति सुव्यवस्था कायम गर्न, अमनचयन सुनिश्चित गर्न र पालिकाका नीतिनियम प्रभावकारी रूपमा कार्यान्वयन गर्न 'गाउँ प्रहरी' भर्ना गरिएको बताउनुभयो। उहाँले हाल 'गाउँ प्रहरी' लाई जिल्ला प्रहरी कार्यालय जाजरकोटबाट प्रहरी सहायक निरीक्षक किरण रानामगर तथा प्रहरी नायब निरीक्षकको टोलीले आधारभूत तालिम दिइरहेको बताउनुभयो।

## विद्यालय बगाएपछि खुला चौरमा पढाइ



तस्बिर : नन्द सिंह

**विद्यालय भवन बगाएपछि सामुदायिक भवन बाहिर अध्ययन गर्दै विद्यार्थी।**

**रलिङ समाचारदाता**
*रलिङ (हुम्ला), जेठ १२ गते*

बाढीपहिरोले विद्यालयको भवन भत्काएपछि हुम्लाको चङ्खेली गाउँपालिका–५ स्थित डाँफे आधारभूत विद्यालयका बालबालिका नजिकैको सामुदायिक भवनको खाली चौरमा पढ्न बाध्य छन्।

गत जेठ ५ गते हावाहुरीसँगै परेको पानी र बाढीले विद्यालय भवनमा पूर्ण रूपमा क्षति पुर्‍याएपछि त्यहाँ अध्ययनरत ८० बालबालिकालाई गाउँको सामुदायिक भवनबाट पठनपाठनको व्यवस्था मिलाइएको हो। एक हप्तादेखि खुला आकाशमुनि जोखिममै भए पनि पठनपाठन सञ्चालन भइरहेको छ। विद्यार्थीका लागि सहज छैन। विद्यालयका प्रधानाध्यापक बली तामाङका अनुसार विद्यालय भवन बगाएपछि हाल यहाँको अवस्था अस्तव्यस्त छ। खुला चौरमा लामो समयसम्म बस्नुपर्दा विद्यार्थी बिरामी परेका छन्।

विद्यालय भवनसहित सात कम्प्युटर, दुई थान ल्यापटप, २० वटा कुर्सी, ८० वटा बेन्च, सात वटा दराज, दुई दर्जनभन्दा बढी टेबुल, सेतो बोर्ड, चार वटा खाटलगायत कार्यालयका अति आवश्यक सामग्रीसँगै खाने पानीको ट्याङ्की र विद्यालयको धारासमेत काम नलाग्ने भएका छन्। प्रधानाध्यापक बलीले भन्नुभयो, "विद्यार्थीलाई पठनपाठनका लागि आवश्यक शैक्षिक सामग्री नहुँदा एक हप्तादेखि विद्यार्थीको पठनपाठन प्रभावित भएको छ।" विद्यालयको यस्तो समस्या सम्बन्धित स्थानीय तहले तत्कालै व्यवस्थापन गर्नुपर्ने र जिल्ला विपत् व्यवस्थापन समितिले प्रहरीको मुचुल्का अनुसार सरकारलाई पहल गरिदिन पनि उहाँले आग्रह गर्नुभयो।


# लिफ्टिङ सिँचाइले उत्पादन वृद्धि

तुम्चगाउँका अधिकांश किसानले आकासे पानीका भरमा सिँचाइ गर्दा जग्गा अनुसार उत्पादन हुन सकेको थिएन। तुम्च सिँचाइ योजनाले सोलार प्रणालीबाट कर्णाली नदीको पानी १५० मिटर उचाइमा निर्माण गरिएको ट्याङ्कीमा जम्मा गरेर पहिलो पटक हुम्लावासीले सिँचाइ सुरु गरेका हुन्।

**हुम्ला समाचारदाता**
*हुम्ला, जेठ १२ गते*

कर्णाली नदीको पानीलाई पहिलो पटक लिफ्टिङ प्रणालीमार्फत सिँचाइ गर्न थालिएपछि स्थानीयमा खुसीयाली छाएको छ। हुम्लाको तराईका रूपमा परिचित सर्केगाड गाउँपालिका–१, तुम्चको खेतीयोग्य जमिनमा उक्त प्रणाली मार्फत सिँचाइ भएपछि उत्पादनमा वृद्धि हुन थालेको हो।

कर्णाली नदीको पानीलाई सोलार सिस्टमबाट तानेर गाउँमाथिको ट्याङ्कीमा जम्मा गरी खेतमा सिँचाइ गर्न थालेपछि साबिकभन्दा ४० प्रतिशतसम्म उत्पादन वृद्धि भएको सर्केगाड गाउँपालिका–१ का वडा सदस्य उब्जन मल्लले बताउनुभयो।



तस्बिर : राजन रावत

**तुम्चको खेतीयोग्य जमिनका लागि सञ्चालनमा आएको पानी ट्याङ्की र गहुँबाली।**

यसअघि गाउँनजिकैको सानो खोलाको पानीले त कहिले कुलोबाट सिँचाइ गर्ने गरिएको थियो।

तुम्चगाउँका अधिकांश किसानले आकासे पानीका भरमा सिँचाइ गर्दा जग्गा अनुसार उत्पादन हुन सकेको थिएन। तुम्च सिँचाइ योजनाले सोलार प्रणालीबाट कर्णाली नदीको पानी १५० मिटर उचाइमा निर्माण गरिएको ट्याङ्कीमा जम्मा गरेर पहिलो पटक हुम्लावासीले सिँचाइ सुरु गरेका हुन्।

खानेपानी सिँचाइ तथा ऊर्जा विकास कार्यालयका प्रमुख ज्वालाराज शाहीका अनुसार लागत अनुमान चार करोड ६२ लाख रहेको सो योजनाको २०७७ साल असार १९ गते सम्झौता भएको थियो। तीन करोड ३० लाख रुपियाँ कुल खर्च भएको उक्त योजनाबाट तीन लाख लिटर क्षमताको पानी ट्याङ्की निर्माण गर्ने र सिँचाइ गर्ने तालिका छ।

यसै आर्थिक वर्षमा पूर्ण रूपमा काम सम्पन्न भएर सञ्चालनमा आएको यो सिँचाइ आयोजनाबाट तुम्चगाउँको ५० हेक्टर खेतीयोग्य जमिनमा सिँचाइ गरिएको छ। पानी जम्मा गर्ने मुख्य ट्याङ्कीबाट बस्तीको दुईतिर पाइपबाट जग्गासम्म पानी पठाउने व्यवस्था गरिएको छ। यो सिँचाइ सञ्चालनमा आएपछि किसानले समयमै हरेक बालीको ढुक्क भएर खेती गर्न पाएको स्थानीय किसान दानबहादुर मल्लले बताउनुभयो। यहाँका जग्गामा मार्सी धान, गहुँ, जौ, तोरी, सिमी, कोदोलगायतका बाली लगाउने गरिन्छ। सिँचाइ हुनुभन्दापहिले किसानले आकासे पानीका भरमा खेती गर्ने भएका कारण कुनै वर्ष जग्गा बाँझो राख्न परेको अनुभव पनि उहाँले सुनाउनुभयो।

## अकस्मात् रुने कराउने गर्न थाले विद्यार्थी

**जुम्ला समाचारदाता**
*जुम्ला, जेठ १२ गते*

जुम्लाको ऋणोमक्ष माध्यमिक विद्यालयका छात्रामा देउता आयो भन्दै रुने, कराउने, चिच्याउनेलगायतका अनौठो खाले समस्या देखिएपछि मनोपरामर्श दिन थालिएको छ। गत बिहीबारदेखि विद्यार्थीमा यस्तो समस्या देखिएपछि शुक्रबार विद्यालय बिदा गरिएको थियो।

विद्यालयका प्रधानाध्यापक कृष्ण बुढाका अनुसार विद्यार्थी कराउने, रुने र अचेत अवस्थामै देउताको नक्कल गर्न लागेपछि विद्यार्थीको अवस्था हेरेर तत्कालका लागि विद्यालय बन्द गरेर स्थानीय सरकार, स्थानीय प्रशासन, कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान शिक्षण अस्पताल जुम्लालाई जानकारी गराइएको थियो। सोमबारदेखि भने कर्णाली प्रतिष्ठानको मनोरोग विशेषज्ञसहितको टोलीले बिरामी विद्यार्थीलाई मनोमरामर्श प्रदान गरिरहनुभएको छ।

मनोपरामर्शदाता नन्दराज धितालले विद्यार्थीमा पहिलेदेखि नै भूतप्रेतको डर, चिन्ता तथा गर्मीका कारण सामूहिक विकृत रूपान्तरण (मास कन्भर्सन डिसअर्डर) भएको बताउनुभयो।


**Saraswati Secondary School**
**Bheemdatt Municipality-02, Kanchanpur**

**Invitation For Sealed Quotation**

**Date Of Publication : 2083/02/13**

1. Saraswati Secondary School, Bheemdatt-02, Kanchanpur invites Sealed Quotation for the following works:

| S. N. | Contract Identification Number | Description Of Goods/Works | Bid Validity Period | Esimated Amount Without VAT (NRs.) | Bid Bond Amount | Non-Refundable Fee for Bid Document Purchase (NRs) |
|---|---|---|---|---|---|---|
| 1 | 01/SQ/ ICT/SSC/ 2082/083 | Delivery, Supply and Installation of Technical Goods. | 45 days | 12,86,725.66 | 32,200.00 | 1,000.00 |

**Further Information to bidders;**

| | |
|---|---|
| Last date and time of Sealed Quotation Submission | 2083/02/19 (2-June-2026) (upto 12:00 Noon) |
| Date, Time and Place of Sealed Quotation Opening | 2083/02/19 (2-June-2026); at 2:00 PM, At Saraswati Secondary School Office, Bheemdatt-02, Kanchanpur |
| Bid Security Validity Period | 30 Days beyond bid validity period |
| Account No. for Sealed Quotation Document Purchase | Rastriya Banijya Bank Limited Account Number: 4180100001521001 |
| Account No. for Sealed Quotation Security Deposit | The Bidder shall furnish a bid security, from commercial bank or financial institutions valid for 30 days beyond the validity period of the bid, OR **Name of the Bank:** Rastriya Banijya Bank Limited, Mahendranagar, Kanchanpur **Name of Office:** Shree Saraswati Secondary School, Bheemdatt-02, Kanchanpur **Office Account No. :** 4180100001521001 |

2. Bidders shall submit their Sealed Quotation Hard Copy only. For Purchase of Bid Document and for other additional information please contact Saraswati Secondary School, Bheemdatt-02, Kanchanpur Contact No: 099-421323, 9848722765, 9848724288.
3. If the last Date of Submission and Opening falls on a Government Holiday then the next working day shall be considered as the last day.

**Principal**

**संशोधन सम्बन्धी सूचना**

यस ब्रह्मपुरी गाउँपालिकाको मिति २०८३।०२।१२ गते प्रकाशित शिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी सूचनाको कामको विवरणमा Construction of Wada No. 4 tribhuvannagarma Janta aawasko lagi ghar nirman हुनु पर्नेमा भूलवस अन्यथा हुन गएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**ब्रह्मपुरी गाउँपालिका, सर्लाही**

**श्री डिभिजन वन कार्यालय, उदयपुर (उदयपुर) को गोलिया काठ लिलाम बिक्री सम्बन्धी सूचना।**

**पहिलो पटक सूचना प्रकाशित मिति : २०८३।०२।१३**

यस कार्यालय अन्तर्गतको वन क्षेत्रबाट वन हानीनोक्सानी मुद्दामा बरामद भई श्री सब–डिभिजन वन कार्यालय मैनामैनीको कम्पाउन्डमा घाटगद्दीमा रहेका खयर जातका गोलिया थान १२१७ को ११८९.४५ क्यू.फि. काठ (स्यापउड सहितको) जे–जस्तो अवस्थामा रहेको छ, सोही अवस्थामा सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गर्न पहिलो पटक यो २१ (एक्काइस) दिने सूचना प्रकाशन गरिएको छ। विस्तृत जानकारीका लागि यस कार्यालयको सूचनापाटी तथा यस कार्यालयको Website "dfogaighat.koshi.gov.np" मा गई हेर्न सकिनेछ। साथै थप जानकारीका लागि यस कार्यालयको सूचना अधिकारीको मो.नं. ९८४५१०६२५९ मा समेत सम्पर्क राख्न सकिनेछ।

**काठमाडौं महानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**काठमाडौं, बागमती प्रदेश, नेपाल**
**हनुमानढोका दरबार क्षेत्र संरक्षण कार्यक्रम**

**बोलपत्र सम्बन्धी प्रकाशित सूचनामा भएको त्रुटि सच्याइएको बारेमा सूचना।**

प्रकाशन मितिः २०८३/०२/१३

यस कार्यालयद्वारा मिति २०८३/०२/०६ मा गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित Notice No.: 04-HDSCP-KMC-082-083 को सूचनामा "03-07-082-083-NCBW-HDSCP-KMC" हुनु पर्नेमा अन्यथा भएको सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

**नि. कार्यक्रम प्रमुख**
हनुमानढोका दरबार क्षेत्र संरक्षण कार्यक्रम

**गण्डकी प्रदेश सरकार**
**स्वास्थ्य मन्त्रालय**
**प्रदेश जनस्वास्थ्य कार्यालय पर्वत**
**वेबसाईटमा प्रथम पटक सूचना प्रकाशित मितिः २०८३।०२।१३**

**धरौटी को रकम सदरस्याहा गर्ने सम्बन्धी सूचना**

प्रस्तुत विषयमा यस कार्यालयको आ.ब. २०८२।८३ सम्म विगत देखि नै अल्या भै आएका धरौटी फिर्ता लिने अवधि पुगेका तर प्रयोजन नखुलेका विभिन्न फर्म तथा व्यक्तीहरूको धरौटी रकमहरू प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९(गण्डकी प्रदेश सरकार) नियम ६० तथा प्रचलित कानुन बमोजिम सदरस्याहा गर्नुपर्ने भएकोले यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र प्रमाण सहित रकम दाबीको लागि निवेदन दिनुहुन अनुरोध छ। अन्यथा प्रचलित कानुन बमोजिम राजश्व दाखिला गरिने व्यहोरा जानकारी गराइन्छ। साथै नामनामेसिको लागि यस कार्यालयको आधिकारिक वेबसाइट : https://phoparbat.gandaki.gov.np मा हेर्न सकिने छ।

**नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान**
**जावलाखेल, ललितपुर**

**प्रस्ताव स्वीकृत गरिएको सूचना**

**(सूचना प्रकाशित मितिः २०८३/०२/१३)**

यस प्रतिष्ठानद्वारा देशका विभिन्न स्थानहरूमा सञ्चालन हुने प्रशिक्षण/सेमिनार कार्यक्रमहरूका लागि आवश्यक होटल सेवा खरिद (NASC/SQ/Hotel-01/2082/83) सम्बन्धी प्राप्त प्रस्ताव फारामहरूको मूल्याङ्कन पश्चात सारभूत रूपमा प्रभावग्राही देहाय बमोजिमका प्रस्तावदाताहरूको प्रस्ताव स्वीकृत गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

| क्र. सं. | प्रस्तावदाता |
|---|---|
| १ | ल्यान्डमार्क फरेस्ट पार्क, रत्ननगर |
| २ | होटल ल्यान्डमार्क पोखरा, पोखरा |
| ३ | धुलिखेल लज रिसोर्ट, धुलिखेल |
| ४ | होटल कन्ट्री भिल्ला, नगरकोट |
| ५ | भ्यू होटल सिद्धार्थ प्रा. लि., नेपालगञ्ज |

**धरान उपमहानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**धरान, सुनसरी, कोशी प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मिति :– २०८३।०२।१३**

यस कार्यालयद्वारा प्रकाशित गरिएको तल उल्लेख भएको निर्माण कार्यका लागि तपसिल बमोजिम ठेक्काको सूचनामा उल्लेखित अन्तिम मिति भित्र पर्न आएका बोलपत्रहरूको मूल्याङ्कन हुँदा न्यूनतम मूल्याङ्कन सारभूत रूपमा प्रभावग्राही बोलपत्र स्वीकृतीका लागि पेश भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) बमोजिमको प्रयोजनका लागि बोलपत्र स्वीकृत गर्ने आशयपत्रको ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ।

| सि. नं. | योजनाको नाम | बोलपत्र खरिद नं. | कबोल अङ्क भ्याट बाहेक र पि.एस सहित रु. | निर्माण व्यवसायीको नाम र ठेगाना |
|---|---|---|---|---|
| १ | Badminton Khel Maidan Stharunnati, Basantatar, Dharan-4 | 51/DHARAN/ WORKS/SQ/ 082/83 | १४,२१,१२५।२४ | M/S New Ashish Construction,Dharan-13 |

**प्रमुख प्रशासकीय अधिकृत**

**पूर्वाञ्चल विश्वविद्यालय**
**परीक्षा व्यवस्थापन कार्यालय**
**विराटनगर, मोरङ**

**सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना**

**(प्रकाशित मितिः २०८३।०२।१३ गते)**

यस कार्यालयद्वारा मिति २०८३।०१।२२ गतेको गोरखापत्र दैनिकमा प्रकाशित सिलबन्दी दरभाउपत्र आह्वानको सूचना बमोजिम एएःइ को वेब पोर्टल www.bolpatra.gov.np/egp मार्फत् प्राप्त भएको सिलबन्दी दरभाउपत्रको मूल्याङ्कनको आधारमा तपसिल बमोजिमको दरभाउपत्रदाताको दरभाउपत्र न्यूनतम् मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही भई स्वीकृतिका लागि छनोट गर्ने निर्णय भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ बमोजिम सम्बन्धित सबैको जानकारीको लागि यो आशयको सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| सि. नं. | सिलबन्दी दरभाउपत्र नं. | विवरण | न्यून मूल्याङ्कित सिलबन्दी दरभाउपत्रदाताको नाम र ठेगाना | कबोल रकम रू. (मू.अ. कर बाहेक) |
|---|---|---|---|---|
| १. | PUEXAM/ Morang/Works/ SQ/01-2082-083 | Construction of Truss Shed Hall and Office Room in Office of Examination Management, Biratnagar, Morang | Sawana Nirman Sewa, Duhabi-5, Sunsari | 13,01,962.60 |

# तीन जिल्ला अन्धकार

**बिजुवार समाचारदाता**
*बिजुवार, जेठ १२ गते*

झिमरुक जलविद्युत् आयोजनाको विद्युत्गृहमा जडित ट्रान्सफर्मरमा प्राविधिक समस्या आएपछि प्युठानसहित रोल्पा र अर्घाखाँचीमा तीन दिनदेखि विद्युत् सेवा अवरुद्ध भएको छ। गत आइतबार राति १२ बजेदेखि विद्युत् आपूर्ति बन्द हुँदा जनजीवन प्रभावित बनेको छ।

बुटवल पावर कम्पनी लिमिटेड अन्तर्गत माण्डवी–३, दारीचौरस्थित झिमरुक जलविद्युत् केन्द्रले सूचना जारी गर्दै पावरहाउसमा रहेको १५ एमभिए क्षमताको पावर ट्रान्सफर्मरमा समस्या देखिएकाले विद्युत् आपूर्ति रोकिएको जनाएको छ।

जिल्ला प्रशासन कार्यालय प्युठानका प्रमुख जिल्ला अधिकारी शान्तिराम प्रसाईंका अनुसार ट्रान्सफर्मर मर्मतमा समय लाग्ने देखिएपछि वैकल्पिक रूपमा अर्घाखाँचीतर्फबाट केन्द्रीय प्रसारण लाइनमार्फत विद्युत् आपूर्ति गर्ने प्रयास भइरहेको छ। सोमबार पावरहाउस क्षेत्रको स्थलगत अनुगमनपछि उहाँले सम्बन्धित निकायलाई काम तीव्र बनाउन निर्देशन दिइसकेको बताउनुभयो।

प्रदेश सभा बैठक

# थारू समुदायको बडघर विधेयक पेस

**दाङ समाचारदाता**
*दाङ, जेठ १२ गते*

लुम्बिनी प्रदेश सभाको आठौँ अधिवेशन अन्तर्गत मङ्गलबार बसेको सातौँ बैठकमा आर्थिक वर्ष २०८३/८४ को वार्षिक नीति तथा कार्यक्रममाथि औपचारिक छलफल सुरु भएको छ। प्रदेश प्रमुखबाट प्रस्तुत नीति तथा कार्यक्रममाथि धन्यवाद प्रस्ताव सर्वसम्मतिले पारित भएपछि सभाले छलफल प्रक्रिया अगाडि बढाएको हो।

बैठकमा लुम्बिनी प्रदेश सभा नियमावली, २०७९ को नियम ३९ को उपनियम (१) बमोजिम मुख्यमन्त्री चेतनारायण आचार्यले वार्षिक नीति तथा कार्यक्रममाथि छलफल प्रारम्भ गरियोस् भन्ने प्रस्ताव पेस गर्नुभएको थियो।

यसैबिच नीति तथा कार्यक्रममाथिको छलफलमा भाग लिँदै प्रदेश सभा सदस्य अर्जुनकुमार केसी, नीलम पासवान, भण्डारीलाल अहिर, भगवती अधिकारी, मीनाकुमारी श्रेष्ठ तथा विष्णुप्रसाद पन्थीले आआफ्ना धारणा राख्नुभयो। उहाँहरूले प्रदेश सरकारको नीति तथा कार्यक्रमका विभिन्न पक्ष, विकास प्राथमिकता, कृषि, पर्यटन, सुशासन, शिक्षा, स्वास्थ्य तथा पूर्वाधारसँग सम्बन्धित विषयमा धारणा राख्नुभयो।



लुम्बिनी प्रदेशसभा बैठक।

सभामुख तुलाराम घर्तीमगरले बैठकमा नीति तथा कार्यक्रममाथि कुनै संशोधन प्रस्ताव दर्ता नभएको जानकारी गराउनुभएको थियो। प्रदेश सभाले नीति तथा कार्यक्रममाथिको छलफललाई आगामी बैठकमा निरन्तरता दिने निर्णय गरेको छ।

# कृष्णसार संरक्षण क्षेत्रमा देखिए गिद्ध

**गुलरिया समाचारदाता**
*गुलरिया (बर्दिया), जेठ १२ गते*

बर्दियाको कृष्णसार संरक्षण क्षेत्रमा लोपोन्मुख डङ्गर गिद्ध देखिएको छ। नेपालमा पाइने नौ प्रजातिका गिद्धमध्ये लोपोन्मुख डङ्गर गिद्धको बथान कृष्णसार संरक्षण क्षेत्रमा धेरैपछि देखिएको छ।

१५ वर्षअगाडि कृष्णसार संरक्षण क्षेत्रमा गिद्धले गुँड लगाउने गरेका थिए। पछिल्लो समय कृष्णसार संरक्षण क्षेत्रबाट गिद्ध हराएका थिए तर अहिले एक बथान लोपोन्मुख डङ्गर गिद्ध देखा परेको छ।

प्रकृतिको कुचीकारका रूपमा चिनिएका गिद्धको सङ्ख्या संसारमा घट्दै गएको छ। कृष्णसार संरक्षण क्षेत्रमा भने एक सातादेखि १२ वटा डङ्गर गिद्धको बथान देखा परेको छ। कृष्णसार संरक्षण क्षेत्रनजिक रहेको गौशाला र कृष्णसार संरक्षण क्षेत्र आसपासको क्षेत्रमा आहाराका लागि गिद्ध आउने गरेका छन्। कृष्णसार संरक्षण क्षेत्रका सूचना अधिकारी रामु केसीका अनुसार १२ वटाको सङ्ख्यामा डङ्गर गिद्ध फेला पर्ने गरेका छन्। उहाँले भन्नुभयो, "पहिलेको जस्तै गरी गुँड नै बनाएर बस्छ कि भन्ने अपेक्षा गरिएको छ। कृष्णसार संरक्षण क्षेत्रभित्र बथान रहेकाले कसैले पनि अवरोध गरेको छैन। सधैँलाई स्थायी रूपमा बस्छ कि भन्ने आशा छ।"

नेपाल गिद्ध संरक्षण अभियन्ता रामबहादुर शाहीले पछिल्लो समयमा चारोका लागि विचरण गर्न बर्दियामा गिद्ध आउने गरे पनि गुँड बनाउने र बच्चा कोरल्ने नगरेको बताउनुभयो। उहाँले करिब डेढ दशकयता कृष्णसार संरक्षण क्षेत्रमा गुँड नदेखिएको र गिद्ध पनि कम देखिएको जानकारी दिनुभयो। यस पटक डङ्गर गिद्धको बथान देखिनु सुखद भएको बताउँदै उहाँले कृष्णसार संरक्षण क्षेत्रमा अग्ला सिमलको रुख भएकाले शान्त वातावरण भएमा गिद्धले गुँड बनाउने सम्भावना रहेको बताउनुभयो।

बढ्यो गर्मी

# भुइँमा पानी छर्केर पढ्छन् विद्यार्थी

**दाङ समाचारदाता**
*दाङ, जेठ १२ गते*

बिहान विद्यालय जाँदा ईश्वर वलीको झोलामा किताबकापी मात्रै हुँदैन, पानीको एउटा भाँडो पनि हुन्छ। दाङको घोराही उपमहानगरपालिका–२, चाक्लीघाटस्थित श्री आधारभूत विद्यालयमा कक्षा ६ मा अध्ययनरत ११ वर्षीय वलीलाई अहिले पानीबिना कक्षाकोठामा बस्नै कठिन पर्छ।

घरबाट विद्यालय पुग्न पाँच मिनेट पनि लाग्दैन। नियमित विद्यालय जाने ईश्वर पछिल्लो समय भने विद्यालय जान खासै रुचि नलाग्ने बताउनुहुन्छ। पछिल्ला दिनमा अत्यधिक गर्मी बढेपछि कक्षाकोठामा बस्न नसकिने अवस्था भएको उहाँको अनुभव छ।

टिनले छाएको कक्षाकोठा दिउँसो तातेर आगोको तापले पोले जस्तै हुन्छ। तल सिमेन्टको भुइँ, भित्ता पनि उस्तै पोल्ने। त्यसैले विद्यार्थी कक्षाकोठामा छिर्नुअघि भुइँ र टिनमा पानी छर्केर भए पनि केही समय चिसो बनाउने गर्छन्। वलीले भन्नुभयो, "कक्षाकोठाको भुइँमा पानी नछर्की बस्नै सकिँदैन। छानाको टिन तातेर दिउँसो त पोल्ने झैँ गर्मी हुन्छ। पानी छर्केर पढ्नुपर्ने बाध्यता छ।" वली मात्र होइन, उहाँका सहपाठी १३ वर्षीय भेदुलाल पुन र १२ वर्षीय दिया पुनको पीडा पनि उस्तै छ। त्यसैमाथि नियमित धारा नआउँदा विद्यार्थीले झनै समस्या भोग्नु पर्छ।

विद्यालयमा कुनै पनि कक्षाकोठामा पङ्खा छैन। यसका कारण विद्यार्थी चर्को गर्मीमा कष्टकर वातावरणमा पढ्न बाध्य छन्। केही दिनयता दाङमा अत्यधिक गर्मी बढेपछि विद्यार्थी किताबसँगै पानी बोकेर आउन थालेका छन्। कक्षाकोठाको भुइँ र टिनमा पानी हालेर केही बेर चिसो बनाएपछि मात्रै पढाइ सुरु हुने गरेको शिक्षकहरू बताउँछन्।

उखरमाउलो गर्मीका कारण टिनको छानामुनि बसेर पढ्न निकै कठिन हुने गरेको शिक्षक र विद्यार्थीको गुनासो छ। गर्मीका कारण विद्यालयबाट घर फर्केका बालबालिका बिरामीसमेत पर्न थालेका घोराही–२, चाक्लीघाटकी अभिभावक रिखा वलीले बताउनुभयो। ज्वरो आउने, टाउको दुख्ने समस्या देखा पर्न थालेको उहाँको भनाइ थियो।



तस्बिर : सन्तोष दहित

कक्षाकोठामा पानी छर्किँदै विद्यार्थी।

> कक्षाकोठाको भुइँमा पानी नछर्की बस्नै सकिँदैन। छानाको टिन तातेर दिउँसो त पोल्ने झैँ गर्मी हुन्छ। पानी छर्केर पढ्नुपर्ने बाध्यता छ।

विद्यालयका प्रधानाध्यापक दीपकुमार चौधरीका अनुसार विद्यालयमा ७५ जना विद्यार्थी अध्ययनरत छन्। सीमित स्रोतसाधनका कारण कक्षाकोठामा पङ्खा व्यवस्था गर्न नसकिएको उहाँको भनाइ छ। प्रधानाध्यापक चौधरीले भन्नुभयो, "गर्मी अत्यधिक बढेको छ, विद्यार्थीलाई सहज वातावरणमा पढाउन चाहे पनि आवश्यक पूर्वाधारको अभाव छ।" पूर्वाधार अभावबिच पनि विद्यालयले शैक्षिक क्षेत्रमा भने उल्लेखनीय सफलता हासिल गर्दै आएको छ। प्रधानाध्यापक चौधरीले घोराही उपमहानगरपालिकाभित्र सञ्चालन हुने आधारभूत तहको परीक्षामा विद्यालय नगरस्तरमै प्रथम हुँदै आएको दाबी गर्नुभयो।

घोराही उपमहानगरपालिकाका प्रवक्ता तथा सामाजिक विकास महाशाखाका प्रमुख राममणि पाण्डेयले अत्यधिक गर्मीका कारण विद्यार्थीको स्वास्थ्य अवस्थालाई हेरेर उपमहानगरपालिका अन्तर्गतका सम्पूर्ण विद्यालयमा यही सातादेखि स्थानीय बिदा दिने तयारी गरिएको बताउनुभयो।

# पिप्रहवाघाटमा बन्ने भो पुल

**नेपालगन्ज समाचारदाता**
*नेपालगन्ज, जेठ १२ गते*

बाँकेका तीन वटा पालिकालाई जोड्ने राप्ती नदीको पिप्रहवाघाटमा झोलुङ्गे पुल निर्माण प्रक्रिया सुरु गरिएको छ।

पिप्रहवाघाटमा पुल निर्माण हुने भएपछि बर्सौंदेखि पुल नहुँदा आवागमनमा कठिनाइ भोग्दै आएका जिल्लाको राप्तीसोनारी, नरैनापुर र डुडुवा गाउँपालिकाका बासिन्दाको ज्यान जोखिममा हालेर डुङ्गामा राप्ती नदी वारपार गर्नुपर्ने बाध्यता अब हट्ने भएको हो।

तीन पालिकाका बासिन्दाले बर्सौंदेखि राप्ती नदीमा पुल निर्माणको माग गर्दै आएकाले जनताको मागलाई ध्यानमा राखेर पिप्रहवाघाटमा झोलुङ्गे पुल निर्माण प्रक्रिया सुरु भएको हो।

राप्तीसोनारी गाउँपालिका–७ अन्तर्गत फरेदा, पिप्रहवा, देउपुरुवालगायतका गाउँ तथा डुडुवा गाउँपालिका–१ का बालुपुरुवा, चौफेरीलगायतका क्षेत्र जोड्ने गरी सो पुल निर्माण हुन लागेको ललितपुरस्थित सस्पेन्सन ब्रिज डिभिजनका इन्जिनियर कैलाश मोक्तानले जानकारी दिनुभयो। पुल १५ करोड रुपियाँको लागतमा निर्माण गरिने उहाँले बताउनुभयो।

पुल निर्माणको सर्भे गर्न टोलीसहित बाँकेमा आएका इन्जिनियर मोक्तानले पुल सर्भेको काम सम्पन्न भएको बताउनुभयो। पुल बनेपछि राप्ती नदीमा पुल नहुँदा ज्यान जोखिममा हालेर डुङ्गामा राप्ती नदी वारपार गर्नुपर्ने बाँकेका तीन वटा गाउँपालिकाका बासिन्दाको बाध्यता हट्ने भएको छ।

राप्तीसोनारी खल्ला झगडियाका ७० वर्षीय दुर्गाप्रसाद पाण्डेले पिप्रहवाघाटमा पुल निर्माणका लागि करिब पाँच दशकदेखि माग र प्रयास गर्दै आएकोमा अहिले आएर सर्भे गरिएकाले अब ज्यान जोखिममा हालेर यात्रा गर्ने दिन समाप्त हुने देखिएको बताउनुभयो।

पिप्रहवाघाटमा १० वर्षदेखि डुङ्गा चलाउँदै आएका माझी गुड्डु मल्लाहले नदी तर्दातर्दै अकमास्त् आउने बाढीले डुङ्गा बगाउँदा धेरै पटक जीवन जोखिममा परेको अनुभव सुनाउनुभयो।

# असहाय कुकुरका सहारा बन्दै प्रकाश



**बबई समाचारदाता**
*बबई (बर्दिया), जेठ १२ गते*

सडकमा छोडिएका, बिरामी र घाइते कुकुरलाई धेरैले बेवास्ता गर्छन्। कतिपयले त लखेट्ने र हिंसा गर्नेसमेत गर्छन्। बर्दियाका प्रकाश मल्ल भने यिनै असहाय जनावरको सेवा गरेर आत्मसन्तुष्टि खोजिरहनुभएको छ।

गुलरिया नगरपालिका–४, तुलापुरका मल्ल विगत एक दशकदेखि सडकमा अलपत्र परेका कुकुरको उद्धार, उपचार र संरक्षणमा सक्रिय हुनुहुन्छ। उहाँले गुलरियाको कोटहीटोलमा दुई बिघा जग्गा भाडामा लिएर 'सोल्टिज होप' नामक कुकुरका लागि आश्रयस्थल सञ्चालन गर्नुभएको छ। त्यहाँ अहिले तीन सयभन्दा बढी कुकुर राखिएका छन्।

सडकमा दुर्घटनामा परेका, बिरामी, अशक्त तथा छाडिएका कुकुरलाई उद्धार गरेर ल्याइने र उपचारपछि पुनः सुरक्षित स्थानमा छाड्ने काम भइरहेको मल्लले बताउनुभयो। उहाँले भन्नुभयो, "कुकुरको पनि जीवन छ। उनीहरूलाई पनि बाँच्न पाउने अधिकार छ। त्यसैले असहाय कुकुरको सक्दो सेवा गर्ने प्रयास गरिरहेको छु।"

उहाँका अनुसार सुरुमा एकदुई वटा कुकुरलाई घरमै राखेर उपचार गर्ने गरिएको थियो। बिस्तारै कुकुरको सङ्ख्या बढ्न थालेपछि व्यवस्थित रूपमा संरक्षण केन्द्र सञ्चालन गर्नुपर्ने अवस्था आएको हो। अहिले आश्रयस्थलमा तीन कर्मचारीले कुकुरको हेरचाह गरिरहेका छन्।

उद्धार गरिएका कुकुरलाई अवस्था अनुसार वर्गीकरण गरेर उपचार गरिन्छ। निको भएका कतिपय कुकुरलाई पुनः पुरानै क्षेत्रमा लगेर छाडिन्छ भने केहीलाई पशुप्रेमीले पाल्नका लागि घर लैजाने गरेका छन्।

मल्ललाई कसैले सडकमा घाइते वा बिरामी कुकुर देखिएको जानकारी गराए उहाँ आफैँ उद्धारका लागि पुग्नुहुन्छ। उहाँले काठमाडौँदेखि महेन्द्रनगरसम्मका कुकुरको उद्धार गरिसकेको दाबी गर्नुभयो। पछिल्लो समय सडकमा छाडिएका गाईगोरुको संरक्षणमा समेत सक्रिय भएको उहाँको भनाइ छ।

सुरुका दिनमा उहाँको कामलाई परिवार र समाजले सकारात्मक रूपमा नलिएको उहाँको अनुभव छ। कुकुरको सेवा गरेको देखेर परिवारका सदस्यले समेत दुरी बनाएको स्मरण गर्दै उहाँले अहिले भने सबैको सहयोग मिलिरहेको बताउनुभयो।

उहाँका दाइ चन्द्रबहादुर मल्लले भाइले थालेको काम अहिले समाजमा उदाहरणीय बन्दै गएको बताउनुभयो। उहाँले भन्नुभयो, "पहिला परिवारमै धेरैले बुझ्न सकेका थिएनन्। अहिले भने उसको कामको प्रशंसा हुन थालेपछि हामी पनि खुसी भएका छौँ।"

# लोक सेवा आयोगका सूचनाहरु

## केन्द्रीय कार्यालय, कमलपोखरी

### *सूचना तथा प्रकाशन शाखा*

### एकीकृत परीक्षा अन्तर्गत रा.प.अनं.प्रथम श्रेणी (अप्राविधिक), नायब सुब्बा वा सो सरह पदको प्रथम चरणको लिखित परीक्षाको नतिजा प्रकाशन सम्बन्धी सूचना

**सूचना नं. २३०५/२०८२-८३**

आयोगका कार्यालयहरुबाट एकीकृत परीक्षा अन्तर्गत रा.प.अनं.प्रथम श्रेणी (अप्राविधिक), नायब सुब्बा वा सो सरह पदको लागि मिति २०८२।१।२० मा सञ्चालन भएको प्रथम चरणको लिखित परीक्षाबाट देहायको संख्यामा द्वितीय चरणको परीक्षाका लागि उम्मेदवारहरु छनौट भएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। साथै उक्त परीक्षामा सम्मिलित केही उम्मेदवारहरुले आफ्नो उत्तरपुस्तिकामा "की" उल्लेख नगरेको हुँदा निजहरुको परीक्षा रद्द गरिएको छ। द्वितीय चरणको परीक्षाका लागि छनौट भएका उम्मेदवारहरुले साविककै प्रवेशपत्रबाट, प्रथम चरणको परीक्षा दिएकै आयोगका कार्यालयहरुले तोक्ने परीक्षा केन्द्रमा मात्र सहभागी हुन पाउने व्यहोरा जानकारी गराइन्छ। प्रथम चरणको नतिजा सम्बन्धी विस्तृत विवरण र जानकारी आयोगको वेभसाइट www.psc.gov.np तथा आयोगको सूचनापाटी एवं आयोगका सम्बन्धित कार्यालयहरुबाट प्राप्त गर्न सकिनेछ।

| सूचना नं. | कार्यालय | विज्ञापन नं. | नतिजा प्रकाशन मिति | लि.प.मा सम्मिलित उम्मेदवार संख्या | द्वितीय चरण परीक्षाको लागि छनौट उम्मेदवार संख्या | "की" उल्लेख नगरेका उम्मेदवार संख्या |
|---|---|---|---|---|---|---|
| २२३४/०८२-८३ | लोक सेवा आयोग, धनकुटा कार्यालय | १०००१-१०००६/०८२-८३ (खुला तथा समावेशी) | २०८३।२।५ | ३२६१ | ४५७ | ८ |
| २२७७/०८२-८३ | लोक सेवा आयोग, जलेश्वर कार्यालय | ११३०१-११३०६/०८२-८३ (खुला तथा समावेशी) | २०८३।२।७ | ५३८३ | ८७६ | १० |
| २३०४/०८२-८३ | लोक सेवा आयोग, काठमाडौं कार्यालय | ११९०१-११९०६/०८२-८३ (खुला तथा समावेशी) | २०८३।२।११ | १४८०० | २६३० | ४८ |
| २२४४/०८२-८३ | लोक सेवा आयोग, पोखरा कार्यालय | १२८५१-१२८५६/०८२-८३ (खुला तथा समावेशी) | २०८३।२।६ | २०५५ | ३५७ | ३ |
| २२८२/०८२-८३ | लोक सेवा आयोग, बुटवल कार्यालय | १३८०१-१३८०५/०८२-८३ (खुला तथा समावेशी) | २०८३।२।८ | ३७१५ | ३९२ | १० |
| २२८१/०८२-८३ | लोक सेवा आयोग, सुर्खेत कार्यालय | १४७५१-१४७५५/०८२-८३ (खुला तथा समावेशी) | २०८३।२।८ | ३९६० | ३०६ | ३ |
| २२४३/०८२-८३ | लोक सेवा आयोग, दिपायल कार्यालय | १५७०१-१५७०४/०८२-८३ (खुला तथा समावेशी) | २०८३।२।६ | २५७४ | २१९ | ६ |

## सिफारिस सम्बन्धी सूचनाहरु

लोक सेवा आयोगबाट प्रकाशित देहाय बमोजिमका विज्ञापनको सिफारिस सम्बन्धी सूचना आयोगको वेबसाइटका साथै सम्बन्धित कार्यालयको सूचना पाटीमा टाँस गरिएको र आयोगको मिति २०८३/२/१३ को सूचनापत्र (Bulletin) मा समेत प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| क्र.सं. | विज्ञापन नं. | किसिम | सेवा, समूह, उपसमूह | श्रेणी/तह | पद |
|---|---|---|---|---|---|
| **लोक सेवा आयोग, केन्द्रीय कार्यालय** | | | | | |
| १. | १६६५९-१६६६१/०८२-८३ | खुला तथा समावेशी | प्रशासन | रा.प. प्रथम | सहसचिव वा सो सरह |
| २. | १६६६२/०८२-८३ | खुला | लेखापरीक्षण | रा.प. प्रथम | सहसचिव वा सो सरह |
| ३. | १६६६३/०८२-८३ | खुला | सङ्घीय संसद, प्रशासन | रा.प. प्रथम | सहसचिव वा सो सरह |
| ४. | १७२१०/०८२-८३ | खुला | स्वास्थ्य, मेडिसिन, नेफ्रोलोजी | नवौं | कन्सल्टेण्ट नेफ्रोलोजिष्ट |
| ५. | १७२१५/०८२-८३ | खुला | स्वास्थ्य, मेडिसिन, कार्डियोलोजी | नवौं | कन्सल्टेण्ट कार्डियोलोजिष्ट |
| ६. | १७२२४/०८२-८३ | मधेशी | स्वास्थ्य, सर्जरी, ग्याष्ट्रो इन्टेरोलोजिकल सर्जरी | नवौं | कन्सल्टेण्ट ग्याष्ट्रो इन्टेरोलोजिष्ट सर्जन |
| ७. | १७२२८/०८२-८३ | आ.प्र. | स्वास्थ्य, साइक्याट्री | नवौं | कन्सल्टेण्ट साइक्याट्रिष्ट |
| ८. | १७२२९-१७२३०/०८२-८३ | आ.प्र. र खुला | स्वास्थ्य, पेडियाट्रिक, नियोनेटोलोजी | नवौं | कन्सल्टेण्ट नियोनेटोलोजिष्ट |
| ९. | १७२३१/०८२-८३ | आ.प्र. | स्वास्थ्य, एनेस्थेसियोलोजी | नवौं | कन्सल्टेण्ट एनेस्थेसियोलोजिष्ट |
| १०. | १७२३६-१७२३७/०८२-८३ | आ.प्र. र खुला | स्वास्थ्य, जनरल नर्सिङ्ग | नवौं | अस्पताल नर्सिङ्ग प्रशासक |
| ११. | १७२३८/०८२-८३ | खुला | स्वास्थ्य, मे.ल्या.टे., ज.मे.ल्या.टे. | नवौं | उपप्रमुख मेडिकल ल्याब टेक्नोलोजिष्ट |
| १२. | १७२४०/०८२-८३ | आ.प्र. | स्वास्थ्य, फार्मेसी | नवौं | औषधी व्यवस्थापक |
| १३. | १६६५७/०८२-८३ | मधेशी | न्याय, कानून | रा.प. प्रथम | सहसचिव वा सो सरह |
| १४. | १७२१७/०८२-८३ | आ.ज. | स्वास्थ्य, मेडिसिन, ट्रपिकल मेडिसिन | नवौं | कन्सल्टेण्ट ट्रपिकल मेडिसिन (फिजिसियन) |

## केन्द्रीय कार्यालय, कमलपोखरी

### अन्तर्वार्ता तथा सिफारिस शाखा

#### अन्तर्वार्तामा सम्मिलित गराउने सम्बन्धमा

**सूचना नं. २२७८/०८२-८३, मिति २०८३।२।७**

लोक सेवा आयोग, केन्द्रीय कार्यालयको विज्ञापन नम्बर १७२३९/०८२-८३ (आ.प्र.), नेपाल स्वास्थ्य सेवा, हेल्थ इन्स्पेक्सन समूह, नवौं तह, जनस्वास्थ्य प्रशासक पदका उम्मेदवार योगेशप्रसाद भट्ट (रोल नम्बर ८७००६०) को दरखास्त र परीक्षा समेत बदर गरी अन्तर्वार्ताका लागि प्रकाशित सूचीबाट निजको नाम हटाउने गरी आयोगबाट मिति २०८३।०१।३१ मा निर्णय भएकोमा सम्मानित सर्वोच्च अदालतबाट निज उम्मेदवारलाई अन्तर्वार्तामा सम्मिलित गराउनु भनी (रिट नं. ०८२-WO-१३३३) मिति २०८३।०२।०६ मा अल्पकालीन अन्तरिम आदेश जारी भएबमोजिम निज उम्मेदवारलाई अन्तर्वार्तामा सम्मिलित गराउने गरी आयोग (अध्यक्षस्तर) को मिति २०८३।०२।०७ मा निर्णय भएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

#### योग्यताक्रमको सूचीबाट हटाइएको

**सूचना नं. २२३५/०८२-८३, मिति २०८३।२।५**

सम्मानित सर्वोच्च अदालतको रिट नं. ०८२-WO-०३८२ (०८२-FN-०५६६), मिति २०८२।१२।१६ को अन्तरिम आदेश बमोजिम अन्तर्वार्तामा समावेश भएकोमा सम्मानित सर्वोच्च अदालतको मिति २०८३।०२।०५ को पत्रबाट रिट नं. ०८२-WO-०३८२ र सो रिट निवेदनमा लगाउमा रहेका रिट नं. ०८२-WO-०६४४. रिट नं. ०७९-wo-१४०४, रिट नं. ०८२-wo-७७६ र रिट नं. ०८२-wo-०७७७ निवेदन खारेज हुने संयुक्त इजलासबाट फैसला भएको जानकारी प्राप्त भएकोले आयोगको वि.नं. १६६५७/०८२-८३ (मधेशी), नेपाल न्याय सेवा, कानून समूह, रा.प.प्रथम श्रेणी, सहसचिव वा सो सरह पदका उम्मेदवार इन्दीरा यादव (रोल नं. ८७०१५१) को अनुभव लोक सेवा आयोग (कार्य सञ्चालन) निर्देशिका, २०७९, परिच्छेद ४, विज्ञापन प्रकाशन तथा दरखास्त फारामको छानविन र स्वीकृति सम्बन्धी व्यवस्थाको दफा ११ को उपदफा (५) को खण्ड (ज) मा तोकिएको अनुभवसँग मिल्दो नदेखिएकोले लोक सेवा आयोग ऐन, २०७९ को दफा ३८ को उपदफा (३) बमोजिम निजको दरखास्त, लिखित परीक्षाको नतिजा, मामिला प्रस्तुतीकरण र अन्तर्वार्ता समेत बदर गरी निजको नाम सो सूचीबाट हटाउने गरी आयोगको मिति २०८३।०२।०५ मा निर्णय भएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

### परीक्षा सञ्चालन शाखा

#### उम्मेदवारको परीक्षा रद्द गरी कारबाही गरिएको सूचना

**सूचना नं. २२०४/०८२-८३**

लोक सेवा आयोगद्वारा प्रकाशित वि.नं. १६६६४-१६६७१/०८२-८३ (आन्तरिक), उपसचिव वा सो सरह पदको लिखित परीक्षामा लोक सेवा आयोगको अनामनगर परीक्षा केन्द्रमा मास्टर आईडी ८६२९७३, रोल नं. ८७२०७६ का उमेदवार भोजपुर जिल्ला साल्पा सिलिछो गा.पा. स्थायी ठेगाना भई हाल मोरङ्ग जिल्ला विराटनगर महानगरपालिका वडा नं. १२ बस्ने प्रेम बहादुर गिरीको नाती मान बहादुर गिरीको छोरा योगराज गिरीले आफ्नो सिटको टेबलमा परीक्षाको विषय वस्तु सान्दर्भिक टिपोट पुर्ववत रुपमा लेखि परीक्षामा समेत सहभागी भई लोक सेवा आयोग ऐन, २०७९ को दफा ४१ (१) बमोजिमको कसुर गरेकोले सोही ऐनको दफा ४१ (२) बमोजिम निज योगराज गिरीको वि.नं. १६६६४-१६६७१/०८२-८३ का सबै परीक्षा रद्द गर्ने तथा निजलाई आगामी एक वर्षसम्म लोक सेवा आयोगबाट सञ्चालन हुने कुनै पनि परीक्षामा सहभागी नगराउने भनि आयोगबाट मिति २०८३।१।२९ गते निर्णय भएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**www.psc.gov.np**



सुन्दर वराहताल : बागलुङको मुठाचौरस्थित वराहताल संरक्षण र प्रवर्धनको प्रतीक्षामा छ ।

तस्बिर : नवराज नेपाली

# सार्वजनिक जग्गा उपयोग हुँदै

**गलकोट समाचारदाता**

*बागलुङ (गलकोट), जेठ १२ गते*

बागलुङको तमानखोला गाउँपालिकाले उपयोगविहीन सार्वजनिक जग्गालाई उत्पादनसँग जोड्न थालेको छ । गाउँपालिकाले वडा नं. ४ लाम्मेलास्थित गोरदी र बयली क्षेत्रमा रहेको २४ रोपनी सार्वजनिक जग्गामा व्यावसायिक स्याउ बगैँचा स्थापना गरेर यो अभियानको सुरुवात गरेको छ ।

उच्च पहाडी क्षेत्रमा रहेको सार्वजनिक जग्गा झाडीले ढाकिँदै गएपछि त्यसलाई संरक्षण गर्दै आयआर्जनसँग जोड्ने उद्देश्यले गाउँपालिकाले स्याउ खेती सुरु गरेको जानकारी दिएको छ । गाउँपालिकाले जग्गा व्यवस्थापन, तारबार, थोपा सिँचाइ प्रणाली जडान तथा बिरुवा संरक्षणसहित एक हजार चार सय स्याउका बिरुवा रोपेको जानकारी दिएको छ ।

गाउँपालिका अध्यक्ष जोकलाल बुढाले उत्पादनमुखी कार्यक्रम अन्तर्गत सार्वजनिक जग्गालाई सदुपयोग गर्ने नीति अनुसार स्याउ खेती विस्तार गरिएको बताउनुभयो । उहाँका अनुसार मुस्ताङबाट ल्याइएका गाला र गोल्डेन जातका स्याउका बिरुवा एक वर्षअघि रोपिएको हो ।

अध्यक्ष बुढाले भन्नुभयो, "सार्वजनिक जग्गा खेर जाने अवस्था थियो । त्यसलाई संरक्षण गर्दै उत्पादनसँग जोड्ने उद्देश्यले स्याउ बगैँचा स्थापना गरेका हौँ । चारदेखि पाँच वर्षभित्र उत्पादन सुरु हुने अपेक्षा गरेका छौँ । उत्पादन दिन थालेपछि कार्यविधि बनाएर स्थानीय समुदायलाई हस्तान्तरण गर्ने योजना छ ।"

उहाँले गाउँपालिकाले कृषिलाई रोजगारी र आयआर्जनसँग जोड्ने गरी दीर्घकालीन योजना बनाएको दाबी गर्नुभयो । उत्पादन सफल भएमा आगामी वर्ष थप क्षेत्रफलमा स्याउ खेती विस्तार गर्ने तयारीसमेत गरिएको उहाँको भनाइ छ । हाल बगैँचाको संरक्षण तथा व्यवस्थापन वडा कार्यालयमार्फत भइरहेको छ । गाउँपालिकाले लगानीको प्रतिफल सुनिश्चित गर्दै स्थानीय समुदायलाई संरक्षण र सञ्चालनमा जोड्ने रणनीति अघि बढाएको जनाएको छ । तमानखोला गाउँपालिका-४ का अध्यक्ष प्रसाद श्रीपालीले उच्च पहाडी क्षेत्रमा उत्पादनमुखी खेती विस्तार गरेर कृषि र पर्यटनलाई सँगसँगै विकास गर्ने लक्ष्य राखिएको बताउनुभयो ।

## प्रदेश सभा बैठक

# दिगो विकासका कार्यक्रम प्राथमिकतामा

**फडिन्द्र अधिकारी**

*लेखनाथ, जेठ १२ गते*

गण्डकी प्रदेश सरकारले पर्यटक, कृषि र रोजगारी प्रवर्धनका कार्यक्रमलाई बढावा दिने भएको छ । सरकारको आगामी आर्थिक वर्षको बजेटका सिद्धान्त र प्राथमिकतामा एकल अधिकारका थप कानुन निर्माण, राजस्वका नयाँ सम्भावना खोजी गर्दै नागरिकलाई सरकारको अनुभूति प्रभावकारी बनाउने योजना समेटिएका छन् ।

हालै राइड सेयरिङ नियमावली संशोधन गरेको सरकारले आगामी आवमा त्यसलाई कार्यान्वयनमा लैजाने भएको छ । मङ्गलबार प्रदेश सभामा आगामी आवको बजेटका सिद्धान्त र प्राथमिकता प्रस्तुत गर्दै आर्थिक मामिलामन्त्री जितबहादुर शेरचनले विद्युतीय सवारीसाधनको प्रयोगलाई प्रोत्साहन गरिने उल्लेख गर्नुभयो ।

उहाँले भन्नुभयो, "प्रदूषण न्यूनीकरण गर्न इभीलाई प्राथमिकता दिइने छ । यातायात सेवा सहज बनाउन राइड सेयरिङ सेवा लागु गरिने छ ।" सरकारले पोखराकेन्द्रित 'पोखरा जाऔँ : प्रकृति र संस्कृतिसँग रमाऔँ' कार्यक्रम चलाउने भएको छ । पर्यटकीय गन्तव्यको डिजिटल नक्साङ्कन, सौन्दर्यीकरण, ब्रान्डिङ, बजारीकरण र पूर्वाधार निर्माणसँगै बाह्य पर्यटकको तथ्याङ्क सङ्कलन गरिने भएको छ ।

प्रदेश सरकारले सार्वजनिक गरेको सिद्धान्त तथा प्राथमिकतामा प्रदेशका प्रमुख नाकामा सूचना प्रणालीसहित डेटा केन्द्र स्थापना गरिने कुरा उल्लेख गरिएको छ । सुरक्षित पर्यटनका लागि पर्यटक सूचना केन्द्र, उद्धार केन्द्र र दक्ष जनशक्ति विकासका कार्यक्रम ल्याइने कुरा उल्लेख गरिएको छ ।

स्थानीय तहसँग सहकार्यमा 'एक पालिका : एक गन्तव्य र आदर्श ग्राम' को अवधारणा ल्याइने भएको छ । घरबासलाई स्थानीय किसानसँग जोडेर रैथाने कृषि उत्पादनको उपयोग बढाउने र ग्रामीण पर्यटनसँग स्थानीय उत्पादन, संस्कृति र कृषि जोड्ने नीति लिइने भएको छ ।

आर्थिक मामिलामन्त्री शेरचनले नेपाल सरकारको १६ औँ पञ्चवर्षीय योजना, गण्डकी प्रदेश सरकारको दोस्रो पञ्चवर्षीय योजना, दिगो विकासका लक्ष्य, मध्यमकालीन खर्च संरचना र सरकारका साझा प्रतिबद्धतालाई मार्गदर्शन बनाए नयाँ बजेट आउने बताउनुभयो ।

हाल प्रदेशले प्रयोग गर्दै गरेका एकल अधिकार क्षेत्रभित्र कानुन निर्माण र कार्यान्वयन तथा साझा अधिकारका विषयमा सङ्घ, प्रदेश र स्थानीय तहबीच समन्वय र साझेदारी बढाइने पनि उल्लेख गरिएको छ ।

विकास आयोजनामा सङ्घ, प्रदेश र स्थानीय तहबिच समन्वय गरी दोहोरोपन हटाउने नीति लिइने भएको छ । निजी र सहकारी क्षेत्रसँग सहकार्य गरेर उत्पादनमूलक उद्योग, व्यवसायमा लगानी बढाई रोजगारी सिर्जनामा ध्यान दिने सरकारको नीति छ ।

नवप्रवर्तन, प्रविधिमैत्री र स्टार्टअप कार्यक्रमलाई प्राथमिकता दिँदै उत्पादन, उत्पादकत्व र गरिबी न्यूनीकरणमा सहयोग पुऱ्याउने लक्ष्य सरकारको छ ।

कृषिजन्य उत्पादनको न्यूनतम समर्थन मूल्य तोक्ने योजना बनाएको सरकारले कृषि एम्बुलेन्स र कृषि बिमा कार्यक्रमलाई सघाउने भएको छ । औद्योगिक तथा औषधीजन्य कच्चा पदार्थका रूपमा गाँजा खेतीका लागि कानुनी व्यवस्था मिलाइने मन्त्री शेरचनले उल्लेख गर्नुभयो । यससम्बन्धी विधेयक अहिले प्रदेश सभाका समितिहरूमा छलफलका क्रममा छ ।

स्थानीय रूपमा मदिराको गुणस्तरीय उत्पादन र बिक्रीवितरणलाई नियमन गर्ने र यसबाट राजस्व सङ्कलनसमेत गरिने भएको छ । विभिन्न जातजाति र समुदायका परम्परागत सिप, रैथाने प्रविधि र संस्कृतिलाई उद्यमशीलतासँग जोड्ने गरी बजेट ल्याउने उहाँले उल्लेख गर्नुभयो ।

बैठकको शून्य सयमा प्रदेश सभा सदस्यले हावाहुरी प्रभावित किसानलाई राहत दिन, सडक सुधार तथा मर्मत गर्न र वैकल्पिक व्यवस्था गरेर मात्र सुकुमवासी बस्ती हटाउन माग गर्नुभएको थियो ।

सभामा प्रदेश सभा सदस्य कुसुम बुढा पुन, दीपेन्द्रबहादुर थापा, देवका पहारी, प्रकाश बराल, फणीन्द्र देवकोटा, महेश भट्टराई, श्यामराजा महत, दमयन्ती रुचाल, राजकुमारी भुजेल, सुधीरकुमार पौडेल, विन्दु पौडेल, पञ्चराम गुरुङलगायतले बोल्नुभएको थियो । प्रदेश सभाको अर्को बैठक बुधबार बस्ने भएको छ ।

# बेनी–जोमसोम सडक अवरुद्ध

**म्याग्दी समाचारदाता**

*म्याग्दी, जेठ १२ गते*

हिमालपारिको जिल्ला मुस्ताङलाई राष्ट्रिय राजमार्गसँग जोड्ने एक मात्रै सडक बेनी–जोमसोम लगातारको वर्षासँगै आएको पहिरोले मङ्गलबार दिउँसोदेखि अवरुद्ध भएको छ । बेनी–जोमसोम सडकको म्याग्दी खण्ड अन्तर्गत रघुगङ्गा गाउँपालिका–२, उपल्लो बैसरी क्षेत्रमा वर्षासँगै पहिरो खसेपछि सडक पूर्ण रूपमा अवरुद्ध भएको हो । जिल्ला प्रहरी कार्यालय म्याग्दीका सूचना अधिकारी प्रहरी निरीक्षक सागर तिमिल्सिनाका अनुसार सडकमा सवारीसाधन गुडिरहेको समयमा एक्कासि माथिबाट आएको पहिरोले गर्दा चार वटा सवारीसाधन पहिरोको बिचमै फसेका छन् ।

## भूलसुधार

मिति २०८३।०२।१२ मा गोरखापत्र दैनिकको पृष्ठ १० मा प्रकाशित भूमि प्रशासन कार्यालय डिल्लीबजार, काठमाडौँबाट जारी मृतक मोही सुर्य बहादुर पण्डित क्षेत्रीको कानूनी हकदारहरू कोही भए हकदाबी गर्न आउनेबारे ३० दिने सार्वजनिक सूचनामा गुप्त बहादुर खड्का समेतको मिति २०७८।५।१७ मा परलोक हुनुभएकोले हुनुपर्नेमा भूलवश अन्यथा भएकोले सच्याइएको छ ।


## भूमिसुधार तथा मालपोत कार्यालय, डिल्लीबजार, काठमाडौँबाट नामसारीको हकदाबी सम्बन्धमा प्रकाशित ३५ दिने सार्वजनिक सूचना ।

**निवेदक– राम कुमारी खड्गी** **मोही– सानुभाई खड्गी र राजेश खड्गी**

यसमा जिल्ला काठमाडौँ, का.म.न.पा. २८ बस्ने राम कुमारी खड्गीले जग्गाधनी जगन्नद प्रकाशेश्वर गुठी र मोही निजको सौतेनी छोरा राजेश खड्गी समेतको भएको का.जि., का.म.न.पा. वडा नम्बर ३१ कि.नं. ३७०७ क्षेत्रफल ५७.२९ व.मि. घर जग्गा दर्ता स्रेस्ता कायम रहेकोमा निज मोही राजेश खड्गीको मिति २०५९।२।२४ मा मृत्यु भएको, मोहीकी पत्नी र छोरी सुर्यलक्ष्मी खड्गी र सुजीता खड्गीले आफ्नो अंश लगिसकेको तथा हालको नजिकको जीवित हकदार म सौतेनी आमा निवेदिका राम कुमारी खड्गी रहेकोले उल्लिखित जग्गामध्ये राजेश खड्गी र सानुभाई खड्गीको हकहिस्सा मेरो नाममा नामसारी गराई पाऊँ भनी का.म.न.पा. २८ नम्बर वडा कार्यालयको च.नं. १००० मिति २०८२।१०।१४ को सिफारिस, नाता प्रमाणित, मृत्यु दर्ता प्रमाणपत्र प्रतिलिपि, गुठी संस्थाको निर्णय लगायतका कागजातहरू संलग्न गरी मागदाबी निवेदन पेश गर्नुभएकोमा कार्यालयको आदेशानुसार यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । अतः निवेदकको मागदाबी सत्य नभई झुठ्ठा भए वा उल्लिखित घरजग्गामध्ये राजेश खड्गी र सानुभाई खड्गीको हकहिस्सा जति निवेदक राम कुमारी खड्गीको मागदाबी बमोजिम निजको नाममा मात्र एकलौटी नामसारी गर्न नहुने कुनै कारण भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र सबुत प्रमाण सहित लिखित रूपमा दाबी विरोध गर्न आउनुहोला । अन्यथा कानून बमोजिम भई जानेछ ।



नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रसुवा, बागमती प्रदेश

## धरौटी खाताको रकम सदरस्याहा गर्ने सम्बन्धी सूचना

सूचना प्रकाशन मितिः- २०८३/०२/१३

प्रस्तुत विषयमा यस कार्यालयको आ.व.२०८१/०८२ सम्म तपसिलमा उल्लिखित खातामा मौज्दात रहेका नामनामेसी नखुलेका धरौटी रकम आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६७(२) र (३) तथा प्रचलित कानून बमोजिम सदरस्याहा गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र धरौटी रकम जम्मा गरेको प्रमाण सहित सम्बन्धित व्यक्ति/निकायहरूले फिर्ता लिनको लागि निवेदन पेश गर्नुहुन अनुरोध छ । अन्यथा कानून बमोजिम राजस्व खातामा दाखिला गरिने व्यहोरा जानकारी गराइन्छ ।

तपसिल

| धरौटीतर्फ रहेको रकमको बिवरण | | | |
|---|---|---|---|
| सि. नं. | खाताको विवरण/खाता नं. | खातावालाको नाम | आ.व. ०८१/०८२ सम्म मौज्दात रहेको रकम रु. |
| 1 | संघीय धरौटी खाता (खाता नं. १११०१०००००२००३००००0१) | कोष तथा लेखा नियन्त्रक कार्यालय, धुन्चे, रसुवा । | २३,६०,१८७.०१ (तेइस लाख साठी हजार एक सय सतासी र पैसा एक मात्र) |



## संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय, पोखराको

### धरौटी रकम फिर्ता लिन आउने सम्बन्धी सूचना ।

सूचना प्रकाशित मिति : २०८३।०२।१३

प्रस्तुत विषयमा यस कार्यालयबाट जारी खरिद ठेक्कामा सहभागी हुँदा तथा भुक्तानीको कट्टिमा राखिएको धरौटी फिर्ता लैजानुपर्नेमा हालसम्म पनि तपसिल बमोजिमका सम्बन्धित फर्म, संस्थाहरूले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व, नियमावली, २०७७ को नियम ६६ बमोजिम आवश्यक कागजात लिएर फिर्ताका लागि सम्पर्क राख्न नआएको हुँदा प्रयोजनविहीन धरौटी रकम ऐनको नियम ६८ बमोजिम देखिएकोले उक्त धरौटी रकम फिर्ता पाउनुपर्ने भनी कुनै आधार र प्रमाण भए यो सूचना प्रकाशित मितिले १५ दिनभित्र कार्यालय समयमा आई आवश्यक कागजात सहित निवेदन दिनुहुन अनुरोध छ । थप जानकारी यस कार्यालयको वेबसाइट **https://dor.gov.np/frsmo-pokhara** बाट प्राप्त गर्न सकिनेछ ।

**तपसिलः**

१. **कालिका रमण जे.भी.**
२. **गण्डकी बिल्डर्स**
३. **शेर्पा निर्माण सेवा कम्पनि प्रा.लि.**
४. **सपना रमण जे.भी.**
५. **स्वच्छन्द नयाँ बाटो जे.भी.**
६. **हिमडुङ्ग एण्ड थोकर जय रक्तकाली जे.भी.**
७. **हिमडुङ्ग एण्ड थोकर प्रा.लि.**

**सुपरिन्टेन्डिङ इन्जिनियर**



त्रिभुवन विश्वविद्यालय
वन विज्ञान अध्ययन संस्थान
पोखरा क्याम्पस, पोखरा

## कर्मचारी आवश्यकता सम्बन्धी सूचना

(सूचना प्रकाशित मितिः २०८३।०२।१३ गते)

यस क्याम्पसका लागि एक जना हेल्थ असिष्टेण्ट (HA) (मू.प्रा.स.सरह) पछि त्रि.वि. नियमानुसार म्याद थप हुने गरी हाललाई छ महिनाका लागि करार सेवामा पदपूर्ति गर्नुपर्ने भएको हुँदा इच्छुक योग्य नेपाली नागरिकहरूबाट यो सूचना गोरखापत्रमा प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र र दोब्बर दस्तुरसहित अर्को ७ (सात) दिनभित्र दरखास्त आह्वान गरिन्छ । अन्य विस्तृत जानकारीका लागि यस क्याम्पसमा सम्पर्क राख्न वा https://pc.tu.edu.np/ मा हेर्न सकिनेछ ।

**संयोजक**
**पदपूर्ति समिति**



संस्कृत विश्वविद्यालय
याज्ञवल्क्य लक्ष्मीनारायण विद्यापीठ
मटिहानी, महोत्तरी, मधेश प्रदेश, नेपाल ।

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति : २०८३।०२।१३

यस कार्यालयबाट Construction of Hostel Building of Yjnayavalkya Lakshminarayan Vidyapeeth, Contract ID No. YLN/NCB/Works/2082-83/01 कार्यको लागि मिति २०८३।०१।०८ गते प्रकाशित सूचना बमोजिम www.bolpatra.gov.np/egp मार्फत पेस हुन आएका बोलपत्रदाताहरुको बोलपत्र मूल्यांकन गर्दा देहाय बमोजिमको बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही भई मूल्यांकन समितिबाट स्वीकृतिको लागि सिफारिस भई आए बमोजिम सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। **देहायः**

| क्र.सं. | छनोट भएको बोलपत्रदाताको नाम/ठेगाना | कबोल अंक (VAT र PS सहित) |
|---|---|---|
| 1 | S.D.D. Civil Developer Pvt. Ltd., Janakpurdham-2, Dhanusha | NRs. 13,075,616.50 |

क्याम्पस प्रमुख



कृषि ज्ञान केन्द्र
वीरगञ्ज, पर्सा

## सिंचाइ व्यवस्थापन प्रवर्द्धन सहयोग कार्यक्रमअन्तर्गत आवश्यक जि.आई. पाइपलगायत अन्य उपकरणहरूको सिलबन्दी दररेटसहित सूचीकृत हुनेसम्बन्धी सूचना

(दोस्रो पटक प्रकाशित मितिः २०८३।०२।१३ )

यस कृषि ज्ञान केन्द्र, पर्साबाट चालू आ.व. २०८२।८३ को स्वीकृत वार्षिक कार्यक्रमअनुसार सिंचाइ व्यवस्थापन प्रवर्द्धन सहयोग कार्यक्रमअन्तर्गत जि.आई. पाइप 100 mm (४ इन्च) लगायत अन्य उपकरणहरूको लागि योग्यता पुगेका इच्छुक आपूर्तिकर्ताहरूले यस कार्यालयमा उपलब्ध गराउने गरी निर्दिष्ट फाराम भरी आवश्यक कागजातसहित यो सूचना प्रकाशित भएको मितिले १५औँ दिन अर्थात् मिति २०८३।०२।२७ गते दिनको १२:०० बजेभित्र यस कार्यालयमा सिलबन्दी प्रस्ताव पेस गर्न सूचित गरिन्छ । रीतपूर्वक समयभित्र प्राप्त सिलबन्दी प्रस्ताव सोही दिन (२०८३।०२।२७) दिनको २:०० बजे आपूर्तिकर्ता वा निजको प्रतिनिधि तथा कार्यालयको रोहवरमा सिलबन्दी प्रस्ताव खोलिनेछ । आपूर्तिकर्ता वा निजको प्रतिनिधि उपस्थित नभए पनि सिलबन्दी प्रस्ताव खोल्न बाधा पर्ने छैन । सो सम्बन्धि थप विस्तृत सूचना तथा निर्दिष्ट फाराम कार्यालयको वेबसाइट https://www.parsa.akc.gov.np बाट डाउनलोड गर्न सकिनेछ तथा थप जानकारीको लागि कार्यालयमा सम्पर्क गर्न हुन अनुरोध छ ।



नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग
आन्तरिक राजस्व कार्यालय जनकपुर

## कागजात, प्रमाण तथा फाँटवारी पेश गर्नेबारे अत्यन्त जरुरी सूचना

सूचना प्रकाशित मिति : २०८३/०२/१३

यस कार्यालयको कार्य क्षेत्र अन्तर्गतका तपसिल बमोजिमका कर दाताहरूको आ.व. २०७८/०७९ को कारोबारको पूर्ण कर परीक्षणका लागि छनोट भए बमोजिम उक्त करदाताहरूको सो आ.व. को आय तथा खर्च, सम्पत्ति तथा दायित्व लगायतका कारोबारको पुष्टि गर्ने खरिद र बिक्रीका बिल बिजक, लेजर, भौचर, खरिद बिक्री खाता लगायतका कागजात, प्रमाण तथा फाँटवारी पेश गर्न कर दाताले आन्तरिक राजस्व विभागको (Integrated Tax System) मा अद्यावधिक गरेको ठेगानामा विभिन्न मितिमा पत्र रजिष्ट्री गरी हुलाक मार्फत र इमेल ठेगानामा पत्राचार गरिएको तथा फोन नम्बरमा समेत पटक–पटक सम्पर्क गर्दा सम्पर्क हुन नसकेको, सम्पर्क भएका करदाताहरूले समेत माग भएका कागजात पेश नगरेकोले यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र आ.व. २०७८/०७९ को कारोबारको पुष्टि गर्ने माथि उल्लिखित कागजात, प्रमाण तथा फाँटवारी पेश गर्नका लागि आय कर ऐन, २०५८ को दफा ८३ को उपदफा (१), मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २३ को उपदफा (२) तथा अन्त:शुल्क ऐन, २०५८ को दफा १०घ (४) बमोजिम सम्बद्ध सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र कार्यालयमा स्वयं उपस्थित भई वा अख्तियार प्राप्त आधिकारिक प्रतिनिधि मार्फत माग भए बमोजिमका कागजात प्रमाण पेश हुन नआएमा आयकर ऐन, २०५८ को दफा १०१, मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २० तथा अन्त:शुल्क ऐन, २०५८ को दफा १०घ लगायतका प्रचलित कानून बमोजिम कर निर्धारण भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

तपसिल

| सि.नं. | स्थायी लेखा नम्बर | करदाताको नाम | ठेगाना | प्रोप्राइटर / सञ्चालक |
|---|---|---|---|---|
| १ | 300008045 | एभरेष्ट पेपर मिल्स प्रा.लि. | जनकपुरधाम-०९, धनुषा | कौशल किशोर सर्राफ |
| २ | 609429891 | रमण – जि.आई.ई.टि.सि. ज्वाइन्ट भेन्चर | जनकपुरधाम-१४, धनुषा | बलराम महतो |
| ३ | 614101205 | शर्मा / रमण ज्वाइन्ट भेन्चर | जनकपुरधाम-१४, धनुषा | पवन महतो |
| ४ | 606710653 | अल्फा वायर प्रा.लि. | मिथिला-०६, धनुषा | दिनेश कुमार महतो |
| ५ | 603117914 | करिश्मा इलेक्ट्रिकल | मिथिला-०६, धनुषा | दिनेश कुमार महतो |
| ६ | 604286529 | सिंहेश्वर वायर एण्ड स्टिल प्रा.लि. | जनकपुरधाम-०१, धनुषा | प्रमोद साह |
| ७ | 300008254 | नेपाल ट्रेड सेन्टर | जनकपुरधाम-०१, धनुषा | सोहन लाल मुरारका |
| ८ | 609382387 | मां दुर्गा अटो मोबाईल्स | धनुषाधाम-०३, धनुषा | निर्मला कुमारी |
| ९ | 607278280 | ओम डिष्ट्रिव्युटर | जनकपुरधाम-०१, धनुषा | श्याम पंजियार |
| १० | 104021088 | एलिना प्याथोलोजी एण्ड डायग्नोएटिक सेन्टर | जनकपुरधाम-१९, धनुषा | राकेश पंजियार |
| ११ | 609708981 | अंशु मत्सय तथा पोल्ट्री फार्म प्रा.लि. | क्षिरेश्वरनाथ-०५, धनुषा | वानेश्वर मण्डल |
| १२ | 304534155 | अनिल किराना स्टोर्स | क्षिरेश्वरनाथ-०५, धनुषा | राजदेव चौधरी |
| १३ | 607994182 | अमर–माँ जानकी जे.भी. | जनकपुरधाम-०२, धनुषा | रविन्द्र कुमार मण्डल |
| १४ | 602272081 | शिवगंगा हार्डवेयर एण्ड सप्लायर्स | जनकपुरधाम-१६, धनुषा | दिपेन्द्र प्रशाद साह |



नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय
विद्युत विकास विभाग
सानोगौचरण, काठमाडौँ

## बालाजु-महाराजगंज-राजदरबार-रत्नपार्क (के२)-सिंहदरवार (के३) १३२ के.भी. भूमिगत विद्युत प्रसारण लाइन आयोजना सम्बन्धी सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित मिति २०८३/०२/१२

बागमती प्रदेश अन्तर्गतको काठमाडौँ जिल्लाको काठमाडौँ महानगरपालिका वडा नं. १६ मा अवस्थित बालाजु सब-स्टेसन देखि सोही पालिकाको वडा नं. ३ मा रहेको महाराजगंज सब-स्टेसन, वडा नं. १ मा रहेको राजदरबार सव-स्टेशन र वडा नं. २८ मा रहेको रत्नपार्क (के-२) सब-स्टेसन हुँदै वडा नं. २९ मा रहेको सिंहदरबार (के-३) सब-स्टेसन सम्म ११.९२ कि.मी., १३२ के.भी., डबल सर्किट भूमिगत प्रसारण लाइन तथा महाराजगंज १३२/११ के.भी. सब-स्टेसन, राजदरबार १३२/११ के.भी. सब-स्टेसन, रत्नपार्क (के-२) १३२/११ के.भी. सब-स्टेसन र सिंहदरबार (के-३) १३२/६६/११ के.भी. सब-स्टेसन समेत निर्माण गर्न विद्युत ऐन, २०४९ को दफा ४ को व्यवस्था अनुसार विद्युत नियमावली, २०५० को नियम १३ मा उल्लेखित विवरण खुलाई विद्युत प्रसारण लाईनको अनुमतिपत्रको लागि प्रवर्धक श्री नेपाल विद्युत प्राधिकरणले दरखास्त पेश गरेकोले विद्युत नियमावली २०५० को नियम १५ बमोजिम आवश्यक जाँचबुझ गरी नियम १६ को प्रयोजनको लागि तपसिलका विवरणहरु खुलाई यो सूचना प्रकाशित गरिएको छ। प्रस्तावित प्रसारण लाईन निर्माण तथा सञ्चालन गर्दा उल्लेखनीय प्रतिकूल असर पर्ने भएमा यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ दिनभित्र यस विभाग वा प्रवर्धक कम्पनीमा आफ्नो लिखित राय प्रतिक्रिया दिनु हुन सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. श्री नेपाल विद्युत प्राधिकरण प्रचलित कम्पनी ऐन, २०६३ अन्तर्गत गठन भएको संस्था हो ।
२. यस प्रसारण लाइनको भोल्टेज १३२,००० भोल्ट, भूमिगत डबल सर्किट रहने र ३५० मेगावाट सम्मको विद्युत शक्ति प्रसारण गर्न सकिनेछ ।
३. यस प्रसारण लाइन आयोजना काठमाडौं महानगरपालिका वडा नं. १६ मा अवस्थित बालाजु सब-स्टेसन देखि सोही पालिकाको वडा नं. ३ मा रहेको महाराजगंज सब-स्टेसन, वडा नं. १ मा रहेको राजदरबार सब-स्टेसन र वडा नं. २८ मा रहेको रत्नपार्क (के-२)सब-स्टेसन हुँदै वडा नं. २९ मा रहेको सिंहदरबार (के-३) सब-स्टेसनसम्म प्रसारण लाइन निर्माण गरिने छ । यस आयोजना अन्तर्गत महाराजगंज १३२/११ के.भी. सब-स्टेसन , राजदरबार १३२/११ के.भी. सब-स्टेसन, रत्नपार्क (के-२) १३२/११ के.भी. सब-स्टेसन र सिंहदरबार (के-३) १३२/६६/११ के.भी. सब-स्टेसनसमेत निर्माण गर्ने कार्य रहेको छ ।
४. यो प्रसारण लाइनको लम्बाई ११.९२ कि.मी. हुनेछ जसमा २१ वटा Joint Pits हरु निर्माण गरिने छन् तथा XLPE Insulated Copper Cable जडान गरिने छ । Joint Pits बीचको अधिकतम दुरी ५०० मी. सम्म हुनेछ । आयोजना निर्माणको लागि कूल १.६२८२ हेक्टर जमिन आवश्यक पर्ने छ, जस मध्य Joint Pits को लागि ०.०३९ हेक्टर, केवल ट्रेन्चको लागि १.३७५ हेक्टर रसब-स्टेसनको लागि ०.२१४२ हेक्टर जग्गा स्थायी रूपमा आवश्यक पर्नेछ ।
५. यो प्रसारण लाइनको निर्माण कार्य ३ वर्ष भित्र सम्पन्न गरिने लक्ष्य रहेको छ ।
६. यो प्रसारण लाइन निर्माण तथा सञ्चालन गर्दा विद्युत ऐन, २०४९ को दफा २४ बमोजिम भू–क्षय, बाढी, वायुप्रदूषण आदि द्वारा वतावरणमा उल्लेखनीय प्रतिकूल असर नपर्ने गरी निर्माण गरिने छ ।

यस आयोजना सम्बन्धमा थप अन्य कुराहरु बुझ्नु परेमा देहायका ठेगानामा सम्पर्क राख्न सकिने छ ।

**श्री नेपाल विद्युत प्राधिकरण,**
दरबारमार्ग, काठमाडौँ ।
सम्पर्क फोन नं. ०१-४१५३००७, ४१५३०१२
इमेल: neamd@nea.org.np

**श्री विद्युत विकास विभाग**
सानोगौचरण, काठमाडौँ , फोन नं. : ०१–४५३४११९
पो.ब.न. : २५०७, फ्याक्स नं. : ०१–५२४४२५७
इमेल: info@doed.gov.np/sabitridhamala7@gmail.com

# छोरीले पाउने सुविधा गोदाममा थन्कियो

**लक्ष्मी चौधरी**
*जनकपुरधाम, जेठ १२ गते*

मधेश प्रदेश सरकारद्वारा छात्रा शिक्षामा पहुँच विस्तार गर्ने उद्देश्यले साइकल वितरण गर्ने कार्यक्रम अलपत्र अवस्थामा छ। छात्राको शिक्षामा सुधार गर्ने उद्देश्यले सुरु गरिएको मुख्यमन्त्री 'बेटी पढाऊँ, बेटी बचाऊँ' अभियान अन्तर्गतको छात्राले पाउने साइकल गोदाममा थन्किएको छ।

कार्यक्रम अन्तर्गत खरिद गरिएका साढे पाँच हजारभन्दा बढी साइकल विगत पाँच वर्षदेखि गोदाममै थन्किएका छन्। प्रयोगविहीन अवस्थामा रहेका ती साइकलमा खिया लाग्न थालेको छ भने अधिकांशका टायरको हावासमेत फुस्किसकेको छ। छोरीहरूको विद्यालय पहुँच सहज बनाउने, बालविवाह तथा भ्रूणहत्या न्यूनीकरण गर्ने र छात्रा शिक्षामा उत्साह थप्ने लक्ष्यसहित सुरु गरिएको यो कार्यक्रम सुरुमा निकै लोकप्रिय बनेको थियो। ग्रामीण भेगका अभिभावक र छात्रामा विद्यालय जाने उत्साह बढेको थियो तर योजना सुरु भएको केही वर्षमै वितरण प्रक्रिया रोकिएपछि त्यो उत्साह अहिले निराशामा बदलिएको छ।

महोत्तरीको औरही नगरपालिकाकी कक्षा ९ मा अध्ययनरत मेनुकाकुमारी साह आफू कक्षा ८ मा पुगेपछि विद्यालयबाट नयाँ साइकल पाउने आशामा हुनुहुन्थ्यो। "साथीहरूले साइकल पाउँछन् भन्ने सुनेर म पनि निकै खुसी थिएँ," उहाँले भन्नुभयो, "तर म कक्षा ८ मा पुग्दा कार्यक्रम नै रोकिइसकेको थियो।" धनुषाको बटेश्वर गाउँपालिकास्थित शिवशक्ति माध्यमिक विद्यालयका छात्राको अवस्था पनि उस्तै छ। विद्यालय आउजाउ सहज हुने आशामा बसेका उनीहरू अहिले सरकारप्रति निराश बनेका छन्।

यो कार्यक्रम मधेश प्रदेशका तत्कालीन मुख्यमन्त्री लालबाबु राउत गद्दीको कार्यकालमा सुरु गरिएको थियो। २०७५ माघ १ देखि लागु गरिएको योजना अन्तर्गत सामुदायिक विद्यालयका कक्षा ८ मा अध्ययनरत छात्रालाई साइकल वितरण गर्ने लक्ष्य राखिएको थियो। लक्ष्य अनुसार साइकल वितरण कार्यक्रम लोकप्रिय बन्दै निरन्तरतासमेत पाएको थियो तर २०७८ असोज १३ गते साइकल खरिद प्रक्रियामा अनियमितता भएको आरोप लागेपछि अख्तियार दुरुपयोग अनुसन्धान आयोगको बर्दिबास कार्यालयले मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा छापा मारेको थियो। त्यसपछि कार्यक्रमको वितरण प्रक्रिया नै रोकियो।



तस्बिर : लक्ष्मी चौधरी

**मधेश भवनपरिसरको गोदाममा थन्किएका साइकल।**

हाल जनकपुर चुरोट कारखानाको पुरानो गोदाममा साढे पाँच हजारभन्दा बढी साइकल प्रयोगविहीन अवस्थामा राखिएका छन्। लामो समयदेखि प्रयोग नहुँदा ती साइकल बिग्रँदै गएका छन्। यसले सरकारी बजेटको सदुपयोगमाथि गम्भीर प्रश्न उठाएको छ। मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले साइकल वितरण गर्न सरकार इच्छुक भए पनि प्रशासनिक प्रक्रियामा अवरोध रहेको बताउनुभयो। "हामी साइकल वितरण गर्न चाहन्छौँ तर कर्मचारीले प्रक्रिया अघि बढाउन मानेका छैनन्," मुख्यमन्त्री यादवले भन्नुभयो, "कर्मचारीले बाटो देखाउने हो, हामीले काम गर्ने हो।"

मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयका प्रदेश सचिव एवं प्रवक्ता यमेन्द्र उपाध्यायले भने गोदाममा थन्किएका साइकलबारे आफूलाई स्पष्ट जानकारी नभएको प्रतिक्रिया दिनुभयो। "साइकल छ भन्ने सुनेको मात्रै छु। कति छन् र कहाँ छन् भन्ने जानकारी छैन," उहाँले भन्नुभयो, "जानकारी नभएको विषयमा प्रतिक्रिया दिन उचित हुँदैन।" शिक्षा विकास निर्देशनालयका निमित्त निर्देशक उद्धव राय यादवले आफू हालै जिम्मेवारीमा आएकाले कार्यक्रमबारे विस्तृत जानकारी नभएको बताउनुभयो। उहाँले यसअघिका निर्देशकसँग बुझ्न आग्रह गर्नुभयो।

'बेटी पढाऊँ, बेटी बचाऊँ' कार्यक्रमका तत्कालीन संयोजक प्रियङ्का यादवका अनुसार चार चरणमा ४२ हजार १४० थान साइकल खरिद गरिएको थियो। तीमध्ये ३५ हजार ३४० साइकल वितरण भइसकेका छन् भने बाँकी हजारौँ साइकल अझै गोदाममै थन्किएका छन्।

### अख्तियारको छानबिन

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको छानबिनपछि कार्यक्रम सामाजिक विकास मन्त्रालय हुँदै शिक्षा विकास निर्देशनालयमा हस्तान्तरण गरिएको थियो तर जिम्मेवारी फेरिए पनि वितरण प्रक्रिया अझै अन्योलमै छ। स्थानीय अभिभावक तथा छात्राले सरकारको ढिलासुस्तीप्रति असन्तुष्टि जनाएका छन्। उहाँहरूका अनुसार साइकल वितरण भएको भए विद्यालय जान सहज हुने थियो र धेरै छात्राले पढाइलाई निरन्तरता दिन सक्ने थिए।

छोरीको शिक्षामा सुधार ल्याउने उद्देश्यले सुरु गरिएको महत्त्वाकाङ्क्षी योजना कार्यान्वयनमै अल्झिँदा यसको प्रभावकारितामाथि गम्भीर प्रश्न उठ्न थालेको छ भने अहिले उक्त कार्यक्रमसमेत बन्द भएको छ।

# हतियारसहित सिकारी पक्राउ

**सर्लाही समाचारदाता**
*सर्लाही, जेठ १२ गते*

हतियार बोकेर वन्यजन्तुको सिकार गर्न हिँडेको समूहका एक युवक सर्लाहीको बरहथवाबाट पक्राउ परेका छन्। बागमती नगरपालिका–२, सुकुमवासी टोलका ३८ वर्षीय बुद्धिमान घलान सिकार खेल्न प्रयोग गरिने भरुवा बन्दुकसहित पक्राउ परेका हुन्। उनलाई बरहथवा नगरपालिका–१२, लौकठबाट पक्राउ गरिएको इलाका प्रहरी कार्यालय बरहथवाका प्रमुख एवं प्रहरी नायब उपरीक्षक (डिएसपी) गोपीकृष्ण सुवेदीले जानकारी दिनुभयो।

अपरिचित मानिस भरुवा बन्दुकसहित हिँडिरहेको सूचना पाएपछि इलाका प्रहरी कार्यालय हिरापुर र बरहथवाबाट खटिएको प्रहरी टोलीले घलानलाई पक्राउ गर्न सफल भएको हो। अन्य तीन/चार युवक भने प्रहरीलाई देख्नासाथ फरार भएका थिए।

घलानसहित सिकार खेल्न प्रयोग गरिएको एक थान भरुवा बन्दुक, विस्फोटक पदार्थका रूपमा प्रयोग हुने धुलो पदार्थ १७५ ग्राम, साइकलमा प्रयोग हुने फलामको बल ८० थान र रडको टुक्रा पाँच थान बरामद भएको डिएसपी सुवेदीले बताउनुभयो। बरहथवा प्रहरीको हिरासतमा रहेका घलानलाई हातहतियार तथा खरखजना मुद्दामा सर्लाही जिल्ला अदालतबाट सात दिनको म्याद थप गरी अनुसन्धान अघि बढाइएको छ।

घलानसहितको समूह खेतबारीमा आउने जङ्गली बँदेलको सिकार खेल्न हिँडेको हुन सक्ने आशङ्का गरिएको छ। पछिल्लो समय बँदेलको हुल आएर किसानको खेतबारीमा लगाइएको मकै र अन्य बाली खान थालेपछि सिकारी सक्रिय भएका छन्।

### हावाहुरीपछि विद्युत् अवरुद्ध

सोमबार रातिको भीषण हावाहुरी र वर्षापछि सर्लाहीको अधिकांश ग्रामीण भेगमा विद्युत् अवरुद्ध बनेको छ। हावाहुरीले ठाउँ ठाउँमा बिजुलीको तार चुँडाउने, खम्बा ढाल्ने र रुख ढलेर विद्युत्का संरचनामा पर्दा जिल्लाका अधिकांश भूभागमा बिजुली ठप्प हुन पुगेको हो। लालबन्दी, हरिवन, मलङ्गवालगायत मुख्य बजार क्षेत्रबाहेक धेरै जसो ग्रामीण बस्तीमा मङ्गलबार साँझसम्म पनि विद्युत् सुचारु हुन सकेको छैन।

नेपाल विद्युत् प्राधिकरण मलङ्गवा वितरण केन्द्रका प्रमुख माधवेन्द्र यादवले वितरण केन्द्र अन्तर्गत ६० भन्दा बढी स्थानमा बिजुलीको खम्बा ढलेर क्षति पुगेको जानकारी दिनुभयो। हावाहुरीले क्षति गरेका संरचना मर्मत गरेर विद्युत् सुचारुका लागि सोमबार रातिदेखि नै कर्मचारी तथा प्राविधिक परिचालन भरहेको उहाँले बताउनुभयो।

लालबन्दी वितरण केन्द्रका प्रमुख सुरज ढुङ्गेलले शनिबार साँझको हावाहुरीले गरेको क्षति मर्मत गरेर सकिएकै दिन सोमबार राति अझ ठुलो हावाहुरी आएर झनै बढी क्षति गरेको बताउनुभयो। शनिबार रातिदेखि नै प्राविधिकहरू हावाहुरीबाट बिग्रिएको क्षेत्रमा मर्मतका लागि खटिएको उहाँले जानकारी दिनुभयो।

सोमबार रातिको हावाहुरीले टाली, खपडा, खर र जस्तापाताले छाएको कच्ची घरमा क्षति गरेको छ। बागमती नगरपालिकाका कार्यवाहक नगरप्रमुख कृष्ण लामाले शनिबार र सोमबार दुई रातको हावाहुरीले ग्रामीण भेगका कच्ची घरमा जतातत्तै क्षति पुऱ्याएको बताउनुभयो।

# तीन दलबिच पन्ध्रबुँदे सम्झौता मन्त्रीपरिषद् पुनर्गठन

**धनुषा समाचारदाता**
*जनकपुरधाम, जेठ १२ गते*

मधेश प्रदेशका प्रदेश प्रमुख सुरेन्द्र लाभ कर्णले मुख्यमन्त्री कृष्णप्रसाद यादवको सिफारिसमा मन्त्रीपरिषद् पुनर्गठन गर्नुभएको छ।

मुख्यमन्त्री कर्णले १२ सदस्यीय पुनर्गठित मन्त्रीपरिषद्मा कृष्णप्रसाद यादवलाई मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, मोहम्मद समीरलाई भौतिक पूर्वाधार विकास मन्त्रालय, युवराज भट्टराईलाई अर्थ मन्त्रालय, लखन दास तत्मालाई खेलकुद तथा समाज कल्याण मन्त्रालय, शङ्करप्रसाद चौधरीलाई वन तथा वातावरण मन्त्रालय, शारदादेवी थापालाई श्रम तथा यातायात मन्त्रालयको जिम्मेवारी दिएको छ।

त्यस्तै कनिस पटेललाई उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालय; श्यामप्रसाद पटेललाई भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय; जवाहरलाल कुशवाहालाई ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालय; फकिरा महतोलाई गृह, सञ्चार तथा कानुन मन्त्रालय; मनोजकुमार सिंहलाई शिक्षा तथा संस्कृति मन्त्रालय र नागेन्द्र साहलाई स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको जिम्मेवारी दिइएको प्रदेश प्रमुखको कार्यालयले जनाएको छ।

नवगठित मन्त्रीपरिषद्मा मुख्यमन्त्री यादवसहित नेपाली कांग्रेसका चार, नेकपा (एमाले) का चार र नेकपाका तीन मन्त्री रहनुभएको छ। मन्त्रीपरिषद्मा बुधबार नेकपा (एमाले) का तीन, नेपाली कांग्रेसका एक र नेकपाका एक मन्त्री नियुक्त हुनुभएको छ। नेकपा (एमाले) का तर्फबाट मन्त्री बन्नेमा खेलकुद तथा समाज कल्याणमन्त्री लखन दास, श्रम तथा यातायातमन्त्री शारदा थापा र शिक्षा तथा संस्कृतिमन्त्री मनोजकुमार सिंह रहनुभएको छ भने नेपाली कांग्रेसका तर्फबाट स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री नागेन्द्र साह र नेकपाका तर्फबाट युवराज भट्टराई अर्थमन्त्री बन्नुभएको हो। नवनियुक्त मन्त्रीलाई प्रदेश प्रमुखको कार्यालयमा आयोजित एक कार्यक्रमबिच नवनियुक्त मन्त्रीहरूलाई प्रदेश प्रमुख सुरेन्द्र लाभ कर्णले पद तथा गोपनीयताको शपथ गराउनुभयो।

कार्यक्रममा मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादव, मधेश प्रदेशका सभामुख रामअशिष यादवसहित प्रदेश सरकारका मन्त्रीहरू, प्रदेश सभा सदस्यलगायतको उपस्थिति रहेको थियो। नवनियुक्त मन्त्रीहरूले मङ्गलबार नै पदभारसमेत ग्रहण गर्नुभएको छ।

### पन्ध्रबुँदे सम्झौता

मधेश प्रदेशका नेपाली कांग्रेस, नेकपा (एमाले) र नेपाली कम्युनिस्ट पार्टीबिच सरकार सञ्चालन र नीतिगत प्राथमिकताका विषयमा १५ बुँदे सहमति भएको छ। नेकपा (एमाले) संसदीय दलका नेता सरोजकुमार यादव, नेपाली कांग्रेसका कृष्णप्रसाद यादव र नेपाली कम्युनिस्ट पार्टीका युवराज भट्टराईद्वारा हस्ताक्षरित उक्त समझदारीपत्रमा प्रदेशको राजनीतिक स्थायित्व र विकासका लागि महत्त्वपूर्ण निर्णय समेटिएका छन्।

यो सहमतिसँगै वर्तमान तीन दलीय गठबन्धनलाई आगामी निर्वाचनसम्म नै निरन्तरता दिने सहमति भएको छ। सहमति अनुसार आगामी आर्थिक वर्ष २०८३/८४ देखि लागु हुने गरी मधेश प्रदेशको मन्त्रीपरिषद्को मुख्यमन्त्रीसहित कुल नौ जना मात्र मन्त्री रहने छन्, जसमा मुख्यमन्त्रीसहित नेकपा (एमाले) ले तीन, नेपाली कांग्रेसले तीन र नेपाली कम्युनिस्ट पार्टीले दुई वटा मन्त्रालय बाँडफाँट गर्ने सहमति बनेको छ। सरकारको कार्यसम्पादनलाई थप प्रभावकारी बनाउन र दलहरूबिच आपसी समन्वय कायम गर्न माननीय मुख्यमन्त्रीकै संयोजकत्वमा सरकारमा सहभागी संसदीय दलका नेता रहने गरी एउटा उच्चस्तरीय कार्यदल गठन गरिने भएको छ।

आगामी आवको बजेट निर्माण गर्दा विकासका योजनामा एक करोड रुपियाँभन्दा कम रकम विनियोजन नगरिने स्पष्ट पारिएको छ। विकासनिर्माणका कार्य आवको सुरुवातसँगै प्रक्रियागत रूपमा अगाडि बढाइने र यस्ता योजना अनिवार्य रूपमा खुला एवं प्रतिस्पर्धी विधिबाट मात्र सञ्चालन गरिने सहमति भएको छ। सरकारका मुख्यमन्त्री वा मन्त्रीहरूले आर्थिक सुशासन कायम गर्न नसकेमा उनीहरूलाई तत्काल पदमुक्त गरिने प्रावधान समझदारीपत्रमा राखिएको छ।

कर्मचारी सरुवा बढुवालाई व्यवस्थित गर्न आवश्यक मापदण्ड बनाइने र आव २०८२/८३ को कानुनी समयसीमा समाप्त भएका उपभोक्ता समिति गठनसम्बन्धी पत्रलाई तत्कालै रद्द गर्ने निर्णयसमेत भएको छ। यसका साथै प्रदेश सरकारले सङ्घीय र स्थानीय सरकारसँग आपसी समन्वय, सहकार्य र सहअस्तित्वको भावनासाथ काम गर्ने तथा प्रदेश कानुनहरूलाई प्राथमिकतासाथ संशोधन र परिमार्जन गर्दै लैजाने प्रतिबद्धता जनाएको छ।

# महानगरपालिका प्रमुख सिंहलाई पक्राउ पुर्जी

**वीरगन्ज समाचारदाता**
*वीरगन्ज (पर्सा), जेठ १२ गते*

वीरगन्ज महानगरपालिकाका प्रमुख राजेशमान सिंहविरुद्ध मङ्गलबार पक्राउ पुर्जी जारी भएको छ। जिल्ला अदालत पर्साले वीरगन्ज महानगरपालिकाका प्रमुख राजेशमान सिंहलाई लिखतसम्बन्धी कसुरमा पक्राउ गर्न अनुमति दिँदै पक्राउ पुर्जी जारी गरेको अदालतका स्रेस्तेदार प्रभाकरकुमार मल्लिकले पुष्टि गर्नुभयो।

उहाँले नगरप्रमुख सिंहविरुद्ध चार वटा मुद्दा दर्ता भए पनि हाल लिखतसम्बन्धी कसुरको मुद्दामा मात्रै पक्राउ पुर्जी जारी गरिएको जानकारी दिनुभयो।

त्यस्तै जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक हरिबहादुर बस्नेतले पर्सा जिल्ला अदालतबाट पक्राउ गर्न अनुमति दिँदै पक्राउ पुर्जी जारी गरेकाले प्रक्रिया अगाडि बढाइसकिएको बताउनुभयो। अदालतका स्रेस्तेदार मल्लिकका अनुसार वीरगन्जका स्थानीय लियाकत अलीकी छोरीलाई सिंहले आफ्नो छोरीका रूपमा देखाई नागरिकता जारी गराएको दाबी गर्दै दर्ता गरिएको लिखतसम्बन्धी कसुरमा पक्राउ पुर्जी जारी गरिएको हो।

### प्रसाई रिहा

यसैबिच सोमबार वीरगन्जबाट पक्राउ परेका मेडिकल व्यवसायी दुर्गा प्रसाई मङ्गलबार साधारण तारिखमा रिहा हनुभएको छ।

पर्सा जिल्ला अदालतका स्रेस्तेदार प्रभाकरकुमार मल्लिकका अनुसार वडा प्रहरी कार्यालय बिर्ताका प्रहरी निरीक्षक विक्रम सुवेदीको जाहेरीका आधारमा प्रसाईविरुद्ध विद्युतीय कारोबार तथा राज्यविरुद्धको कसुरमा सोमबार मुद्दा दर्ता गरिएको थियो। सोमबार ढिलो गरी अभियोगपत्र दर्ता भएकाले मङ्गलबार थुनछेक बहसपछि सुनुवाइ भएको हो। पर्सा जिल्ला अदालतको इजलास नं. १ का न्यायाधीश गायत्रीप्रसाद रेग्मीको इजलासले प्रसाईलाई साधारण तारिखमा रिहा गर्न आदेश दिएको स्रेस्तेदार मल्लिकले जानकारी दिनुभयो।

जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक हरिबहादुर बस्नेतले पर्सा जिल्ला अदालतको आदेशमा प्रसाईलाई मङ्गलबार रिहा गरिएको जानकारी दिनुभयो। वीरगन्जमा हुने कार्यक्रममा सहभागी हुनका लागि वीरगन्ज आएका बेला प्रसाईलाई गत सोमबार बेलुकी सिद्धार्थ दियालो होटेलबाट प्रहरीले पक्राउ गरेको थियो।

यसअघि सर्वोच्च अदालतले आइतबारसम्म प्रसाईलाई धरौटी वा हाजिरी जमानीमा रिहा गर्न आदेश दिएको भन्दै त्यसको कार्यान्वयन नभएको जनाउँदै उहाँका समर्थकले सोमबार पर्सा जिल्ला अदालतअगाडिको सडकमा प्रदर्शन गरेका थिए भने मङ्गलबार पनि समर्थक अदालतआसपास भेला भएका थिए। प्रसाई मेडिकल व्यवसायी तथा 'राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाऊँ महाअभियान नेपाल' का संयोजक हुनुहुन्छ।


## Invitation for Electronic Bids

**(First Day of Publication: May 27, 2026)**

1. Nepal Telecom invites electronic bid from reputed and competent Bidders for the following bid.

| S. N. | Description | Bid Document Fee | Bid Security Amount | Closing Date and Time | Opening Date and Time |
|---|---|---|---|---|---|
| 1. | IFB No. NDCL/CTO/ICB/15/082-83 for Supply, Delivery, Installation, and Commissioning of Mediation, Interconnect and Roaming Billing System | NPR 20,000.00 or USD 150.00 or EUR 130.00 | NPR 6,900,000.00 or USD 46,000.00 or EUR 39,000.00 | **July 13, 2026** 12:00 Noon | **July 13, 2026** 1:00 PM |

2. Eligible Bidders may download the complete set of Bidding Documents from the PPMO e-GP System. Bids shall be submitted electronically through the e-GP system (https://bolpatra.gov.np/egp/searchOpportunity). The non-refundable fee for the Bidding Documents shall be deposited in the bank account specified in the Bidding Document.
3. In case, the last date of submission and opening of the Tender date happens to be an official holiday, the next working day will be deemed as the due date and the time will remain same as stipulated.

राष्ट्रको सञ्चार
Nepal Telecom

**Contact Address**
**Nepal Telecom**
(Nepal Doorsanchar Company Limited),
Office of the Chief Technical Officer (CTO)
Central Procurement Department, Bhadrakali, Kathmandu, Nepal.
Tel. No. : 977-1-4210310, E-mail :procurement@ntc.net.np



## Madhesh Province Government
Ministry Of Health and Population
**Health Office Mahottari**
**Jaleshwor, Nepal**

## Invitation For Online Bids

**First Date of Publication : 2083/02/13 (27th May, 2026)**

Health Office Mahottari, Jaleshwor invites Electronics bids from Eligible Bidders under PPMo's e-GP System www.bolpatra.gov.np/egp for following works under National Competitive Bidding System (NCB).
All other information and bid document can be downloaded from PPMO's e-GP system www.bolpatra gov.np/egp

**Information To Deposit the Bidding Document Fee :**
Name of Bank : Rastriya Banijya Bank Mahottari
Name of Office : Health Office Mahottari, Jaleshwor
Office Code No.: 3500218032
Office Account No.: 1000100200010000
Rajaswa(Revenue)Sirsak No.: 14229
**Bank details For Bid Security/Cash Deposit :**
Name of Bank/Address: Rastriya Banijya Bank
Name of Office :- **PRADESH LEKHA EKAI KARYALAY MAHOTTARI,JALESHWOR**
A/c No.: 1270100202030000
Office Name : Health Office Mahottari
Office Code No.: 3700618012
Bid Validaty Period : 75 Days
Last Date/Time of Bid Submission :- **2083/02/20 (3 June 2026) , 12:00 PM**
Date/Time and Location of Bid Opening :- **2083/02/20 (3 June 2026) , 1:00 PM at Health Office Mahottari**

| S. N. | Contract Identification No. | Name Of Works | Estimated Amount (Inclusive VAT) (Nrs.) | Price of Bid Document (Nrs.) | Bid Security Amount,Nrs.(75 Days) |
|---|---|---|---|---|---|
| 1. | HOM/SQ/Goods/01/2082/083 | Manara siswa-06 sarpalo samudayik aakha aspatal ko upkaran kharid | 15,53,750.00 | 1000 | 39000 |
| | HOM/SQ/Goods/02/2082/083 | Mathihani Na Pa Bhitra K r Kh Apang Apang Byaktihrulai Wheelchair Bitran | 19,32,300.00 | 1000 | 49000 |

**Chief Health Office**



## Saptakoshi Municipality
Office of Municipal Executive
Tulsi Chowk, Saptari
**Madhesh Province**

## Invitation for Electronic Bids

Date of publication: 2083-02-13

1. Saptakoshi Municipality invites electronic bids from Nepalese eligible bidders for the Procurement of Agricultural Electrification from Ward No. 1 to Ward No. 11 under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information from PPMO website www.bolpatra.gov.np/egp.
3. The name and identification of the contract are as follows:

| S.N. | Contract ID No. | Description of Work | Estimated Amount NRs (Without VAT and PS) | Bid Security Amount (Rs.) | Bid Document Fee (Rs.) |
|---|---|---|---|---|---|
| 1. | 12/SMO/NCB/W/AE/2082-083 | Agricultural Electrification from Ward No. 1 to Ward No. 11 | 3508519.96 | 115000 | 3000 |

**Chief Administrative Officer**



## Bethanchok Rural Municipality
Office of Rural Municipal Executive
**Dhungkharka, Kavrepalanchowk**
Bagamati Province, Nepal

## Letter of Intent to Award the Contract

**Date of Publication: 2083/02/13**

This is to notify you that, it is our intention to award the contract for execution of the following bids to following substantially responsive lowest evaluated bidders. Corresponding Lowest Evaluated Substantially Responsive Bid is selected in accordance with ITB 32 and 33 of bidding document and this notice is published as per PPA 2063 clause 27.

| S.N. | Name of Contract | Contract Identification No. | Name and Address of Substantially Responsive Lowest Evaluated Bidder | Bid Amount (with VAT & PS in NRS) |
|---|---|---|---|---|
| 1 | Baishnab Park & Gurukul Building Construction Gairibhanjyang Ward no 3 | BRM/082/83/WORKS/20 | G.S.S Construction, Namobuddha-5, Kavrepalanchowk | 1,51,80,195.00 |
| 2 | Hydraulic Arm Structure Construction at Baishnab Park Gairibhanjyang Ward no 3 | BRM/082/83/WORKS/21 | G.R.I.T Engineering Pvt. Ltd, LMC-13, Lalitpur | 1,23,69,013.22 |

**Chief Administrative Officer**

# समाचार सङ्क्षेप

## कुकुरले पशुचौपाया मारेर खान थालेपछि त्रास

**खोटाङ समाचारदाता**
*खोटाङ, जेठ १२ गते*

खोटाङको जिल्ला सदरमुकाम दिक्तेल बजारमा सामुदायिक कुकुरले पशुचौपाया मारेर खान थालेपछि स्थानीय त्रसित भएका छन्। गोठमा, खोरमा बाँधेर राखेको खसी, गाईको बाछा, सुँगुरको पाठा मारेर खान थालेपछि स्थानीय त्रसित भएका हुन्।

दिक्तेल बेसक्यामस्थित विष्णुकुमार श्रेष्ठ स्यान्डेको घरनजिकै खोरमा बाँधेको दुई वटा खसी कुकुरले मारेर खाइरहेको देखेपछि स्थानीयमा त्रास थपिएको छ। खोरमा बाँधेर राखेको चार वटा खसी राति ११ बजेसम्म ठिकै अवस्थामा थिए तर बिहान साढे ५ बजे दुई वटा खसी कुकुरले मारेर खाइरहेको भेटिएको विष्णुकुमार श्रेष्ठले बताउनुभयो। ८/१० वटा कुकुरले खसी मारेर खाइरहेको भेटेपछि स्थानीय त्रसित भएका हुन्। श्रेष्ठको खसीसँगै दिक्तेल बजार वरिपरिका स्थानीयको गाईको बाछा, सुँगुरको पाठासमेत कुकुरले मारेर खाएको बताइएको छ।

दिक्तेल बजारमा करिब ६० बढी सामुदायिक कुकुर छन्। विशेष गरी रातको समयमा हुल बाँधेर हिँड्ने सामुदायिक कुकुरले स्थानीयलाई त्रासित बनाएको छ। कुकुरका कारण रातको समयमा दिक्तेल बजारमा यात्रा गर्न कठिन रहेको स्थानीय सरोज श्रेष्ठको बताउनुभयो। सामुदायिक कुकुरले यात्रुलाई पनि टोक्ने गरेको छ।

केही वर्षअघि जिल्ला अस्पताल दिक्तेलमा रेबिजविरुद्धको खोप लगाउन नागरिकको भिड लाग्ने गर्थ्यो। सामुदायिक कुकुरले एक दिनमै १५ बढी नागरिकलाई टोकेर घाइते बनाउने गरेको थियो। सामुदायिक कुकुरको नियन्त्रणका लागि दिक्तेल रूपाकोट मझुवागढी नगरपालिकाले लगातार दुई वर्ष कुकुर बन्ध्याकरणसमेत गरेको थियो। केही समय कुकुरले टोकेका घटना बाहिर आएका थिएनन् तर अहिले सामुदायिक कुकुरले पशुचौपाया नै मारेर खान थालेपछि थप कुरा बाहिर आउन थालेका छन्।

## टिकटकमा हातहतियार प्रदर्शन गर्ने पक्राउ

**इनरुवा समाचारदाता**
*इनरुवा, जेठ १२ गते*

सुनसरीमा सामाजिक सञ्जाल टिकटकमा पुरानो खिया लागेको हातहतियार प्रदर्शन गर्दै भिडियो पोस्ट गरेको आरोपमा दुई जनालाई पक्राउ गरेको छ। सुनसरी प्रहरीले जिल्लाको देवानगन्ज गाउँपालिका वडा नम्बर–२ का दुई जना किशोरलाई पक्राउ गरेको हो।

जिल्ला प्रहरी कार्यालय सुनसरीका प्रहरी नायब उपरीक्षक चन्द्रबहादुर भण्डारीका अनुसार जेठ ११ गते साँझ करिब ६:५० बजेको समयमा टिकटकमा हातहतियार प्रदर्शन १७ वर्षीय र १५ वर्षीय दुई किशोरलाई पक्राउ गरिएको हो।

उनीहरूले टिकटकमार्फत हतियार प्रदर्शन गरेको भिडियो सार्वजनिक भएपछि प्रहरीले अनुसन्धान अघि बढाएको जनाएको छ।प्रहरीले उनीहरूको साथबाट फलामको घरेलु कट्टुवा पेस्तोल जस्तो देखिने हतियारसमेत बरामद गरेको जनाएको छ।

बरामद गरिएको वस्तु वास्तविक हतियार हो वा होइन भन्ने विषयमा समेत अनुसन्धान भइरहेको बताइएको छ। सामाजिक सञ्जालमार्फत हतियार प्रदर्शन जस्ता गतिविधिले समाजमा त्रास र नकारात्मक सन्देश फैलाउन सक्ने भन्दै प्रहरीले यस्ता गतिविधिमा संलग्न नहुन सर्वसाधारणलाई आग्रह गरेको छ।

## नीति तथा कार्यक्रम पारित

# यथार्थपरक बजेट बनाउने मुख्यमन्त्रीको प्रतिबद्धता



कोशी प्रदेशको प्रदेश सभा बैठक ।

**शशिधर पराजुली**
*विराटनगर, जेठ १२ गते*

कोशी प्रदेश सरकारले आगामी आर्थिक वर्षका लागि प्रस्तुत गरेको नीति तथा कार्यक्रम मङ्गलबार प्रदेश सभाबाट सर्वसम्मतिले पारित भएको छ। प्रदेश सभामा सांसदहरूले उठाएका जिज्ञासा र आलोचनाको मुख्यमन्त्री हिक्मतकुमार कार्कीले विस्तृत जवाफ दिएपछि सभाले यसलाई सर्वसम्मत पारित गरेको हो।

नीति तथा कार्यक्रममाथिको छलफलमा प्रतिपक्षी सांसदहरूले सरकारको लक्ष्य र क्षमतामाथि कडा प्रश्न उठाएका थिए। पूर्वमुख्यमन्त्री तथा नेकपाका नेता राजेन्द्र राईले सरकारले नीति तथा कार्यक्रममा ठुला र कार्यान्वयन नहुने योजना ल्याएर जनतालाई भ्रममा पारेको आरोप लगाउनुभयो। “नीति र कार्यक्रम हेर्दा ‘जुन हेरे जुनै राम्रो, घाम हेरे घामै राम्रो’ भने जस्तो आकर्षक देखिन्छ तर कार्यान्वयन नभएपछि यसको कुनै अर्थ रहँदैन,” राईले भन्नुभयो, “प्रदेशको क्षमताले नभ्याउने चतरा–चौँरीखर्क रेलमार्ग र केचना–सगरमाथा द्रुतमार्ग जस्ता योजनाका नाममा अध्ययन खर्च मात्र बढाउनुको के अर्थ ? यो ठिक छैन।”

उहाँले प्रदेश सरकारले आयोजना गरेको लगानी सम्मेलनले कुनै ठोस लगानी भित्र्याउन नसकेको भन्दै आलोचनासमेत गर्नुभयो। त्यस्तै प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसका संसदीय दलका नेता एवं पूर्वमन्त्री इन्द्रबहादुर आङ्बोले प्रदेशको स्रोतसाधनको सीमालाई ध्यान दिन सरकारलाई आग्रह गर्नुभयो। “सङ्घीय सरकारले हेरिरहेका ठुला आयोजनामा प्रदेशले सहयोग मात्र गर्ने हो, आफैँ अघि सर्नु पर्दैन,” आङ्बोले भन्नुभयो, “बरु प्रदेशले नागरिकको स्वास्थ्य उपचारमा सहज पहुँच, साना तथा मझौला उद्यम र पुरानै अधुरा योजना सम्पन्न गर्नमा बजेट केन्द्रित गर्नु पर्छ।” उहाँले बसाइँसराइ रोक्न बलजफ्ती गरेर नभई नयाँ सहरमा सबै सुविधा र आर्थिक अवसर पुऱ्याएर मात्र सम्भव हुने सुझाव दिनुभयो।

सांसदहरूले उठाएका प्रश्नको जवाफ दिँदै मुख्यमन्त्री हिक्मतकुमार कार्कीले नीति तथा कार्यक्रम कतैबाट कपीपेस्ट नगरिएको र यसमा च्याट जिपिटीको प्रयोगसमेत नभएको स्पष्ट पार्नुभयो। “यो विगतको निरन्तरता मात्र होइन, भाषा र शैली परिमार्जन गरिएको यथार्थपरक दस्तावेज हो,” मुख्यमन्त्री कार्कीले भन्नुभयो, “मैले रातारात झारा टार्ने गरी यो तयार पारेको छैन, निकै सावधानीपूर्वक तयारी गरेको छु।”

विवादस्पद मानिएका ठुला आयोजनाबारेमा स्पष्ट पार्दै मुख्यमन्त्रीले चतरा–चौँरीखर्क रेलमार्ग र तमोर–चिस्याङ डाइभर्सन जस्ता योजनामा प्रदेश सरकारले सहजीकरण मात्र गरेको बताउनुभयो। उहाँले प्रदेशको बजेटको सीमा स्वीकार गर्दै भन्नुभयो, “हामी अब एउटै बाटो वा पुलमा एक अर्ब खर्च गर्न सक्ने अवस्थामा छैनौँ। जहाँ रोजगारी सिर्जना हुन्छ र गरिबी निवारणमा योगदान पुग्छ, त्यहाँ मात्र लगानी केन्द्रित गरिन्छ। चल्दै नचल्ने बाटो कालोपत्रे गरेर हिँड्ने अवस्था अब रहेन।”

मुख्यमन्त्रीले पर्यटन क्षेत्रलाई प्रदेशको मेरुदण्डका रूपमा व्याख्या गर्दै भ्रमण वर्ष २०८३/८५ मार्फत आन्तरिक र बाह्य पर्यटक भित्र्याउने योजना सुनाउनुभयो। भारतको महाकुम्भमा ६५ करोड मान्छेले भ्रमण गरेको प्रसङ्ग जोड्दै उहाँले कोशी प्रदेशका धार्मिक स्थलमा पर्यटक आकर्षण गर्न कूटनीतिक नियोगसँग सहकार्य गरिने बताउनुभयो। युवापुस्ताका लागि ‘पढ्दै कमाउँदै’ कार्यक्रम, लोक सेवामा उत्कृष्ट हुनेका लागि ट्यालेन्ट हन्ट र स्टार्टअपका लागि बैङ्कसँग सम्झौता भइसकेको उहाँले जानकारी दिनुभयो।

सांस्कृतिक र भाषिक अधिकारका सम्बन्धमा मुख्यमन्त्रीले भाषा आयोगको सिफारिस अनुसारका भाषाहरू आगामी वर्षदेखि लागु गर्न कानुनी व्यवस्था गरिने र आदिवासी जनजातिका सांस्कृतिक स्थलको संरक्षणमा सरकार प्रतिबद्ध रहेको बताउनुभयो। “हामी निजी क्षेत्र र लगानीकर्ताको झोला बोकेर हिँड्न तयार छौँ, मात्र प्रदेशमा लगानी र समृद्धि भित्रियोस्,” उहाँले भन्नुभयो।

# घर घरमै पानी पुऱ्याउने तयारीमा खानेपानी आयोजना

**नवराज कट्टेल**
*विराटनगर, जेठ १२ गते*

विराटनगर महानगरपालिकामा खानेपानी गुणस्तर सुधार आयोजना अन्तर्गत ५८ किलोमिटर ट्रकलाइनमा पाइप बिछ्याउने कार्य सम्पन्न भएको छ।

दुई अर्ब ५४ करोड रुपियाँको लगानीमा विस्तार भइरहेको खानेपानी आयोजना आगामी दसैँसम्म महानगरका घरका धारामा पानी आउने दाबी गरिएको छ। नेपाल खानेपानी संस्थान विराटनगरका प्रमुख सन्तोष रौनियारका अनुसार खानेपानीको ९८ प्रतिशत काम सकिएको छ। यो आयोजना अन्तर्गत नयाँ विस्तार ५८ किलोमिटरबाहेक विराटनगरमा ३० वर्ष पुरानो खानेपानी संरचना र पाइपलाइन विस्थापन र नयाँ वितरण प्रणाली स्थापना गर्नेसम्मको काम भइरहेको छ।

प्रमुख रौनियारका अनुसार जापान सरकारको अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका) को अनुदानमा विस्तार भइरहेको खानेपानी सुधार आयोजना सम्पन्न हुँदा एक लाख नगरवासीले शुद्ध खानेपानी पाउने विश्वास लिएको छ। सिमुजी कर्पोरेसनले खानेपानी सुधार आयोजना अन्तर्गतको काम गरिरहेको छ। यो जापानी कम्पनी नै हो। यसको जनसम्पर्क अधिकृत तथा इन्जिनियर अरबिन्द कर्णका अनुसार ५८ किलोमिटरमा नयाँ पाइप बिछ्याउने कार्य सम्पन्न भइसकेको छ।

त्यसबाहेक पाइप बिछ्याइएको सडक क्षेत्र कालोपत्रे गर्ने कार्यसमेत सकिएको छ। इन्जिनियर कर्णका अनुसार बिछ्याउने र पुर्ने कामसँगै पाइप लाइन प्रेसर, हाउस कनेक्सन, इन्टर कनेक्सनको काम पनि सकिएको छ। खानेपानी सुधार आयोजना अन्तर्गत विराटनगर महानगरपालिकाको वडा नम्बर १ देखि १४ नम्बरसम्म नयाँ पाइपलाइन विस्तार भएको हो। अहिले पानीको गुणस्तर परीक्षण गर्ने कार्य सुरु गरिएको छ। इन्जिनियर कर्णका अनुसार भदौ र असोजमा केही अवरोधका कारण रोकिएकाले केही ढिला भएको हो। यद्यपि गत भदौसम्म समयावधीभन्दा पाँच प्रतिशत बढी कार्यप्रतिशत रहेकोमा अहिले सन्तुलन नै रहेको उहाँको भनाइ छ।

ट्रक (मेन) लाइनबाट सबलाइनमा लगिएको पाइप, हाउस कनेक्सनमा जोड्न ड्रेनेज (नाला) र फुटपाथमा निकालिएको छ। यसबाहेक पुरानो पानीको आपूर्ति प्रणालीमा रहेको पाइपमा नयाँ पानीको पाइप जोड्न इन्टर कनेक्सन १६ स्थानमा गराइएको छ। विराटनगर महानगरपालिकाभित्र हाल खानेपानी संस्थान अन्तर्गतको पानी १३ हजार घरधुरीमा मात्र वितरण भइरहेको छ।

### ५२ लाख लिटर क्षमता

नयाँ प्रणाली अन्तर्गत विराटनगर–५ स्थित महानगर बहुप्राविधिक शिक्षालयनजिक १२ लाख लिटर क्षमताको ओभरहेड ट्याङ्की निर्माण कार्य सम्पन्न भइसकेको छ। यसमा अहिले रङरोगन गर्ने काम भइरहेको इन्जिनियर कर्णले जानकारी दिनुभयो। त्यहि स्थानमा साढे चार लाख लिटर क्षमताको अन्डरग्राउन्ड ट्याङ्कीको कामसमेत सकिएको छ।

यसै गरी संस्थानको पानी वितरण भइरहेका स्थान देवकोटाचौक, तीनपैनी र मुनालपथमा थप १२/१२ लाख लिटर क्षमता विस्तार गरिएको छ। यी ट्याङ्की भएका स्थानमा तीन/तीन वटा डिप बोरिङबाट पानी निकालेर फिल्टर प्लान्ट जडान गरिएको छ। फिल्टर प्लान्ट जडान गरिएको पानी नै परीक्षण गरेर त्यसमा सुधार गर्नुपर्ने भए सच्याउन केही समय लाग्ने अनुमान गरिएको छ। यस पटकको खानेपानी प्रणालीमा महानगरपालिका क्षेत्रका ३२ स्थानमा फायर हाइड्रेन्डसमेत राखिएको छ। जसले महानगरपालिकाभित्र आगलागी हुँदा पानी निभाउनका लागि पानीको सहज स्रोतको काम गर्ने छ।

### सडक मर्मतका लागि ध्यानाकर्षण

विराटनगर महानगरपालिका अन्तर्गत १ र ३ नम्बरका स्थानीयले सोमबार विराटनगर महानगरपालिका प्रमुख नागेश कोइरालालाई कार्यकक्षमै पुगेर सडकका खाल्डा मर्मत गरिदिन ध्यानाकर्षण गराएका छन्। दुई वटा वडा समेट्ने पुष्पलालचौक–तीनपैनी सडक खाल्टाखुल्टीले गर्दा दुर्घटनाको जोखिम बढ्दै गएको भन्दै त्यसको मर्मत गर्नका लागि ध्यानाकर्षण गराएका छन्। ध्यानाकर्षण गराउन आएका नगरवासीसँग नगरप्रमुख नागेश कोइरालाले इन्धनमा बढेको मूल्यका कारण निर्माण व्यवसायीले काम नगरिदिएको उल्टै गुनासो गर्नुभयो।

सडक मर्मतको माग राख्दै आएका स्थानीयले यसअघि बारम्बार विराटनगर महानगरपालिकाका सम्बन्धित वडाध्यक्ष हुँदै प्रमुख र उपप्रमुखसम्मको ध्यानाकर्षण गराइसकेका थिए। क्षेत्रीय सहरी विकास परियोजना (आरयुडिपी) अन्तर्गत निर्माण भएको यो सडकको मर्मतका लागि त्यही परियोजना अन्तर्गत ठेक्का व्यवस्थापन समेत भइसकेको छ।

निर्माण व्यवसायी सङ्घ मोरङका कोषाध्यक्ष सञ्जय यादवका अनुसार सरकारले इन्धनको मूल्य वृद्धि गरेपछि निर्माण सामग्रीको समेत मूल्य समायोजन गरिदिनुपर्ने बताउनुभयो।

# चार महिनामै श्रीमान्‌ले गरे हत्या

**खोटाङ समाचारदाता**
*खोटाङ, जेठ १२ गते*

खोटाङमा एक युवाले विवाह गरेको चार महिनामै निर्घात कुटपिट गरी श्रीमतीको हत्या गरेको आरोप छ। चार महिनाअघि अन्तरजातीय विवाह गरेका साकेला गाउँपालिका–१, बाँझेच्यानडाँडाका ३३ वर्षीय राजकुमार राईले निर्घात कुटपिट गरी श्रीमतीको हत्या गरेको आरोप छ। श्रीमती २८ वर्षीय शान्ति चर्मकारको हत्या गरेका राईलाई जिल्ला प्रहरी कार्यालय खोटाङले पक्राउ गरेको छ।

जेठ ९ गते बिहान श्रीमतीको लडेर मृत्यु भएको भन्दै राईले आफन्तलाई खबर गरेका थिए। आफूहरू पुग्दा घरभित्रको खाटमाथि शङ्कास्पद अवस्थामा शान्ति चर्मकारको शव भेटिएको बाँझेच्यानडाँडाका वडा सदस्य मुगाधन राईले बताउनुभयो। शरीरभरि निलडाम रहेको शव गनाउन थालिसकेको थियो। अनुहारको सबै भागमा निलडाम मात्र रहेको उहाँको भनाइ छ। घरमा श्रीमान् श्रीमती मात्र बस्ने भएकाले केही दिनअगाडि नै राईले श्रीमतीको हत्या गरेको हुन सक्ने अनुमान गरिएको छ। बुवालाईसमेत कुटपिट गरेपछि केही समयदेखि बुवा र भाइ छुट्टै बस्दै आएका छन्। निर्घात कुटपिट गरी श्रीमतीको हत्या गरेको आरोपमा राईलाई प्रहरीले पक्राउ गरी जेठ ११ गते जिल्ला अदालतबाट म्याद थप गरेर अनुसन्धान अगाडि बढाइएको जिल्ला प्रहरी कार्यालय खोटाङका सूचना अधिकारी प्रहरी निरीक्षक निराजन बस्नेतले बताउनुभयो। मृतक श्रीमतीको कानुनी प्रक्रिया पूरा गरी परिवारले अन्त्येष्टि गरिसकेको प्रहरी निरीक्षक बस्नेतको भनाइ छ।

वडा सदस्य मुगाधन राईका अनुसार मृतक शान्ति चर्मकारले चार महिनाअघि मात्र राजकुमार राईसँग दोस्रो विवाह गर्नुभएको थियो। पहिलो श्रीमानतर्फका दुई वर्ष र पाँच वर्षका दुई जना छोराछोरी छन्। पटक पटक झगडामा मुछिँदै आएका राईले अन्ततः श्रीमतीको हत्या गरेको वडा सदस्य मुगाधनले दाबी गर्नुभयो।


**डिभिजन वन कार्यालय नवलपरासी (ब.सु.प.)**
**सडक डिभिजन बुटवल अन्तर्गतको सुनवल–परासी खण्डको ROW भित्रका जोखिमयुक्त रुख कटान मुछानका लागि सिलबन्दी दरभाउ पत्र आह्वान सम्बन्धी सूचना ।**

**प्रथम पटक प्रकाशन मिति : २०८३/०२/१३**

सडक डिभिजन बुटवल अन्तर्गतको सुनवल–परासी खण्डको ROW भित्रका जोखिम युक्त रुख सङ्ख्या ७१ को अनुमानित उत्पादन हुनसक्ने काठ १४४६.८५ घनफिट र दाउरा ५.१६ चट्टा कटान मुछान गर्न स्वीकृत जिल्ला दररेटमा लिलाम घटाघट प्रक्रियाबाट गर्नुपर्ने भएकोले इजाजत प्राप्त फर्म/कम्पनीबाट ७ दिनभित्र रीतपूर्वक सिलबन्दी दरभाउपत्र पेश गर्न आह्वान गरिन्छ । विस्तृत जानकारी डिभिजन वन कार्यालय नवलपरासी (ब.सु.प) बाट प्राप्त गर्न सकिनेछ ।



**सुदूरपश्चिम प्रदेश सरकार**
**सामाजिक विकास मन्त्रालय**
**(बढुवा समितिको सचिवालय)**
**धनगढी, कैलाली**

प्रदेश लोक सेवा आयोगको बढुवा सूचना नं. १५/०८२/०८३, प्रदेश स्वास्थ्य सेवा, समूह/उपसमूह जरनल नर्सिङ, अधिकृत सातौँ तहको रिक्त पदहरूमा बढुवा समितिको मिति २०८३/०२/१२ को निर्णयानुसार देहाय बमोजिमको योग्यता क्रमका उम्मेदवारहरूलाई बढुवाका लागि सिफारिस गर्ने निर्णय भएकोले सुदूरपश्चिम प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ४३ र ४४ को प्रयोजनका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**बढुवा सूचना नं. १५/०८२/०८३ सेवा : प्रदेश स्वास्थ्य, समूह/उपसमूहः– जनरल नर्सिङ, तहः– अधिकृत सातौँ पदः– नर्सिङ अधिकृत**

| योग्यता क्रम नं. | कर्मचारीको सङ्केत नं. | उम्मेदवारको नाम, थर |
|---|---|---|
| १ | १४०२७० | शेर बहादुर महतरा |



**मधेश प्रदेश सरकार**
**शिक्षा तथा संस्कृति मन्त्रालय**
**शिक्षा विकास इकाइ**
**सर्लाही, नेपाल**

**बोलपत्र स्वीकृतको आशय सम्बन्धी सूचना**

**प्रकाशित मिति : २०८३।०२।१३**

यस आयोजना अन्तर्गतको तपसिलमा उल्लिखित निर्माण कार्यका लागि मिति २०८३/०१/०४ गतेको गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशित बोलपत्र आह्वानको सूचना बमोजिम म्यादभित्र रीतपूर्वक प्राप्त हुनआएका बोलपत्रमध्ये तपसिल बमोजिमको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही देखिएको हुँदा उक्त बोलपत्र स्वीकृतिका लागि छनोट भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) र (३) को प्रयोजनार्थ सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| S. N. | Contract Name & ID. | Name Of Successful Bidder’s | Bid Amount (With VAT & PS) |
|---|---|---|---|
| 1. | The Construction Of Bhishnu Ga.Pa. 6 Ma Raheko Ramjanki Mandirko Starunnati EDU/SARLAHI/NCB/WORKS/2082-083-05 | Ganga Nirman Sewa, Simara-05, Sarlahi | 33,14,439.30 |
| 2. | The Construction Of Chakarghatta Ga.Pa. 8 Aaurahima Raheko Adhuro Ram Janki Mandir Nirman EDU/SARLAHI/NCB/WORKS/2082-83-06 | Jay Bahurahiya Mai Nirman Sewa, Chakraghatta-6, Sarlahi | 33,09,907.8 |
| 3. | The Construction Of Jay Janta Campus Gadhiya Dumariyako Adhuro Bhawan Nirman. EDU/SARLAHI/NCB/WORKS/2082-83-07 | AAGAMAN NIRMAN SEWA PVT.LTD., Brampuri-06 Sarlahi | 33,41,065.94 |
| 4. | The Construction Of Sarlahi Malangwa Na. Pa. Ward No.2 Sthit Public Ma.Bi. Ma Sraswati Mandir Nirman EDU/SARLAHI/NCB/WORKS/2082-83-08 | Kriti Nirman sewa , Malangwa-02, Sarlahi | 32,14,712.98 |
| 5. | The Construction Of Santa Aalpamai Nursing Bahuprabhidik Sikshalayako Marmat Tatha Starunnati Sarlahi Malangwa Na. Pa 2 EDU/SARLAHI/NCB/WORKS/2082-83-09 | Yash Nirman Sewa, Malangwa-02, Sarlahi | 34,54,696.37 |



Government of Nepal
**Ministry of Agriculture, Forestry and Environment**
Plant Quarantine and Pesticide Management Center
Quarantine Office Nepalganj, Banke

**INVITATION FOR SEALED QUOTATIO**

**Date of Publication: 2083-02-13 (May 27, 2026)**

1. The Plant Quarantine and Pesticide Management Center, Quarantine Office, Nepalganj, Banke invites Hard Copy Sealed Quotations from eligible and registered Suppliers/Firms for the procurement and delivery of the following goods under Sealed Quotation procedures:

| S. N. | Invitation For Bids No: | Last Date of Bid Submissions | Date Of Opening | Bid Document Fee (Nrs) | Bid Security (Nrs) |
|---|---|---|---|---|---|
| 1. | QO/SQ/ GOODS/01/082-083 | 2083-02-20 (June 03, 2026) at 12:00 PM | 2083-02-20 (June 03, 2026) at 1:00 PM | 1000 | 46000 |

2. Eligible Bidders may obtain further information and inspect the Sealed Quotation Documents containing the Bill of Quantities (BOQ) and technical specifications at the office of Quarantine Office, Nepalgunj, Banke during regular office hours.
3. A complete set of Sealed Quotation Documents (including BOQ) may be purchased from the Quarantine Office, Nepalgunj, Banke by eligible Bidders during office hours up to 2083-02-20 (June 03, 2026) before 12:00 PM upon submission of a written application, along with verified copies of valid Firm Registration, VAT/PAN Certificate, and Tax Clearance Certificate, and upon payment of a non-refundable fee of NPR 1000.00 deposited into the designated government revenue account (Rajaswa Account) as specified below:
- Name of Bank: Rastriya Banijya Bank (RBB)
- Office Bank Account No: 1000100200010000
- Office Code (Yosala No.): 312005702
- Revenue Head No. (Rajashwa Shirshak): 14229
4. Hard Copy of Sealed Quotations must be submitted to the office of Quarantine Office, Nepalgunj, Banke in a properly sealed envelope by hand or registered post on or before 12:00 PM on 2083-02-20 (June 03, 2026). Quotations received after this deadline will be rejected.
5. The Quotations will be opened in the presence of Bidders' representatives who choose to attend at 1:00 PM on 2083-02-20 (June 03, 2026) at the office premises.
6. Quotations must be accompanied by a Bid Security amounting to a minimum of NPR 46,000.00, which must be valid for at least 45 days beyond the validity period of the quotation. The bid security must be in the form of a bank guarantee issued by a Commercial Bank or a cash voucher deposited into the office's designated Dharauti (Deposit) Account.
7. If the last date of purchasing and/or submission falls on a government holiday, the next working day shall be considered the last date.
8. The Office reserves the right to accept or reject any or all quotations, or to annul the bidding process without assigning any reason whatsoever.



**Kathmandu Metropolitan City**
**Office of the Municipal Executive**
Mechanical and Equipment Division, Teku
Kathmandu, Bagmati Province, Nepal

**Invitation for Electronic Bids**

**Notice No. 14-082-83-NCBG-MECH-KMC**
Date of Publication: 2083-02-13

1. Kathmandu Metropolitan City, Office of the Municipal Executive has allocated funds from its own resources & GoN towards the cost of following works and intends to apply the funds to cover eligible payments under the contract and is open to all eligible Nepalese Bidders.

| IFB No. | Description of Work | Cost of Bidding Document (NRs.) | Bid Bond Amount (NRs.) | Last Date and Time of Bid Submission | Bid Opening Date and Time | Date and Time of Pre-Bid Meeting |
|---|---|---|---|---|---|---|
| 14-15-082-83-NCBG-MECH-KMC | Supply and Delivery of Undercarriage parts for D85ESS-2A Dozer at KMC | 3,000.00 (Three Thousand Only) | NRs 2,00,000.00 (Rupees Two Lakhs Only) | 2083-03-04 12:00 hour | 2083-03-04 14:00 hour | 2083-02-22 14:00 hour |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at Mechanical and Equipment Division, Kathmandu Metropolitan City, Office of the Municipal Executive, Teku, Kathmandu, Bagmati Province, Nepal during office hours or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. A complete set of Bidding Documents is available online and can be downloaded from e-GP system: www.bolpatra.gov.np/egp. Interested bidders shall register in the e-GP system and deposit the above mentioned cost of bidding document in the **NIC Asia Bank Ltd., Kathmandu Metropolitan City, Procurement Unit, Account No. - 0012050061475043**
4. The Employer reserves the right to accept or reject any bid, and to annul the bidding process and reject all bids at any time prior to contract award, without thereby incurring any liability to Bidders.
5. Matters not covered under this document will be as per the Public Procurement Act 2063, Public procurement Regulations 2064 & Kathmandu Metropolitan Public Procurement Regulations 2079(1st Revision 2080).

**Environment Management Department**
**Mechanical and Equipment Division**

गोरखापत्र
gorkhapatraonline.com

# अर्थबजार

सुनचाँदी
(प्रतितोला रुपियाँमा)

| | | |
|---|---|---|
| छापावाल सुन | : | २,९१,५०० ▼ |
| चाँदी | : | ५०६० ▼ |

सेयर बजार

| | | |
|---|---|---|
| नेप्से इन्डेक्स | : | २७७७.१० (-९.२४) ▼ |
| कारोबार रकम | : | ४,८५४,४४१,९७० ▼ |
| कारोबार भएका सेयर | : | ११,८७२,५०७ |
| कारोबार सङ्ख्या | : | ५२,७५१ |
| कारोबार भएका कम्पनी | : | ३४२ |

## राष्ट्र बैङ्क ऐन संशोधन गर्ने विधेयक संसद्मा दर्ता



**राष्ट्रिय समाचार समिति**
*काठमाडौँ, जेठ १२ गते*

नेपाल राष्ट्र बैङ्कलाई थप स्वायत्त, उत्तरदायी र प्रविधिमैत्री बनाउने उद्देश्यसहित सरकारले नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ संशोधन गर्न बनेको विधेयक सङ्घीय संसद्मा दर्ता गरेको छ। अर्थ मन्त्रालयले सोमबार प्रतिनिधि सभामा दर्ता गरेको उक्त विधेयकमा केन्द्रीय बैङ्कको भूमिका, संरचना, नियामकीय अधिकार, डिजिटल वित्तीय प्रणाली तथा वित्तीय स्थायित्वसँग सम्बन्धित विषयमा व्यापक संशोधन प्रस्ताव गरिएको छ।

सरकारले राष्ट्रिय एवं अन्तर्राष्ट्रिय आर्थिक तथा वित्तीय क्षेत्रमा आएको परिवर्तन, वित्तीय प्रणालीको विस्तार, डिजिटल प्रविधिको तीव्र प्रयोग तथा केद्रीय बैङ्कको बदलिँदो भूमिकालाई दृष्टिगत गर्दै विद्यमान ऐन संशोधन प्रक्रिया अघि बढाइएको हो। विद्यमान ऐनका अस्पष्ट तथा व्यवहारमा कठिनाइ उत्पन्न गर्ने प्रावधानलाई स्पष्ट गर्दै अझ प्रभावकारी रूपमा सञ्चालन गर्न कानुनी सुधारका लागि यो विधेयक तयार पारिएको अर्थ मन्त्रालयले जनाएको छ।

प्रस्तावित विधेयकमा विशेष गरी गभर्नर तथा सञ्चालक नियुक्ति र पदमुक्तिसम्बन्धी व्यवस्था पुनर्संरचना गर्ने, वित्तीय स्थायित्व कायम गर्ने संयन्त्रलाई थप बलियो बनाउने, डिजिटल करेन्सीलाई कानुनी मान्यता दिने तथा केन्द्रीय बैङ्कको नियामकीय र सुपरिवेक्षकीय अधिकारलाई स्पष्ट पार्ने व्यवस्था समेटिएका छन्।

विधेयकले पहिलो पटक डिजिटल करेन्सीलाई कानुनी परिभाषाभित्र समावेश गरेको छ। हालसम्म करेन्सी नोटमा केन्द्रित रहेको व्यवस्थालाई परिमार्जन गर्दै अब करेन्सी शब्दभित्र बैङ्कबाट जारी गरिने डिजिटल करेन्सीसमेत समेटिने प्रस्ताव गरिएको छ। यससँगै नेपाल राष्ट्र बैङ्कले जारी गर्ने डिजिटल मुद्रा बैङ्क नोट सरह कानुनी मान्यता प्राप्त गर्ने बाटो खुल्ने भएको छ।

त्यस्तै वित्तीय संस्थाको परिभाषा पनि विस्तार गरिएको छ। विधेयकको व्यवस्था अनुसार अब विप्रेषण कारोबार गर्ने संस्था, भुक्तानी प्रणाली सञ्चालन गर्ने संस्था तथा डिजिटल भुक्तानी सेवाप्रदायकलाई समेत वित्तीय संस्थाको दायराभित्र ल्याइने प्रस्ताव छ। यसले डिजिटल वालेट, पेमेन्ट गेटवे तथा रेमिट्यान्स सेवाप्रदायकलाई प्रत्यक्ष रूपमा केन्द्रीय बैङ्कको नियमनभित्र ल्याउने देखिन्छ।

विधेयकमा वित्तीय होल्डिङ कम्पनीसम्बन्धी नयाँ व्यवस्था पनि थप गरिएको छ। वाणिज्य बैङ्क वा वित्तीय संस्थाको सहायक कम्पनी, संयुक्त उपक्रम वा संरचनागत स्वामित्व भएका संस्थालाई वित्तीय होल्डिङ कम्पनीका रूपमा परिभाषित गरिएको छ। यसले बैङ्किङ समूहको संरचना र स्वामित्व व्यवस्थापनलाई थप व्यवस्थित गर्ने अपेक्षा गरिएको छ।

विधेयकमा राखिएको संशोधन प्रस्ताव अनुसार नेपाल राष्ट्र बैङ्क सञ्चालक समितिको संरचनामा पनि परिवर्तन गरिने भएको छ। हाल अर्थ सचिव, दुई डेपुटी गभर्नर र सरकारले नियुक्त गरेका तीन जना सञ्चालक रहने व्यवस्था रहेकामा अब नियुक्त सञ्चालकको सङ्ख्या पाँच पुऱ्याइने प्रस्ताव गरिएको छ।

विधेयकले नेपाल राष्ट्र बैङ्कलाई ' म्याक्रो प्रुडेन्सियल नियामकका रूपमा स्पष्ट जिम्मेवारी दिने प्रस्ताव गरेको छ। बैङ्किङ तथा वित्तीय प्रणालीमा सर्वसाधारणको पहुँच र विश्वास अभिवृद्धि गर्ने, वित्तीय स्थायित्व कायम गर्ने तथा प्रणालीगत जोखिम व्यवस्थापन गर्ने भूमिकालाई कानुनी रूपमा बलियो बनाउने लक्ष्य राखिएको छ।

त्यसै गरी केन्द्रीय बैङ्कलाई वित्तीय प्रणालीसँग सम्बन्धित विभिन्न सहायक संस्थामा सीमित लगानी वा ऋण प्रवाह गर्न सक्ने अधिकार पनि प्रस्ताव गरिएको छ। धितो व्यवस्थापन, साख मूल्याङ्कन, वित्तीय सूचना आदानप्रदान, भुक्तानी क्लियरिङ, सम्पत्ति व्यवस्थापन तथा ट्रस्टी सेवा जस्ता क्षेत्रमा काम गर्ने संस्थामा राष्ट्र बैङ्कले कुल पुँजीको १० प्रतिशतसम्म लगानी गर्न सक्ने व्यवस्था विधेयकमा समावेश छ।

विदेशी मुद्रा विनिमय दरसम्बन्धी व्यवस्थामा पनि संशोधन प्रस्ताव गरिएको छ। हाल राष्ट्र बैङ्कसँग रहेको विनिमय दर पद्धति निर्धारण गर्ने अधिकारलाई थप स्पष्ट पार्दै विनिमय दर पद्धति र विनिमय दर निर्धारणसम्बन्धी व्यवस्था विधेयकमा राखिएको छ।

सरकारका अनुसार मूल्य स्थिरता, शोधनान्तर स्थिरता तथा समग्र वित्तीय प्रणालीको विश्वसनीयता कायम राख्न राष्ट्र बैङ्कको भूमिका थप सक्षम र उत्तरदायी बनाउन आवश्यक भएकाले ऐन संशोधन गर्न लागिएको हो।

राष्ट्र बैङ्क ऐन जारी भएयता नौ पटक संशोधन भइसकेको छ। अर्थ मन्त्रालयका अनुसार केन्द्रीय बैङ्कको उद्देश्य, कार्यक्षेत्र र संरचनालाई अन्तर्राष्ट्रिय रूपमा स्वीकार्य अवधारणासँग तादात्म्यता कायम गर्ने, संस्थागत स्वायत्तता सुदृढ गर्ने तथा सुपरिवेक्षकीय र नियमन भूमिकालाई थप प्रभावकारी बनाउने लक्ष्यका साथ ऐन संशोधन गर्न लागिएको हो।

त्यस्तै केन्द्रीय बैङ्कको निर्णय प्रक्रियामा पारदर्शिता, जवाफदेहिता र व्यावसायिकता अभिवृद्धि गर्न कानुनी आधार अद्यावधिक गर्नुपर्ने भएकाले विधेयक ल्याइएको मन्त्रालयले जनाएको छ। चालु आव २०८२/८३ को बजेट वक्तव्य, नेपाल राष्ट्र बैङ्कको चौथो रणनीतिक योजना ९२०२२-२०२६० तथा चालु आवको मौद्रिक नीतिमा उल्लिखित सुधार कार्यक्रम कार्यान्वयन गर्न ऐनमा समयानुकूल संशोधन गर्न लागिएको हो। नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ पछिल्लो पटक सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण तथा व्यावसायिक वातावरण प्रवर्धनसम्बन्धी केही ऐन संशोधन गर्ने ऐन, २०८० र सहकारीसम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०८१ मार्फत संशोधन गरिएको थियो।

## ठुला उद्योग छैनन् कर्णालीमा

**रजनी योगी**
*सुर्खेत, जेठ १२ गते*



तस्बिर : रजनी योगी

**पश्चिम सुर्खेतको चौकुनेमा निर्माण थालिएको सिमेन्ट उद्योगको संरचना।**

पश्चिम सुर्खेतको चौकुनेमा निर्माण थालिएको सिमेन्ट उद्योग पनि अहिले यही अवस्थामा पुगेको छ। सूर्यतारा इन्भेस्टमेन्ट कम्पनी लगानीमैत्री वातावरण नभएको भन्दै उद्योगबाट हात झिक्ने अवस्थामा पुगेको छ। दुई वर्षभित्रै उत्पादन सुरु गर्ने लक्ष्यसहित २०७७ सालमा लगानी बोर्डबाट उद्योग सञ्चालनका लागि स्वीकृति पाएको कम्पनीले पूर्वाधार निर्माणका प्रारम्भिक कामसमेत सुरु गरिसकेको थियो। सरकारी तहबाट पर्याप्त सहयोग नभएपछि अहिले काम नै रोकिएको छ।

कर्णालीमा औद्योगिक विकास हुन सकेको छैन। ठुला उद्योग नै छैनन्। लगानीमैत्री वातावरण बन्न सकेको छैन, जसले गर्दा लगानीकर्ता पनि आकर्षित भएका छैनन्। औद्योगिक विकासको सम्भावना हुँदाहुँदै पनि लगानी भित्रिन सकेको छैन। लगानी गर्न इच्छुक लगानीकर्ता पनि पछि हट्नुपर्ने अवस्था सिर्जना हुने गरेको छ।

उद्योग स्थापना स्थलसम्म पहुँच मार्ग र विद्युत् विस्तार नहुँदा समस्या निम्तिएको हो। पूर्वाधार अभावका कारणले उद्योग सञ्चालन गर्न कठिनाइ भएको हो। उद्योगका लागि जग्गा प्राप्ति, संरचना निर्माणलगायतका धेरै काम अघि बढिसकेको छ। करिब १५ अर्ब रुपियाँ बराबरको लगानीमा उद्योग सञ्चालन हुन लागेको थियो। सिमेन्ट उद्योग सञ्चालनका लागि लगानी बोर्डले १४ अर्ब २७ करोड ५० लाखको लगानी स्वीकृत गरिसकेको छ।

अध्यक्ष मुकुन्द तिमिल्सेनाका अनुसार वराहताल गाउँपालिका-७, लखरपाटामा ९५ हजार हेक्टर जमिनबाट चुनढुङ्गा उत्खनन गर्ने र चौकुने गाउँपालिकामा उद्योग स्थापनाका लागि ४२ बिघा जमिन खरिद गरिएको छ। काम अघि बढ्नुपर्ने बेलामा पूर्वाधार अभावबिच उद्योग सञ्चालन गर्न नसकिने भन्दै सरकारले थप पहल नगरे आयोजनाबाटै हात झिक्ने अवस्था आउने कम्पनीले जनाएको छ।

यस्तै चार दशकअघि नै अध्ययन गरिएको सुर्खेत सिमेन्ट (चौकुने) उद्योग पनि अलपत्र छ। उद्योग सञ्चालनका लागि २०६६ सालमा मुक्तिश्री प्रालिलाई जिम्मा दिइएको थियो।

सरकारबाट अनुमति पाएको डेढ दशक बितिसक्दासम्म पनि उक्त उद्योग स्थापना हुन सकेको छैन। उद्योग स्थापना स्थलमा सम्पर्क कार्यालय राख्नेबाहेक निर्माणको कुनै काम अघि बढेको छैन। सिमेन्ट उद्योग मात्रै होइन कर्णालीमा यस्ता कुनै पनि ठुला उद्योग सञ्चालनमा आउन सकेका छैनन्। प्रदेश सरकारले आवश्यक ठोस नीति निर्माण गर्न सकेको छैन। लगानी सुरक्षित नहुँदा ठुला उद्योग सञ्चालनमा समस्या हुने गरेको बताइएको छ।

कर्णालीमा एउटा पनि ठुला उद्योग छैन। भएका ससाना उद्योग पनि दिनहुँ जसो बन्द हुने अवस्थामा छन्। प्रदेशको उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालयका अनुसार कर्णाली प्रदेशमा ३० हजार ८३२ वटा साना उद्योग सञ्चालनमा छन्। यी उद्योग, सेवा, उत्पादन, वनपैदावर, पर्यटन र ऊर्जामा आधारित छन्। सबैभन्दा धेरै उद्योग सुर्खेतमा रहेका छन्। सुर्खेतमा १० हजार ८३९ उद्योग छन्।

दैलेखमा तीन हजार ४४२, कालीकोटमा एक हजार ५९१, जुम्लामा दुई हजार ९५४, मुगुमा दुई हजार ४२२, सल्यानमा एक हजार ७०६, हुम्लामा दुई हजार तीन सय, रुकुमपश्चिममा एक हजार ७४७, जाजरकोटमा दुई हजार २५२ र डोल्पामा एक हजार ५६९ वटा साना तथा घरेलु उद्योग दर्ता भएका छन्। नयाँ साना उद्योग खुल्ने तथा बन्द हुने क्रम दिनदिनै बढेको निर्देशनालयका निर्देशक देवीलाल सापकोटाले बताउनुभयो।


मधेश प्रदेश सरकार
शिक्षा तथा संस्कृति मन्त्रालय
**शिक्षा विकास इकाई**
राजविराज, सप्तरी, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

सूचना प्रकाशन मिति : २०८३।०२।१३ गते

**यस कार्यालयबाट मिति २०८३।०१।०७ गते प्रकाशित विद्युतीय बोलपत्र/दरभाउपत्र आह्वानको सूचनाअनुसार पर्न आएका बोलपत्रहरूको प्रस्तावमध्ये सबैभन्दा कम मूल्यमा कबोल गर्ने सारभुतरुपमा प्रभावग्राही तपसिलबमोजिमको बोलपत्रदाताको बोलपत्र स्वीकृतिको लागि छनोट गर्ने निर्णय गरिएको सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनबमोजिम सम्बन्धित सबैका जानकारीका लागि बोलपत्र स्वीकृत गर्ने ७ दिने आशयको सूचना प्रकाशित गरिएको छ।**

| S.N | ठेक्का नं. | छनोट भएको बोलपत्रदाताको नाम ठेगाना | कबोल अंक (मू.अ.कर पि.एस.सहित) |
|---|---|---|---|
| 1 | JillaSaptari, SurungaNa.Pa.-03 ma rahaikoAadhuro Covered hall NirmanKarya(EDUS/NCB/W/2082-083-01) | Gopi Krishna Construction | रु. २८१७९१७.०७ |
| 2 | SaptariBalanBihulGa.Pa-04, JantaNimabi Aadharbhut Bidyalaya Bichtolma astorunnati ko lagichhar kothe BhawanNirman karya EDUS/NCB/W/2082-083-02 | S & B Nirman Sewa Rupani -2 | रु. ३२९०१८५.५४ |
| 3 | Ha.ka.na.pa.-14 SaptariAntargatko Shree jantara.pra.vi. koSatrounnatiKarya EDUS/NCB/W/2082-083-03 | Ma Jalpa Nirman Sewa Hanumannagar, Kankalini-14 | रु. २७६१५०५.९३ |
| 4 | AgnisairaKrishnasavaranGa.Pa.-01 Shree Janchetna Ma.Bi.Ghongidaha Bhawanipur Saptari ko Aadhuro Bhawan Nirman EUDS/NCB/W/2082-083-04 | S & B Nirman Sewa Rupani -2 | रु. ३६९२७४३.९७ |
| 5 | Saptari Bode barsain ward no.-5 shatrudhan Campus ma Boundary wall gate SatrounnatiKarya(EDUS/ NCB/W/2082-083-05 | Dharmarajshree engineering consultancy and construction | रु. २७००२३५.४८ |
| 6 | RupaniGa.Pa. 02 Budheshwori Pra.Bi Hariraha school ko Balbikash BhawanThap furniture sahittatha Boundry wall NirmanKarya(EDUS/NCB/W/2082-083-06) | National Ni.Sewa Rajbiraj-1 | रु. ४०५८७०७.२३ |


## एआईमा लगानीले बढायो सिङ्गापुरको अर्थतन्त्र

**रासस / सिन्ह्वा**
*सिङ्गापुर, जेठ १२ गते*



तस्बिर : एआई

कृत्रिम बुद्धिमत्ता (एआई) सम्बन्धी लगानीमा तीव्र वृद्धि, निर्माण क्षेत्रको मजबुत गतिविधि र सुरक्षित लगानीका रूपमा पुँजी प्रवाह बढेकाले सिङ्गापुरको सन् २०२६ को आर्थिक वृद्धिदर पूर्वानुमान बढाइएको छ। मलेसियास्थित इन्भेस्टमेन्ट बैङ्कले सन् २०२६ का लागि सिङ्गापुरको कुल गार्हस्थ उत्पादन वृद्धिदर ४.२ प्रतिशत हुने अनुमान गरेको छ, जुन पहिले ३.४ प्रतिशत थियो। यो सरकारी अनुमानित दुईदेखि चार प्रतिशतको दायराभन्दा माथि छ।

उक्त अनुसन्धान संस्थाले सन् २०२७ को वृद्धिदर पूर्वानुमान पनि ३.१ प्रतिशतमा पुऱ्याएको छ।

संस्थाका अनुसार एआई प्रविधिमा ठुलो पुँजी लगानी, निर्माण क्षेत्रमा उछाल र सुरक्षित लगानीतर्फ बढ्दो आकर्षणले अर्थतन्त्रलाई मजबुत बनाएको छ।

पश्चिम एसियामा जारी द्वन्द्वले ऊर्जामा आधारित केही उद्योगलाई असर गरे पनि त्यसको प्रभाव अन्य क्षेत्रमा कम देखिएको छ। विशेष गरी समुद्री ढुवानी र हवाईक्षेत्रले माग स्थानान्तरणबाट लाभ पाएको बताइएको छ। एआईसम्बन्धी पुँजीगत खर्च सन् २०२६ को दोस्रो आधासम्म जारी रहने अपेक्षा गरिएको छ। प्रमुख अमेरिकी प्रविधि कम्पनीले खर्च बढाइरहेकाले सेमिकन्डक्टर र सर्भरसम्बन्धी उत्पादनमा वृद्धि हुने अनुमान गरिएको छ।

निर्माण गतिविधि पनि बलियो रहने अपेक्षा गरिएको छ, जसमा ठुला परियोजना र सरकारी सहायताले सहयोग गर्ने बताइएको छ। अर्कातर्फ युनाइटेड ओभरसिज बैङ्क अनुसन्धान विभागले पनि सन् २०२६ को वृद्धि पूर्वानुमान २.५ प्रतिशतबाट बढाएर ३.२ प्रतिशत पुऱ्याएको छ। यसले पहिलो त्रैमासिकको अपेक्षाभन्दा राम्रो प्रदर्शन र एआईसम्बन्धी निरन्तर गति मुख्य कारण रहेको जनाएको छ। रिपोर्ट अनुसार इलेक्ट्रोनिक्स क्षेत्रको सुधारले क्षेत्रीय व्यापारलाई समेत बल दिएको छ, विशेष गरी सेमिकन्डक्टर निर्यातमा ठुलो वृद्धि देखिएको छ। रिपोर्टले एआई आधारित प्रविधि चक्रले इलेक्ट्रोनिक्स निर्यातलाई निरन्तर समर्थन गर्ने अपेक्षा गरेको छ, जसले उत्पादन र व्यापार क्षेत्रमा वृद्धि ल्याउने छ। केही विश्लेषकले भने भूराजनीतिक तनाव र आपूर्ति शृङ्खलामा सम्भावित अवरोधका कारण जोखिम अझै कायम रहेको चेतावनी दिएका छन्। सिङ्गापुरको व्यापार तथा उद्योग मन्त्रालयले भने सन् २०२६ का लागि दुईदेखि चार प्रतिशतको वृद्धिदर अनुमान यथावत् राखेको छ, यद्यपि बाह्य जोखिम बढेको स्वीकार गरेको छ।


सडक विभाग
**सडक डिभिजन सुर्खेत**
(सूचना प्रकाशन मितिः २०८३/०२/१३)

**ठेक्का अन्त्य गरिएको तथा फरफारक सम्बन्धी सूचना**

यस कार्यालय अन्तर्गत संचालित तपसिल बमोजिम ठेक्काहरूको ठेक्का किन नतोड्ने ? सम्बन्धी सूचना प्रकाशन गरिएअनुसार निर्धारित अवधिमा कार्य सम्पन्न हुन नसकेको कारण र कार्य सम्पन्न गर्न सक्ने Updated Work Schedule, स्रोत परिचालनको भरपर्दो योजना र कार्य सम्पन्न गर्ने प्रतिबद्धता सहित निर्माण व्यवसायीको आधिकारिक प्रतिनिधिहरू उपस्थित नभएको, पेस भएको स्पष्टीकरण चित्त बुझ्दो नभएको र कार्य सुचारु गर्नेतर्फ समेत तदारुकता नदेखाएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९(७) तथा ठेक्का सम्झौता सर्त GCC Clause 72.1,72.2,72.3 निर्माण व्यवसायीबाट उल्लङ्घन भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९(७) तथा ठेक्का सम्झौता सर्तको GCC Clause 72.1,72.2,72.3 Termination by Employer upon fundamental breach by contractor बमोजिम ठेक्का सम्झौता अन्त्य गरिएको छ। साथै सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ अनुसार Post Termination Evaluation भई स्थापित हुने रकम सरकारी बाँकी सरह असुल उपर हुने कानूनी व्यवस्था भएकाले यो सूचना प्रकाशित गरिएको १५ दिन भित्र निर्माण व्यवसायीलाई यस कार्यालयमा सम्पर्क राखि वित्तिय फरफारक गर्न समेत अनुरोध गरिन्छ।

| सि.नं. | ठेक्का नं. | निर्माण व्यवसायीको नाम र ठेगाना | योजनाको नाम |
|---|---|---|---|
| १ | RDSKT/3373 1011- 3/082/83-03 | Janata Builders, Bheriganga-09, Surkhet | Recurrent (Reactive) Maintenance Works on Tulsipur - Purandhara Road (Botechaur-Kalche Section) (Ch: 0+000 to 14+200) |
| २ | RDSKT/ 3373 1011-3 /080/81-14 | Raxyalaxmi Construction Pra. Li. Dullu-6, Dailekh | Upgrading Works on Midhill Gadapani-Balisera Sadak Naa.Na.Pa.-02, Dailekh District |

**ठेक्का किन नतोड्ने ? सम्बन्धि अत्यन्त जरुरी सूचना**

तपसिलमा उल्लेखित निर्माण व्यवसायीले देहाय अनुसारको निर्माण कार्य गर्ने गरी सम्झौता बमोजिम तोकिएको समयभित्र निर्माण कार्य सम्पन्न गर्नु पर्नेमा निर्माण कार्य सुचारू गर्न पटक-पटक लिखित तथा मौखिक ताकेता गर्दा समेत हालसम्म पनि निर्माण कार्य सुरु नगरेको/निर्माण कार्य लामो समयदेखि नगरी ठप्प पारेको /सन्तोषजनक कार्य प्रगति नभएको हुँदा Contract Agreement को GCC ७२ अन्तर्गतको Termination या Contract र सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९(७) आकर्षित हुने देखिएकोले ठेक्का किन नतोड्ने ? ठेक्का नतोड्नु पर्ने कुनै मनासिब कारण भएमा ७ (सात) दिन भित्र स्पष्ट कारणसहित यस कार्यालयमा उपस्थित हुन सूचित गरिन्छ। अन्यथा यसै सूचनालाई अन्तिम ताकेता मानी खरिद सम्झौता, सार्वजनिक खरिद ऐन, २०६३ तथा खरिद नियमावली, २०६४ बमोजिम ठेक्का सम्झौता रद्ध गरि तत्पश्चात गरिने सम्पूर्ण कानूनी कारवाही प्रक्रिया अगाडी बढाइने व्यहोरा समेत जानकारी गराइन्छ।

| सि.नं. | ठेक्का नं. | निर्माण व्यवसायीको नाम र ठेगाना | कार्यको विवरण |
|---|---|---|---|
| १ | RDSKT/33701 138-4/081/82-30 | M/S Hamro/Aashish JV, Birendranagar Surkhet | Rehabilition works of post Monsoon Damaged Section of Karnali Highway (Surkhet-Dahikhola Section, Ch. 0+000-132+000) |
| २ | RDSKT/33701 138-4/081/82-18 | Jaya Durga SS Construction Dailekh | Rehabilition Maintenance Works on Surkhet Dailekh Road(Ch: 50+000,54+500, 59+470 & 67+750), Dailekh District |

**डिभिजन प्रमुख**

# पुवाखोला जलविद्युत्‌को पानीले माईखोला सडकखण्डमा समस्या

**इलाम समाचारदाता**
*इलाम, जेठ १२ गते*



तस्बिर : कोकिला ढकाल

**मेची राजमार्गको माईखोलास्थित राजदुवालीमाथिको सडकमा सवारी ।**

पुवाखोला जलविद्युत् आयोजनाका लागि लगिएको पानी चुहिएर भौतिक पूर्वाधारमा ठुलो क्षति भएको छ। यसै कारण बर्सौंदेखि जमिन नै भासिँदा र बग्दा मेची राजमार्ग अन्तर्गत इलामको माईखोला माथि राजदुवाली–भन्ज्याङ सडकखण्डमा समस्या आएको छ।

इलामका प्रमुख जिल्ला अधिकारी लक्ष्मण ढकालको नेतृत्वमा सडक डिभिजन कार्यालय इलामका प्रमुख र प्राविधिकसहितको टोलीले आयोजनाका लागि लगिएको 'पेनस्टक पाइप' बाट पानी चुहिएको भेट्टाएको हो।

पेनस्टक पाइपको करिब डेढ किलोमिटर दुरीसम्म निरीक्षण गर्दा दुई सय मिटर लम्बाइमा धेरै चर्किएको पाइएको सडक डिभिजन प्रमुख पवन भट्टराईले बताउनुभयो। २०७२ सालको भूकम्पपछि त अझ बढी समस्या भएको हो। स्थानीयको भनाइ र गुनासो अनुसार पेनस्टक पाइपभित्र निरीक्षण गरिएको हो । प्रमुख भट्टराईका अनुसार सुरुङको अवस्था यस्तो पाइएपछि हेड ट्याङ्कभित्र पनि बुझ्न त्यहाँ थुप्रिएको माटो बाहिर निकाल्न पानी सुकाइएको छ। त्यहाँ पनि चर्किएको आशङ्का छ।

सबै प्रयास असफल जस्तै भएपछि विद्युत् आयोजनाका संरचनाको निरीक्षणलाई विकल्पका रूपमा लिइएको प्रमुख जिल्ला अधिकारी लक्ष्मण ढकालले बताउनुभयो । "जनस्तरबाट धेरै गुनासो आयो, त्यही आधारमा निरीक्षण गरेका हौँ। त्यसबाट समाधान आउन सक्ने सङ्केत देखिएको छ," प्रजिअ ढकालले भन्नुभयो । यस सडकखण्डमा अध्ययन गर्न भूगर्भविद्को टोली र मर्मत गर्नका लागि धेरै स्रोत परिचालन भएको छ। कुनै पनि अध्ययन टोलीले हाइड्रोपावरका लागि लगिएको पानी चुहिएको भने पत्ता लगाएको थिएन।

निरीक्षणपछि पुवाखोला जलविद्युत् आयोजना प्रमुखलाई आयोजनाका तर्फबाट तत्काल विज्ञ टोली झिकाएर अध्ययन गर्न र पुनर्निर्माण गर्न भनिएको पनि भट्टराईले जानकारी दिनुभयो।

यस सडकखण्डमा गत असोज १८ को वर्षापछि पहिरो जाँदा १२ दिनसम्म यातायात बन्द भएको थियो। अहिले पनि माईखोलामाथि निरन्तर पुनर्निर्माणको काम भइरहेको छ । उहाँले भन्नुभयो, "भित्रबाट पाइपमार्फत पानी बाहिर निकाल्ने र खोलाबाटै १० मिटर अग्लो ढलौटको पर्खाल लगाएर माथिको सडक सुचारु गराउने गरी काम भइरहेको छ तर एकैछिनमा पानी पर्ने, खोलामा बाढी आउने र माथिदेखिको बाटो खस्ने समस्याले धेरै गाह्रो भइरहेको छ।"

वैकल्पिक सडक सञ्चालन भइनसक्दा र मुख्य सडकमा पनि पूर्ण रूपमा यातायात बन्द गरेर काम गर्न नपाउँदा काम गर्नै ढिलाइ भएको छ। अहिले राजदुवालीमा रहेको माईखोलाको पुरानो पुलको पनि मर्मतको काम भइरहेको छ। यो पुलको ६० प्रतिशत मर्मतको काम सकिएको बताइएको छ।

मेची पहाडलाई जोड्ने यस सडकखण्ड अवरुद्ध हुँदा इलामसहित पाँचथर, ताप्लेजुङसम्म आवतजावत र दैनिक उपभोग्य वस्तु ढुवानीमा समस्या भएको थियो। अहिले पनि पहिरोमाथि खोलिएको ट्याङ्कमा यातायात सञ्चालन हुँदै आएको छ।

### भरपर्दो छैन वैकल्पिक सडक

इलाम सदरमुकाम र माईजोगमाई गाउँपालिका तथा सन्दकपुर गाउँपालिकामा पानी पर्नासाथ चिन्ता सुरु हुने माईखोला राजदुवाली क्षेत्रमा तत्काल मर्मत हुँदै गरे पनि यसको दीर्घकालीन समाधान भने निकै कठिन छ। "पहिरोमाथिको ट्याङ्कीको कति भर पर्न सकिन्छ र ? यो वर्ष पनि मेची राजमार्ग र वैकल्पिक सडकको अवस्था पुरानै भएकाले आउँदो वर्षामा मेची पहाडका लागि थप सङ्कट हुने निश्चित छ," जिप तथा ट्याक्सी यातायात प्रालिका अध्यक्ष गृष्म सुब्बा भन्नुहुन्छ, "वैकल्पिक सडकमा लगाइने बेलिब्रिजको काम कहिले सकिएला, केचना–कञ्चनजङ्घा सडकको काम पनि अत्यन्तै सुस्त छ, तिल्केनी–सिमल गोलाइ सडकमा ठुला सवारी सञ्चालन हुँदैन।" मेची राजमार्गको माईखोला राजदुवालीको समस्या ज्युँकात्युँ रहँदा विकल्पमा राखिएका सडकमा पनि ठुलो प्रगति छैन। अहिले मेची राजमार्गको तिल्केनी–सिमल गोलाइमा पर्ने जोगमाई खोला र केचना–कञ्चनजङ्घामा पर्ने माईखोला बेलासे तथा पुवाखोलामा बेलिब्रिजका लागि जगको काम भइरहेको इलामका सडक डिभिजन प्रमुख पवन भट्टराईले जानकारी दिनुभयो । यी तीन वटा बेलिब्रिज जोड्ने प्राविधिकको टोली भारतबाट नेपाल हिँडिसकेको र केही दिनमा जडान सुरु हुने उहाँ बताउनुहुन्छ।

केचना–कञ्चनजङ्घा सडकको भन्ज्याङतर्फको सडकमा भने ठेकेदारले अति नै सुस्त गतिमा काम गरिरहेको छ। वर्षाअगावै सक्नुपर्नेमा नसकिए ठेक्का तोड्ने अवस्था आउने प्रमुख भट्टराईको भनाइ छ।

# बाउन्न प्रतिशतले बढ्यो याक चिजको व्यापार

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, जेठ १२ गते*

बजारमा याक चिजको व्यापार ह्वात्तै बढेको छ । प्रधानमन्त्री वालेन्द्र शाहले एक साताअघि दुग्ध विकास संस्थान (डिडिसी) बाट उत्पादित याक चिजको उपभोगको फोटो सामाजिक सञ्जालबाट सार्वजनिक गरेपछि चिजको व्यापार बढेको हो।

अहिले दिनप्रतिदिन यसको माग बढ्दै गएको डिडिसीले जनाएको छ। संस्थानका सूचना अधिकारी नीलकण्ठ गौतमले चिजको व्यापार ५२ प्रतिशतले वृद्धि भएको जानकारी दिनुभयो।

वैशाखमा प्रतिदिन १२५ केजीका दरले चिज बिकेकामा अहिले दैनिक १९० केजीका दरले बिक्री हुने गरेको उहाँले जानकारी दिनुभयो।

साढे आठ हजार केजी चिज मौज्दात रहेको डिडिसीले जनाएको छ। हाल दैनिक एक हजार केजी चिज उत्पादन भइरहेको छ। वार्षिक नौ करोड रुपियाँ बराबरको ५० हजारदेखि ६० हजार केजी चिज उत्पादन हुने गरेको डिडिसीले जनाएको छ । डिडिसीले उत्पादन गरेको चिज आन्तरिक बजारमा खपत हुने गर्छ। डिडिसीले याक चिज, कञ्चन चिज, मोजरेल्ला चिज उत्पादन गर्दै आएको छ। याक चिज चौँरीको दुधबाट बनाइन्छ। कञ्चन चिज गाई र भैँसीको दुधबाट बन्ने गर्छ। याक चिज हिमाली क्षेत्रमा उत्पादन हुने हुँदा अन्यको तुलनामा महँगोसमेत पर्ने गरेको डिडिसीले जनाएको छ।

डिडिसीले रसुवाको लाङटाङ, चन्दनबारी र गोसाइँकुण्ड, दोलखाको चोर्दुङ, रामेछापको थोदुङ र देउराली, सोलुखुम्बुको पिके, इलामको पशुपतिनगर र फिक्कल तथा पाँचथरको पौवाभन्ज्याङलगायतका स्थानमा चौँरीको दुध सङ्कलन गरी चिज उत्पादन गर्दै आएको जनाएको छ।


नेपाल सरकार
पूर्वाधार विकास मन्त्रालय
सडक विभाग
हेभी इक्विप्मेन्ट डिभिजन, मीनभवन, काठमाडौं ।

**मालसामान खरिद सम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानको सूचना**

(प्रथम पटक प्रकाशित मिति : २०८३।०२।१३ गते)

यस डिभिजनलाई आवश्यक पर्ने तपसिल बमोजिमका मालसामान सप्लाई गर्न योग्य तथा इच्छुक फर्महरूबाट निम्न बमोजिमको सिलबन्दी दरभाउपत्रहरू आह्वान गरिएको छ। सूचना प्रकाशन मितिले ७ (सातौं) दिनसम्म कार्यालय समयभित्र दरभाउपत्र दरभाउपत्र दाताले तोकिएका कागजातका साथै दरभाउपत्र खरिद गर्न लाग्ने दस्तुर बुझाई यस डिभिजनबाट दरभाउपत्र फाराम प्राप्त गर्न सकिनेछ। विस्तृत विवरण दरभाउ पुस्तिकामा उल्लेख गरिएको छ।

| सि.नं. | ठेक्का नं. | विवरण | दरभाउपत्र फाराम दस्तुर रु. | जमानत रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | HEDKTM/SQ/GOODS/06/2082-083 | मालसामान खरिद (पार्टपुर्जा) प्याकेज-१ | १,०००/- | ४०,०००/- | |

नोट : विस्तृत सूचनाका लागि यस कार्यालयको सूचना पाटी वा यस कार्यालयमा सम्पर्क गर्न सकिनेछ।

**डिभिजन प्रमुख**

बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
भक्तपुर अस्पताल भक्तपुर

**सेवा करारमा कर्मचारी भर्नासम्बन्धी सूचना**

(सूचना प्रकाशित मिति:- २०८३/०२/१३)

यस अस्पतालको लागि विशेषज्ञ चिकित्सक करार सेवामा भर्ना गर्नुपर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरूले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र कार्यालय समयमा दरखास्त दिनु हुन सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

| क्र.सं. | विज्ञापन नं | पद, नाम/तह | सेवा/समूह/उपसमूह | माग पद संख्या |
|---|---|---|---|---|
| १. | १३।२०८२।८३ | क.एनेस्थेसियोलोजिष्ट/नवौं | स्वास्थ्य/एनेस्थेसियोलोजी | १(एक) |
| २. | १४।२०८२।८३ | क.कार्डियोलोजिष्ट/ नवौं | स्वास्थ्य/मेडिसिन | १(एक) |
| ३. | १५।२०८२।८३ | क.साइक्याट्रिष्ट/नवौं | स्वास्थ्य/साइक्याट्री | १(एक) |

**(विस्तृत जानकारीका लागि यस अस्पतालको वेबसाइट bhaktapurhospital.bagamati.gov.np वा सूचनापाटीमा हेर्नुहुन अनुरोध छ।)**

नेपाल सरकार
नेपाल कृषि अनुसन्धान परिषद्
पदपूर्ति समिति
सिंहदरबार प्लाजा, काठमाडौँ

**अन्तर्वार्ता सम्बन्धी सूचना ।**

सूचना नं. : ३८/२०८२/८३
(प्रकाशित मिति : २०८३।०२।१२)

नेपाल कृषि अनुसन्धान परिषद्को सूचना नं. ३८/०७९/८० आन्तरिक प्रतियोगितात्मक परीक्षातर्फ र सूचना नं. ३९/०७९/८० खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षातर्फ लोक सेवा आयोगबाट लिइएको लिखित परीक्षामा उत्तीर्ण भएका विभिन्न उपसमूहका प्राविधिक अधिकृत टि.६, प्रशासकीय अधिकृत/लेखा अधिकृत ए.६ पद/तहका उम्मेदवारहरूको अन्तर्वार्ता कार्यक्रम तथा सीप परीक्षण (Skill Test) मिति २०८३/०२/२६ गतेदेखि परिषद् केन्द्रीय कार्यालय, सिंहदरबार प्लाजा, काठमाडौँमा सञ्चालन गर्ने गरी पदपूर्ति समितिबाट मिति २०८३/०२/१२ मा निर्णय भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। अन्तर्वार्ता तथा सीप परीक्षण (Skill Test) सम्बन्धी विस्तृत कार्यक्रम परिषद्को Website: www.narc.gov.np मा र पदपूर्ति समितिको सूचना पाटीमा हेर्न सकिने छ। अन्तर्वार्तामा सम्मिलित हुन आउँदा उम्मेदवारहरूले दरखास्त साथ पेश गरेका कागजातहरू/प्रमाणपत्रहरूको सक्कलै प्रति र एक प्रति पासपोर्ट साइजको फोटो सहित तोकिएको समयभन्दा एक घण्टा अगावै उपस्थित हुन समेत अनुरोध छ।

**सिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मिति : २०८३।०२।१३

श्री सहिद स्मृति आवासीय माध्यमिक विद्यालय राजपुर डोटीमा अध्ययनरत २६७ जना आवासीय (सामाजिक विकास कार्यालयका २० जना र बोगटान फुड्सिल गा.पा. का ७ जना) सहितका छात्रछात्राहरूका लागि आ.व. २०८२/०८३ मा आवश्यक पर्ने विद्यालय पोसाक (सर्ट, पाइन्ट, ट्रयाकसुट, टाई, बेल्ट, झोला) खरिद गर्नुपर्ने भएकाले इजाजत प्राप्त फर्म, कम्पनी, सप्लायर्स तथा अधिकृत बिक्रेताहरूबाट सिलबन्दी दरभाउपत्र आह्वान गरिन्छ।

**सर्तहरू:**
१. सूचना प्रकाशित भएको मितिले आठौँ दिनको मध्याह्न १२:०० बजेसम्म दरभाउपत्र पेश गर्नुपर्नेछ।
२. दरभाउपत्र फाराम दस्तुर विद्यालयको नाममा रहेको राष्ट्रिय वाणिज्य बैंकको दिपायल शाखाको चल्ती खाता नं. ४३००१००००१०५९००१ मा रु. २,०००।– जम्मा गरेको बैंक भौचर सिलबन्दी फारामका साथ पेश गर्नुपर्नेछ।
३. फाराम खरिद गर्दा कम्पनी दर्ताको प्रमाणपत्र, भ्याट दर्ताको प्रमाणपत्र, आ.व. २०८१/०८२ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि सिलबन्दी फारामका साथ पेश गर्नुपर्नेछ।
४. अनुमानित लागत रु. ११,००,०००।– को २.५ प्रतिशतले हुन आउने रु. २७,५००।– धरौटी रकम बैंक दाखिला भौचर वा स्वीकृत प्राप्त वाणिज्य बैंकबाट कम्तीमा ६० दिन म्याद भएको सर्त रहित बैंक जमानीपत्र पेश गर्नुपर्नेछ।
५. सिलबन्दी फाराम खरिद गर्न आपूर्तिकर्ता स्वयं उपस्थित हुन नसकेमा मन्जुरीको नामबाट पनि खरिद गर्न सकिनेछ।
६. प्राप्त दरभाउपत्रहरू सोही दिन दिउँसो ३:०० बजे खोलिनेछन्।
७. नेपाल सरकारलाई तिर्नुपर्ने कर आपूर्ति कर्ता स्वयंले तिर्नुपर्नेछ।
८. प्राप्त सिलबन्दीहरू पूर्ण वा आंशिक रूपमा स्वीकृत गर्ने वा नगर्ने अधिकार विद्यालयमा रहनेछ।
९. रीत नपुगेका तथा म्याद नाघी प्राप्त भएका दरभाउपत्रहरू स्वीकार गरिनेछैन।

**थप जानकारीका लागि मो.९८६७२५४८८९ मा सम्पर्क गर्न सकिनेछ।**

**प्रधानाध्यापक**
**सहिद स्मृति आवासीय माध्यमिक विद्यालय, राजपुर डोटी**

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
हुलाक सेवा विभाग
बबरमहल, काठमाडौँ
प्रकाशित मिति: २०८३ जेठ १३ गते (सन् २०२६ मे २७)

**सन् २०२७ को फिलाटेलिक कार्यक्रम तयार गर्नको लागि प्रस्ताव आह्वान सम्बन्धि सार्वजनिक सूचना**

हुलाक सेवा विभागको फिलाटेलिक कार्यक्रम, २०२७ तयारीका लागि हुलाक टिकट निर्देशिका, २०७१ को दफा ४.१ बमोजिम हुलाक टिकट प्रकाशन गर्न उपयुक्त विषयको प्रस्ताव पेश गर्नुहुन इच्छुक व्यक्ति, संघ, संस्था तथा सम्बन्धित सबैमा यो सार्वजनिक सूचना आव्हान गरिएको छ।

१. प्रस्ताव पेश गर्दा निवेदन सहित सम्बन्धित विषयको उपयुक्त फोटो, संक्षिप्त विवरण (नेपाली तथा अङ्ग्रेजीमा) र सम्भव भएसम्म टिकटको डिजाइन समेत पेश गर्नुपर्नेछ।
२. प्राप्त हुन आएका प्रस्तावहरूलाई हुलाक सेवा विभागले संकलन गरी निर्देशिका बमोजिम आवश्यक प्रक्रिया अगाडि बढाउनेछ।
३. प्रस्ताव पेश गर्दा देहायका विषयहरूमध्ये उपयुक्त विषय छनोट गरी गर्नुपर्नेछः
(क) नेपालको विभिन्न भागमा प्रचलित विभिन्न चाडपर्व, संस्कृति,
(ख) प्राचिन तथा अर्वाचिन कला, धर्म, साहित्य,
(ग) कलात्मक भवन, स्मारक तथा धार्मिक स्थलहरु,
(घ) भौगोलिक एवम् पुरातात्विक महत्वका वस्तुहरु,
(ङ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा ख्याति प्राप्त विशिष्ट विद्‌वान राष्ट्रिय विभुति एवम् प्रतिभाहरू,
(च) महत्वपूर्ण ऐतिहासिक घटना तथा व्यक्तिहरू,
(छ) प्राकृतिक वैभव र गरिमायुक्त राष्ट्रिय महत्वका विषयहरू,
(ज) नेपाल सँग सम्बन्धित अन्तर्राष्ट्रिय संघ संस्था, सभा, सम्मेलन, समारोह आदि,
(झ) नेपालसँग द्विपक्षीय तथा बहुपक्षीय सम्बन्ध भएका परराष्ट्र मामिला तथा अन्तर्राष्ट्रिय सम्बन्धको विषय,
(ञ) संयुक्त राष्ट्रसंघ, अन्तर्राष्ट्रिय हुलाक संघ (UPU) दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन, (SAARC) लगायतका संस्थाहरुको आह्वानमा मनाइएको अन्तर्राष्ट्रिय वर्ष,
(ट) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय महत्वका खेलकुद गतिविधि,
(ठ) अन्य कुनै महत्वपूर्ण विषयवस्तु।
५. प्रस्ताव देहाय बमोजिमको ठेगानामा यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र पेश गर्नुपर्नेछः

**ठेगानाः हुलाक सेवा विभाग**
**बबरमहल, काठमाडौँ।**
इमेलः philatelic.ptms@nepalpost.gov.np
फोन नं. ०१- ५३२४११६, ५३२४११७

नेपाल सरकार
नेपाल कृषि अनुसन्धान परिषद्
बागबानी अनुसन्धान केन्द्र
मालेपाटन, पोखरा, कास्की।

**लिलाम बिक्री सिलबन्दी बोलपत्र आह्वानको सूचना**

प्रथम पटक प्रकाशित मिति : २०८३।०२।१३

यस केन्द्रमा रहेका विभिन्न शीर्षकका पुराना सम्पत्ति सामानहरू जे–जस्तो अवस्थामा छन्, सोही अवस्थामा सिलबन्दी बोलपत्रको माध्यमद्वारा लिलाम बढाबढ गरी बिक्री गर्नुपर्ने भएकोले उक्त सामानहरू खरिद गर्न इच्छुक स्थायी लेखा नं. प्राप्त व्यक्ति, इजाजत प्राप्त फर्म, संस्था वा कम्पनीहरूले यो सूचना प्रकाशित मितिले २१ दिन (२०८३/०३/२) भित्र कार्यालय समयमा बोलपत्र फाराम दस्तुर रु. १,०००/– (अक्षरुपी एक हजार मात्र) फिर्ता नहुने गरी तिरी यस केन्द्रबाट खरिद गर्न सकिने छ। खरिद गरिएको बोलपत्रसाथ आफूले कबोल गरेको रकमको दस प्रतिशत हुन आउने रकम धरौटी बापत को.ले.नि.का. कास्कीको राष्ट्रिय वाणिज्य बैंक लि. पृथ्वीचोक शाखा पोखरामा रहेको धरौटी खाता नं. ३०२०१००१०२०३०००० (बागबानी अनुसन्धान केन्द्र, मालेपाटन, पोखरा, कास्कीको कार्यालय कोड नं. ३१२४१३९०२) मा जम्मा गरेको सक्कल बैंक भौचर संलग्न राखी सूचना प्रकाशित मितिले पहिलो दिनदेखि २१औँ दिन (२०८३/०३/०२) सम्म कार्यालय समयभित्र र २२औँ दिनमा (२०८३/०३/०३) दिउँसो १२:०० बजेभित्र यस केन्द्रमा दर्ता गराइसक्नुपर्नेछ र दर्ता हुन आएका बोलपत्रहरू मिति २०८३/०३/०३ गते दिनको २.०० बजे कार्यालयका प्रतिनिधि र बोलपत्र दाता वा निजको अधिकार प्राप्त प्रतिनिधिहरूको रोहवरमा यस केन्द्रमा खोलिनेछ। बोलपत्र दाता वा निजको अधिकार प्राप्त प्रतिनिधिहरूको अनुपस्थितिमा पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन। बोलपत्र पेश गर्ने व्यक्ति वा फर्म, कम्पनीहरूले लिलामका लागि राखिएका सामानहरू कार्यालय समयमा हेर्न सकिनेछ। स्वीकृत बोलपत्र दाताले बोलपत्र स्वीकृत भएको मितिले ७ (सात) दिनभित्र आफूले कबोल गरेको रकम यस केन्द्रको नाममा नेपाल बैंक लिमिटेड, पृथ्वीचोकमा रहेको राजस्व खाता नं. १९२००१००५७९६२१००००१ मा जम्मा गरी सक्कल भौचर पेश गरे पश्चात् लिलाम बिक्रीका लागि राखिएका सामानहरू उठाई लैजानुपर्नेछ। अन्यथा धरौटी रकम जफत गरिनेछ। प्राप्त सिलबन्दी स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस केन्द्रमा निहित रहनेछ। यस सूचनामा नपरेका अन्य कुराहरूको हकमा नेपाल कृषि अनुसन्धान परिषद्, सम्पत्ति सामान लिलाम बिक्रीको कार्यविधि २०५६ अनुसार हुनेछ।

**तपसिल**

| सि.नं. | सम्पत्ति शीर्षकको नाम | न्यूनतम मूल्याङ्कन रकम रु. |
|---|---|---|
| १ | मेसिनरी तथा औजार | ७५,०५४।४२ |
| २ | फर्निचर तथा फिक्स्चर्स | ३०,८६७।१६ |
| कुल जम्मा न्यूनतम रकम रु. | | १,०५,९२१।५८ |

**केन्द्र प्रमुख**

नेपाल सरकार
पूर्वाधार विकास मन्त्रालय
सडक विभाग
संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय, इटहरी
सडक डिभिजन इलाम

**मेची राजमार्ग (जोरकलश–फिक्कल–इलाम–राँके–हेवाखोला–गोपेटार–कावेली–सुकेटार) सडक खण्डको सडक सीमा खाली गर्ने सार्वजनिक सूचना ।**

(प्रथम पटक प्रकाशित मिति : २०८३।०२।१३)

सार्वजनिक सडक ऐन, २०३१ दफा ३क र दफा १९ मा "**राष्ट्रिय राजमार्गहरूका लागि तोकिएको सडक सीमाभित्र कसैले कुनै किसिमको स्थायी बनोट वा भवन निर्माण गर्न नपाउने गरी निषेध गरेको र तोकिएको सडक सीमाभित्र कसैले कुनै किसिमको स्थायी बनोट वा भवन निर्माण गरेमा त्यस्तो बनोट वा भवन सडक विभागको आदेशले भत्काउन सकिने तथा त्यसरी भत्काउँदा लागेको खर्च समेत सम्बन्धित व्यक्तिबाट भराउन सक्नेछ**" भन्ने व्यवस्था रहेको छ। मेची राजमार्ग (NH-02) को जोरकलशदेखि सुकेटारसम्म विभिन्न स्थानहरूमा सडक सीमा अतिक्रमण भएको देखिएको जसका कारण दिनानुदिन सडक साँघुरिन गई यातायात आवागमनमा बाधा भएको तथा सडक दुर्घटना बढेको परिप्रेक्ष्यमा सार्वजनिक जानकारीका लागि मेची राजमार्गको सडक सीमा (सडकको केन्द्र रेखादेखि दायाँ/बायाँ १५/१५ मिटर) भित्र अनधिकृत रूपमा अतिक्रमण गरी बनाइएका स्थायी/अस्थायी संरचना (घर/घरको छ्ज्जा/टहरो/छाप्रो/खोका/ठेला/होर्डिङ बोर्ड/निर्माण सामग्री आदि) लगायतका अन्य संरचना समेत सूचना प्रकाशित भएका मितिले ३५ (पैंतीस) दिनभित्र हटाउनका लागि सम्बन्धित सरोकारवाला सबैमा सार्वजनिक सूचना जारी गरिएको छ।

तोकिएको समयावधिभित्र सडक सीमा अतिक्रमण गरी बनाइएका संरचनाहरू नहटाइएमा सार्वजनिक सडक ऐन, २०३१ को दफा १९ को उपदफा ३ बमोजिम यस डिभिजनले हटाउने र सो कार्य बापत लाग्ने खर्च सम्बन्धित व्यक्ति वा संस्थाबाट असुल उपर गर्ने व्यहोरा समेत जानकारीका लागि अनुरोध छ।

**डिभिजन प्रमुख**

मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र
जनकपुरधाम, धनुषा

**कृषक/व्यवसायी/उद्यमीका लागि मेसिनरी औजार खरिद तथा वितरणका लागि फर्म/कम्पनी सूचीकृत तथा प्रतिएकाइ दरभाउ सहित सिलबन्दी आवेदन/प्रस्ताव आह्वान सम्बन्धी सूचना ।**

प्रथम पटक प्रकाशित मिति : २०८३।०२।१३

यस कार्यालयको चालू आ.व. २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार यस कार्यालयबाट सञ्चालन हुने कृषक/व्यवसायी/उद्यमीका लागि मेसिनरी औजार खरिद तथा वितरण कार्यक्रम सञ्चालनका लागि मधेश प्रदेश सरकारबाट स्वीकृत कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि, २०७६ (पहिलो संशोधन, २०७७) तथा कृषि यान्त्रीकरण सम्बन्धी कार्यक्रम सञ्चालन विधि, २०७७ र पशुपन्छी तथा मत्स्य विकास कार्यक्रमको प्राविधिक मापदण्ड तथा सञ्चालन विधि, २०८२ बमोजिम कार्यक्रम सञ्चालनका लागि देहाय बमोजिमको मेसिनरी औजार/उपकरणहरूलाई साझेदारीमा आपूर्ति गर्न योग्यता पुगेका इच्छुक कृषि यन्त्र उत्पादक, आपूर्तिकर्ता, वितरकहरूले कार्यालयबाट उपलब्ध हुने निर्दिष्ट फाराम भरी आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले १५औँ दिन (मिति २०८३।०२।२७) गतेसम्म कार्यालय समयभित्र यस कार्यालयमा सिलबन्दी दररेट पेश गर्नुहुन सूचित गरिन्छ।

**देहाय**

| सि.नं. | मेसिनरी औजार/उपकरणको नाम | एकाइ |
|---|---|---|
| १ | चिलिङ्भ्याट– १००० लि. | वटा |
| २ | चिलिङ्भ्याट– ५०० लि. | वटा |
| २ | इलेक्ट्रिक च्याफकटर | वटा |

**नोटः**– विस्तृत सूचना, Technical Specification सहितको BOQ, प्रस्ताव पत्र फाराम एवं शर्त सम्बन्धी कागजातहरू कार्यालयको वेबसाइट www.vhlsecdhanusha.madhesh.gov.np मा प्राप्त गर्न सकिनेछ।

धूमपान स्वास्थ्यका लागि हानिकारक छ। कहिल्यै सेवन नगरौं।






# नेदरल्यान्ड्स समूह विजेताको दाबेदार

**न्युयोर्क,** जेठ १२ गते । विश्वकपमा नेदरल्यान्ड्सलाई अभागी टिम मानिन्छ । तीन पटक विश्वकपको फाइनलमा पुगेर पनि नेदरल्यान्ड्स च्याम्पियन बन्न सकेको छैन । नेदरल्यान्ड्सले पुनः एक पटक अमेरिका, मेक्सिको र क्यानडामा उपाधि जित्ने प्रयास गर्ने छ । यसका लागि उसले सबभन्दा पहिलो समूह 'एफ' मा स्विडेन, जापान र ट्युनिसियालाई पछाडि पार्नुपर्ने हुन्छ । विश्वकपको महान् टिममध्ये एकको गन्तीमा परेको नेदरल्यान्ड्स सन् १९७४ र १९७८ मा लगातार विश्वकपको फाइनलमा पराजित भएको थियो । त्यसपछि सन् २०१० मा पनि स्पेनविरुद्धको फाइनलमा इन्जुरी समयमा गोल बेहोरर नेदरल्यान्ड्स निराश बन्यो । समूह 'एफ' मा नेदरल्यान्ड्स समूह विजेताकै रूपमा अघि बढ्ने अपेक्षा गरिएको छ तर अन्य टिम त्यति कमजोर पनि छैनन् । विशेषतः जापानले सन् २०२२ को विश्वकपमा जर्मनी र स्पेनलाई हराएपछि नेदरल्यान्ड्स सतर्क भएको हुनु पर्छ ।

### नेदरल्यान्ड्स

सन् १९७० को दशकमा नेदल्यान्ड्स फुटबल शिखरमा थियो । 'टोटल' फुटबलको रणनीति बनाएर आक्रामक खेल देखाउने नेदल्यान्ड्सलाई सन् १९७४ र १९७८ मा निश्चित विजेताका रूपमा हेरियो तर दुवै पटक फाइनलमा नेदल्यान्ड्स स्तब्ध भयो । प्रशिक्षक रोनाल्ड कोम्यानले आफ्नो दोस्रो कार्यकालमा नेदरल्यान्ड्सको विश्वकप उपाधिको पर्खाइलाई यस पटक अन्त्य गर्ने आशा गरिएको छ । सन् १९८८ मा उहाँले खेलाडीका रूपमा नेदरल्यान्ड्सलाई युरोपियन च्याम्पियन बनाइसक्नुभएको छ । यसै गरी पछिल्लो पटक प्रशिक्षक हुँदा उहाँले नेदरल्यान्ड्सलाई सन् २०१९ को नेसन्स लिगको उपविजेता बनाउनुभएको थियो । यसपालि नेदरल्यान्ड्समा विगतमा जस्ता हस्ती खेलाडी छैनन् । यद्यपि प्रिमियर लिग स्टारहरू भर्जिल भान डिक, रोय ग्राभानवर्च, टिजानी राइन्डर्स र कोडी गाप्को जस्ता खेलाडी नेदरल्यान्ड्सलाई विश्वविजेता बनाउन सक्षम हुनुहुन्छ ।

### जापान

एसियाली फुटबलको शक्ति जापान लगातार आठौँ पटक विश्वकप खेल्दै छ । जापानले लगातार तेस्रो पटक समूह चरण पार गर्ने अपेक्षा पनि गरिएको छ । आयोजक तीन राष्ट्रबाहेक यस विश्वकपमा छनोट हुने पहिलो राष्ट्र हो जापान । अमेरिका, क्यानडा र मेक्सिको आयोजकका हैसियतले स्वतः चयन भएका हुन् । जापान छनोट चरणमा तीन खेल बाँकी छँदै विश्वकप खेल्न योग्य भएको थियो ।

कतारमा भएको पछिल्लो संस्करणमा जापानले जर्मनी र स्पेनलाई समूह चरणमा हराएर दुई ठुला स्तब्धकारी नतिजा निकालेको थियो । जापानसँग पराजित भएपछि चार पटकको विजेता जर्मनीको चुनौती समूह चरणमै सकिएको थियो । यद्यपि सो समय जापानको यात्रा अन्तिम १६ मै रोकिएको थियो । जापानी टिममा रहेका प्रायः खेलाडी युरोपमा व्यावसायिक फुटबल खेल्ने गर्छन् । जसमध्ये बायर्न म्युनिखका डिफेन्डर हिरोकी इटो र ब्राइटनका फरवार्ड काओरु मिटोमा आगामी विश्वकपमा हेर्नलायक खेलाडी हुनुहुने छ ।



### स्विडेन

स्विडेन युरोपको एक बलियो फुटबल राष्ट्र हो । यद्यपि यसपालि स्विडेनले विश्वकपमा सहजै स्थान बनाउन सकेन । छनोट प्रतियोगिताको समूह चरणमा स्विडेन जितविहीन रहेर अन्तिम स्थानमा थियो । सन् २०२४–२०२५ को नेसन्स लिगमा गरेको प्रदर्शनले मात्र स्विडेन प्लेअफमा पुगेको थियो । स्विडेनले प्लेअफमा युक्रेन र पोल्यान्डलाई निराश बनाएर विश्वकपमा स्थान बनाएको हो । नयाँ प्रशिक्षक ग्राहम पोर्टर पनि यस विश्वकपमा स्विडेनलाई सकेसम्म लामो यात्रा गराएर आफ्नो प्रशिक्षक क्यारियर उकास्ने अभियानमा हुनुहुन्छ । हालका वर्षमा उहाँलाई चेल्सी र वेस्टहामले बर्खास्त गरेको थियो ।

स्विडेनमा अलेक्ज्यान्दर इसाक र भिक्टोर ग्योकेरेसका रूपमा युरोपका दुई शीर्ष स्ट्राइकर रहनुभएको छ । यसै गरी लुकास बर्गभल र एन्थोनी इलाङ्गा पनि त्यत्तिकै क्षमता भएका खेलाडी हुनुहुन्छ । त्यसैले पनि छनोट चरणमा स्विडेनको कमजोर प्रदर्शनले सबैलाई अचम्ममा पारेको थियो । स्विडेन विश्वकपको फाइनल भिडन्त गरिसकेको टिम हो । सन् १९५८ मा पेलेको उदयसँगै ब्राजिलले फाइनलमा स्विडेनलाई फाइनलमा पराजित गरी पहिलो पटक विश्वकप जितेको थियो । स्विडेनको अमेरिकामा भएको विश्वकपमा राम्रो उपलब्धि पनि छ । सन् १९९४ मा अमेरिकामै भएको विश्वकपमा स्विडेनले सेमिफाइनलसम्मको यात्रा तय गरेको थियो ।

### ट्युनिसिया

ट्युनिसियाले सातौँ पटक विश्वकप खेल्दै छ । यद्यपि यो राष्ट्रले अहिलेसम्म समूह चरण पार गर्न सकेको छैन । ट्युनिसिया यस पटक नकआउटमा स्थान बनाएर सो निराश मेटाउने अभियानमा छ । चार वर्षअघि कतारमा भएको विश्वकपमा नकआउट चरणको सँघारमा पुगेर पनि ट्युनिसिया निराश बनेको थियो । सो विश्वकपमा ट्युनिसियाले उपाधि रक्षा अभियानमा रहेको फ्रान्सलाई १–० ले स्तब्ध बनाएको थियो भने डेनमार्कसँग बराबरीमा खेलेको थियो ।

अफ्रिकी कप अफ नेसन्समा अन्तिम १६ बाट बिदा भएपछि ट्युनिसियाले सामी ट्राबेल्सीलाई बर्खास्त गरी साब्री लामोचीलाई प्रशिक्षकका रूपमा भित्र्याएको छ । ट्युनिसियाली टिममा २१ वर्षीय खलिल अयरी हेर्नलायक खेलाडी हुनुहुन्छ । उहाँ पेरिस सेन्ट जर्मनबाट व्यावसायिक फुटबल खेल्नुहुन्छ । एपी




# ब्राजिल र पेलेको उदय भएको विश्वकप

विगत



**काठमाडौँ,** जेठ १२ गते । सन् १९५८ ब्राजिल र पेलेको उदयको वर्ष थियो । मात्र १७ वर्षको उमेरमा पेलेले विश्वकपमा खेल्नुभयो र उहाँ विश्वकप विजेता पनि बन्नुभयो । दशकौँदेखि ब्राजिल आफूले भाग लिएको हरेक प्रतियोगितामा उपाधिको प्रमुख दाबेदारका रूपमा देखिन्थ्यो तर उसले उपाधि जित्न सकेको थिएन । यस पटक ब्राजिलको समय आयो ।

सन् १९५० मा भाग्यले अन्तै मुख मोडेपछि निराश हुनु परेको बाजिलले यस पटक नराश हुनु परेन । ब्राजिल युरोपेली भूमिबाट ट्रफी लिएर दक्षिण अमेरिका फर्कियो । ब्राजिलको पहिलो चरणको खेल तत्कालीन सोभियत सङ्घविरुद्ध थियो । त्यस खेलमा ब्राजिलले दुई नयाँ युवा खेलाडी मैदानमा उतार्‍यो : म्यानुयल फ्रान्सिस्को र डस सान्तोष, जो पछि गएर गारिन्चाको नामले प्रख्यात भए र अर्का थिए १७ वर्षीय म्यानुयल आरान्तेस डो नासिमेन्टो अर्थात् पेले । यी ब्राजिलको टिमका हिरा थिए ।

स्विडेनमा भएको यस प्रतियोगितालाई सर्वकालीन उत्कृष्ट फुटबल टिम हङ्गेरीको पतन र ब्राजिलको उदयका रूपमा विशेष रूपमा बुझ्न सकिन्छ । वास्तवमा गारिन्चा र पेलेको ब्राजिलको अगाडि कुनै टिम टिक्न सकेन । यस प्रतियोगितामा सनसनीपूर्ण प्रदर्शन गर्ने वेल्स पनि क्वाटरफाइनलमा ब्राजिलद्वारा १–० गोल अन्तरले पराजित भयो ।

अर्को आश्चर्यजनक टिम फ्रान्स पनि ब्राजिलकै सिकार बन्यो । यस प्रतियोगितामा फ्रान्सका स्ट्राइकर जस्ट फन्टेनको पनि उदय भयो । फन्टेनले यस विश्वकपमा एक्लैले कीर्तिमान १३ गोल गर्नुभएको थियो । जुन अहिलेसम्म भङ्ग भएको छैन तर पेलेले ह्याट्रिक गरेपछि फ्रान्स पनि ब्राजिलसँग ६–३ ले हार्‍यो ।

घरेलु समर्थकको हौसला पाएको स्विडेनले पनि अन्तिम चारमा गत विजेता पश्चिम जर्मनीलाई हराउँदै फाइनलमा स्थान बनायो । स्विडेन र पश्चिम जर्मनीबिचको सेमिफाइनल खेल घरेलु दर्शकको अभद्रताका कारण स्थगित हुने अवस्थामा पुगेको थियो । स्विडेनका समर्थकले पारापिटमा जर्मनीका समर्थकलाई बस्न दिइरहेका थिएनन् र जर्मनीका फुटबल अध्यक्षले यही विषयलाई लिएर खेल त्याग गर्नेसम्मको धम्कीसमेत दिए । जर्मनीका समर्थकलाई बस्न दिएपछि खेल सुरु भएको थियो ।

फाइनल खेलमा अपार घरेलु समर्थकबिच पनि स्विडेन ब्राजिलको अगाडि कमजोर देखियो । एकपक्षीय फाइनल खेलमा ब्राजिलले स्विडेनलाई ५–२ ले हराएको थियो ।

सो खेलमा पेले र भाभाले दुई/दुई गोल गर्नुभयो । ब्राजिलको खेल प्रदर्शनले ओतप्रोत भएका स्विडेनका समर्थकले खेल सकिएपछि उभिएर ब्राजिलका खेलाडीको अभिवादन गरेका थिए । ब्राजिल महादेशबाहिर विश्वकप जित्ने पहिलो राष्ट्र बन्यो ।

# एसियन गेम्समा पेलियटको खेल पोसाक

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, जेठ १२ गते*

एसियाली खेलकुदका लागि नेपाल ओलम्पिक कमिटीले मङ्गलबार चिनियाँ स्पोर्टिङ किट ब्रान्ड पेलियटसँग प्रायोजन सम्झौता गरेको छ ।

सातदोबाटोस्थित एनओसी भवनमा पेलियटका उपाध्यक्ष चाओ ली र एनओसी अध्यक्ष जीवनराम श्रेष्ठले सम्झौतापत्रमा हस्ताक्षर गर्नुभयो । सो सम्झौता अनुसार पेलियटले २० औँ एसियाली खेलकुद र दुई वर्षपछि हुने लस एन्जल्स ओलम्पिक–२०२८ मा भाग लिने नेपाली खेलाडीलाई खेलसामग्री उपलब्ध गराउने छ । यसै गरी ओलम्पिक कमिटीले पनि आफ्नो प्रचारप्रसारको माध्यममा पेलियटलाई पनि स्थान दिने छ । गत महिना चीनको सान्यामा सम्पन्न एसियन बिच गेम्समा पनि पेलियटले नेपाली खेलाडीलाई खेल सामग्री उपलब्ध गराएको थियो ।

एनओसीका अध्यक्ष जीवनराम श्रेष्ठले एसियन गेम्सदेखि एलए ओलम्पिकसम्म नेपाली खेलाडीले पेलियट ब्रान्डकै पोसाक लगाउने जानकारी दिनुभयो । सो अवसरमा महासचिव राजीव श्रेष्ठले यो सम्झौता नेपाली खेलकुदलाई अगाडि बढाउने एनओसी र पेलियटको संयुक्त प्रयास हो भन्नुभयो । पेलियटका उपाध्यक्ष लीले नेपाल सरकार र नेपाल ओलम्पिक कमिटीले नेपाली खेलकुदमा सहकार्य गर्ने अवसर दिएकोमा धन्यवाद व्यक्त गर्दै यस सहकार्यले पेलियटको उचाइ बढ्ने बताउनुभयो ।




## रोचक प्रसङ्ग

- छनोटमा कुनै पनि टिमले खेल्न अस्वीकार गरेका कारण इजरायल सोझै विश्वकपमा पुगेको थियो तर फिफाले फाइनलमा सोझै नपुगोस् भनी इजरायलले कम्तीमा एक खेल खेल्नैपर्ने नियम बनायो ।
- एसियाली समूहमा समावेश नगरेका कारण टर्कीले छनोट प्रतियोगिता नखेल्ने निर्णय गरेको थियो ।
- सन् १९५४ को बेजोड टिमका आफ्ना तीन जना सदस्य मात्र लिएर हङ्गेरी खेल्न आएको थियो किनभने सन् १९५६ मा सोभियत सङ्घले आक्रमण गरेपछि हङ्गेरीबाट धेरै खेलाडी पलायन भएका थिए ।
- सन् १९५६ अक्टोबर १६ मा ८३ वर्षको उमेरमा विश्वकपको स्थापना जुलेस रिमेटको निधन भएकाले यो विश्वकप रिमेटबिनाको प्रतियोगिता थियो ।
- विश्वकपमा बेलायतका चारै क्षेत्र चयन भएका थिए भने सोभियत सङ्घका महान् गोलरक्षक लेभ यासिनको पनि यो पहिलो विश्वकप थियो ।
- इङ्ग्ल्यान्ड दुःखको पहाड बोकी यस प्रतियोगितामा खेल्न आएको थियो । सन् १९५८ फेब्रुअरीमा पश्चिम जर्मनीको म्युनिखमा म्यान्चेस्टर युनाइटेडका खेलाडी सवार विमान दुर्घटना हुँदा आठ जना खेलाडीको मृत्यु भएको थियो ।
- ब्राजिल र इङ्ग्ल्यान्डबिचको खेल पहिलो पटक विश्वकपमा गोलरहित बराबरीमा सकियो ।
- ब्राजिलले ४–२–४ संरचनाको खेल अगाडि सारेर फुटबलमा नयाँ क्रान्ति ल्याएको थियो, जुन निकै सफल पनि भयो ।

## आजको राशिफल

डा. नारायणप्रसाद निरौला
पञ्चाङ्गकार, आर्यावर्तपञ्चाङ्गम् ।

| राशि | फल | राशि | फल |
|---|---|---|---|
| मेष | प्राविधिक क्षेत्रमा रुचि रहने छ । कार्य लाभका साथै वैदेशिक क्षेत्र सुखद रहने छ । | तुला | दिन मिश्रित रहने छ । शत्रु भय रहे पनि कार्यक्षेत्रमा सफलता मिल्ने छ । |
| वृष | द्रव्य लाभ हुने छ । कार्यक्षेत्रमा उन्नतिका साथै यात्राका योग देखिन्छन् । | वृश्चिक | व्यापारमा वृद्धि हुने छ । पारिवारिक सुखका साथै यात्राका योग देखिन्छन् । |
| मिथुन | दिन कार्यदायी रहन सक्ने छ । खर्च वृद्धिका साथै मित्र भय रहने छ । | धनु | व्यवसायमा वृद्धि हुने छ । आर्थिक लाभका साथै अध्ययनमा सफलता मिल्ने छ । |
| कर्कट | कीर्ति लाभ हुने छ । द्रव्य लाभका साथै साहित्यिक चिन्तनमा प्रवृत्ति बढ्ने छ । | मकर | भौतिक सुख मिल्ने छ । कार्यक्षेत्रमा उन्नतिका साथै मित्र लाभ मिल्ने छ । |
| सिंह | साङ्गीतिक क्षेत्रमा रुचि रहने छ । प्रिय सुखका साथै यात्राका योग देखिन्छन् । | कुम्भ | दिन मिश्रित रहने छ । आर्थिक पक्ष मध्यम देखिन्छ । स्वास्थ्यमा सजग रहनु उचित हुनेछ । |
| कन्या | बौद्धिक कार्यमा रुचि रहने छ । मित्र सुखका साथै यात्राका योग देखिन्छन् । | मीन | भौतिक वस्तुबाट लाभ रहने छ । गृह सुखका साथै कार्यक्षेत्रमा सफलता मिल्ने छ । |

# प्रदीप र शिभाली च्याम्पियन




**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, जेठ १२ गते*

प्रदीप खड्का र शिभाली गुरुङले मङ्गलबार प्रधान सेनापति राष्ट्रिय खुला टेनिस प्रतियोगिता–२०८३ को चौथो संस्करणको उपाधि जित्नुभएको छ । प्रदीप पुरुष एकल र शिभाली महिला एकलमा च्याम्पियन बन्नुभएको हो । फाइनलमा प्रदीपले निसान श्रेष्ठ र शिभालीले स्वस्तिका विष्टलाई हराउनुभएको हो । शिभालीले स्वस्तिकासँग जोडी बनाएर डबल्सको उपाधि पनि जित्नुभएको छ । पुरुष डबल्समा आयुष घले र प्रनव खनालको जोडी च्याम्पियन बन्यो ।

यसै गरी ३५ वर्षमाथिको पुरुष एकलको फाइनलमा जितेन्द्र परियारले सन्तोष खत्रीलाई हराउनुभयो । ३५ वर्षमाथि पुरुष डबल्समा पनि छेवाङ लामासँग जोडी बनाएर जितेन्द्र फाइनलमा सन्तोष र सीमान्त गुरुङलाई पराजित गरी च्याम्पियन बन्नुभयो । यसै गरी ४५ वर्षमाथि पुरुष एकलमा कमल भण्डारी, ५५ वर्षमाथि पुरुष एकलमा चन्द्र शाही, ६५ वर्षमाथि पुरुष एकलमा कमल थापा र ७० वर्षमाथि पुरुष एकलमा विदुर विष्टले उपाधि जित्नुभयो । यसै गरी ४५ वर्षमाथि, ५५ वर्षमाथि र ६५ वर्षमाथिको डबल्समा क्रमशः देवबहादुर क्षेत्री र अनिल गुरुङ, विमलकुमार वाइबा र हिमाल शाह तथा कमल थापा र छम्बा धन्डुप विजेता बन्नुभएको थियो ।

नेपाली सेनाको आयोजना तथा नेपाल टेनिस सङ्घको प्राविधिक सहयोगमा भएको प्रतियोगितामा टिम च्याम्पियन त्रिभुवन आर्मी क्लब भएको थियो । जङ्गी अड्डामा आयोजित समापन समारोहमा प्रधान सेनापति अशोकराज सिग्देलले विजेतालाई ट्रफी र प्रमाणपत्र प्रदान गर्नुभयो । सो प्रतियोगिता अन्तर्गत विभिन्न विधामा उत्कृष्ट हुने खेलाडीलाई पनि सो समारोहमा पुरस्कार वितरण गरिएको थियो ।

# अविश्वासको प्रस्ताव अस्वीकृत

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, जेठ १२ गते*

नेपाल बुद्धिचाल महासङ्घका अध्यक्ष हेराकाजी महर्जन र महासचिव धरमबहादुर लामाविरुद्ध हालेको अविश्वासको प्रस्ताव विशेष साधारण सभामा उपस्थित प्रतिनिधिले सर्वसम्मत अस्वीकृत गरेको छ । महासङ्घका वरिष्ठ उपाध्यक्ष दिपेन राईको समूहले अध्यक्ष र महासचिवविरुद्ध अविश्वासको प्रस्ताव पेस गरेको थियो ।

बुद्धिचाल महासङ्घको कार्यसमितिले जेठ १० गते बोलाएको विशेष साधारण सभामा ५१ प्रतिशत गणपूरक सङ्ख्या उपस्थित नभएपछि विधान अन्तर्गत दोस्रो पटक आह्वान गरिएको थियो । हेटौँडामा भएको विशेष साधारण सभाको उद्घाटन सत्रमा बागमती प्रदेश सभासद एकालाल श्रेष्ठको प्रमुख आतिथ्य र अन्तर्राष्ट्रिय बुद्धिचाल महासङ्घका प्रतिनिधि दिलजित खन्नाको उपस्थिति रहेको थियो ।

यसबिच सोही दिन अध्यक्ष र महासचिवविरुद्ध अविश्वासको प्रस्ताव हालेको टिमले काठमाडौँमा विशेष साधारण सभा गरी दिपेन राईको अध्यक्षतामा नयाँ तदर्थ समिति गठन गरेको छ ।

# टेबलटेनिसमा योङ्गी पहिलो




**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, जेठ १२ गते*

योङ्गी पौडेलले वाइटिटिएम टेबलटेनिस च्याम्पियनसिपमा पहिलो स्थान हात पार्नुभएको छ । दक्षिण कोरियाको इन्चोनमा याङ योङ जा टेबलटेनिस मिसन (वाइटिटिएम) अन्तर्राष्ट्रिय प्रशिक्षण शिविर अन्तर्गत भएको प्रतियोगितामा मङ्गलबार रिजन शाक्य, रिभानमुनि वज्राचार्य, प्राज्ना महर्जन र सुरम्या शाक्य सहभागी रहेको नेपाली टिम पनि टिम इभेन्टमा पहिलो स्थान हासिल गर्न सफल भयो ।

अखिल नेपाल टेबलटेनिस सङ्घका कोषाध्यक्ष ज्याकी महर्जनले जनाए अनुसार विजेतालाई सन् १९८८ की ओलम्पिक स्वर्ण पदक विजेता तथा दक्षिण कोरियाकी चर्चित टेबलटेनिस खेलाडी याङ योङ जाले नगद पुरस्कार, खेल सामग्री तथा सम्मान प्रदान गर्नुभयो ।

नेपाली युवा खेलाडीले प्रशिक्षणका दौरान दक्षिण कोरियाको राष्ट्रिय प्रशिक्षण केन्द्रको अवलोकन पनि गरेका थिए । अवलोकनका क्रममा उनीहरूले कोरियाका थुप्रै राष्ट्रिय स्तरका खेलाडीसँग भेटघाट तथा अनुभव आदानप्रदान गर्ने अवसर पाए । प्रतियोगितामा नेपाल, फिलिपिन्स, लाओस र मङ्गोलियालगायत विभिन्न देशका प्रशिक्षार्थी खेलाडीको सहभागिता रहेको थियो । प्रतियोगितामा कुल १५० जना खेलाडी सहभागी भएको नेपाली टिमकी व्यवस्थापक हान्ना कोले जानकारी दिनुभयो ।

## नेपाल राष्ट्र बैङ्क

केन्द्रीय कार्यालय, विदेशी विनिमय व्यवस्थापन विभाग

### नेपाल राष्ट्र बैङ्कले तोकेको विनिमय दर

२०८३ साल जेठ १३ गते (मे २७, २०२६) बुधबारको विनिमय दर

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपियाँ | १०० को | रु १६०।०० | रु १६०।१५ |

खुला बजार विनिमय दर (नेपाल राष्ट्र बैङ्कको प्रयोजनका लागि)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| अमेरिकी डलर | १ को रु. | १५२।८० | १५३।४० |
| युरो | १ को रु. | १७७।८६ | १७८।५६ |
| पाउन्ड स्टर्लिङ | १ को रु. | २०६।०० | २०६।८१ |
| स्विस फ्रैङ्क | १ को रु. | १९४।७२ | १९५।४९ |
| अस्ट्रेलियन डलर | १ को रु. | १०९।५१ | १०९।९४ |
| क्यानेडियन डलर | १ को रु. | ११०।६८ | १११।१२ |
| सिङ्गापुर डलर | १ को रु. | ११९।६२ | १२०।०९ |
| जापानी येन | १० को रु. | ९।६० | ९।६४ |
| चिनियाँ युआन | १ को रु. | २२।५२ | २२।६१ |
| साउदी अरब रियाल | १ को रु. | ४०।७२ | ४०।८८ |
| कतारी रियाल | १ को रु. | ४१।९२ | ४२।०८ |
| थाई भाट | १ को रु. | ४।६८ | ४।७० |
| संयुक्त अरब इमिरेट दिराम | १ को रु. | ४१।६० | ४१।७७ |
| मलेसियन रिङ्गिट | १ को रु. | ३८।५४ | ३८।६९ |
| दक्षिण कोरियन वन | १०० को रु. | १०।१७ | १०।२१ |
| स्विडिस क्रोनर | १ को रु. | १६।४३ | १६।५० |
| डेनिस क्रोनर | १ को रु. | २३।८० | २३।९० |
| हङ्कङ डलर | १ को रु. | १९।५० | १९।५८ |
| कुवेती दिनार | १ को रु. | ४९८।२१ | ५००।१६ |
| बहराइन दिनार | १ को रु. | ४०५।३१ | ४०६।९० |
| ओमानी रियाल | १ को रु. | ३९६।८८ | ३९८।४४ |

**नोट:** यो विनिमय दरलाई बैङ्कले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ ।
* वाणिज्य बैङ्कहरूले तोक्ने विनिमय दर भने फरक हुन सक्नेछ ।
* अद्यावधिक विनिमय दर बैङ्कको वेबसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

**गोरखापत्र संस्थान**का लागि निमित्त प्रमुख **उमेशकुमार ओझा**द्वारा गोरखापत्रको छापाखाना, धर्मपथ, काठमाडौँमा मुद्रित तथा प्रकाशित । पो.ब.नं. २३, काठमाडौँ, नेपाल । द.नं. ०२ । गो.हु.का.द.नं. ०९/०८१/०८२ । प्रधान सम्पादक **जुनारबाबु बस्नेत**
सम्पादकीय : फोन नं. ०१–५३२२९२१, रिपोर्टिङ : ०१–५३४४४२९, डेस्क : ०१–५३५६०८४, **E-mail : gcreportin@gmail.com,** विज्ञापन शाखा : फोन नं. ०१–५३२७४९३, ०१–५३२६५२९, **E-mail : mgorkhapatra@gmail.com,** ग्राहक सेवा शाखा : ०१–५३२०६३८, टोल फ्री नं. १६६०–०१–९४४४४

राष्ट्को गौरव

# गोरखापत्र

वि.सं. १९५८ देखि
निरन्तर प्रकाशित, बहुभाषी राष्ट्रिय दैनिक

सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः । सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग्जनः ।

gorkhapatraonline.com




विराटनगर संस्करण | अर्थबजार ठूला उद्योग छैनन् कर्णालीमा | नेदरल्यान्ड्स समूह विजेताको दाबेदार २०

वर्ष १२६ | अङ्क २१ | २०८३ साल जेठ १३ गते बुधबार | अधिक ज्येष्ठ शुक्ल एकादशी | नेपाल संवत् ११४६ अनलाथ्व ११ | 2026 May 27 Wednesday | पृष्ठ : १२+८ | मूल्य : दस रुपियाँ

## बक्यौता असुली र लेखा परीक्षण गराउन निर्देशन



सूचना तथा सञ्चारमन्त्री डा. विक्रम तिमिल्सिना

**राष्ट्रिय समाचार समिति**
*काठमाडौँ, जेठ १२ गते*

सूचना तथा सञ्चारमन्त्री डा. विक्रम तिमिल्सिनाले मन्त्रालयमातहतका सञ्चार संस्थाको वार्षिक लेखा परीक्षण चाँडो सम्पन्न गर्न तथा लामो समयदेखि उठ्न बाँकी बक्यौता रकम असुली प्रक्रियालाई तीव्रता दिन निर्देशन दिनुभएको छ।

ती संस्थाका प्रमुखसँग मङ्गलबार मन्त्रालयमा भएको छलफलका क्रममा सञ्चारमन्त्री डा. तिमिल्सिनाले बर्सौंदेखि थाती रहेका लेखा परीक्षण तथा बक्यौता व्यवस्थापन प्राथमिकतामा राख्न निर्देशन दिनुभएको हो। बैठकमा गोरखापत्र संस्थान र सार्वजनिक सेवा प्रसारण नेपालको आर्थिक वर्ष २०७९/८० यताका लेखा परीक्षण कार्य अझै सम्पन्न

» बाँकी पृष्ठ २ मा

### अग्रलेख



## सामाजिक बजार अर्थतन्त्र

नेपालको आर्थिक बहसमा पछिल्ला केही वर्षदेखि एउटा प्रश्न निरन्तर उठिरहेको छ, नेपालको आर्थिक ढाँचा के हो ? संविधानले समाजवादउन्मुख अर्थतन्त्रको परिकल्पना गरेको छ तर व्यवहारमा अर्थतन्त्र खुला बजारतर्फ उन्मुख देखिन्छ ।

● **डा. गणेशप्रसाद खनाल**

» विचार पृष्ठ ४

### राजदूतसँग प्रधानमन्त्री

# स्थिरता र नीतिगत निरन्तरतामा प्रतिबद्धता

नयाँ हुनुको अर्थ विगतबाट पूर्ण रूपमा अलग हुनु होइन । नीति निर्देशन स्पष्ट, अनुमानयोग्य र स्थिर हुने विषय सुनिश्चित गर्दै लोकतान्त्रिक मूल्यमान्यता संरक्षण र राजनीतिक स्थिरता कायम गर्न हामी पूर्ण रूपमा प्रतिबद्ध छौँ ।



*तस्बिर : प्रधानमन्त्रीको सचिवालय*

**प्रधानमन्त्री वालेन्द्र शाह सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा मङ्गलबार विभिन्न देशका राजदूतसँग छलफल गर्नुहुँदै ।**

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, जेठ १२ गते*

प्रधानमन्त्री वालेन्द्र शाहले नेपालको सुशासन र अर्थतन्त्रको समावेशी वृद्धिका लागि वर्तमान सरकार प्रतिबद्ध रहेको प्रस्ट पार्नुभएको छ। काठमाडौँ र दिल्लीस्थित युरोपेली सङ्घ (इयू) तथा इयू सदस्यराष्ट्र एवं काठमाडौँस्थित विभिन्न देशका राजदूतसँग प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा मङ्गलबार भएको संयुक्त भेटवार्तामा उहाँले नवप्रवर्तनलाई प्रोत्साहन र दिगो विकास हासिल गर्न सरकार प्रतिबद्ध रहेको बताउनुभएको हो।

प्रधानमन्त्री शाहले सरकार राजनीतिक स्थिरता कायम गर्न पूर्ण रूपमा प्रतिबद्ध रहेको जानकारी दिनुभयो। उहाँले नेपालमा २०८२ फागुन २१ गते सम्पन्न प्रतिनिधि सभा सदस्य निर्वाचन परिणामले सुशासन र समावेशी आर्थिक समृद्धिका लागि स्पष्ट एवं निर्णायक जनादेश दिएको र नयाँ सरकार गठनपछि पनि नीतिगत विषयलाई निरन्तरता दिइने प्रस्ट पार्नुभएको छ। उहाँले भन्नुभयो, "नयाँ हुनुको अर्थ विगतबाट पूर्ण रूपमा अलग हुनु होइन। नीति निर्देशन स्पष्ट, स्थिर र अनुमानयोग्य हुने सुनिश्चित गर्दै हामी लोकतान्त्रिक मूल्यमान्यताको संरक्षण र राजनीतिक स्थिरता कायम गर्न पूर्ण रूपमा प्रतिबद्ध छौँ।"

### नयाँ अवसर सिर्जना गर्ने

प्रधानमन्त्री शाहले जनताका लागि नयाँ अवसर सिर्जना गर्न सरकार विश्वबजारबाट लाभान्वित हुन चाहेकाले बृहत् लगानी आकर्षित गर्ने प्रक्रिया थप सहज बनाउने पनि बताउनुभयो। उहाँले वास्तविक र नेपाली नागरिकको दैनिक जीवनस्तर देखिने गरी उकास्न आफू नेतृत्वको सरकार प्रतिबद्ध रहेको बताउनुभयो।

उहाँले वर्तमान क्षणको अत्यावश्यक र आफूहरूलाई सुम्पिएको गहन जिम्मेवारीको पूर्ण रूपमा बोध गरिरहेको बताउनुभयो। उहाँले नेपालले सन्तुलित एवं व्यावहारिक परराष्ट्र नीति अवलम्बन गर्ने कार्यलाई निरन्तरता दिने स्पष्ट पार्नुभयो। उहाँले भन्नुभयो, "हाम्रा छिमेकी, विकास साझेदार र मित्र राष्ट्रसँगको सम्बन्ध आपसी सम्मान, सार्वभौम समानता र साझा समृद्धिका सिद्धान्तद्वारा निर्देशित छ।"

### मित्र राष्ट्रप्रति आभार

प्रधानमन्त्री शाहले नेपालको विकास र समृद्धिका लागि निरन्तर सद्भाव र सहयोग पुऱ्याउँदै आएको बताउँदै नेपालका सबै विकास साझेदार र मित्र राष्ट्रप्रति आभार व्यक्त गर्नुभयो। प्रधानमन्त्रीका प्रेस तथा अनुसन्धानविज्ञ दीपा दाहालका अनुसार भेटवार्तामा प्रधानमन्त्री शाहले व्यापार, लगानी, हरित ऊर्जा, जलवायु, पर्यटन तथा अन्य प्रमुख क्षेत्रमा सहकार्य गर्न र त्यसलाई अझ सुदृढ बनाउन नेपाल लागिरहेको स्पष्ट पार्नुभयो। प्रधानमन्त्रीले विश्वका विभिन्न भूभागमा द्वन्द्वले निरन्तर प्रभाव पारिरहेका बेला सर्वसाधारण नागरिकले नै सबैभन्दा बढी पीडा भोग्नु परेकाले शान्ति कायम गर्न सैन्य मुठभेडभन्दा संवाद, कूटनीति र अन्तर्राष्ट्रिय कानुनले प्राथमिकता पाउनुपर्ने बताउनुभयो।

### राजदूतद्वारा प्रशंसा

काठमाडौँ र नयाँदिल्लीस्थित युरोपियन युनियनका राजदूत तथा काठमाडौँस्थित विभिन्न देशका राजदूतले शान्तिपूर्ण रूपमा चुनाव सम्पन्न गरेको स्मरण गर्दै नेपालको प्रशंसा गर्नुभयो। उहाँहरूले सुशासन, आर्थिक विकास र समृद्धिको 'म्यान्डेट' सहित नयाँ सरकारको नेतृत्वमा पुग्नुभएकोमा प्रधानमन्त्री शाहलाई बधाई दिनुभयो। उहाँहरूले आर्थिक वृद्धि र समृद्धिका लागि विभिन्न क्षेत्रमा नेपालसँग सहकार्य तथा लगानी गर्न आफूहरू तयार रहेको प्रस्ट पार्नुभयो। यसअघि पनि प्रधानमन्त्री शाहले काठमाडौँस्थित विभिन्न देशका राजदूतसँग संवाद गरी द्विपक्षीय हित, आपसी सहकार्यका विविध पक्षबारे छलफल गर्नुभएको थियो।

## राष्ट्रिय सभाले पाएन काम

**इश्वरचन्द्र झा**
*काठमाडौँ, जेठ १२ गते*

सङ्घीय संसद्को माथिल्लो सदन यतिबेला विधेयकको पर्खाइमा छ। सधैँ समयको चापमा रमाउने राष्ट्रिय सभाले पछिल्लो पटक गत जेठ ८ गतेको बैठकबाट अभौतिक सांस्कृतिक सम्पदा (संरक्षण) विधेयक, २०८१ र सरकारको वार्षिक नीति तथा कार्यक्रम पारित गऱ्यो। करिब एक वर्षअघि अभौतिक सांस्कृति सम्पदा (संरक्षण) विधेयक दर्ता भएयता राष्ट्रिय सभामा कुनै पनि विधेयक उत्पत्ति भएको छैन। विधेयक नहुँदा राष्ट्रिय सभामा विधायन व्यवस्थापनसम्बन्धी गतिविधि ठप्पै भएको छ।

राष्ट्रिय सभाका सचिव तुलबहादुर कँडेलले जेठ १३ गते बुधबार बस्ने कार्यव्यवस्था परामर्श समिति बैठकमा राष्ट्रिय सभाको 'बिजनेस' बारे सरकारलाई आग्रह गर्ने बताउनुभयो। उहाँले भन्नुभयो, "वैकल्पिक विकास वित्त परिचालनबाहेक राष्ट्रिय सभामा तत्काल कुनै विधेयक छैन। यस अवस्थाबारे समिति बैठकमा सरकारको प्रतिनिधित्व गर्ने एवं पदेन सदस्यसमेत रहने कानुन, न्याय तथा संसदीय मामिलामन्त्रीलाई बुधबारको बैठकमा

» बाँकी पृष्ठ २ मा

### अन्तर्राष्ट्रिय

## अमेरिकाद्वारा दक्षिणी इरानमा हवाई आक्रमण



**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, जेठ १२ गते*

अमेरिकी सेनाले दक्षिणी इरानमा क्षेप्यास्त्र प्रक्षेपण स्थल र खानी बिछ्याउन प्रयोग हुने डुङ्गामाथि 'आत्मरक्षात्मक' सैन्य कारबाही गरेको छ। अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पले तेहरानसँगको वार्ता 'सकारात्मक ढङ्गले अगाडि बढिरहेको' दाबी गरिरहेकै बेला अमेरिकी सेनाले सैन्य कारबाही गरेको हो। यसले युद्धविरामको

» बाँकी पृष्ठ २ मा

### निजामती सेवा विधेयक मसौदा

# संसद्मा लैजाने तयारी

**नगेन्द्र सापकोटा**
*काठमाडौँ, जेठ १२ गते*

सरकारले सङ्घीय निजामती सेवा विधेयकको मसौदा चालु संसद्को अधिवेशनमै पेस गर्न सङ्घीय संसद्मा दर्ता गर्ने तयारी गरेको छ। चालु संसद्को अधिवेशनमै विधेयकको मसौदा पेस गर्ने गरी अहिले मसौदामाथि सम्बन्धित निकायबाट राय लिने काम भइरहेको छ। विभिन्न व्यक्तिबाट आएका १० हजार सुझाव समावेश गरी भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले अर्थ मन्त्रालयको राय लिइसकेको छ।

अब कानुन न्याय तथा संसदीय मामिला मन्त्रालयको राय लिने, त्यसपछि लोक सेवा आयोगको परामर्श लिएपछि मसौदा मन्त्रीपरिषद् हुँदै संसद्मा पेस गर्ने तयारी भएको मन्त्रालयले जनाएको छ। मन्त्रालयका प्रवक्ता एकदेव अधिकारीले संसद्को चालु अधिवेशनमै विधेयकको मसौदा दर्ता गर्ने गरी तयारी भइरहेको बताउनुभयो।

सरकारले यसअगाडि सार्वजनिक गरेको शासकीय सुधार अन्तर्गत एक सय दिनमा गरिने एक सय कार्यसूचीमा सङ्घीय निजामती सेवा विधेयकको मसौदा सरकार गठन भएको ४५ दिनभित्र तर्जुमा गर्ने उल्लेख गरिएको छ। उक्त कार्यसूची अनुसार केही ढिलो भए पनि सरकारले चालु संसद्को अधिवेशनमै विधेयकको मसौदा पेस गर्ने तयारी गरेको हो। लोक सेवा आयोगका पूर्वअध्यक्ष उमेश मैनालीले सरकारले विधेयकको मसौदा चालु अधिवेशनमै दर्ता गर्ने हो भने कानुन मन्त्रालय र लोक सेवा आयोगबाट फ्रास्ट ट्र्याकबाट छलफल गरेर परामर्श लिनुपर्ने बताउनुभयो। उहाँका अनुसार त्यसका लागि सरकारले सम्बन्धित निकायलाई छिटो परामर्श दिन आग्रह गर्नु पर्छ।

संविधानले कर्मचारीको सेवा सर्तसँग जोडिएको कानुन निर्माण गर्ने क्रममा विधेयकको मसौदामाथि लोक सेवा आयोगको परामर्श लिनुपर्ने उल्लेख गरेको छ। विगतमा आफूले दुई पटक फास्ट ट्र्याकबाट विधेयकको मसौदामा परामर्श दिइएको स्मरण गर्दै मैनालीले आयोगले चाहेमा छोटो समयमै पनि राय दिन सक्ने बताउनुभयो। कानुन मन्त्रालयले विधेयकको




सरकारले यसअघि सार्वजनिक गरेको शासकीय सुधार अन्तर्गत एक सय दिनमा गरिने एक सय कार्यसूचीमा सङ्घीय निजामती सेवा विधेयकको मसौदा सरकार गठन भएको ४५ दिनभित्र तर्जुमा गर्ने उल्लेख गरिएको छ ।

कानुनी प्रक्रिया र विधिलाई हेर्छ भने लोक सेवा आयोगले निजामती सेवा सर्तसम्बन्धी कानुनको समग्र पक्षलाई नै हेर्ने त्यसका आधारमा आफ्नो राय दिने गर्छ। आयोगले पदपूर्ति, बढुवाको विधि प्रक्रिया, प्रतिशत निर्धारण, सेवा समूह सञ्चालन, सरुवाको विधि प्रक्रिया, कार्यसम्पादन मूल्याङ्कनलगायतका विषय हेर्ने गर्छ। मैनालीले थप्नुभयो, "कर्मचारीको सेवा सर्त अनुसार मसौदा तयार भएको छ कि छैन भन्ने विषय अध्ययन गरी आयोगले सरकारलाई परामर्श दिने हो। उक्त काम थोरै समयभित्रै पनि सम्पन्न गर्न सकिन्छ।" गत वैशाख ११ गते सुझावका लागि सार्वजनिक गरिएको विधेयकको मसौदामा कर्मचारीको हालको अवकाश उमेर ५८ वर्षलाई संशोधन गरी ६० वर्ष बनाउने, सचिवको कार्यकाल दुई वर्ष मात्र हुने, कर्मचारीको दुई वर्षको 'कुलिङ पिरियड' राख्नेलगायतका प्रावधानका लागि प्रस्ताव गरिएको छ। यसअघि पनि विधेयकको मसौदा प्रतिनिधि सभामा दुई पटक पेस भई व्यापक छलफल भए पनि विभिन्न कारणले विधेयक ऐन बन्ने चरणमा पुग्न सकेको थिएन।

### पाण्डुसैनमा रोपाइँ पर्व

# गाउँभरिका हलगोरु हेलिँदै हिलोमा

पाण्डुसैनमा रोपाइँ रमिता पुस्तौँदेखि जेठ १२ गते हुँदै आएको छ । रोपाइँलाई विगतमा झैँ यस पटक पनि चाडपर्व मनाएजस्तै गरेर निरन्तरता दिइयो ।

**प्रकाशविक्रम शाह/शेरबहादुर सार्की**
*बाजुरा, जेठ १२ गते*

दुर्गम बाजुरा जिल्लाको पूर्वी–उत्तर क्षेत्रमा रहेको बुढीनन्दा नगरपालिका–१०, पाण्डुसैनमा मङ्गलबार बिहानैदेखि ठुलो चाडपर्व जस्तो माहोल बन्यो। एकाबिहानै कोही टीकाटालो लगाउँदै थिए, कोही दमाहा बजाउँदै थिए, त्यही बाजाको तालमा कोही हलगोरु जोत्दै, गरो सम्याउँदै थिए, महिला असारे रोपाइँका गीत गाउँदै थिए त कोही बिउ ओसार्ने, रोप्ने गर्दै थिए। बाटुल्सेराको एउटै गरोमा एक दर्जन जति हलगोरुको फेरो ! त्यो रमिता हेर्ने पनि उत्तिकै थिए।

यसरी रमाउँदै, खेल्दै दिउँसो ११ बजे सुरु भएको रोपाइँ साँझ ७ बजेतिर सकिएको थियो। रोपाइँ सकिँदा पनि दमाहा बजाएर नाच्दै, गाउँदै रोपाहार घर फर्किए। पाण्डसैनको यो रोपाइँ रमिता पुस्तौँदेखि जेठ १२ गते हुँदै आएको छ। रोपाइँलाई विगतमा झैँ यस पटक पनि चाडपर्व मनाए जस्तै गरेर निरन्तरता दिइएको हो। रोपाइँसँगै रोपाहार र दमाहा बजाउनेलाई मासुसहितका विभिन्न पकवान खुवाइएको थियो।

"जेठ १२ गते जो जहाँ भए पनि एक परिवारको एक जना रोपाइँ गर्न आउनैपर्ने चलन छ, त्यही मान्यता अनुसार आफू पनि सदरमुकाम मार्तडीबाट गाउँ आएकी हुँ," पाण्डुसैन गाउँकी अगुवा महिला राधिका बोहराले बताउनुभयो। जुम्ला राज्यका बेला तत्कालीन राजाले बाटुसेरा कैलाश देवतालाई खुसी बनाउनका लागि पाण्डुसैनको सेरामा रोपाइँ गर्नू भन्ने आदेश अनुसार यहाँ सालिन्दा जेठ १२ गते रोपाइँ हुने गरेको छ।



*तस्बिर सौजन्य : नारायणदत्त पाध्या*

**पाण्डुसैनको सेरामा रोपाइँका लागि जुटेका स्थानीय ।**

स्थानीयको भनाइ अनुसार यो रोपाइँकै दिन गाउँमा रहेको बाटुल्सेरा कैलाश भगवान्को थानमा रहेका सुनको थाल, चाँदीको हलो, जुवामा समेत रोपाइँको हिलो लगाइने गरिन्थ्यो भने थालमा साङ्केतिक रूपमा धान रोप्ने गरिन्छ। तर करिब एक सय वर्षपहिले ती वस्तु आगलागीबाट नष्ट भए। अहिले पनि कैलाशथानमा रोपाइँको हिलो राख्ने र धान उमार्ने गरिएको बाटुसेरा कैलाशका धामी मदन बोहराले बताउनुभयो।

जुम्ली राजाले पाण्डुसैनका बोहरा मुखियालाई उत्सवका रूपमा रोपाइँ गर्न दिएको आदेश आजसम्म पनि उचित मानेर कार्यान्वयन भइरहेको बोहरा परिवारकै सदस्य तथा बुढीनन्दा नगरपालिकाका प्रमुख जनक बोहराले बताउनुभयो। उहाँले भन्नुभयो, "हाम्रो कुलका मुखियाका जेठा छोरा कुम्भ बोहराको खेतबाट सुरु भएर आजको रोपाइँ सकिएको छ। मङ्गलबार पाण्डुसैनमा रहेका १२ वटै बोहरा परिवारका खेतमा रोपाइँ भएको हो। सबै परिवारको ६० पाथीका दरले बिउ लाग्ने खेत रहेका छन्।"

प्रचलन अनुसार वरपरका छरछिमेकसहित सयौँ महिला तथा पुरुष आजको रोपाइँमा सहभागी भए। पूर्ववडासदस्य मनसुर लुहारले भन्नुभयो, "रोपाइँका बेला दमाहा (बाजागाजा) बजाएर विगतमा झैँ खुसियाली मनाइयो। पाण्डुसैन सेरामा रोपाइँ गर्नेका लागि परम्परा अनुसारै जेठ ११ गते धानको बिउ निकाल्ने गरिन्छ।

"तत्कालीन नेकपा माओवादीले द्वन्द्वकालमा कतिपय परम्परा अन्त्य गरेको थियो तर यो परम्परा तोड्न उनीहरूले पनि चासो राखेनन्, यो परम्परा राम्रो भएकाले नै निरन्तरता दिइएको होला," नगरप्रमुख बोहराले बताउनुभयो। "पराम्परादेखि पाण्डुसैन सेरानजिकै डामरखोला भएकाले सिँचाइ अभाव छैन," नगरप्रमुख बोहराले भन्नुभयो, "यहाँ पहिले कालो मार्सी धान लगाउने चलन थियो, अहिले भने जुम्ली हाइब्रिड धान रोप्ने गरिएको छ।"

हिउँदमा हिउँ पर्ने पाण्डुसैन लेकको सो जिउलोमा असोजको अन्तिममा धान पाक्ने गर्छ भने उत्पादन पनि राम्रै हुने गरेको छ। कृषि ज्ञान केन्द्र बाजुराका प्रमुख जसीराम सहनीले पाण्डुसैनको करिब ७२० रोपनी खेतमा हुने गरेको रोपाइँ बाजुराको पहिलो रोपाइँ भएको बताउनुभयो। उहाँले सो क्षेत्र बाजुरामै राम्रो धान उत्पादन हुने क्षेत्र भएको बताउँदै प्रतिरोपनी एक क्विन्टलसम्म धान फल्ने बताउनुभयो। बाजुरामा सात हजार पाँच सय हेक्टरमा रोपाइँ हुने गरेको छ।

राष्ट्को गौरव

# गोरखापत्र

वि.सं. १९५८ देखि
निरन्तर प्रकाशित, बहुभाषी राष्ट्रिय दैनिक

सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः । सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग्जनः ।
gorkhapatraonline.com








कोहलपुर संस्करण | अर्थबजार ठुला उद्योग छैनन् कर्णालीमा | नेदरल्यान्ड्स समूह विजेताको दाबेदार २०



वर्ष १२६ | अङ्क २१ | २०८३ साल जेठ १३ गते बुधबार | अधिक ज्येष्ठ शुक्ल एकादशी | नेपाल संवत् ११४६ अनलाथ्व ११ | 2026 May 27 Wednesday | पृष्ठ : १२+८ | मूल्य : दस रुपियाँ


## बक्यौता असुली र लेखा परीक्षण गराउन निर्देशन



सूचना तथा सञ्चारमन्त्री डा. विक्रम तिमिल्सिना

**राष्ट्रिय समाचार समिति**
*काठमाडौँ, जेठ १२ गते*

सूचना तथा सञ्चारमन्त्री डा. विक्रम तिमिल्सिनाले मन्त्रालयमातहतका सञ्चार संस्थाको वार्षिक लेखा परीक्षण चाँडो सम्पन्न गर्न तथा लामो समयदेखि उठ्न बाँकी बक्यौता रकम असुली प्रक्रियालाई तीव्रता दिन निर्देशन दिनुभएको छ।

ती संस्थाका प्रमुखसँग मङ्गलबार मन्त्रालयमा भएको छलफलका क्रममा सञ्चारमन्त्री डा. तिमिल्सिनाले बर्सौंदेखि थाती रहेका लेखा परीक्षण तथा बक्यौता व्यवस्थापन प्राथमिकतामा राख्न निर्देशन दिनुभएको हो। बैठकमा गोरखापत्र संस्थान र सार्वजनिक सेवा प्रसारण नेपालको आर्थिक वर्ष २०७९/८० यताका लेखा परीक्षण कार्य अझै सम्पन्न

» बाँकी पृष्ठ २ मा

### अग्रलेख



## सामाजिक बजार अर्थतन्त्र

नेपालको आर्थिक बहसमा पछिल्ला केही वर्षदेखि एउटा प्रश्न निरन्तर उठिरहेको छ, नेपालको आर्थिक ढाँचा के हो ? संविधानले समाजवादउन्मुख अर्थतन्त्रको परिकल्पना गरेको छ तर व्यवहारमा अर्थतन्त्र खुला बजारतर्फ उन्मुख देखिन्छ ।

● डा. गणेशप्रसाद खनाल

» विचार पृष्ठ ४

### » राजदूतसँग प्रधानमन्त्री

# स्थिरता र नीतिगत निरन्तरतामा प्रतिबद्धता

नयाँ हुनुको अर्थ विगतबाट पूर्ण रूपमा अलग हुनु होइन । नीति निर्देशन स्पष्ट, अनुमानयोग्य र स्थिर हुने विषय सुनिश्चित गर्दै लोकतान्त्रिक मूल्यमान्यता संरक्षण र राजनीतिक स्थिरता कायम गर्न हामी पूर्ण रूपमा प्रतिबद्ध छौँ ।



*तस्बिर : प्रधानमन्त्रीको सचिवालय*

**प्रधानमन्त्री वालेन्द्र शाह सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रीपरिषद्‌को कार्यालयमा मङ्गलबार विभिन्न देशका राजदूतसँग छलफल गर्नुहुँदै ।**

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, जेठ १२ गते*

प्रधानमन्त्री वालेन्द्र शाहले नेपालको सुशासन र अर्थतन्त्रको समावेशी वृद्धिका लागि वर्तमान सरकार प्रतिबद्ध रहेको प्रस्ट पार्नुभएको छ। काठमाडौँ र दिल्लीस्थित युरोपेली सङ्घ (इयू) तथा इयू सदस्यराष्ट्र एवं काठमाडौँस्थित विभिन्न देशका राजदूतसँग प्रधानमन्त्री तथा मन्त्रीपरिषद्‌को कार्यालयमा मङ्गलबार भएको संयुक्त भेटवार्तामा उहाँले नवप्रवर्तनलाई प्रोत्साहन र दिगो विकास हासिल गर्न सरकार प्रतिबद्ध रहेको बताउनुभएको हो।

प्रधानमन्त्री शाहले सरकार राजनीतिक स्थिरता कायम गर्न पूर्ण रूपमा प्रतिबद्ध रहेको जानकारी दिनुभयो। उहाँले नेपालमा २०८२ फागुन २१ गते सम्पन्न प्रतिनिधि सभा सदस्य निर्वाचन परिणामले सुशासन र समावेशी आर्थिक समृद्धिका लागि स्पष्ट एवं निर्णायक जनादेश दिएको र नयाँ सरकार गठनपछि पनि नीतिगत विषयलाई निरन्तरता दिइने प्रस्ट पार्नुभएको छ। उहाँले भन्नुभयो, "नयाँ हुनुको अर्थ विगतबाट पूर्ण रूपमा अलग हुनु होइन। नीति निर्देशन स्पष्ट, स्थिर र अनुमानयोग्य हुने सुनिश्चित गर्दै हामी लोकतान्त्रिक मूल्यमान्यताको संरक्षण र राजनीतिक स्थिरता कायम गर्न पूर्ण रूपमा प्रतिबद्ध छौँ।"

### नयाँ अवसर सिर्जना गर्ने

प्रधानमन्त्री शाहले जनताका लागि नयाँ अवसर सिर्जना गर्न सरकार विश्वबजारबाट लाभान्वित हुन चाहेकाले बृहत् लगानी आकर्षित गर्ने प्रक्रिया थप सहज बनाउने पनि बताउनुभयो। उहाँले वास्तविक र नेपाली नागरिकको दैनिक जीवनस्तर देखिने गरी उकास्न आफू नेतृत्वको सरकार प्रतिबद्ध रहेको बताउनुभयो।

उहाँले वर्तमान क्षणको अत्यावश्यक र आफूहरूलाई सुम्पिएको गहन जिम्मेवारीको पूर्ण रूपमा बोध गरिरहेको बताउनुभयो। उहाँले नेपालले सन्तुलित एवं व्यावहारिक परराष्ट्र नीति अवलम्बन गर्ने कार्यलाई निरन्तरता दिने स्पष्ट पार्नुभयो। उहाँले भन्नुभयो, "हाम्रा छिमेकी, विकास साझेदार र मित्र राष्ट्रसँगको सम्बन्ध आपसी सम्मान, सार्वभौम समानता र साझा समृद्धिका सिद्धान्तद्वारा निर्देशित छ।"

### मित्र राष्ट्रप्रति आभार

प्रधानमन्त्री शाहले नेपालको विकास र समृद्धिका लागि निरन्तर सद्भाव र सहयोग पुऱ्याउँदै आएको बताउँदै नेपालका सबै विकास साझेदार र मित्र राष्ट्रप्रति आभार व्यक्त गर्नुभयो। प्रधानमन्त्रीका प्रेस तथा अनुसन्धानविज्ञ दीपा दाहालका अनुसार भेटवार्तामा प्रधानमन्त्री शाहले व्यापार, लगानी, हरित ऊर्जा, जलवायु, पर्यटन तथा अन्य प्रमुख क्षेत्रमा सहकार्य गर्न र त्यसलाई अझ सुदृढ बनाउन नेपाल लागिरहेको स्पष्ट पार्नुभयो। प्रधानमन्त्रीले विश्वका विभिन्न भूभागमा द्वन्द्वले निरन्तर प्रभाव पारिरहेका बेला सर्वसाधारण नागरिकले नै सबैभन्दा बढी पीडा भोग्नु परेकाले शान्ति कायम गर्न सैन्य मुठभेडभन्दा संवाद, कूटनीति र अन्तर्राष्ट्रिय कानुनले प्राथमिकता पाउनुपर्ने बताउनुभयो।

### राजदूतद्वारा प्रशंसा

काठमाडौँ र नयाँदिल्लीस्थित युरोपियन युनियनका राजदूत तथा काठमाडौँस्थित विभिन्न देशका राजदूतले शान्तिपूर्ण रूपमा चुनाव सम्पन्न गरेको स्मरण गर्दै नेपालको प्रशंसा गर्नुभयो। उहाँहरूले सुशासन, आर्थिक विकास र समृद्धिको 'म्यान्डेट' सहित नयाँ सरकारको नेतृत्वमा पुग्नुभएकोमा प्रधानमन्त्री शाहलाई बधाई दिनुभयो। उहाँहरूले आर्थिक वृद्धि र समृद्धिका लागि विभिन्न क्षेत्रमा नेपालसँग सहकार्य तथा लगानी गर्न आफूहरू तयार रहेको प्रस्ट पार्नुभयो। यसअघि पनि प्रधानमन्त्री शाहले काठमाडौँस्थित विभिन्न देशका राजदूतसँग संवाद गरी द्विपक्षीय हित, आपसी सहकार्यका विविध पक्षबारे छलफल गर्नुभएको थियो।

## राष्ट्रिय सभाले पाएन काम

**इश्वरचन्द्र झा**
*काठमाडौँ, जेठ १२ गते*

सङ्घीय संसद्‌को माथिल्लो सदन यतिबेला विधेयकको पर्खाइमा छ। सधैँ समयको चापमा रमाउने राष्ट्रिय सभाले पछिल्लो पटक गत जेठ ८ गतेको बैठकबाट अभौतिक सांस्कृतिक सम्पदा (संरक्षण) विधेयक, २०८१ र सरकारको वार्षिक नीति तथा कार्यक्रम पारित गऱ्यो। करिब एक वर्षअघि अभौतिक सांस्कृति सम्पदा (संरक्षण) विधेयक दर्ता भएयता राष्ट्रिय सभामा कुनै पनि विधेयक उत्पत्ति भएको छैन। विधेयक नहुँदा राष्ट्रिय सभामा विधायन व्यवस्थापनसम्बन्धी गतिविधि ठप्पै भएको छ।

राष्ट्रिय सभाका सचिव तुलबहादुर कँडेलले जेठ १३ गते बुधबार बस्ने कार्यव्यवस्था परामर्श समिति बैठकमा राष्ट्रिय सभाको 'बिजनेस' बारे सरकारलाई आग्रह गर्ने बताउनुभयो। उहाँले भन्नुभयो, "वैकल्पिक विकास वित्त परिचालनबाहेक राष्ट्रिय सभामा तत्काल कुनै विधेयक छैन। यस अवस्थाबारे समिति बैठकमा सरकारको प्रतिनिधित्व गर्ने एवं पदेन सदस्यसमेत रहने कानुन, न्याय तथा संसदीय मामिलामन्त्रीलाई बुधबारको बैठकमा

» बाँकी पृष्ठ २ मा

### » अन्तर्राष्ट्रिय

## अमेरिकाद्वारा दक्षिणी इरानमा हवाई आक्रमण



**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, जेठ १२ गते*

अमेरिकी सेनाले दक्षिणी इरानमा क्षेप्यास्त्र प्रक्षेपण स्थल र खानी बिछ्याउन प्रयोग हुने डुङ्गामाथि 'आत्मरक्षात्मक' सैन्य कारबाही गरेको छ। अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पले तेहरानसँगको वार्ता 'सकारात्मक ढङ्गले अगाडि बढिरहेको' दाबी गरिरहेकै बेला अमेरिकी सेनाले सैन्य कारबाही गरेको हो। यसले युद्धविरामको

» बाँकी पृष्ठ २ मा

### निजामती सेवा विधेयक मसौदा

# संसद्‌मा लैजाने तयारी

**नगेन्द्र सापकोटा**
*काठमाडौँ, जेठ १२ गते*




सरकारले यसअघि सार्वजनिक गरेको शासकीय सुधार अन्तर्गत एक सय दिनमा गरिने एक सय कार्यसूचीमा सङ्घीय निजामती सेवा विधेयकको मसौदा सरकार गठन भएको ४५ दिनभित्र तर्जुमा गर्ने उल्लेख गरिएको छ ।

सरकारले सङ्घीय निजामती सेवा विधेयकको मसौदा चालु संसद्‌को अधिवेशनमै पेस गर्न सङ्घीय संसद्‌मा दर्ता गर्ने तयारी गरेको छ। चालु संसद्‌को अधिवेशनमै विधेयकको मसौदा पेस गर्ने गरी अहिले मसौदामाथि सम्बन्धित निकायबाट राय लिने काम भइरहेको छ। विभिन्न व्यक्तिबाट आएका १० हजार सुझाव समावेश गरी भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले अर्थ मन्त्रालयको राय लिइसकेको छ।

अब कानुन न्याय तथा संसदीय मामिला मन्त्रालयको राय लिने, त्यसपछि लोक सेवा आयोगको परामर्श लिएपछि मसौदा मन्त्रीपरिषद् हुँदै संसद्‌मा पेस गर्ने तयारी भएको मन्त्रालयले जनाएको छ। मन्त्रालयका प्रवक्ता एकदेव अधिकारीले संसद्‌को चालु अधिवेशनमै विधेयकको मसौदा दर्ता गर्ने गरी तयारी भइरहेको बताउनुभयो।

सरकारले यसअगाडि सार्वजनिक गरेको शासकीय सुधार अन्तर्गत एक सय दिनमा गरिने एक सय कार्यसूचीमा सङ्घीय निजामती सेवा विधेयकको मसौदा सरकार गठन भएको ४५ दिनभित्र तर्जुमा गर्ने उल्लेख गरिएको छ। उक्त कार्यसूची अनुसार केही ढिलो भए पनि सरकारले चालु संसद्‌को अधिवेशनमै विधेयकको मसौदा पेस गर्ने तयारी गरेको हो। लोक सेवा आयोगका पूर्वअध्यक्ष उमेश मैनालीले सरकारले विधेयकको मसौदा चालु अधिवेशनमै दर्ता गर्ने हो भने कानुन मन्त्रालय र लोक सेवा आयोगबाट फ्रास्ट ट्र्याकबाट छलफल गरेर परामर्श लिनुपर्ने बताउनुभयो। उहाँका अनुसार त्यसका लागि सरकारले सम्बन्धित निकायलाई छिटो परामर्श दिन आग्रह गर्नु पर्छ।

संविधानले कर्मचारीको सेवा सर्तसँग जोडिएको कानुन निर्माण गर्ने क्रममा विधेयकको मसौदामाथि लोक सेवा आयोगको परामर्श लिनुपर्ने उल्लेख गरेको छ। विगतमा आफूले दुई पटक फास्ट ट्र्याकबाट विधेयकको मसौदामा परामर्श दिइएको स्मरण गर्दै मैनालीले आयोगले चाहेमा छोटो समयमै पनि राय दिन सक्ने बताउनुभयो। कानुन मन्त्रालयले विधेयकको कानुनी प्रक्रिया र विधिलाई हेर्छ भने लोक सेवा आयोगले निजामती सेवा सर्तसम्बन्धी कानुनको समग्र पक्षलाई नै हेर्ने त्यसका आधारमा आफ्नो राय दिने गर्छ। आयोगले पदपूर्ति, बढुवाको विधि प्रक्रिया, प्रतिशत निर्धारण, सेवा समूह सञ्चालन, सरुवाको विधि प्रक्रिया, कार्यसम्पादन मूल्याङ्कनलगायतका विषय हेर्ने गर्छ। मैनालीले थप्नुभयो, "कर्मचारीको सेवा सर्त अनुसार मसौदा तयार भएको छ कि छैन भन्ने विषय अध्ययन गरी आयोगले सरकारलाई परामर्श दिने हो। उक्त काम थोरै समयभित्रै पनि सम्पन्न गर्न सकिन्छ।" गत वैशाख ११ गते सुझावका लागि सार्वजनिक गरिएको विधेयकको मसौदामा कर्मचारीको हालको अवकाश उमेर ५८ वर्षलाई संशोधन गरी ६० वर्ष बनाउने, सचिवको कार्यकाल दुई वर्ष मात्र हुने, कर्मचारीको दुई वर्षको 'कुलिङ पिरियड' राख्नेलगायतका प्रावधानका लागि प्रस्ताव गरिएको छ। यसअघि पनि विधेयकको मसौदा प्रतिनिधि सभामा दुई पटक पेस भई व्यापक छलफल भए पनि विभिन्न कारणले विधेयक ऐन बन्ने चरणमा पुग्न सकेको थिएन।

### पाण्डुसैनमा रोपाइँ पर्व

# गाउँभरिका हलगोरु हेर्लिँदै हिलोमा

पाण्डुसैनमा रोपाइँ रमिता पुस्तौँदेखि जेठ १२ गते हुँदै आएको छ । रोपाइँलाई विगतमा झैँ यस पटक पनि चाडपर्व मनाएजस्तै गरेर निरन्तरता दिइयो ।

**प्रकाशविक्रम शाह/शेरबहादुर सार्की**
*बाजुरा, जेठ १२ गते*



*तस्बिर सौजन्य : नारायणदत्त पाध्या*

**पाण्डुसैनको सेरामा रोपाइँका लागि जुटेका स्थानीय ।**

दुर्गम बाजुरा जिल्लाको पूर्वी–उत्तर क्षेत्रमा रहेको बुढीनन्दा नगरपालिका–१०, पाण्डुसैनमा मङ्गलबार बिहानैदेखि ठुलो चाडपर्व जस्तो माहोल बन्यो। एकाबिहानै कोही टीकाटालो लगाउँदै थिए, कोही दमाहा बजाउँदै थिए, त्यही बाजाको तालमा कोही हलगोरु जोत्दै, गरो सम्याउँदै थिए, महिला असारे रोपाइँका गीत गाउँदै थिए त कोही बिउ ओसार्ने, रोप्ने गर्दै थिए। बाटुल्सेराको एउटै गरोमा एक दर्जन जति हलगोरुको फेरो ! त्यो रमिता हेर्ने पनि उत्तिकै थिए।

यसरी रमाउँदै, खेल्दै दिउँसो ११ बजे सुरु भएको रोपाइँ साँझ ७ बजेतिर सकिएको थियो। रोपाइँ सकिँदा पनि दमाहा बजाएर नाच्दै, गाउँदै रोपाहार घर फर्किए। पाण्डसैनको यो रोपाइँ रमिता पुस्तौँदेखि जेठ १२ गते हुँदै आएको छ। रोपाइँलाई विगतमा झैँ यस पटक पनि चाडपर्व मनाए जस्तै गरेर निरन्तरता दिइएको हो। रोपाइँसँगै रोपाहार र दमाहा बजाउनेलाई मासुसहितका विभिन्न पकवान खुवाइएको थियो।

"जेठ १२ गते जो जहाँ भए पनि एक परिवारको एक जना रोपाइँ गर्न आउनैपर्ने चलन छ, त्यही मान्यता अनुसार आफू पनि सदरमुकाम मार्तडीबाट गाउँ आएकी हुँ," पाण्डुसैन गाउँकी अगुवा महिला राधिका बोहराले बताउनुभयो। जुम्ला राज्यका बेला तत्कालीन राजाले बाटुसेरा कैलाश देवतालाई खुसी बनाउनका लागि पाण्डुसैनको सेरामा रोपाइँ गर्नू भन्ने आदेश अनुसार यहाँ सालिन्दा जेठ १२ गते रोपाइँ हुने गरेको छ।

स्थानीयको भनाइ अनुसार यो रोपाइँकै दिन गाउँमा रहेको बाटुल्सेरा कैलाश भगवान्‌को थानमा रहेका सुनको थाल, चाँदीको हलो, जुवामा समेत रोपाइँको हिलो लगाइने गरिन्थ्यो भने थालमा साङ्केतिक रूपमा धान रोप्ने गरिन्छ। तर करिब एक सय वर्षपहिले ती वस्तु आगलागीबाट नष्ट भए। अहिले पनि कैलाशथानमा रोपाइँको हिलो राख्ने र धान उमार्ने गरिएको बाटुसेरा कैलाशका धामी मदन बोहराले बताउनुभयो।

जुम्ली राजाले पाण्डुसैनका बोहरा मुखियालाई उत्सवका रूपमा रोपाइँ गर्न दिएको आदेश आजसम्म पनि उचित मानेर कार्यान्वयन भइरहेको बोहरा परिवारकै सदस्य तथा बुढीनन्दा नगरपालिकाका प्रमुख जनक बोहराले बताउनुभयो। उहाँले भन्नुभयो, "हाम्रो कुलका मुखियाका जेठा छोरा कुम्भ बोहराको खेतबाट सुरु भएर आजको रोपाइँ सकिएको छ। मङ्गलबार पाण्डुसैनमा रहेका १२ वटै बोहरा परिवारका खेतमा रोपाइँ भएको हो। सबै परिवारको ६० पाथीका दरले बिउ लाग्ने खेत रहेका छन्।"

प्रचलन अनुसार वरपरका छरछिमेकसहित सयौँ महिला तथा पुरुष आजको रोपाइँमा सहभागी भए। पूर्ववडासदस्य मनसुर लुहारले भन्नुभयो, "रोपाइँका बेला दमाहा (बाजागाजा) बजाएर विगतमा झैँ खुसियाली मनाइयो। पाण्डुसैन सेरामा रोपाइँ गर्नेका लागि परम्परा अनुसारै जेठ ११ गते धानको बिउ निकाल्ने गरिन्छ।

"तत्कालीन नेकपा माओवादीले द्वन्द्वकालमा कतिपय परम्परा अन्त्य गरेको थियो तर यो परम्परा तोड्न उनीहरूले पनि चासो राखेनन्, यो परम्परा राम्रो भएकाले नै निरन्तरता दिइएको होला," नगरप्रमुख बोहराले बताउनुभयो। "परम्परादेखि पाण्डुसैन सेरानजिकै डामरखोला भएकाले सिँचाइ अभाव छैन," नगरप्रमुख बोहराले भन्नुभयो, "यहाँ पहिले कालो मार्सी धान लगाउने चलन थियो, अहिले भने जुम्ली हाइब्रिड धान रोप्ने गरिएको छ।"

हिउँदमा हिउँ पर्ने पाण्डुसैन लेकको सो जिउलोमा असोजको अन्तिममा धान पाक्ने गर्छ भने उत्पादन पनि राम्रै हुने गरेको छ। कृषि ज्ञान केन्द्र बाजुराका प्रमुख जसीराम सहनीले पाण्डुसैनको करिब ७२० रोपनी खेतमा हुने गरेको रोपाइँ बाजुराको पहिलो रोपाइँ भएको बताउनुभयो। उहाँले सो क्षेत्र बाजुरामै राम्रो धान उत्पादन हुने क्षेत्र भएको बताउँदै प्रतिरोपनी एक क्विन्टलसम्म धान फल्ने बताउनुभयो। बाजुरामा सात हजार पाँच सय हेक्टरमा रोपाइँ हुने गरेको छ।